*समृद्ध सिस्ने : हाम्रो गन्तव्य*

## सिस्ने गाउँपालिकाको

# प्रथम आवधिक योजना

(२०७८/७९ - २०८२/८३)

सिस्नेको नक्सा

सिस्ने गाउँ कार्यपालिकाको कार्यालय

रुकुमकोट, रुकुम पूर्व

लुम्बिनी प्रदेश, नेपाल

१.माननीय संघिय संसदको शुभकामना
२.माननीय प्रदेश संसदको शुभकामना
३.गाउँपालिका अध्यक्षको मन्तव्य
४.गाउँपालिका उपाध्यक्षको मन्तव्य
५.प्रमुख प्रशकीय अधिकृतको मन्तव्य

# विषय- सूची

## परिच्छेद १

## परिचय

१.१ विषय प्रवेश
१.२ भौगोलिक, आर्थिक तथा सामाजिक स्थिति
१.२.१ भूगोल
१.२.२ जनसंख्या
१.२.३ भूमिको उपयोग
१.२.४ आर्थिक क्षेत्रको स्थिति
१.२.४.१ कृषि
१.२.४.२ उद्योग
१.२.४.३ पर्यटन
१.२.४.४ व्यापार व्यवसाय
१.२.४.५ .बचत तथा ऋण समुह
१.२.४.५ सहकारी
१.२.४.६ वित्त क्षेत्र
१.२.५ सामाजिक क्षेत्रको स्थिति
१.२.५.१ शिक्षा
१.२.५.२ स्वास्थ्य
१.२.५.३ खानेपानी तथा सरसफाई
१.२.५.४ लैङ्गिक समानता तथा महिला सशक्तीकरण
१.२.६ भौतिक पूर्वाधार
१.२.६.१ सडक तथा यातायात पूर्वाधार
१.२.६.२ झोलङ्गे पुल
१.२.६.२ विद्युत तथा उर्जा
१.२.६.३ सिञ्चाई
१.२.६.४ आवास तथा शहरी विकास
१.२.६.५ सञ्चार
१.२.७ प्राकृतिक श्रोत व्यवस्थापन
१.२.७.१ वन, वातावरण र जलाधार
१.२.८ जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन
१.२.८.१ जलवायु परिवर्तन अनुकूलन
१.२.८.२ विपद व्यवस्थापन

१ २.८ सस्थागत व्यवस्था
१.३ गाउँपालिकाको समृद्धिको आधार
१.४ योजना तर्जुमाको मार्गदर्शक आधारहरु
१.५ योजना तर्जुमा विधि

परिच्छेद - २

विगतका योजनाको समीक्षा र वित्तीय विश्लेषण
२.१ विषय प्रवेश
२.२ विगतका योजनाको समीक्षा
२.२.१ आर्थिक विकास
२.२.१.१कृषि विकास
२.२.१.२ पर्यटन
२.२.१.३ सहकारी
२.२.२ सामाजिक विकास
२.२.२.१ शिक्षा
२.२.२.२ स्वास्थ्य
२.२.२.३ खानेपानी र सरसपाई
२.२.२.४ संस्कृति प्रबर्द्धन
२.२.२.५ युवा, खेलकुद तथा मनोरञ्जन
२.२.२.६ लैङ्गिक समानता र सामाजिक समावेशीकरण
२.२.३ भौतिक पूर्वाधार विकास
२.२.३.१ स्थानीय सडक तथा पुल
२.२.३.२ उर्जा विकास
२.२.३.३ सिंचाई विकास
२.२.३.४ भवन तथा शहरी विकास
२.२.३.५ सूचना तथा सञ्चार पूर्वाधार
२.२.४ वातावरण तथा विपद व्यवस्थापन
२.२.४.१ वन तथा भूसंरक्षण र जलाधार संरक्षण
२.२.४.२ फोहरमैला व्यवस्थापन
२.२.४.३ विपद व्यवस्थापन
२.२.५.संस्थागत विकास तथा सुशासन
२.३ वित्तीय विश्लेषण
२.३.१ आयतर्फको विश्लेषण
२.३.२ व्यय तर्फको विश्लेषण

## परिच्छेद ३
## योजना खाका

३.१ विषय प्रवेश
३.२ अवसर र चुनौती
३.३ दीर्घकालीन सोंच
३.३.१ राष्ट्रिय पन्ध्रौ योजनाको दीर्घकालीन सोंच
३.३.२ प्रादेशिक प्रथम योजनाको दीर्घकालीन सोंच
३.३.३ सिस्ने गाउँपालिकाको दीर्घकालीन सोंच
३.४ लक्ष्य
३.५ उद्धेश्य
३.६ प्राथमिकता
३.७रणनीति तथा कार्यनीति
३.८ प्रमुख कार्यक्रम
३.९ परिमाणात्मक लक्ष्य

## परिच्छेद ४
## आर्थिक विकास

४.१. कृषि विकास
४.१.१. विषय प्रवेश
४.१.२ अवसर र चुनौती
४.१.३. दीर्घकालीन  सोंच
४.१.४ लक्ष
४.१.५ उद्धेश्य
४.१.६ रणनीति र कार्यनीति
४.१.७प्रमुख कार्यक्रम
४.१.८ नतिजा खाका
४.१..९ अपेक्षित उपलब्धि
४.२ पशुपन्छी विकास
४.२.१ विषय प्रवेश
४.२.२ अवसर र चुनौती
४.२.३दीर्घकालीन सोंच
४.२.४.लक्ष
४.२.५ उद्धेश्य
४.२.६ रणनीति र कार्यनीति
४.२.७ प्रमुख कार्यक्रम

४.२..८ नतिजा खाका
४.२.९ अपेक्षित उपलब्धि
४.३. उद्योग
४.३.१ विषय प्रवेश
४.३.२ अवसर र चुनौती
४.३.३ दीर्घकादीन सोंच
४.३.४.लक्ष्य
४.३.५ उद्येश्य
४.३.६ रणनीति र कार्यनीति
४.३.७ प्रमुख कार्यक्रमहरु
४.३.८ नतिजा खाका
४.३.९अपेक्षित उपलब्धि
४.४ पर्यटन
४.४.१ विषय प्रवेश
४.४.२ अवसर र चुनौती
४.४.३ दीर्घकालीन सोंच
४.४.४ लक्ष्य
४.४.५ उद्येश्य
४.४.६ रणनीति र कार्यनीति
४.४.७ प्रमुख कार्यक्रम
४.४.८ नतिजा खाका
४.४.९ अपेक्षित उपलब्धि
४.५. वन तथा जडिवुटी
४.५.१ विषय प्रवेश
४.५.२ अवसर र चुनौती
४.५.३ दीर्घकालीन सोंच
४.५.४ लक्ष्य
४.५.५ उद्येश्य
४.५.६ रणनीति र कार्यनीति
४.५.७ प्रमुख कार्यक्रम
४.५.८ नतिजा खाका
४.५.९ अपेक्षित उपलब्धि
४.६ सहकारी विकास
४.६.१ विषय प्रवेश

४.६.२ अवसर र चुनौती
४.६.३ दीर्घकालीन सोंच
४.६.४ लक्ष्य
४.६.५ उद्येश्य
४.६.६ रणनीति र कार्यनीति
४.६.७ प्रमुख कार्यक्रम
४.६.८ नतिजा खाका
४.६.९ अपेक्षित उपलब्धि


परिच्छेद ५

सामाजिक क्षेत्र


५.१ शिक्षा
५.१.१ विषय प्रवेश
४.१.२ अवसर र चुनौती
५.१.३ दीर्घकालीन सोच
५.१.४ लक्ष्य
५.१.५ उद्देश्य
५.१.६ रणनीति र कार्यनीति
५.१.७ प्रमुख कार्यक्रम
५.१.८ नतिजा खाका
५.१.९ अपेक्षित उपलब्धी
५.२ स्वास्थ्य तथा पोषण
५.२.१ विषय प्रवेश
५.२.२ अवसर र चुनौती
५.२.३ दीर्घकालीन सोच
५.२.४ लक्ष्य
५.२.५ उद्देश्य
५.२.६ रणनीति र कार्यनीति
५.२.७ प्रमुख कार्यक्रम
५.२.८ नतिजा खाँका
५.२.९ अपेक्षित उपलब्धी
५.३ खानेपानी तथा सरसफाई
५.३.१ विषय प्रवेश
५.३.२ अवसर र चुनौती
५.३.३ दीर्घकालीन सोच

५.३.४ लक्ष्य
५.३.५ उद्देश्य
५.३.६ रणनीति र कार्यनीति
५.३.७ प्रमुख कार्यक्रम
५.३.८ नतिजा खाँका
५.३.९ अपेक्षित उपलब्धी
५.४ बालबालिका तथा किशोरकिशोरी
५.४.१ विषय प्रवेश
५.४.२ अवसर र चुनौती
५.४.३ दीर्घकालीन सोच
५.४.४ लक्ष्य
५.४.५ उद्देश्य
५.४.६ रणनीति र कार्यनीति
५.४.७ प्रमुख कार्यक्रम
५.४.८ नतिजा खाँका
५.४.९ अपेक्षित उपलब्धी
५.५ युवा
५.५.१ विषय प्रवेश
५.५.२ अवसर र चुनौती
५.५.३ दीर्घकालीन सोच
५.५.४ लक्ष्य
५.५.५ उद्देश्य
५.५.६ रणनीति र कार्यनीति
५.५.७ प्रमुख कार्यक्रम
५.५.८ नतिजा खाँका
५.५.९ अपेक्षित उपलब्धी
५.६.ज्येष्ठ नागरिक
५.६.१ विषय प्रवेश
५.६.२ अवसर र चुनौती
५.६.३ दीर्घकालीन सोच
५.६.४ लक्ष्य
५.६.५ उद्देश्य
५.६.६ रणनीति र कार्यनीति
५.६.७ प्रमुख कार्यक्रम

५.६.८ नतिजा खाँका
५.६.९ अपेक्षित उपलब्धी
५.७ महिला सशक्तीकरण
५.७.१ विषय प्रवेश
५.७.२ अवसर र चुनौती
५.७.३ दीर्घकालीन सोच
५.७.४ लक्ष्य
५.७.५ उद्देश्य
५.७.६ रणनीति र कार्यनीति
५.७.७ प्रमुख कार्यक्रम
५.७.८ नतिजा खाँका
५.७.९ अपेक्षित उपलब्धी
५.८ अपांगता भएका व्यक्तिहरु
५.८.१ विषय प्रवेश
५.८.२ अवसर र चुनौती
५.८.३ दीर्घकालीन सोच
५.८.४ लक्ष्य
५.८.५ उद्देश्य
५.८.६ रणनीति र कार्यनीति
५.८.७ प्रमुख कार्यक्रम
५.८.८ नतिजा खाँका
५.८.९ अपेक्षित उपलब्धी
५.९.१ विषय प्रवेश
५.९.२ अवसर र चुनौती
५.९.३ दीर्घकालीन सोच
५.९.४ लक्ष्य
५.९.५ उद्देश्य
५.९.६ रणनीति र कार्यनीति
५.९.७ प्रमुख कार्यक्रम
५.९.८ नतिजा खाका
५.९.९ अपेक्षित उपलब्धी
५.१० आदीवासी जनजातीको मौलिक संस्कृतिको संरक्षण र विकास
५.१०.१ विषय प्रवेश
५.१०.२ अवसर र चुनौती

५.१०.३ दीर्घकालीन सोच
५.१०.४ लक्ष्य
५.१०.५ उद्देश्य
५.१०.६ रणनीति र कार्यनीति
५.१०.७ प्रमुख कार्यक्रम
५.१०.८ नतिजा खाका
५.१०.९ अपेक्षित उपलब्धी
५.११ खेलकुद
५.११.१ विषय प्रवेश
५.११.२ अवसर र चुनौती
५.११.३ दीर्घकालीन सोच
५.११.४ लक्ष्य
५.११.५ उद्देश्य
५.११.६ रणनीति र कार्यनीति
५.११.७ प्रमुख कार्यक्रम
५.११.८ नतिजा खाँका
५.११.९ अपेक्षित उपलब्धी
५.१२. भाषा, साहित्य, कला र संस्कृति प्रवर्द्धन
५.१२.१ विषय प्रवेश
५.१२.२ अवसर र चुनौती
५.१२.३ दीर्घकालीन सोच
५.१२.४ लक्ष्य
५.१२.५ उद्देश्य
५.१२.६ रणनीति र कार्यनीति
५.१२.७ प्रमुख कार्यक्रम
५.१२.८ नतिजा खाका
५.१२.९ अपेक्षित उपलब्धी
५.१३ सम्पदा संरक्षण
५.१३.१ विषय प्रवेश
५.१३.२ अवसर र चुनौती
५.१३.३ दीर्घकालीन सोच
५.१३.४ लक्ष्य
५.१३.५ उद्देश्य
५.१३.६ रणनीति र कार्यनीति

५.१३.७ प्रमुख कार्यक्रम
५.१३.८ नतिजा खाँका
५.१३.९ अपेक्षित उपलब्धी

परिच्छेद ६
भौतिक पूर्वाधार विकास

६.१ सडक तथा पुल
६.१.१ विषय प्रवेश
६.१.२ अवसर र चुनौती
६.१.३ दीर्घकालीन सोच
६.१.४ लक्ष्य
६.१.५ उद्देश्य
६.१.६ रणनीति र कार्यनीति
६.१.७ प्रमुख कार्यक्रम
६.१.८ नतिजा खाँका
६.१.९ अपेक्षित उपलब्धी
६.२ झोलङ्गेपुल
६.२.१ विषय प्रवेश
६.२.२ अवसर र चुनौती
६.२.३ दिर्घकालिन सोच
६.२.४ लक्ष्य
६.२.५ उद्देश्य
६.२.६ रणनीति र कार्यनीति
६.२.७प्रमुख कार्यक्रम
६.२.८ नतिजा खाँका
६.२.९ अपेक्षित उपलब्धी
६.३. विद्युत
६.३.१ विषय प्रवेश
६.३.२ अवसर र चुनौती
६.३.३ दीर्घकालीन सोंच
६.३.४ लक्ष्य
६.३.५ उद्येश्य
६.३.६ रणनीति र कार्यनीति
६.३.७ प्रमुख कार्यक्रम

६.३.८ नतिजा खाका
६.३.९ अपेक्षित उपलब्धि
६.४ वैकल्पिक उर्जा
६.४.१ विषय प्रवेश
६.४.२ अवसर र चुनौती
६.४.३ दीर्घकालीन सोंच
६.४.४ लक्ष्य
६.४.५ उद्येश्य
६.४.६ रणनीति र कार्यनीति
६.४.७ प्रमुख कार्यक्रम
६.४.८ नतिजा खाका
६.४.९ अपेक्षित उपलब्धि
६.५ सिंचाई तथा नदी नियन्त्रण
६.५.१ विषय प्रवेश
६.५.२ अवसर र चुनौती
६.५.३ दीर्घकालीन सोंच
६.५.४ लक्ष्य
६.५.५ उद्येश्य
६.५.६ रणनीति र कार्यनीति
६.५.७ प्रमुख कार्यक्रम
६.५.८ नतिजा खाका
६.५.९ अपेक्षित उपलब्धि
६.५ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार
६.५.१ विषय प्रवेश
६.५.२ अवसर र चुनौती
६.५.३ दीर्घकालीन सोंच
६.५.४ लक्ष्य
६.५.५ उद्येश्य
६.५.६ रणनीति र कार्यनीति
६.५.७ प्रमुख कार्यक्रम
६.५.८ नतिजा खाका
६.५.९ अपेक्षित उपलब्धि
६.६ शहरी विकास
६.६.१ विषय प्रवेश

६.६.२ अवसर र चुनौती
६.६.३ दीर्घकालीन सोंच
६.६.४ लक्ष्य
६.६.५ उद्येश्य
६.६.६ रणनीति र कार्यनीति
६.६.७ प्रमुख कार्यक्रम
६.६.८ नतिजा खाका
६.६.९ अपेक्षित उपलब्धि
६.७. ग्रामीण बस्ती विकास
६.७.१ विषय प्रवेश
६.७.२ अवसर र चुनौती
६.७.३ दीर्घकालीन सोंच
६.७.४ लक्ष्य
६.७.५ उद्येश्य
६.७.६ रणनीति र कार्यनीति
६.७.७ प्रमुख कार्यक्रम
६.७.८ नतिजा खाका
६.७.९ अपेक्षित उपलब्धि

परिच्छेद ७:

वन, वातावरण तथा विपद व्यवस्थापन

७.१ वन
७.१.१ विषय प्रवेश
७.१.२ अवसर र चुनौती
७.१.३ दीर्घकालीन सोंच
७.१.४ लक्ष्य
७.१.५ उद्येश्य
७.१.६ रणनीति र कार्यनीति
७.१.७ प्रमुख कार्यक्रम
७.१.८ नतिजा खाका
७.१.९ अपेक्षित उपलब्धि
७.२ वातावरण
७.२.१ विषय प्रवेश
७.२.२ अवसर र चुनौती

७.२.३ दीर्घकालीन सोंच
७.२.४ लक्ष्य
७.२.५ उद्येश्य
७.२.६ रणनीति र कार्यनीति
७.२.७ प्रमुख कार्यक्रम
७.२.८ नतिजा खाका
७.२.९ अपेक्षित उपलब्धि
७.३ विपद व्यवस्थापन
७.३.१ विषय प्रवेश
७.३.२ अवसर र चुनौती
७.३.३ दीर्घकालीन सोंच
७.३.४ लक्ष्य
७.३.५ उद्येश्य
५.३.६ रणनीति र कार्यनीति
७.३.७ प्रमुख कार्यक्रम
७.३.८ नतिजा खाका
७.३.९ अपेक्षित उपलब्धि


परिच्छेद ८:
संस्थागत विकास तथा सुशासन


८.१ संस्थागत विकास
८.१.१ विषय प्रवेश
८.१.२ अवसर र चुनौती
८.१.३ दीर्घकालीन सोंच
८.१.४ लक्ष्य
८.१.५ उद्येश्य
८.१.६ रणनीति र कार्यनीति
८.१.७ प्रमुख कार्यक्रम
८.१.८ नतिजा खाका
८.१.९ अपेक्षित उपलब्धि
८.२ सुशासन
८.२.१ विषय प्रवेश
८.२.२ अवसर र चनौती
८.२.३ दीर्घकालीन सोच
८.२.४ लक्ष्य

८.२.५ उद्धेश्य
८.२.६ रणनीति र कार्यनीति
८.२.७ प्रमुख कार्यक्रम
८.२.८ नतिजा खाका
८.२.९ अपेक्षित उपलब्धि

## परिच्छेद ९
## वित्तीय विश्लेषण

९.१ विषय प्रवेश
९.२ बजेट अनुमान
९.२.१ आर्थिक विकास
९.२.२ सामाजिक विकास
९.२.३ भौतिक पूर्वाधार विकास
९.२.४ वन, वातावरण तथा विपद व्यवस्थापन
९.२.५ संस्थागत विकास तथा सुशासन
९.३ श्रोत परिचालन

## परिच्छेद १०
## योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

१०.१ कार्यान्वयन कार्ययोजना
१०.२ अनुगमन
१०.३ मूल्यांकन

## अनुसूचि

१ पालिका गौरवका आयोजना
२ रुपान्तरणकारी आयोजना
३ प्रोजेक्ट वैंक

# परिच्छेद -१

# परिचय

## १.१ विषय प्रवेश

नेपाल संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हो । राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको छ । राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले नेपालको संविधान र कानून वमोजिम गर्ने संवैधानिक व्यवस्था छ ।

राज्य शक्तिको वाँडफाँड नेपालको संविधानले गरेको छ । सो वाँडफाँड अनुसार स्थानीय तहको एकल अधिकार  संविधानको अनुसूचि ८ मा उल्लेखित विषयमा निहित छ । संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा संविधानको अनुसूचि ९ मा उल्लेखित विषयहरु रहेका छन् ।

स्थानीय तहले आफुलाई प्राप्त एकल अधिकारको प्रयोग नेपालको संविधान र गाउँसभा वा नगर सभाले बनाएको कानून वमोजिम हुने संविधानले स्पष्ट व्यस्था गरेको छ । यसै गरी साझा अधिकारको प्रयोग नेपालको संविधान, संघीय कानून, प्रदेश कानून र गाउँसभा वा नगर सभाले बनाएको कानून बमोजिम हुने व्यवस्था छ ।

स्थानीय तहले आफ्नो अधिकार भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यस्को कार्यान्वयन गर्ने संवैधानिक व्यवस्था छ ।

नेपालको संविधानको प्रस्तावनामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने अठोट व्यक्त भएको छ । उल्लेखित आकांक्षालाई पुरा गर्न तिनै तहका सरकारको गहन जिम्मेवारी छ ।

संविधानको अनुसूची ८ वमोजिम स्थानीय तहलाई प्राप्त एकल अधिकारका विषयहरुको विस्तृतीकरण स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा समावेश गरिएको छ । स्थानीय तह अर्थात गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको  विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना वनाई लागु गर्नु पर्ने प्रावधान स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गरेको छ ।

उपर्युक्त संवैधानिक तथा कानूनी प्रावधानको पृष्टभूमिमा सिस्ने गाउँपालिकाले आफ्नो भूगोलमा वसोवास गरिरहेका जनतालाई सुशासन, विकास र समृद्धिको अनुभूति गराउदै अघि बढ्ने कर्तव्य बोध महसुस गरेको छ । यस सिलसिलामा आर्थिक वर्ष २०७८/७९ देखि २०८२/८३ सम्मका लागि प्रथम आवधिक योजना तर्जुमा गरिएको छ ।

यस आवधिक योजनाले संघीयताको मर्म सहकारिता, सहअस्तित्त्र र समन्वयलाई आत्मसात गर्दै नेपाल सरकारको पन्ध्रौ योजना ( २०७६/७७ -२०८०/८१ ) र लुम्विनी प्रदेश सरकारको प्रथम योजना ( २०७६/७७ -२०८०/८१ ) को दीर्घकालीन सोंच, लक्ष्य, उद्येश्य र परिमाणात्मक लक्ष्यहरु हासिल गर्न सघाउने विश्वास गरिएको छ ।

## १.२ भौगोलिक, आर्थिक तथा सामाजिक स्थिति

### १.२.१ भूगोल

संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासकीय स्वरुपमा राज्यको पुनर्सरचना हुंदा सात प्रदेश र सातसय त्रिपन्न स्थानीय तह - गाउँपालिका र नगरपालिकाको गठन भएको हो । लुम्बिनी प्रदेशको हिमाली जिल्लामा गणणा हुने रुकुम (पूर्व) नेपालको राजनीतिक नक्सामा कान्छो जिल्लाको रुपमा परिचित छ । रुकुम (पूर्व) जिल्लामा जम्मा तीन गाउँपालिका छन् । तीमध्ये एक हो सिस्ने गाउँपालिका । अन्य दुई गाउँपालिका पुथा उत्तरगंगाा र भूमे हुन् ।

नेपालको मानचित्रमा रुकुम (पूर्व) जिल्ला ८२ डि. ३५ मि. देखि ८३ डि. १० मि. पूर्विदेशान्तरसम्म र २८ डि. २८ मि. देखि २९ डि. ०० मि. उत्तरी अक्षांससम्म फैलिएको छ । यो जिल्ला समुद्री सतहबाट ७२४६ मीटर उचाईमा अवस्थित छ । यस जिल्लाको कूल क्षेत्रफल २९२१८२ हेक्टर छ । यस जिल्लाको हावापानी समशितोष्ण र शितोष्ण छ । यस जिल्लामा औषत वार्षिक वर्षा १८०० मि. मि. देखि २६०० मि. मि. सम्म हुने गरेको अभिलेख छ । यसैगरी जिल्लाको तापक्रम न्यूनतम ०.२ देखि अधिकतम ३४ डिग्री सेल्सियस पुग्ने गरेको छ । यस प्रकारको भौगोलिक अवस्थिति र हावापानीको अवस्था विद्यमान भएको रुकुम (पूर्व) जिल्लाको सुक्ष्म आकारको रुपमा सिस्ने गाउँपालिकालाई लिन सकिन्छ ।

सिस्ने गाउँपालिका साविकका सिस्ने, रुकुमकोट, स्यालापाखा, पोखरा र प्वाङ गाउँ विकास समिति मिलाएर गठन भएको हो । यस गाउँपालिकामा जम्मा ८ वडा रहेका छन् । भौगोलिक वनावटका हिसावले यस पालिकामा हिमाली र उच्च पहाडी भूधरातल रहेको छ । यस पालिकाको केन्द्र रुकुमकोट हो । यही रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम पनि हो । रुकुमकोटको भूवनोट तथा यहा रहेका कमलदह लगायतका विभिन्न दह र पोखरी समेतको विशेषता झल्काउदै ५२ पोखरी ५३ टाकुरीको रुपमा पनि रुकुमकोटले ख्याती कमाएको छ । यही तथ्यका आधारमा साविकमा सिङ्गो रुकुमलाई ५२ पोखरी ५३ टाकुरीको जिल्ला भनेर जानिन्थ्यो । अहिले रुकुम (पूर्व) ले यो विरासत धानेको छ ।

### १.२.२ जनसंख्या

वि.सं २०५८ र २०६८ को अवधिमा लुम्बिनी प्रदेशको जनसंख्या वृद्धिदर १.३७ रहेको तथ्य प्रदेश योजना आयोग, लुम्बिनी प्रदेशले तयार पारेको प्रदेशको बस्तुगत विवरणमा उल्लेख छ । सोही विरणले साविक रुकुम जिल्लाको जनसंख्या वृद्धिदर ०.६७ र १ प्रतिशतका वीचमा रहेको अनुमान गरेको छ । यस आधारमा वर्तमान रुकुम पूर्वको जनसंख्या वृद्धिदर पनि ०.६७ र १ प्रतिशतका वीचमा रहेको भन्न सकिन्छ । सिस्ने गाउँपालिका जिल्लाको सदरमुकाम रहेको पालिका भएकाले यहाको जनसंख्याको वार्षिक वृद्धिदर सोही ०.६७ र १ प्रतिशतका वीचमा रहेको निष्कर्ष निकाल्न सकिन्छ ।

वि. सं. २०६८ को जनगणणा अनुसार सिस्ने गाउँपालिकाको कूल जनसंख्या १६ हजार ४ सय ९७ छ । सो जनसंख्यालाई बृद्धिदरका आधारमा प्रक्षेपन गर्दा हालको जनसंख्या २१,४७३ भएको अनुमान

गरिएको छ । जस मध्ये पुरुषको जनसंख्या ७८९० रहेको छ भने महिलाको जनसंख्या ८६०७ रहेको छ । वडा अनुसारको जनसंसंख्या देहायमा प्रस्तुत गरिएको छ ।

**तालिका नं.१.१**
**वडागत जनसंख्या विवरण**

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | १२५४ | १२२९ | २४८३ |
| २ | ११३२ | ११०९ | २२४१ |
| ३ | ११९५ | ११७२ | २३६७ |
| ४ | १६९५ | १६६१ | ३३५६ |
| ५ | १६१८ | १५८६ | ३२०४ |
| ६ | १५७९ | १५४८ | ३१२७ |
| ७ | १०६७ | १०४६ | २११३ |
| ८ | १३०४ | १२७८ | २५८२ |
| **जम्मा** | **१०८४४** | **१०६२९** | **२१४७३** |

स्रोत : सिस्ने गाउँपालिकाको कार्यालय, रुकुम पूर्व

### १.२.३ भूमिको उपयोगः

जमिन र जनताको सम्बन्ध अन्योन्याश्रित हुन्छ । आवास क्षेत्र, खेतीयोग्य जमिन, वनक्षेत्र, पर्यकीय क्षेत्र, पुरातात्विक क्षेत्र, धार्मिक क्षेत्र, सांस्कृतिक महत्वका स्थलहरु, औद्योगिक क्षेत्र, सरकारी कार्यालय, खेलकुद मैदान, पार्क तथा उद्यान, चरन क्षेत्र आदिको संरक्षण गनु पर्दछ ।

वर्तमान स्वरुपमा सिस्ने गाउँपालिकाको जम्मा क्षेत्रफल ३२७.११ वर्ग किमि छ । उक्त क्षेत्रफल मध्ये खेतीयोग्य जमिन ४३.२८ वर्गकिमी, आवास क्षेत्र १.३६ ब.कि., नदिनाला, तालतलैया २४.१९ ब.कि.र वनजंगलले ढाकेको क्षेत्र १९२.०४ ब.कि., हिउँले ढाकेको क्षेत्र ६६.२४ ब.कि.मी. छ ।

कस्तो जग्गा केको लागि उपयुक्त हुन्छ भन्ने कुरामा सचेत रहदै जग्गाको नक्साङ्कन र सो बमोजिम प्रयोग गर्न नीति तथा कानून बनाएर लागु गर्न पर्दछ । खेतीयोग्य जमिन आवास क्षेत्रमा प्रयोग हुदै गएको देखिएबाट भूउपयोग नीतिको आवश्यकता महसुस भैरहेको छ ।

### १.२.४ आर्थिक क्षेत्रको स्थिति

### १.२.४.१ कृषि

सिस्ने गाउँपालिकाका जनताको जीवन धान्ने मुख्य आधार कृषि हो । मकै, गहु र जौ यहाँका प्रमुख अन्नवाली हुन् । मुख्य दलहनको रुपमा सिमि उत्पादन हुन्छ । भटमासको उत्पादन पनि राम्रो छ । तरकारीको रुपमा उत्पादन हुने आलुको परिमाण पनि निकै छ । सिमि, भटमास र आलु बालिका वाहिर पनि निकासी हुन्छ । अचार वा छोप बनाउन प्रयोग हुने भाडोको उत्पादनले पनि कृषकलाई आम्दानी गर्ने अवसर दिएको छ ।

मानिसका लागि दुध, दही, मही र घ्यूको घरायसी आवस्यक्ता परिपूर्ति गर्न र खेतवारीमा चाहिने मलका निमित्त गाई, भैसी पालन प्रचलित छ। पहिलेको जमानामा धेरै संख्यामा पशुपालन गर्ने चलन रहेकोमा अहिले थोरै संख्यामा पाल्ने गरेको देखिन्छ । गाईका वहर र भैसीका राङाको विक्रिबाट पशुपालक कृषकले राम्रो आम्दानी गर्ने गरेको पाईन्छ ।

२०७८ असार १५ सम्मको यस पालिका भित्रको राङ्गा, भैसीँ संख्या २२५९, गाई गोरुको संख्या ६९८५, हाँस कुखुराको संख्या १४२५९ रहेको छ ।यस पालिकाको कूल खाद्यान्न उत्पादन ६४२३ मे.ट. छ । यसै गरी

### १.२.४.२ उद्योग

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्लाको समेत सदरमुकाम भएकाले शहरीकरण तर्फ उन्मुख भै रहेको छ । पालिकाका अन्य सवै भूभाग ग्रामीण परिवेशको छ । त्यसैले यहा जे जति उद्योग छन् ती सवै घरेलु तथा साना उद्योगको रुपमा छन् । भेडाको उनबाट कम्वल बनाउने सीप परम्परागत रुपमा हरेक पुस्तामा सर्दै आएकोले प्रायशः प्रत्येक घरमा कम्बल वनाउने गरेको पाईन्छ ।

सदरमुकाममा फर्निचर उद्योग फस्टाउदै गएको छ । यस्ले रोजगारी र आम्दानीको अवसर दिएको छ ।

कुटानी पिसानीका लागि मिलहरु संचालनमा आउन थालेवाट साविकका घट्टहरु विस्थापित हुदै गएका छन् ।

२०७८ असार १५ सम्मको तथ्यांक अनुसार यस पालिका भित्र संचालन हुने गरी दर्ता भएका उद्योग हरुको विवरण देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १.२**

**दर्ता उद्योगको विवरण**

| सि.नं. | उद्योगको किसिम | संख्या | रोजगारी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | उत्पादन मूलक | २५ | २३ | ३० | ५३ |
| २ | कृषि मूलक | ११६ | ७० | ११७ | १८७ |
| ३ | पर्यटन मूलक | १६ | २३ | २७ | ५० |
| ४ | सेवा मूलक | ३० | ३५ | ४५ | ८० |
| ५ | उर्जा मूलक | ० | ० | ० | ० |
| ६ | खनिज | ० | ० | ० | ० |
| ७ | निर्माण पूर्वाधार | २४ | ४० | ३५ | ७५ |
| ८ | सूचना तथा सञ्चार | ० | ० | ० | ० |
| **जम्मा** | | **२११** | **१९१** | **२५४** | **४४५** |

स्रोतः घरेलु तथा साना उद्योग कार्यालय र सिस्ने गाउँपालिका कार्यालय

### १.२.४.३ पर्यटन

सिस्ने हिमाल, सानी भेरी नदी र कमल दह सिस्ने गाउँपालिकाका विशिष्ट प्राकृतिक सम्पदा हुन् । देउराली गुफा, पोखराको तातोपानी, नौधारी झरना, नौधारी लेक, तिमिले लेक, तीन वेनी लेख, लुम्पा सप्तऋषि धारा लगायत प्रकृतिले दिएका थुप्रै सम्पदा यस पालिकामा छन् । प्रकृतिका यी सुन्दर, रहस्यमय र लोभलाग्दा सम्पदा पर्यटन व्यवसायका लागि विराट सम्भावना हुन ।

सस्कृतिका हिसावले पनि सिस्ने गाउँपालिका सम्पन्न छ । महिनै पिच्छे उत्सव तथा पर्वहरु आयोजना भै रहने यस पालिकाले ठुलो संख्यामा पर्यटक भित्राउन सक्छ ।

सदरमुकाममा होटेल व्यवसाय र ग्रमीण क्षेत्रमा होम स्टेका माध्यमबाट पर्यटन व्यवसाय फस्टाई रहेको छ । मध्यपहाडी लोकमार्ग यसै पालिका केन्द्र हुदै गएकाले रुकुमकोट आउने पाहुनाहरुको संख्या बढ्दै गएको पाईन्छ । स्थानीय रोजगारी सिर्जनामा पर्यटन क्षेत्र आकर्षक ढङ्गले फस्टाई रहेको छ ।

### १.२.४.४ व्यापार व्यवसाय

जनताको दैनिक आवस्यकताका बस्तुको विक्रिवितरण हुने बजारहरु ग्रामीण क्षेत्र सम्म विस्तार भै रहेका छन् । सदरमुकाम रुकुमकोट लगायत हरेक वडा केन्द्रहरु जराधार तहका आर्थिक वृद्धि केन्द्रको रुपमा विकास भै रहेका छन् । यसवाट स्थानीय उत्पादनको विक्रिवितरणलाई समेत सघाउ पुगेको छ । पालिकामा दर्ता भएका व्यापारिक पसलहरुको संख्या निरन्तर बढ्दो क्रममा छ ।

### १.२.४.५ .बचत तथा ऋण समुह

ग्रामीण क्षेत्रमा पूंजीको निर्माण तथा परिचालन हेतु समुहमा न्यून दरमा बचत गर्ने र आवश्यकता पर्दा ऋण लिने समुहहरु बस्ती बस्तीमा क्रियाशील छन् । समुहहरु परिपक्व हुदै जादा सहकारीमा रुपान्तरण हुने गरेका पनि पाईन्छन् । यस प्रकार क्रियाशील समुहगत बचत तथा ऋण अभियानले पनि स्थानीय आर्थिक विकासलाई टेवा पुराई रहेको छ । सिस्ने् गाउँपालिकामा हाल सक्रिय बचत तथा ऋण समुहको संख्या ४२ छ ।

### १.२.४.५ सहकारी

ग्रामीण अर्थतन्त्रको मेरुदण्डको रुपमा सहकारीलाई लिने गरिन्छ । स्थानीय पूजीको उत्पादन बृद्धि परिचालन गर्न एकल व्यक्तिको क्षमताले नभ्याउने अवस्थामा धेरै व्यक्तिले थोरै पुजी मिसाएर चाहिने पूजी जुटाउन सक्ने भएकाले सहकारी ढांचा लोक प्रिय भएको हो । सिस्ने गाउँपालिकामा सहकारीको संख्या र वार्षिक कारोवारले यही कुराको पुष्टि गर्दछ ।

### १.२.४.६ वित्त क्षेत्र

सिस्ने गाउपालिकामा वित्तिय संस्थाहरुको उपस्थिति बढ्दो क्रममा छ । रुकुमकोटमा सरकारी कारोवार समेत गर्ने बैंक लगायत जम्मा बैकहरुले सेवा प्रदान गरिरहेका छन् ।

### १.२.५ सामाजिक क्षेत्रको स्थिति

### १.२.५.१ शिक्षा

सिस्ने गाउँपालिकाको कूल साक्षरता दर ६२.७०  प्रतिशत छ । सो मध्ये पुरुषको साक्षरता दर ७१.५१ प्रतिशत छ भने महिलाको साक्षरता दर ५४.८० प्रतिशत छ । जिल्लाको कूल साक्षरता दर ५४.०१ रहेको छ । सो मध्ये पुरुषको साक्षरता दर ६३.७२ प्रतिशत र महिलाको साक्षरता दर ४५.५७ प्रतिशत रहेको पाईन्छ । जिल्लाको सो साक्षरता दरसंङ्ग गाउँपालिकाको साक्षरता दर तुलना गर्दा जिल्लाको भन्दा पालिकाको साक्षता दर राम्रो रहेको पाईन्छ । यसैगरी लुम्बिनी प्रदेशको कूल साक्षरता दर ६६.४३ प्रतिशत छ । सो मध्ये पुरुषको साक्षरता दर ७५.५ र महिलाको साक्षरता दर ५८.३३ प्रतिशत छ । सिस्ने गाउँपालिकाको साक्षरता दरलाई प्रदेशको साक्षरता दर संङ्ग पुरुसमा र महिला दुवै साक्षरता दरमा पालिका कमजोर रहेको देखिन्छ ।

सिस्ने गाउँपालिकामा सामुदायिक विद्यालय तर्फ माध्यमिक तहका विद्यालयको संख्या ९ रहेको छ । आधारभूत विद्यालयको संख्या ४० छ । निजीक्षेत्रका विद्यालयहरु मध्ये मा वि तहको १ र आधारभूत तहको २ रहेको देखिन्छ । यस पालिकामा एउटा क्याम्पस संचालित छ ।

रुकुमकोट स्थित माध्यमिक विद्यालयको विगत गर्व गर्न लायक छ । यस विद्यालयबाट उत्पादित विद्यार्थीहरुले उच्च स्तरमा समेत राम्रो नतिजा लिएर पढेको इतिहास भेटिन्छ । तत्कालिन रुकुम जिल्लाबाट एस एल सि पास गर्ने प्रथम छात्राको रुपमा रुकुमकोटकी गायत्रा शर्मा भएबाट रुकुमकोट शिक्षाको दियो बलेको ठाउ हो ।

सिस्ने पालिकाको केन्द्र रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम समेत भएकाले रुकुमकोटले जिल्लाको शैक्षिक उन्नति उत्थान गर्न अगुवाई गर्न सक्छ ।

### १.२.५.२ स्वास्थ्य

सिस्ने गाउँपालिकाको औषत आयु ६६.५वर्ष रहेको छ । पुरुषको सरदर आयु ६८वर्ष र महिलाको सरदर आयु ६५ रहेको छ ।

यस पालिकामा ५० शैयाको एउटा अस्पताल छ । सो अस्पताल प्रदेश सरकार मातहतमा सञ्चालित छ । वडा स्तरमा एक /एकवटा स्वास्थ्य केन्द्र रहेका छन् । मात्रृशिशु स्वास्थ्यको जिम्मेवारी बहन गरिरहेका महिला स्वास्थ्य स्वयंसेविकाको संख्या ४२ रहेको छ ।

### १.२.५.३ खानेपानी तथा सरसफाई

सिस्ने गाउँपालिकामा धाराबाट वितरण गरिएको खानेपानीको सुविधा ९१ प्रतिशत घरपरिवारलाई उपलब्ध छ । सिधै पानीको मुलबाट खानेपानी प्रयोग गर्ने घरपरिवार ६ प्रतिशत छ । नदिखोलाको पानी खाने घरपरिवार साढे दुई प्रतिशत छ । अन्य श्रोतबाट खानेपानी उपभोग गर्ने घरपरिवार आधा प्रतिशत रहेको देखिन्छ ।

नेपाल खुलादिशा मुक्त राष्ट्र भएकाले सिस्ने गाउँपालिकाका सवै घरपरिवारमा शौचालयको सुविधा उपलब्ध छ भन्न पर्ने हुन्छ । शौचालयमा शौच गरिसकेपछि सावुन पानीले हात धुने चलन बढ्दै गएको छ ।

फोहरमैला विसर्जनको आदत बसाउन जरुरी देखिन्छ । पालिका केन्द्र र सवै वडाकेन्द्रमा फोहरमैला विसर्जनमा सावधानीको अपनाउन पर्ने कुराको सचेतना, योजना र विसर्जनको वानी बसाउन जरुरी देखिन्छ ।

### १.२.५.४ लैङ्गिक समानता तथा महिला सशक्तीकरण

सन् १९९५ मा वेईजिङमा आयोजित महिला विकासकालागि अन्तराष्ट्रिय सम्मेलनले विकासमा महिलाको समान हकका वारेमा सशक्त रुपले पैरवी गऱ्यो । संयुक्त राष्ट्र संघले सन २००० देखि २०१५ सम्मका लागि घोषणा गरेको सहश्राब्दी विकास लक्ष्यले लैङ्गिक समानता तथा महिला सशक्तीकरण को विषयलाई जोडदार रुपले प्रमुख लक्ष्य निर्धारण गऱ्यो । नेपाल उक्त दुवै मञ्च मार्फत लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषयमा प्रतिबद्धता जाहेर गर्ने राष्ट्र हो ।

शासन सञ्चालनका अङ्गहरु नीति, कानून, योजना, बजेट, कार्यक्रम, कार्यविधि आदिमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणको विषयलाई संवोधन गर्ने गरी नेपालले अभ्यास गरी रहेको छ । स्थानीय सरकारका निर्वाचित जनप्रतिनिधिमा ४० प्रतिशत महिला सहभागिता हुनु सोही प्रतिबद्धता र प्रयासको प्रतिफल हो ।

सिस्ने गाउपालिकाले लैङ्गिक समानता र महिला सशक्तीकरणको विषयलाई प्राथमिकताका साथ संवोधन गर्दैआएको छ । विकास आयोजनाको छनोट, कार्यान्वयन र प्रतिफल उपभोग गर्ने सन्दर्भमा लैङ्गिक समानताको सम्मान गर्न पालिका सचेत छ । महिलाहरुको सशक्तिकरणका लागि समूह निर्माण, बचत तथा ऋण परिचालनमा सहभागिता, विकास आयोजनाका लागि गठित उपभोक्ता समितिमा महिलालाई समावेश गरेर योजना प्रकृयामा समान रुपले सहभागी हुने अभिरुची जगाउने र अभ्यास गराउने कार्यमा सिस्ने गाउँपालिका सक्रिय रहदै आएको देखिन्छ ।

## १.२.६ भौतिक पूर्वाधार

### १.२.६.१ सडक तथा यातायात पूर्वाधार

सडक तथा यातायातको सुविधाले मानिसले आफुलाई सुगम स्थानमा बसेको महसुस गर्दछ । आधारभूत बस्तु तथा सेवा नियमित आपूर्ति भएको अनुभव गर्दछ । सुगम ठाउमा बसाई सराई गर्ने ईच्छा गर्दैन । र जहा छ त्यही ढुक्क सङ्ग दिगो रुपमा जीवन यापन गर्न थाल्दछ ।

अहिले सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट बाट छिमेकी पालिका, जिल्ला तथा प्रदेश एवं सङ्घीय राजधानी सम्मको सडक आबद्धता स्थापित भएको अवस्था छ । नियमित रुपमा यातायात चलेका छन् । यस प्रयोजनमा मध्यपहाडी लोकमार्ग वरदान भएको छ । कोईलावास- होलेरी - घर्तिगाउँ- चुन्वाङ- रुकुमकोट- सिस्ने - डोल्पा मरिमला सडक (सदिदमार्ग ) ले उत्तर दक्षिणको आवद्धतालाई स्थापित गदै छ । सानी भेरी - उत्तरगंगा करिडोर अर्को महत्वपूर्ण सडक हो । यसरी निर्माण भै रहेका सडकहरुले सिस्ने गाउँपालिकाको यातायात सञ्जालले गाउँबस्तीलाई जोड्नका साथै राजधानी शहरहरु र प्रमुख बजार तथा पर्यटकीय गन्तव्यहरुमा पुग्न सहज हुदैछ ।

पालिका भित्र पनि पालिका केन्द्रबाट वडाकेन्द्र सम्म सडक सञ्जालले जोड्ने र वडाकेन्द्रबाट बडाभित्रका बस्तीहरुलाई जोड्ने गरी सडक विस्तारको काम भैरहेकोछ । अहिले सम्म जम्मा ८ वडा मध्ये .६ वडामा सडक पुराउने काम भै सकेको देखिन्छ ।

२०७७ असार सम्मको तथ्याङ्कलाई केलाउदा सिस्ने गाउँपालिकाको क्षेत्र भित्र जम्मा ४० किलोमिटर सडक निर्माण भै सकेको देखिन्छ ।

### १.२.६.२ झोलङ्गे पुल

पहाडी भूधरातल भएका स्थानमा यात्राको दुरी कम गर्न झोलङ्गे पुल अत्यन्त महत्वपूर्ण उपाय हो । रुकुम (पूर्व) जिल्लामा झोलङ्गे पुलको निर्मित संख्या ७५ रहेको छ । यसमध्ये सिस्ने गाउँपालिकामा जम्मा १८ वटा झोलङ्गे पुल प्रयोगमा छन् । पहाडी जमिनमा पैदल यात्रा आवस्यकता र रहर दुवै कारणले आवश्यक भै रहने भएकाले झोलङ्गे पुलको आवस्यकता र महत्व कायम रहिरहने छ ।

### १.२.६.२ विद्युत तथा उर्जा

विद्युतको प्रयोगले आधुनिक जीवनको महसुस गराउदछ । सिस्ने गाउँपालिकामा विद्युत सेवा उपलब्ध छ । जलविद्युत र सौर्य उर्जाको प्रयोग गरेर सवै घर बस्तीमा उज्यालो पुगेको छ । हाल सम्म ८० प्रतिशत जनताको घरमा विजुली वत्ती वलेको छ ।

विद्युत तथा उर्जाको प्रयोग उज्यालोका निमित्त मात्र नभएर उत्पादनका निमित्त पनि अपरिहार्य भएकाले घरेलु तथा साना उद्योगका निमित्त विद्युतको माग बढ्दो छ ।

### १.२.६.३ सिञ्चाई

नेपालीहरुका लागि कृषि जीवनको मुख्य आधार हो । कृषिका निमित्त सिञ्चाई प्राण हो । खेतीयोग्य जमिनका लागि उत्पादन सहयोगी पूर्वाधरको रुपमा सिञ्चाईको आवस्यकता पर्दछ । तथ्यांक केलाउदा सिस्ने गाउँपालिकामा २.६१ प्रतिशत खेतियोग्य जमिनमा सिञ्चाईको सुविधा छ ।

### १.२.६.४ आवास तथा शहरी विकास

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट जिल्ला सदरमुकाम समेत भएकाले यहा सार्वजनिक भवन तथा निजी आवास भवनहरु धमाधम निर्माण भै रहेका छन् । रुकुमकोट गाउँ अव शहरको स्वरुपमा रुपान्तरण हुदै छ । रुकुमकोटको शहरी विकास गुरुयोजना तयार भएको पाईन्छ । सोही अनुसार रुकुमकोटलाई विकास गर्दै लग्न जरुरी छ ।

वडाकेन्द्रहरु जराधार तहका आर्थिक वृद्धिकेन्द्र (ईकोनोमिक ग्रोथ सेन्टर) को रुपमा विकास हुदै जाने भएकाले वडाकेन्द्रमा समेत आवास तथा शहरी विकासका प्रारम्भिक चरणका कामहरु गर्दे जान जरुरी छ ।

सिस्ने गाउँपालिका भविष्यमा पर्यटनको हव बन्ने संभावना वोकेको पालिका भएकाले यहाका घर तथा बस्तीमा सौन्दर्य झल्कने गरी निर्माण गर्न अहिले देखि नै लाग्न आवश्यक छ ।

### १.२.६.५ सञ्चार

सञ्चार सहज जीवनयापन तथा सक्रिय अर्थतन्त्रका लागि अनिवार्य साधन हो । दूरसञ्चार, रेडियो, टेलभिजनले सूचना, शिक्षा र मनोरञ्जन प्रदान गरेर मानिसलाई आर्थिक रुपले सक्रिय बनाई रहेका छन् ।

सिस्ने गाउँपालिकाको सवै भूभागमा टेलिकम सिग्नल उपलब्ध छ । स्थानीय जनताले नेपाल टेलिकम वा एल सेलको दूर सञ्चार सेवा उपभोग गरिरहेका छन् ।

सिस्ने पालिमा स्टेसन भएको .२ वटा एफ एम रेडियोले सेवा पुराई रहेको छ ।

डिसहोम लगायतका सेवा प्रदायकहरुले टेलिभिजन च्यानलहरुलाई घरघरमा पुराएका छन् । ईन्टरनेट सेवामा समेत आकर्षण बढ्दै गएको छ । सदरमुकाममा वाईफाई सेवा उपलब्ध छ ।

## १.२.७ प्राकृतिक श्रोत व्यवस्थापन

### १.२.७.१ वन, वातावरण र जलाधार

नेपालको कूल भू-भागको ४४.७४ प्रतिशत वन क्षेत्रले ओगटेको छ । लुम्बिनी प्रदेशमा वन क्षेत्रले ओगटेको भू-भाग ५० प्रतिशत भन्दा बढी छ । डिभिजन वन कार्यालय, रुकुम (पूर्व) ले दिएको जानकारी अनुसार यस जिल्लाको कूल भू-भागको ५९ प्रतिशत वन क्षेत्रले ओगटेको छ । यसै गरी सिस्ने गाउँपालिकाको मात्र तथ्याङ्क केलाउदा यस पालिकामा वन क्षेत्रले ओगटेको भूभाग ५८.८० प्रतिशत रहेको देखिन्छ ।

वन, वनस्पति, जैविक विविधता, जडिवुटी र जलाधार समेट्ने यो क्षत्र स्थानीय वासिन्दाका लागि जीवन निर्वाहको प्रमुख आधार हो । कृषि, पशुपालन तथा घरेलु तथा साना उद्योगका लागि यो क्षेत्रको योगदान अत्यन्त महत्वपूर्ण छ । मानिसको क्रयशक्ति बढ्दै जांदा पर्यटन क्षेत्र फस्टाउदै जाने भएकाले प्रकृतिमा आधारित पर्यापर्यटनका निमित्त पनि वन, वनस्पती र जलाधार क्षेत्रले अवसर प्रदान गर्दछ ।

सिस्ने गाउँपालिकाको वन क्षेत्र कृषि, पशुपालन, ईन्धन आपुर्ति (दाउरा), काठको आवश्यकता परिपूर्ति, फर्निचर उद्योगको लागि काठ, जडिवुटी सङ्कलन लगायतका आवश्यकता परिपूर्ति र आर्थिक क्रियाकलापका निमित्त स्थानीय वासिन्दाको जीवनाधारको रुपमा रहेको छ ।

वन क्षेत्र स्वच्छ वातावरणको मुख्य आधार भएकाले सिस्ने गाउँपालिकाको मौजुदा वन क्षेत्रले यहाको वातावरण स्वच्छ वनाई राख्न अतुलनीय योगदान गरी राखेको छ । विभिन्न जातीका वनस्पतीको उपलब्धताले यो पालिका अनुसन्धान र पर्यटनको विशाल संभावना वोकेको छ ।

प्राकृतिक श्रोतको अका महत्वपूर्ण पक्ष जलाधार हो । सानी भेरी, उत्तर गङ्गा नदीमा आधारित यस पालिकाको जलाधार क्षेत्र मानव वसोवास र पर्यापर्यटनका लागि अत्यन्तै जीवन्त सम्पदाको रुपमा रहेको छ । यस पालिकामा जलाधारको प्रचुरताले जलविद्युतको पनि राम्रो संभावना छ । सिस्ने

हिमालको दिव्यता र मनमोहकताको पृष्ठभूमिमा यस पालिकाको वन, वनस्पती र जलाधारको प्रचुरतालाई समृद्ध सिस्नेका गन्तव्य पछयाउने सशक्त आधारको रुपमा लिन सकिन्छ ।

### १.२.८ जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन

#### १.२.८.१ जलवायु परिवर्तन अनुकूलन

सिस्ने गाउँपालिकामा पनि जलवायु परिवर्तनका असरहरु अनुभव हुन थालेका छन् । वर्षाको समयतालिका अनिस्चित भएको छ । मनसुनको वर्षाको समय छोटिनु तर पानीको मात्रा नघट्नु एउटा चरित्र देखिएको छ भने हिउदमा कहिले असाध्यै वर्ष र कहिले असाध्यै सुख्खा अर्को चरित्र देखिएको छ ।

हिमालमा हिउ कम पर्ने र छिटै पग्लने दृष्यले पनि जलवायु परिवर्तनको महसुस भै रहेको छ । पानीका मुहान सुक्दै जाने समस्या सिस्ने गाउँपालिकामा समेत अनुभव हुन थालेको छ ।

वर्षाको चरित्र फेरिदै जादा वाढी, पहिरो, खडेरी, हावाहुरी, चट्याङ, आगलागी जस्ता प्राकृतिक विपदहरुको मात्रा वढेको छ । यसवाट जनधनको समेत क्षति हुने गरेको छ । सिस्ने गाउँपालिको मात्र तथ्याङ्क केलाउदा गत तीन आर्थिक वर्षमा विपदबाट ज्यान गुमाउने संख्या छैन । यसैगरी क्षति भएको धनको हिसाव ४५ लाख वरावरको छ ।

#### १.२.८.२ विपद व्यवस्थापन

प्राकृतिक र मानवीय विपदका घटनाको आवृत्ति उच्च हुदै जान थाले पछि विपद व्यवस्थापनको विषय विकास व्यवस्थापनको मुलधारमा समाहित भएको छ ।

नेपालले २०७२ बैशाख १२ गते व्यहोरेको महाविनासकारी भूकम्प र २०७६ माघ देखि व्यहोर्दै आएको विश्वव्यापी महामारी कोभिड-१९ ले विपद व्यवस्थापनका सन्दर्भमा नेपाललाई पाठ सिकाई रहेको छ ।

फोहर पानी पिउनाले र लामखुट्टेको टोकाईका कारण पनि वेलावेलामा महामारी फैलने गरेको नेपालको तीतो अनुभव छ ।

नेपाल खुलादिशामुक्त देश घोषणा भएबाट सभ्यताको एक सिढी उचाईमा उक्लेको अवस्था छ । सिस्ने गाउँपालिकामा शतप्रतिशत जनतालाई शौचालयमा शौच गर्ने आदत वसाउन जररी छ । सफा पिउने पानीको उपलब्धताले स्वास्थ्य सम्बन्धी विपद न्यूनीकरण हुदै जाने देखिन्छ ।

सिस्ने गाउँपालिकाले जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापनको सन्दर्भमा स्थानीय विपद तथा जलवायु उत्थानशी योजना तयार पारेर कार्यान्वयन गर्न थालेबाट सरकार र समुदाय उल्लेखित विषय प्रति सजग रहदै दृढताका साथ उत्थानशीलका क्रियाकलापमा जुटेको देखिन्छ ।

#### १.२.८.३ संस्थागत व्यवस्था

राज्यशक्तिको प्रयोग गर्ने अर्थात कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकार प्राप्त सिस्ने गाउँपालिकाको गाउँकार्यपालिका, गाउँसभा र न्यायिक समितिहरु निर्वाचित जनप्रतिनिधिले वहाली गरे दखि क्रियाशील भएका हुन ।

गाउँकार्यपालिका अन्तर्गत गाउँकार्यपालिकाको कार्यालय, विषयगत कार्यालयहरु (शाखा वा ईकाई) र वडा कार्यालयहरु सञ्चालित छन् । प्रमुख प्रशासकीय अधिकृतको मातहतमा उल्लेखित तीनै प्रकारका कार्यालयमा कर्मचारी कार्यरत छन् । कर्मचारी समायोजनको काम विलम्ब हुदा शुरुका दुई वर्ष कर्मचारीको अभाव व्यहोर्न परेता पनि अहिले कर्मचारीको समस्या छैन । हाल यस पालिकामा कार्यरत कूल कर्मचारी संख्या १२४ ।

सिस्ने गाउँपालिकाले २०७८ साल असार सम्म कुनै नीति बनेको छैन भने १६ वटा ऐन, ६ नियमावली, ४ निर्देशिका, २९वटा कार्यविधि र ३ वटा मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएर संस्थागत क्षमता बढाएको छ ।

य**स पालिकाको आफ्नै भवन संख्यावडा कार्यालय सहित १२ वटा रहेको छ ।** कार्यालयमा ईन्टरनेटको सुविधा उपलब्ध छ । यस पालिकाको आन्तरिक राजस्व आर्जनको आकार आर्थिक वर्ष २०७६/७७ मा ७८लाख ९३ भएको देखिन्छ ।

## १.३ गाउँपालिकाको समृद्धिको आधार

- जनतामा विकास प्रतिको उच्च आकांक्षा
- जनप्रतिनिधिमा विकास गर्ने उच्च चाहना
- गाउंपालिकासङ्ग विकास गर्न  अधिकार, श्रोत र जनशक्तिको उपलब्धता
- परम्परागत रुपमा पौरखी र उद्यमी जनताको वसोवास भएको क्षेत्र
- पर्यटकीय संभावना फस्टाउदै गएको पालिका
- जिल्ला सदरमुकाम रहेका कारण लगानी र प्रतिफलका लागि आकर्षक

## १.४ योजना तर्जुमाको मार्गदर्शक आधारहरु

स्थानीय तहले योजनाबद्ध रुपमा  विकास र समृद्धिको यात्रालाई अघि बढाउन सधैं घचघचाई रहने प्रमुख मार्गदर्शक आधारको रुपमा नेपालको सविधान रहेको छ । राज्यशक्तिको प्रयोग गर्ने स्थानीय सरकारका अधिकारको सूची नेपालको संविधानको अनुसूचि ८ मा उल्लेख छ । उक्त एकल अधिकारको सूचीका विषयमा विकासका विभिन्न विषयहरु समाविष्ट छन् ।

अन्य मार्गदर्शक आधारहरुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, नेपाल सरकारको पन्द्रौ योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम योजना, दिगो विकास लक्ष्य,स्थानीय तहको सोंच, जनताको आकांक्षा र स्थानीय राजनीतिक दलका घोषणपत्रहरु पर्दछन् ।

## १.५ योजना तर्जुमा विधि :

सिस्ने गाउँपालिकाको वर्तमान निर्वाचित नेतृत्वले पालिकालाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्ने प्रयास आरम्भ देखि नै गरेको पाईन्छ । निर्वाचित भएको एक वर्ष भित्रैमा सिस्ने गाउँपालिकाको एकीकृत गुरुयोजना र सदरमुकाम रुकुमकोटको शहरी विकास गुरुयोजना तयार पार्नुलाई योजनाबद्ध ढङ्गले अघि बढ्न खोजेको दृष्टान्तको रुपमा लिन सकिन्छ । तथापि उल्लेखित दुवै दस्तावेज गुरुयोजनाको रुपमा

रहेका छन् । आवधिक योजनाको ढांचामा विकासका सवै आयामलाई समेटेर विषय बस्तुको प्रस्तुति गर्न उल्लेखित गुरुयोजना पुर्ण दस्तावेजको रुपमा भन्दा पनि सहयोगी मात्र हुने देखेर सिस्ने गाउँपालिकाले आवधिक योजना बनाउने निष्कर्षमा पुगेको हो ।

योजना तर्जुमा प्रकृयामा सरोकारवाला सवैको सहभागिता जुटाएर गहन छलफल गरी सोंचमा समभ्रुदारी कायम गर्दै स्मार्ट (स्पेशिफिक, मेजरेवल, एचिभेवल, रियालिष्टिक एण्ड टाईमवाउण्ड) योजना बनाउने उद्येश्यका साथ सिस्ने गाउँपालिकाले २०७७ साल चैत्र ५ र ६ गते योजना तर्जुमा पूर्व तयारी कार्यशाला आयोजना गरी सरोकारवालाहरुको प्रारम्भिक धारणा लिने कार्यको थालनी गरेको हो ।

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषको वित्तीय सहयोगमा सिद्धार्थ सामाजिक विकास केन्द्रले प्राविधिक सहयोग उपलब्ध गराएर सिस्ने गाउँपालिकाका पदाधिकारी र कर्मचारीसङ्ग निकटतम समन्वयमा रही विज्ञले मस्यौदा तयार गर्ने र सो मस्यौदा उपर सरोकारवालाको वैठक आयोजना गरी सर्व स्वीकार्य योजना दस्तावेज बनाउने विधि अवलम्वल गरेर मिति २०७८ असार २१ गते आयोजित वैठकबाट सहमति जुटाई आवधिक योजना तर्जुमाको कार्य पुर्ण गरिएको छ । यसरी सहमतिको दस्तावेजको रुपमा तयार भएको प्रथम आवधिक योजनालाई मिति २०७८ असार २८ गते बसेको सिस्ने गाउपालिकाको गाउँ सभाले स्वीकृत गरेको छ ।

# परिच्छेद - २

# विगतका योजनाको समीक्षा र वित्तीय विश्लेषण

## २.१ विषय प्रवेश

सिस्ने गाउँपालिकाको गठन २०७३ साल फागुनमा भएको हो । साविकका सिस्ने, प्वाङ, पोखरा, रुकुमकोट र स्यालापाखा गाउँ विकास समितिहरु मिलायर यस पालिकाको गठन भएको हो । सिस्ने गाउँपालिकामा जम्मा आठ(८) वडा छन् । यस पालिकाको केन्द्र रुकुमकोट हो । रुकुमकोट रुकुम (पूर्व) जिल्लाको सदरमुकाम समेत भएकाले सिस्ने गाउँपालिकाले प्रतिष्ठित हुने शौभाग्य पाएको छ । राज्यशक्तिको प्रयोग गर्ने हैसियत पाएका पालिकाहरुलाई गाउँगाउँमा सिंहदरवार भनेर अर्थ्याउने गरिएको छ ।

२०७४ सालमा सम्पन्न स्थानीय तहको निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा सिस्ने गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ को श्रावण १ गते बाट स्थानीय सरकारको हैसियतमा नेपालको संविधान र नगरसभाले बनाएको कानून बमोजिम कार्यसम्पादन गर्दै आएको छ ।

यस परिच्छेदमा पहिलो खण्डमा सिस्ने गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५, २०७५/२०७६, २०७६/७७ र २०७७/७८ मा गरेका विकास निर्माणका कामको समीक्षा र दोश्रो खण्डमा वित्तीय विश्लेषण गरिएको छ ।

### २.२ विगतका योजनाको समीक्षा

सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ को वजेट (आय व्यय विवरण) सिस्ने गाउँपालिकाको गाउँसभावाट मिति २०७४/४/३१ मा स्वीकृत भए पछि विकास निर्माणका काम आरम्भ भएका हुन् ।

यस खण्डमा आर्थिक वर्ष २०७४/७५, २०७५/७६, २०७६/७७ र २०७७/७८ मा सिस्ने गाउँपालिकाबाट संचालित विकास योजनाहरुलाई आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन शीर्षकमा समेटी समिक्षात्मक विवरण प्रस्तुत गरिएको छ ।

### २.२.१ आर्थिक विकास

### २.२.१.१कृषि विकास

सिस्ने गाउँपालिकाले प्रारम्भ देखि नै कृषि विकासलाई स्थानीय आर्थिक विकासको मुख्य आधारको रुपमा पहिचान गर्दै आर्थिक वष २०७४/७५ मा एकटोल एक उत्पादन कार्यक्रम र कृषि उपज संकलन केन्द्र निर्माण लगायतका कृषि र पशुपन्छी विकास कार्यक्रमका लागि रु २१ लाख ५० बजेट विनियोजन गरेको थियो ।

कृषकहरुको परम्परागत सीप र अनुभवलाई पालिकाको तर्फबाट टेवा पुराउदै निर्वाहमुखी कृषिलाई व्यवसायीकरणमा बदल्न सिस्ने गाउँपालिकाले गरेको प्रयासले कृषहरुलाई मदत पुग्दै गएको छ ।

आर्थिक वर्ष २०७५/७६ मा अघिल्लो आर्थिक वर्ष भन्दा झण्डै चार गुण बजेट बृद्धि गरी रु ६६ लाख बजेट कृषि विकासका लागि विनियोजन भएको हो । उत्पादनलाई बजारीकरण गर्न कृषि उपज संकलन केन्द्रको संचालनले कृषकलाई उत्साहित बनाएको छ । प्रविधि, सामाग्री र पूर्वाधारको प्रबन्धमा पालिका कृषकहरुको प्रयासमा सहयोगी बन्न सकेको छ ।

आर्थिक वर्ष २०७६/०७७ मा सिस्ने गाउँपालिकाले कृषि विकासका निमित्त रु १ करोड ८ लाख १३ हजार विनियोजन गरेको हो । यसरी कृषि विकासका लागि गरिएको वार्षिक विनियोजन रकम निरन्तर बृद्धि हुदै गएको अवस्थाले कृषि विकास पालिकाको आर्थिक विकासको प्रमुख आधार भएको प्रमाणित हुन्छ ।

कृषकहरुको लगशिलता, मेहनत र लगानी तथा सिस्ने गाउँपालिकाको प्राविधिक सेवा टेवा एवं पूजीगत अनुदानको फलस्वरुप स्थानीय स्तरमा उत्पादित ताजा तरकारी, फलफुल, दुध, अण्डा, मासु रुकुमकोट बजारमा आपुर्ति भै रहेका छन् ।

गत चार आर्थिक वर्षमा सिस्ने गाउँपालिकाले गरेको सहयोगबाट स्थानीय कृषकहरु तरकारी, फलफुल, अन्नवाली, पशुपालन (बाख्रा, भेडा, गाई, भैसीपालन) र पोल्ट्री व्यवसाय तर्फ आकर्षित हुदै गएको पाईन्छ । स्थानीय रुकुमकोट बजार र विभिन्न वडा केन्द्रका ससाना बजारहरुमा समेत स्थानीय उत्पादनको विक्रिवितरण बढेको छ । २०७४/७५ को श्रावणको अवस्था भन्दा २०७६/७७ को

असारको अवस्था लगानी, उत्पादन, बिक्रिवितरण र मूल्य  सवै पक्षमा दोव्वरले बृद्धि भएको छ । यसको असर रोजगारी, आयआर्जन र जीवनस्तर सुधारमा समेत देखिएको छ ।

### २.२.१.२ पर्यटन

सिस्ने गाउँपालिकाको आर्थिक विकासको दोश्रो महत्वपुर्ण क्षेत्र पर्यटन हो । पालिका गठन भएदेखि नै पर्यटन विकासलाई महत्वका साथ हेरिएको छ । पर्यटकीय संभावनाको पहिचान, पूर्वाधार निर्माण, सम्पदा संरक्षण र जनशक्ति विकास गर्ने उद्येश्यका साथ पर्यटा शीर्षकमा आर्थिक वष २०७४/२०७५ मा रु १० लाख, आर्थिक वर्ष २०७५/७६ मा रु २२ लाख ५० हजार र आर्थिक वर्ष २०७६/७७ मा रु १७ लाख २४ हजार बजेट विनियोजन भएको छ ।

सिस्ने गाउँपालिकामा विद्यमान प्राकृतिक तथा सांस्कृतिक सम्पदामा आधारित भएर पर्यटन व्यवसाय गर्न प्रशस्त संभावना छ । मध्यपहाडी लोकमार्गले प्रदान गरेको पहुचको सुविधाले पर्यटन व्यवसाय फस्टाउदै जाने कुरामा आत्मविश्वास पैदा गरिदिएको छ । तथापि पर्यटन व्यवसाय होटेल, रेष्टुरेण्ट, होमस्टे, कोशीली घर संचालनमा सिमित छ ।

मानिसहरु आर्थिक रुपले सम्पन्न हुदै जादा पर्यटकीय जीवन प्रति आकर्षित हुदै जाने भएकाले सिस्ने गाउँपालिकाले पर्यटनको भविष्य उज्जवल देखेको छ । पर्यटन पूर्वाधार विकास र पर्यटनमैत्री दक्ष जनशक्ति उत्पादनमा सरकारी लगानी बढाउदै जाने सिस्ने गाउँपालिकाको सोंच रहेको छ ।

### २.२.१.३ सहकारी

शहर तथा गाउँका हरेक टोल तथा बस्तीहरुमा बचत तथा ऋण समूह क्रियाशील भएको नेपालका जुन सुकै ठाउमा देख्न पाईन्छ । सिस्ने गाउँपालिकामा पनि यस्ता समूहहरु उल्लेख्य संख्यामा सक्रिय रहेका छन् । बचत रकमको आकार ठुलो हुदै जादा समूहलाई सहकारीमा रुपान्तरण गर्ने कार्यलाई सिस्ने गाउँपालिकाले निरन्तरता दिन चाहन्छ । त्यसैले गाउँगाउँमा सहकारीको अभियान चलाउन सिस्ने गाउँपालिका लागि परेको छ ।

सरकारी, निजी र सहकारीको प्रयत्नबाट आर्थिक विकासलाई गतिशील बनाउने राज्यको नीति प्रति सिस्ने गाउँपालिका जानकार छ । सरकारी क्षेत्रको लगानीले निजी क्षेत्र आर्थिक विकासमा आकर्षित हुन सकोस, सहकारी क्षेत्र फष्टाउन सकोस र सरकारी, निजी र सहकारी क्षेत्रको  संयुक्त प्रयासले आर्थिक विकासलाई चलायमान बनाउदै दिगो आर्थिक बृद्धि हासिल गर्न सकियोस भन्नेमा सिस्ने गाउँपालिका स्पष्ट छ ।

सहकारी संस्थाको पूर्वाधार संरचना निर्माणमा सहयोग र सदस्यहरुको क्षमता तथा नेतृत्व विकास गर्नका लागि आर्थिक वर्ष २०७४/७५ मा रु ११ लाख, २०७५/७६ मा रु २ लाख र २०७६/७७ मा रु १० लाख बजेट विनियोजन गरेर सहकारी क्षेत्रको विकास र प्रबर्द्धनमा सिस्ने गाउँपालिका जुटी रहेको छ ।

गत चार आर्थिक वर्षमा सहकारी क्षेत्रमा भएको लगानीले आर्थिक क्रियाकलापमा संलग्न व्यक्ति तथा समूहहरु सहकारीमा संगठित हुने क्रम बृद्धि भएको छ । उत्पादनशील क्षेत्रमा सहकारी पूजी

परिचालनको आकार बढेको छ । ग्रामीण क्षेत्रमा सहकारीको लोकप्रियता बढेको छ । स्वरोजगार बृद्धि भएको छ ।

### २.२.२ सामाजिक विकास

#### २.२.२.१ शिक्षा

शिक्षामा लगानी बढाउदै जाने र मानव श्रोतलाई पूजीमा बदल्ने अभियानलाई सिस्ने गाउँपालिकाले प्राथमिकतामा राखेको छ । विद्यालय भवन निर्माण, फर्निचरको उपलब्धता, विद्यालयमा खानेपानी तथा शौचालयको सुवधा, खेलकुद मैदान निर्माण तथा खेलकुद सामग्रीको प्रबन्धमा यथासंभव सहयोग प्रदान गर्ने पालिकाको नीति रहेको छ ।

सिस्ने गाउपालिकाले आर्थिक वर्ष २०७४/७५ मा रु ७४ लाख ५० हजार, आर्थिक वर्ष २०७५/७६ मा रु १ करोड ५० लाख र आर्थिक वर्ष २०७६/७७ मा रु १ करोड ४९ लाख ४२ हजार विनियोजन गरेर शिक्षा क्षेत्रमा लगानी गरेको छ ।

गत चार आर्थिक वर्षको लगानी मार्फत सिस्ने गाउँपालिका भित्रका आधारभूत तथा माध्यमिक विद्यालयको भौतिक पूर्वाधारको अवस्थालाई सुधार गर्ने भएको छ । पठनपाठन तथा खेलकुदका लागि अनुकूल वातावरण निर्माण भएको छ ।

#### २.२.२.२ स्वास्थ्य

उपचारको सुविधा बस्तीबस्तीमा पुराउने योजनाका साथ सिस्ने गाउँपालिका जुटेको छ । स्वास्थ्य केन्द्रको भौतिक पूर्वाधार विकास, जनशक्ति व्यवस्थापन र औषधि उपलब्ध गराउने कार्य भै रहेको छ । ग्रामीण बस्तीमा घुम्ती स्वास्थ्य शिविरको आयोजना गरेर जनतालाई स्वास्थ्य परिक्षण तथा उपचारको सुविधा प्रदान गर्ने प्रबन्ध पनि पालिकाबाट गरिएको छ ।

सिस्ने गाउँपालिकाबाट स्वास्थ्य क्षेत्र तर्फ आर्थिक वर्ष २०७४/७५ मा रु १० लाख ५६ हजार, आर्थिक वर्ष २०७५/७६ मा रु ३६ लाख ५० हजार र आर्थिक वर्ष २०७६/७७ मा रु ३६ लाख ८८ हजार ४०० विनियोजन भएको छ ।

स्वास्थ्य क्षेत्रमा गरिएको लगानीले जनताको स्वास्थ्य सेवामा पहुच सहज भएको छ । रोगको उपचार समयमै गराउने चेतना विकास भएको छ । घुम्ति शिविरमाससाना शल्यक्रियाको सुविधा प्राप्त गरेर जनता लाभान्वित भएका छन् ।

#### २.२.२.३ खानेपानी र सरसपाई

खानेपानी जीवन यापनका लागि नभै नहुने बस्तु हो । प्रत्येक नागरिकलाई खानेपानीको सुविधा पुराउनु राज्यको कर्तव्य हो । सिस्ने गाउँपालिका आफ्ना जनतालाई खानेपानीको सुविधा प्रदान गर्न प्रतिबद्ध छ । यसैगरी स्वस्थ जीवन र सभ्य समाजको प्रतिक सरसफाईमा पनि पालिकाले उत्तिकै ध्यान दिएको छ ।

खानेपानी तथा सरसफाई तीनै तहका सरकारको जिम्मेवारीको विषय हो । कोहि पनि सुविधाबाट विमुख वा वञ्चित नहवस भनेर सिस्ने गाउँपालिकाले खानेपानी तथा सरसफाईका लागि बजेटको बन्दोवस्त गर्ने गरेको छ ।

पालिकाबाट आर्थिक वर्ष २०७४/७५ मा रु २ करोड ३१ लाख, आर्थिक वर्ष २०७५/७६ मा रु २७ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु १ करोड ९९ लाख विनियोजन भएको छ ।

विनियोजित बजेट कार्यान्वयनबाट विभिन्न खानेपानी ओजना सम्पन्न भएका छन् । एक घर एक धाराको सुविधा उपलब्ध हुन थालेको छ । एक घर एक फिल्टर अभियान प्रारम्भ भएको छ । सरसफाईको चेतना र सीप बढाउने काम समुदायमा पुराईएको छ । समुदायलाई पूर्ण सरसफाईमा लाग्न अभिप्रेरित गर्ने काम भएको छ ।

### २.२.२.४ संस्कृति प्रबर्द्धन

मठमन्दिरहरुको निर्माण तथा जिर्णोद्वार, लोक वाजाहरुको संरक्षण, कला तथा संस्कृतिको प्रबर्द्धनको उद्येश्यका साथ स्थानीय समुदायको मागलाई संवोधन गर्दै संस्कृति प्रबर्द्धन गर्ने कार्यमा सिस्ने गाउँपालिकाले संस्कृति प्रबर्द्धन शीर्षकमा बजेट विनियोजन गरेको छ ।

संस्कृति प्रबर्द्धन शीर्षक मातहत विभिन्न आयोजना कार्यान्वयन गर्न आर्थिक वर्ष २०७५/७६ मा रु ३३ लाख २५ हजार र आर्थिक वर्ष २०७६/७७ मा रु ११ लाख ५० हजार विनियोजन भएको छ ।

रुकुमकोट स्थित कमल दह मन्दिर लगायत विभिन्न स्थानका मन्दिरहरुको जिर्णोद्वार, पञ्चेबाजा खरीद, सांस्कृतिक टोलीलाई पोशाक खरीद, संस्कृतिको संरक्षण सम्बन्धी कार्यक्रम सञ्चालनमा पालिकाले सक्दो सहयोग पुराएको छ । स्थानीय समुदायले परम्परा देखि मान्दै आएको धर्म संस्कृतिको संरक्षण र प्रबर्द्धनका लागि पालिकाले पुराएको सहयोगबाट स्थानीय समुदाय सन्तुष्ट भएका छन् ।

### २.२.२.५ युवा, खेलकुद तथा मनोरञ्जन

युवाहरुको सर्वाधिक रुचिको क्षेत्र खेलकुद तथा मनोरञ्जनमा विभिन्न प्रतियोगिता आयोजना गरि युवाहरुलाई खेलकुदमा आकर्षित गर्ने र प्रतिभा प्रष्फुटनको अवसर प्रदान गर्ने, मनोरञ्जनका विभिन्न साधनहरुको व्यवस्थाद्वारा युवाहरुलाई सिर्जशील बनाउन अभिप्रेरित गर्ने सिस्ने गाउँपालिकाको योजना छ । सोही योजना मुताविक आर्थिक वर्ष २०७४/७५ देखि नै बजेट विनियोजन गर्ने काम भएको छ ।

आर्थिक वर्ष २०७४/७५ मारु १४ लाख, आर्थिक वर्ष २०७५/७६ मारु ७ लाख ५० हजार र आर्थिक वर्ष २०७६/७७ मा रु २२ लाख ५० हजार प्रस्तुत शीर्षकमा विनियोजन भएको छ ।

सिस्ने गाउँपालिकाले विनियोजित बजेटको कार्यान्वयन गरेर विभिन्न खेलकुद प्रतियोगिता सम्पन्न भएका छन् । स्थानीय संस्कृतिको सम्मान हुने मनोरञ्जनका प्रतियोगिता पनि आयोजना गरिएका छन् । यस प्रकारका प्रतियोगिता आयोजनाबाट युवाहरुमा उत्साह जागृत भएको छ । विभिन्न खेलका लागि खेलाडी विकास गर्ने आधार बनेको छ ।

### २.२.२.६ लैङ्गिक समानता र सामाजिक समावेशीकरण

समाजमा विकासको वितरण न्यायोचित बनाउन लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको रणनीति अवलम्बन गरिएको छ । लैङ्गिक आधारमा महिला र पुरुष वीच हुने विभेद तथा बसोवास गरेको भूगोल, जातजाती, उमेर क्षमता आदिका आधारमा हुने विभेद असमानता र वञ्चितीकरणलाई अन्त गर्न विभिन्न प्रयास तथा केही अवधिका लागि सकारात्मक विभिदको खाँचो रहेको प्रति सिस्ने गाउँपालिका सचेत छ ।

बजेट विनियोजका माध्यमबाट समाजमा विद्यमान विभेद, असमानता र वञ्चितीकरणलाई न्यूनीकरण गर्दै जाने पालिकाको लक्ष्य छ । यस पालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमका लागि आर्थिक वर्ष २०७४/७५ मारु १ करोड १२ लाख, आर्थिक वर्ष २०७५/७६ मा रु ९१ लाख २५ हजार र आर्थिक वर्ष २०७६/७७ मारु ७९ लाख ८० हजार बजेट विनियोजन गरेको छ ।

विनियोजित बजेटले विशेषतः पछिपारिएका वर्ग र समुदायलाई विकासको मुलधारमा ल्याउने, समुदायमा भएको पुर्ख्यौली पेशालाई प्रविधिको संयोजन गरेर आधुनिक बनाउने र उत्पादन गरिने बस्तुमा मूल्य अभिवृद्धि गर्ने, रोजगारी र आयआर्जनका क्रियाकलाप संचालन गर्ने, ससाना सामुदायिक पूर्वाधार विकास गर्ने काम भएको छ । महिला, बालबालिका, दलित, आदिवासी जनजाति वर्गहरु प्रस्तुत कार्यक्रमबाट लाभान्वित भै रहेका छन् ।

## २.२.३ भौतिक पूर्वाधार विकास

### २.२.३.१ स्थानीय सडक तथा पुल

सिस्ने गाउँपालिकामा यातायातको सुविधाले सवै गाउँबस्तीलाई जोड्ने पालिकाको सोच छ । पालिका केन्द्रबाट वडा केन्द्र र वडा केन्द्रबाट बस्ती जोड्ने रणनीतिका साथ सवै वडामा सडक सञ्जाल विस्तार गर्ने पालिकाको योजना छ । सडक बनाउदा आवश्यक ठाउमा पुल बनाउदै जाने पालिकाको कार्यनीति छ । यसरी सडक निर्माण गर्दै जादा यातायात सहज भै बस्तु तथा सेवाको खरीद तथा विक्रिबाट उत्पादक र उपभोक्ता लाभान्वित हुने पालिकाको बुझाई छ ।

स्थानीय सडक तथा पुल शीर्षकमा आर्थिक वर्ष २०७४/७५ मा रु १ करोड ६८ लाख ५० हजार। आर्थिक वर्ष २०७५/७६ मा रु२ करोड ४५ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु १ करोड ५० लाख ६३ हजार विनियोजन भएको छ ।

उल्लेखित चार आर्थिक वर्षको बजेट कार्यान्वयनबाट सिस्ने गाउँपालिका भित्र सडक निर्माणको कामले उल्लेख्य गति लिएको छ । पालिकाको भूबनोट पहाडी धरातलीय भएकाले निर्माण गर्न कठिन र लागतका हिसावले महङ्गो छ । त्यसैले निर्माण गर्न र निर्मित पूर्वाधारलाई दुरुस्त अवस्थामा कायम राखिराख्न अत्यन्त कठिन छ । तथापि पालिकाले सडक निर्माण र सञ्चालनलाई जोड दिएको छ ।

२०७४ श्रावण देखि २०७७ असार सम्मको एकमुष्ट प्रगति जोड्दा कच्चि सडक निर्माण ४० किलोमिटर भएको छ ।। पालिकाबाट ६ वडाकेन्द्र सम्म चारपांग्रे सवारी साधन चल्ने अवस्था बनेको छ ।।

### २.२.३.२ उर्जा विकास

उज्यालो सिस्नेको सोंच सहित घरघरमा विद्युत पुराउने सिस्ने गाउँपालिकाको लक्ष्य छ । जल विद्युतको सुविधा पुराउन नसकेको स्थानमा वैकल्पिक उर्जाको प्रयोगबाट घरमा उर्जाको सुविधा प्रदान गर्ने कार्यनीति छ । साथै विद्युत उत्पादनमा संलग्न हुने पनि सिस्ने गाउँपालिकाको योजना छ ।

सिस्ने गाउँपालिकाले उर्जा विकास (उज्यालो गाउँ अभियान) का लागि आर्थिक वर्ष २०७४/७५ मा रु ८८ लाख , आर्थिक वर्ष २०७५/७६ मा रु ८८ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु १ करोड ३८ लाख १३ हजार बजेट विनियोजन गरेको छ ।

विनियोजित बजेट कार्यान्वयनबाट विभिन्न वडामा विद्युत प्रसारण विस्तार, विभन्न लघुजलविद्युत परियोजनामा सहयोग, वायोग्यास प्लान्ट निर्माण र सुधारिएको चुल्हो जडानमा सहयोग पुगेको छ ।

उल्लेखित चार आर्थिक वर्षका प्रयासले ८० प्रतिशत घरमा विद्युत सेवा पुगेको छ । साना तथा लघु जलविद्युत योजनाबाट १७६ किलोवाट विद्युत उत्पादन भएको छ । ५०० घरमा सुधारिएको चुल्हो जडान गर्ने कार्य पनि सम्पन्न भएको छ ।

### २.२.३.३ सिंचाई विकास

वालीनाली तथा वोट विरुवाका निमित्त सिंचाई प्राणशक्ति हो । सिस्ने गाउँपालिकाले सिंचाई पूर्वाधार निर्माण गरेर कृषि उत्पादन बढाउने रणनीति अख्तियार गरेको छ ।

सिंचाई विकासका लागि आर्थिक वर्ष २०७४/७५ मा रु ४ लाख ५० हजार ।। आर्थिक वर्ष २०७५/७६ मा रु ७ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु १५ लाख विनियोजन भएको छ ।

सिस्ने गाउँपालिका भित्र विद्यमान  कूल खेतियोग्य जमिन मध्ये २०७७ असार मशान्त सम्ममा सिंचाई सुविधा पुगेको जमिन २.६१ प्रतिशत पुगेको छ ।

### २.२.३.४ भवन तथा शहरी विकास

सरकारी भवन, सामुदायिक भवन, बसपार्क निर्माण, सहिद स्तम्भ, योगाहल, पधेरो निर्माण, आर्यघाट निर्माणजस्ता कार्यहरु यस शीर्षमा समेटिएका छन् ।

सिस्ने गाउँपालिकाले प्रस्तुत शीर्षकमा आर्थिक वर्ष २०७४/७५ मा रु ३५ लाख ५० हजार, आर्थिक वर्ष २०७५/७६ मा रु ७६ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु आर्थिक वर्ष २०७६/७७ मा रु ७५ लाख १६ हजार ५०० विनियोजन भएको छ ।

यस शीर्षक मार्फत कार्यान्वयन भएको बजेटबाट ६ वडाको कार्यालय भवन निर्माण भै प्रयोगमा आएका छन् । दुई दर्जन सामुदायिक भवन तयार भएका टन् । दुई ठाउमा आर्यघाट बनेका छन् । मैदान, मञ्च र स्तम्भहरु निर्माण भएका छन् ।

### २.२.३.५ सूचना तथा सञ्चार पूर्वाधार

सञ्चार सुविधाले नागरिकलाई जोडेर निजको आर्थिक क्रियाशीलता बृद्धि गर्न सकिन्छ भन्ने सिस्ने गाउँपालिकाको विश्वास छ । त्यसैले सूचनामा सहज पहुचका लागि सूचना तथा सञ्चार पूर्वाधारमा लगानी गर्ने नीति लिएको छ ।

यस पालिकाले प्रस्तुत शीर्षकमा आर्थिक वर्ष २०७४/७५ मा रु २६ लाख, आर्थिक वर्ष २०७५/७६ मा रु १६ लाख ५० हजार र आर्थिक वर्ष २०७६/७७ मा रु २६ लाख विनियोजन गरेको छ ।

समुदाय स्तरमा सूचना, शिक्षा र मनोरञ्जनको सुविधा पुराउन प्रभावकारी माध्यमको रुपमा एफएम रेडियो रहेकाले पालिकाको सहयोगबाट दुईवटा एफएम रेडियो संचालनमा आएका छन् । नेपाल टेलिकमको टावर निर्माणमा सामग्री ढुवानीका लागि पालिकाले सहयोग पुराएको छ ।

### २.२.४ वातावरण तथा विपद व्यवस्थापन

#### २.२.४.१ वन तथा भूसंरक्षण र जलाधार संरक्षण

वतावरण सन्तुलनका निमित्त वन, भूसंरक्षण र जलाधार संरक्षणको भूमिका अतुलनीय रहेको प्रति सिस्ने गाउँपालिका सचेत र सजग छ ।

चेतना अभिबृद्धि, क्षमता विकास, ससाना संरक्षण कार्यक्रम, वन नर्सरी स्थापना लगायतका लागि सिस्ने गाउँपालिकाले आर्थिक वर्ष २०७४/७५ मा रु २ लाख ५० हजार, आर्थिक वर्ष २०७५/७६ मा रु ३ लाख र आर्थिक वर्ष २०७४/७५ मा रु ७ लाख ५० हजार विनियोजन भएको छ ।

वातावरण संरक्षण प्रतिको समुदायको सचेतना बढेको छ । विभिन्न स्थानमा नर्सरीहरु स्थापना भएका छन् र वोट विरुवा पाउने सुविधा उपलब्ध भएको छ ।

#### २.२.४.२ फोहरमैला व्यवस्थापन

सरसफाईका निमित्त फोहरमैला विसर्जनमा सावधानी अपरिहार्य छ । सिस्ने गाउँपालिकामा शहरी बस्तीको स्वरुप रुकुमकोटले लिदै छ भने वडा केन्द्रहरु पनि क्रमशः शहर उन्मुख हुदै छन् । यस परिप्रेक्षमा फोहरमैला व्यवस्थापनको विषयलाई समुदाय स्तरमा पुराई फोहमैला विसर्जन गर्ने काममा समुदायको सहभागितालाई प्रबर्द्धन गर्न सिस्ने गाउँपालिका प्रतिबद्ध छ ।

फोहरमैला व्यवस्थापन प्रयोजनका लागि आर्थिक वर्ष २०७६/७७ मा रु ४४ लाख बजेट विनिजयोजन भएको छ ।

बजेट कार्यान्वयनबाट शहरउन्मुख क्षेत्रमा फोहरमैला विसर्जन गर्ने ठाउँ व्यवस्थित भएको छ ।

#### २.२.४.३ विपद व्यवस्थापन

जलवायु परिवर्तनको असरले वर्षको स्वरुप फेरिएको छ । कहिले अत्यधिक वर्षा हुने र कहिले सुख्खा खडेरीका कारण वर्षातको समयमा वाढी पहिराको जोखिम बढ्दो छ र सुख्खा खेडेरीको समयमा आगलागी जस्ता विपदका घटना बृद्धि भैरहेका छन् । हावाहुरी, चट्याङ र असिनाले पनि जनधनको क्षति गरिरहेको छ । अप्रत्यासित रुपमा आउने भूकम्पको जोखिम पनि उत्तिकै छ ।

त्यसैले विपद जोखिम न्यूनीकरण गर्न पूर्व तयारी, उद्धार, राहत तथा पुनर्स्थापन लगायतका प्रतिकार्यका लागि सिस्ने गाउँपालिकाले कोष खडा गर्ने र अन्य आवश्यक कार्य गर्दै जाने कार्य गरिरहेको छ ।

विपद व्यवस्थापनका लागि आर्थिक वर्ष २०७४/७५ मा रु १५ लाख ३७ हजार, आर्थिक वर्ष २०७५/७६ मा रु १२ लाख र आर्थिक वर्ष २०७६/७७ मा रु २० लाख विनियोजन भएको छ ।

उल्लेखित बजेट कार्यान्वयबाट विपद सचेतना अभिबृद्धि, क्षमता विकास, राहत सामग्रीको भण्डारण लगायतका विपद व्यवस्थापनको काम सहज भएको छ ।

### २.२.५.संस्थागत विकास तथा सुशासन

सिस्ने गाउँपालिकाले स्वीकृत गरेका योजनाको कार्यान्वयन र जनतालाई प्रदान गर्ने सेवालाई सहज र शीघ्र रुपमा प्रदान गर्न संस्थागत विकास र सुशासन अनिवार्य पक्ष हो । संस्थागत विकास र सुशासनको प्रबन्धबाट मात्र आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार विकास र वातावरण संरक्षण तथा विपद व्यवस्थापनका कामलाई शीघ्र र तीव्र बनाउन सकिन्छ भन्ने विश्वासका साथ सिस्ने गाउ कार्यपालिकाको कार्यालय, विषयगत कार्यालय, शाखा वा ईकाईहरु तथा वडाकार्यालयहरुको सुहाउदो भौतिक संरचना, आवश्यक फर्निचर, कम्पुटर तथा यन्त्र उपकरणको उपलब्धता एवं कार्यरत जनशक्तिको दक्षता अभिबृद्धिमा यथा संभव दृष्टि पुराएको छ ।

प्रस्तुत शीर्षकमा सिस्ने पालिकाले आर्थिक वर्ष २०७४/७५ मा रु ५४ लाख ५० हजार, आर्थिक वर्ष २०७५/७६ मा रु २ करोड ३० लाख र आर्थिक वर्ष २०७४/७५ मा रु २ करोड ६४ लाख बजेट विनियोजन भएको छ ।

२०७४ श्रावण महिनाको तुलनामा २०७७ असार मशान्तमा कार्यपालिकाको कार्यालय, विषयगत कार्यालय वा शाखाहरु र वडाकार्यालयहरु व्यवस्थित भएका छन् । कर्मचारीलाई काम गर्ने वातावरण राम्रो भएको छ । विभिन्न प्रशिक्षणका माध्यमबाट कर्मचारीको दक्षता अभिबृद्धि भएको छ । कार्यसम्पादनमा जनप्रतिनिधि र कर्मचारी वीच लय मिलेको छ ।

## २.३ वित्तीय विश्लेषण

### २.३.१ आयतर्फको विश्लेषण

सिस्ने गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५,२०७५/७६, २०७६/७७ र २०७७/७८ को आय तर्फको अवस्था देहायको तालिका बमोजिम छ ।

**तालिका -१**

**सिस्ने गाउँपालिकाको आय तर्फको विवरण**

रु हजारमा

| शीर्षक | आ.व २०७४/७५ | आ.व २०७५/७६ | आ.व २०७६/७७ | आ.व २०७७/७८ |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १.आन्तरिक राजस्व | ४५,०० | ३६,७७ | ७८,९३,०० | १,०३,०० |
| २ .समानीकरण अनुदान | | | | |
| (क) संघ | १६,७९,८२ | १०,९१,०० | १०,७८,०० | १०८८०० |
| (ख) प्रदेश | | ४१,०० | ४१,३७ | ५०९२ |
| ३ सशर्त अनुदान | | | | |
| (क) संघ | ७,६९,१९ | १२,३२,०० | १५,९५,०० | २३९१४५ |
| (ख) प्रदेश | | ९६,०० | ९०,०० | १४८५० |
| ३ राजस्व वांडफांड | | | | |
| (क) संघ | - | ६,३५,१४ | ७,५६,८४ | ७३६५० |
| (ख) प्रदेश | | | ४१,८४ | ३०९३ |
| ४. विशेष अनुदान | | | | |
| (क) संघ | - | - | | ५००० |
| (ख) प्रदेश | | | ५२,०० | ६००० |
| ५.समपुरक अनुदान | | | - | |
| क) संघ | | | १,५०,०० | १०४०० |
| (ख) प्रदेश | | | | १५००० |
| अघिल्लो आ.व.को संचितबाट | ७३,६७ | १,५०,१४ | २,००,०० | ३५६०३ |
| जनसहभागिता | १,५९,६१ | - | - | |
| **जम्मा** | **२७,२७,२९** | **३२,८२,०५** | **४०,८४,६२** | **५२,६९,३३** |

स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व

उपर्युक्त तालिकामा आय तर्फको विवरणमा आर्थिक वर्ष २०७४/७५ जनसहभागितालाई समावेश गरेकोमा त्यसपछिका आर्थिक वर्षमा उक्त शीर्षकलाई समावेश गरिएको छैन । त्यसैले आर्थिक वर्ष २०७४/७५ को आयतर्फको वास्तविक अनुमानमा जनसहभागिता तर्फका रु १ करोड ५९ लाख ६१ हजारलाई घटाएर खुद अनुमान रु २५ करोड ६७ लाख ६८ हजार कायम गर्न उचित देखिएको छ ।

यसरी आं वं २०७४/७५ को आयलाई आधार मानेर उप्रान्तका आ. व. को आय अनुमानलाई विश्लेषण गर्दा आधार वर्षको तुलनामा आ. व. २०७५/७६ मा करिव पौने २२ प्रतिशतले आय बृद्धि भएको छ भने आ. व. २०७६/७७ मा ३७ प्रतिशतले बृद्धि भएको छ । आ.व. २०७५/७६ को तुलनामा आ.व २०७६/७७ मा भएको बृद्धि प्रतिशत करिव २० प्रतिशत रहेको छ ।

समानीकरण अनुदान र राजस्व बांडफांड बृद्धि हुदै जादा संघीयताको सम्मान हुने हुन्छ । तर प्रस्तुत तालिकाले सशर्त अनुदानमा वर्षेनी रकम बृद्धि भएको अवस्था छ । यसले गर्दा संघ र प्रदेशले योजना छनोट गरेर कार्यान्वयनको जिम्मेवारी स्थानीय तहलाई सुम्पने प्रबृति बढेको छ ।

प्रस्तुत विश्लेषणका आधारमा सिस्ने गाउँपालिकाका निमित्त पालिका स्वयंले छानेका आयोजना कार्यान्वयन गर्न बजेट व्यवस्थापनको चुनौती रहेको छ। तथापि संघ र प्रदेशले प्रदान गर्ने समपुरक र विशेष अनुदानको बजेटको लाभ पालिकाले लिन सक्ने प्रशस्त अवसर छ।

### २.३.२ व्यय तर्फको विश्लेषण

सिस्ने गाउँपालिकाको आ.व. २०७४/७५ देखि २०७६/७७ सम्म चार आर्थिक वर्षको व्ययतर्फको विनियोजन देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका-२**

**सिस्ने गाउँपालिकाको व्यय तर्फको विनियोजन**

रु हजारमा

| शीर्षक | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ |
|---|---|---|---|
| कुल विनियोजन | २५,६७,६८ | ३२,८२,०५ | ४०,८४,६२ |
| चालु तर्फ | १३,१९,१९ | १९,२४,९० | २६,५७,४८ |
| पूंजीगत तर्फ | १२,४८,४९ | १३,५७,१५ | १४,२७,१३ |

नोटः- आर्थिक वर्ष २०७४/७५ को वार्षिक बजेटमा आय तर्फ रु १ करोड ५९ लाख ६१ ह्जार जनसहभागिताको रकम समावेश गरी कुल रु २७ करोड २७ लाख २९ हजार कायम भएकोमा जनसहभागिता तर्फको उक्त रकम घटाई खुद अनुमान रु २५ करोड ६७ लाख ६८ हजार यस तालिकामा देखाईएको छ।

व्यय तर्फको वित्तीय अवस्थाको विश्लेषण गर्दा चालु तर्फको बजेट बृद्धि दर उच्च रहेको छ। चालु तर्फका सफ्ट कार्यक्रमको मात्रामा बृद्धि र कार्यसंचालनमा खर्च बढेका कारण चालु तर्फको बजेट बृद्धि भएको भन्न सकिन्छ।

पूजीगततर्फ सरदर १ करोडका दरले बार्षिक बजेट बृद्धि भएको छ। भौतिक पूर्वाधार तर्फका आयोजनाको माग अत्यधिक रहेको सन्दर्भमा पूंजीगत तर्फको लगानी बढाउन पर्ने आवश्यकता छ।

सशर्त अनुदान तर्फका अधुरा आयोजना छिटोभन्दा छिटो सम्पन्न गरी संघले प्रदान गर्ने सशर्त अनुदानलाई समानीकरणमा खपाउन सकेमा पालिकालाई विकास व्यवस्थापन गर्न सहयोग पुग्ने छ।

## परिच्छेद -३

## योजना खाका

### ३.१ विषय प्रवेश

योजना भन्नाले सामान्य अर्थमा कुनै उद्येश्य हासिल गर्न अग्रिम रुपमा तय गरिने कार्यक्रमहरुको दस्तावेजलाई बुझिन्छ । योजना दीर्घकालीन, मध्यकालीन र अल्पकालीन समयका लागि तर्जुमा गर्ने गरिन्छ। दीर्घकालीन सोंच तय गरेर विस्तृत कार्यक्रम सहितको मध्यावधिक योजना बनाउने चलन छ। जसलाई आवधिक योजना भन्ने गरिन्छ।

सिस्ने गाउँपालिकाको निर्वाचित नेतृत्वले जिम्मेवारी सम्हाले लगत्तै योजनाको आवश्यकतालाई राम्रोसङ्ग महसुस गरेको हो । सोही महसुसीकरणको फलस्वरुप सिस्ने गाउँपालिकाको एकीकृत गुरुयोजना २०७५ बैशाख १६ मा तयार भएको हो । यसैगरी सिस्ने गाउँपालिका सदरमुकाम रुकुमकोटको शहरी विकास गुरुयोजना पनि सोही मितिमा तयार भएको हो । सिस्ने गाउँपालिकाको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना पनि तर्जुमा भै सकेको छ। तथापि उल्लेखित गुरुयोजना तथा योजनाले आवधिक योजनाको ढांचालाई आंशिक रुपले पछयाएकोले विकासका सवै आयामलाई समेटेर विस्तृत स्वरुपमा आवधिक योजना तर्जुमा गर्नु पर्ने महसुस भएर सिस्ने गाउँपालिकाको प्रथम आवधिक योजनाको रुपमा यो योजना तजुर्मा गरिएको छ।

### ३.२ अवसर र चुनौती

**अवसर-** स्थानीय स्तरमा जनसाधन तथा प्राकृतिक श्रोतको प्रचुर उपलब्धता, मध्यपहाडी लोकमार्गले प्रदान गरेको सुविधाबाट सिर्जित पर्यटन, उद्योग, व्यापार तथा उत्पादित बस्तु बजारीकरणको मौका, सिस्ने गाउँपालिकाको निर्वाचित नेतृत्वको विकासवादी सोंच, स्थानीय जनताको तीव्र विकासको आकांक्षा, स्थानीय स्तरमा सिस्ने गाउँपालिकाले आर्जन गर्ने राजस्व र संघ तथा प्रदेश सरकारले सिस्ने गाउँपालिकालाई प्रदान गर्ने विभिन्न प्रकारको वित्तीय अनुदानलाई अवसरको रुपमा लिदै यी उल्लेखित साधनश्रोतको परिचालनका लागि सही र तथ्यपरक योजनाले समग्रतामा अवसरको पैरवी गर्दछ।

**चुनौती-** शीघ्र सेवा तीव्र विकास स्थानीय जनताको अपेक्षा हो । उपलब्ध साधन श्रोतको सही परिचालनबाट सामाजिक न्याय सहितको विकास र समृद्धि हासिल गर्दै स्थानीय जनताको जीवन स्तरमा गुणात्मक परिवर्तनद्वारा सिस्ने गाउँपालिकाको आर्थिक सामाजिक अवस्था माथि उठाउने कार्यलाई चुनौतीको रुपमा उल्लेख गर्न सकिन्छ।

### ३.३ दीर्घकालीन सोंच

विकास र समृद्धिको आकांक्षालाई सटिक ढङ्गले वयान गर्न सक्ने, सुन्दा वा पढदा तत्काल मनमा बस्ने र व्यक्तिगत वा सामुहिक तवरले काम गर्दा सोही मनमा बसेको वाक्यमा योगदान पुग्ने गरी रचना

गरिएको कल्पनाशील वाक्यलाई दीर्घकालीन सोंच भनिन्छ । दीर्घकालीन सोचले हालको अवस्थाबाट समयान्तरमा प्राप्त हुने धेरैगुणा समुन्नत अवस्थालाई  जाहेर गर्दछ र त्यसैमा लय र ताल मिलाएर कर्मशील हुन सबै नागरिकलाई सधै घचघचाउछ ।

### ३.३.१ राष्ट्रिय पन्ध्रौ योजनाको दीर्घकालीन सोंच

नेपाल सरकारले आफ्नो पन्ध्रौ योजना मार्फत  **"समृद्ध नेपाल, सुखी नेपाली"** लाई दीर्घकालीन सोंच तय गरेको छ । समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक वसोवास गर्ने मुलुकको रुपमा उक्त दीर्घकालीन सोंचको व्याख्या गरिएको छ ।

### ३.३.२ प्रादेशिक प्रथम योजनाको दीर्घकालीन सोंच

लुम्बिनी प्रदेश सरकारले प्रथम योजना मार्फत दीर्घकालीन सोंचको आदर्श बाक्य **"समृद्ध प्रदेश, खुशी जनता"** चयन गरेको छ । उच्च आर्थिक वृद्धि सहित समृद्ध अर्थतन्त्र रोजगारीसहित जीवन निर्वाहका लागि पर्याप्त आम्दानी, आधारभूत भौतिक सुविधाको उपलब्धता, सुरक्षा र स्वच्छ वातावरण कायम रहने समृद्ध प्रदेशका खुशी जनता  भनेर प्रदेशको दीर्घकालीन सोंचको व्याख्या गरिएको छ ।

### ३.३.३ सिस्ने गाउँपालिकाको दीर्घकालीन सोंच

स्थानीय तहले योजना बनाउदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्येश्य, समयसीमा र प्रक्रियासङ्ग अनुकूल हुने गरी  बनाउनु पर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ (२) ले स्थानीय तहलाई मार्गनिर्देश गरेको छ । यस सन्दर्भमा सिस्ने गाउपालिकाको दीर्घकालीन सोंच तय गर्दा नेपाल सरकार र प्रदेश सरकारका दीर्घकालीन सोंचका वीचमा अर्थपूर्ण अन्तरसम्वन्ध कायम राख्न पर्ने अनिवार्यता देखिन्छ । यही पृष्टभूमिमा सिस्ने गाउँपालिकाको दीर्घकालीन सोंच तय गरिएको छ । जो यस प्रकार छ :-

**"समृद्ध सिस्नेः हाम्रो गन्तव्य"**

सामाजिक न्यायमा आधारित स्वास्थ्यमा सवल र शिक्षामा अव्वल जनता भएका, मौलिक संस्कृतिको अनुपम पहिचाहन एवं प्राकृतिक स्रोत र सौन्दर्यले सजिएको पालिकाको चिनारी स्थापित गर्दे स्थानीय अर्थतन्त्रलाई चलायमान वनाई राख्न जीवनोपयोगी र उत्पादन सहयोगी  भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई निरन्तर जारी राख्दै, हरेक शहर, टोल र गाउँबस्तीलाई सुरक्षा, सुविधा र सुन्दरताले सजाउदै स्थानीय रोजगारीमा क्रियाशील जीवन यापनका लागि भरपुर आम्दानी गरिरहेका जनता वसोवास भएको समृद्ध सिस्ने गाउँपालिका बनाउने उक्त दीर्घकालीन सोंचको आसय रहेको छ ।

### ३.४ लक्ष्य

समावेशिता, सहभागिता र सामाजिक न्यायमा आधारित समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रमा सरीक गराउदै सुरक्षित, सुविधायुक्त र सुन्दर सिस्ने गाउँपालिकाका वासिन्दाको सामाजिक रुपान्तरण र आर्थिक हैसियत उत्थान गर्नु यस प्रथम आवधिक योजनाको प्रमुख लक्ष्य हुनेछ ।

## ३.५ उद्येश्य

व्यक्तिलाई आरोग्यता, योग्यता र दक्षताले निपुण वनाउदै बस्तीलाई आधारभूत भौतिक पूर्वाधारका सुविधाले सजाउदै व्यक्ति र बस्तीको तयारीलाई आर्थिक विकासमा समाहित गराउदै विशेषतः स्थानीय स्रोत साधनमा आधारित रोजगारी र आयआर्जनले हरेक घर परिवार लाभान्वित हुने गरी विकास यात्रालाई जारी राख्ने यस योजनाको उद्येश्य रहेको छ ।

## ३.६ प्राथमिकता

१- कृषि, पर्यटन र उद्योग प्रबर्द्धन

२- योग्य र दक्ष जनशक्तिको उत्पादन

३- आधारभुत स्वास्थ्य सुविधाको उपलब्धता

४- दिगो भौतिक पूर्वाधार विकास

५- जनताको पक्षमा समर्पित शासकीय प्रवन्ध

६- व्यक्तिको आचरणमा उच्च नैतिकता प्रदर्शन

७- बस्तीको आवरणमा सौन्दर्यको सदाबहार आभा

## ३.७रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- आर्थिक विकासलाई सर्वोपरी प्राथमिकतामा राख्दै स्थानीय उत्पादन, रोजगारी र आयआर्जनका अवसरमा बृद्धि गर्दै उद्यमशिलता व्यापक रुपमा विस्तार गर्दै जाने । | १- कृषि, पर्यटन र ग्रामीण उद्योगलाई उच्च प्राथमिकताका साथ विस्तार गर्ने ।<br>२-कृषि व्यवसायमा हुने प्राकृतिक विपदको जोखिमको मारबाट कृषकलाई जोगाउन वीमा, अनुदान र क्षतिपूर्ति प्रदान जस्ता प्रवन्ध गर्ने । |
| २-विद्यालय जाने उमेर समुहका सवै बालबालिकालाई माध्यमिक तह सम्मको शिक्षाले योग्य, दक्ष र उद्यमशील बनाउने । | १-विद्यालय जाने उमेरका बालबालिकालाई पैतालिसमिनट हिडेर आधारभूत विद्यालयमा पुग्ने र एक घण्टा हिडेर माध्यमिक विद्यालय पुग्ने गरी सामुदायिक विद्यालयहरु संचालन गर्ने ।<br>२-विद्यालयहरुको भवन, फर्निचर, विषयगत |

| | |
|---|---|
| | शिक्षक र कम्प्युटर लगायत शैक्षिक सामग्रीको प्रवन्ध गरी उचित शैक्षिक वातावरण र उत्कृष्ट पठपाठनको व्यवस्था गर्ने । |
| ३-रोग नलाग्ने चेतना व्यक्तिव्यक्तिमा र रोगको उपचार बस्तीबस्तीमा पुराएर स्थानीय जनताको स्वास्थ्य सवल बनाउने । | १-जनस्वास्थ्य सम्बन्धी चेतना व्यक्ति व्यक्तिमा पुराउन जनशक्तिको परिचालन र संचार माध्यम सङ्गको सहकार्यलाई सघन बनाउने ।<br>२- एक वडा एक स्वास्थ्य केन्द्रको व्यवस्थाद्वारा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने र पालिका स्तरमा विशेषज्ञको सेवा सहितको अस्पताल संचालन गर्ने । |
| ४ आर्थिक विकास र समाजिक रुपान्तरणलाई सघाउ पुग्ने गरी भौतिक पूर्वाधारको विकास गर्दै जाने | १- विकास सहयोगी पूर्वाधारहरु सडक, विद्युत, संचार आदी पूर्वाधारले पालिका केन्द्र, वडा केन्द्र र बस्तीलाई जोड्ने ।<br>२- शहरी संरचना र उत्पादन सहयोगी पूर्वाधार सिंचाई, वजार केन्द्र, शीत भण्डार निर्माण गरेर स्थानीय उत्पादन बृद्धिमा सघाउ पुराउने । |
| ५- वन, वातावरण संरक्षण र विपद व्यवस्थापनमा स्थानीय सरकार, समुदाय र सरोकारवाला क्रियाशील रहने । | १-वन संरक्षण र सदुपयोग व्यवस्थित गर्दै वातावरण सन्तुलन वनाई राख्न सरकार र समुदाय क्रियाशील हुने ।<br>२-जलवायु परिवर्तन अनुकूलन र विपद व्यवस्थापन सम्बन्धी सीप विकास गर्ने , सचेतना फैलाउने र विपद आईपर्दा तुरुन्त उद्धार, राहत र पुनर्स्थापनका कार्य गर्न सक्ने क्षमता विकास गर्ने । |
| ६- शीघ्र सेवा तीव्र विकासको संवाहकको रुपमा स्थानीय सरकार क्रियाशील हुने | १- निर्वाचित नेतृत्व पङ्ती र कर्मचारी वर्गले जनतालाई शीघ्र सेवा तीव्र विकासको अनुभूति गराउने गरी भावना, व्यवहार र कार्यशैली प्रदर्शन गर्ने ।<br>२-राजनीतिक तथा प्रशासनिक जनशक्तिको क्षमता विकासलाई समुन्नत बनाउदै अघि बढ्ने । |
| ७- सुरक्षित जीवन, समतामुलक समाज, सन्तुलित वातावरण, सौन्दर्यले सजिएको भूगोल तथा विकास र समृद्धिको गन्तव्यमा लम्किरहेका जनता बसोवास भएको सिस्ने गाउँपालिकाको पहिचान बनाउदै निरन्तर अघि बढ्ने । | १- पालिकाको सुरक्षा प्रवन्ध सुदृढ बनाउने ।<br>२-सिस्ने पालिकाको विशेषताको रुपमा प्राकृतिक र सांस्कृतिक सुन्दरता झल्कने उपायहरु अवलम्बन गर्दै समृद्धिको गन्तव्यमा निरन्तर अघि बढ्ने । |

## ३.८ प्रमुख कार्यक्रम

१ आर्थिक विकास कार्यक्रम

२. सामाजिक विकास कार्यक्रम

३. पूर्वाधार विकास कार्यक्रम

४ वन, वातावरण तथा विपद व्यवस्थान कार्यक्रम

५. संस्थागत विकास तथा सुशासन कार्यक्रम

(नोटः उपयुर्क्त कार्यक्रमको विस्तृत स्वरुप परिच्छेद ४,५,६,७, र ८ मा प्रस्तुत गरिएको छ ।)

## ३.९ परिमाणात्मक लक्ष्य

आवधिक योजनाको अन्तरसम्बन्ध राष्ट्रिय पन्धौ योजना(आर्थिक वर्ष २०७६/७७-२०८०/८१) तथा लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१) संग हुने सन्दर्भमा सिस्ने गाउँपालिकाले हासिल गर्ने उपलब्धि प्रदेशको लक्ष्यमा जोडिदै राष्ट्रिय लक्ष्य प्राप्तिलाई परिपुरण गर्ने भएकाले राष्ट्रिय पन्धौ योजना र लुम्बिनी प्रदेशको प्रथम आवधिक योजनाले निर्धारण गरेका परिमाणात्मक लक्ष्यहरु समेत एउटै तालिकामा देखिने गरी सिस्ने गाउँपालिकाको समष्टिगत परिमाणात्मक लक्ष्य देहायको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३.१**

**परिमाणत्मक लक्ष्य**

| क्र स | सूचक | इकाई | राष्ट्रिय लक्ष्य | | प्रादेशिक लक्ष्य | | सिस्ने गाउँपालिकाको लक्ष्य | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८० /८१ | आधार वर्ष आ.व. ०७५/७६ | आर्थिक बर्ष २०८० /८१ | आधार वर्ष (आ.व. ०७७/७८ सम्मको अवस्था) | योजना को अन्तिम वष ०८२/८३ |
| १ | आर्थिक बृद्धिदर | प्रतिशत | 6.8 | 10.3 | 7.4 | 9.5 | 0.91 | 9.40 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | प्रति व्यक्ति आय | अमेरिकी डलर | 1,047 | 1595 | 803 | 1600 | 732 | 1147 |
| ३ | गरिवीको रेखामुनि रहेको जनसंख्या | प्रतिशत | 18.7 | 9.5 | 18.2 | 10 | 24.32 | 15.00 |
| ४ | आम्दानीको माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको अनुपात | अनुपात | 1.3 | 1.25 | | | 1.80 | 1.40 |
| ५ | सम्पत्तिमा आधारित गिनी गुणक | गुणक | 0.31 | 0.29 | | | 0.28 | 0.20 |
| ६ | अपेक्षित आयु | वर्ष | 69.7 | 72 | 69.3 | 72 | 66 | 70 |
| ७ | मातृ मृत्युदर( प्रतिलाख जिवित जन्ममा) | सङ्ख्या | 239 | 99 | | | 252 | 100 |
| ८ | ५ वर्ष मुनिका बालमृत्युदर( प्रतिहजार जिवित जन्ममा) | सङ्ख्या | 39 | 24 | 45 | 25 | 48 | 25 |
| ९ | किशोरी अवस्थाको प्रजनन् (१९ वर्ष मुनि) | प्रतिशत | 13 | 6 | 58.85 | | 80 | 30 |
| १० | साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | 58 | 95 | 58 | 85 | 55 | 80 |
| ११ | युवा साक्षरता दर ( १५- २४ वर्ष) | प्रतिशत | 92 | 99 | | | 90 | 99 |
| १२ | आधारभूत तह(१-८)मा खुद भर्नादर | प्रतिशत | 93 | 99 | | | 94.8 | 99.00 |
| १३ | माध्यमिक तह (९-१२)मा खुद भर्नादर | प्रतिशत | 46 | 65 | 74.7 | 93 | 43.5 | 65.00 |
| १४ | काम गर्ने उमेर समुहका प्राविधिक र व्यावसायिक क्षेत्रमा तालिम प्राप्त जनसङ्ख्या | प्रतिशत | 31 | 50 | | | 2 | 10 |
| १५ | ३० मिनेटको दुरीमा यातायात पहुच भएको परिवार | प्रतिशत | 82 | 95 | | | 50 | 70 |
| १६ | विद्युतमा पहुच प्राप्त परिवार | प्रतिशत | 88 | 100 | 81.03 | 100 | 58.00 | 100.00 |
| १७ | ईन्टरनेटमा पहुच प्राप्त जनसङ्ख्या | प्रतिशत | 65.9 | 80 | 49.4 | 85 | 22.5 | 50.00 |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १८ | कृषि उत्पादकत्व ( प्रमुखवाली ) | मे.ट./हेक्टर | 3.1 | 4 | | | 1.5 | 2.2 |
| १९ | सिंचाईयोग्य भूमिमध्ये वर्षैभरि सिंचाई सुविधा पुगेको भूमि | प्रतिशत | 33 | 50 | 51 | 70 | 7 | 15 |
| २० | मनव विकास सूचकाङ्क | सूचकाङ्क | 0.579 | 0.624 | | | 0.587 | 0.653 |
| २१ | ३० मिनटको दूरीमा स्वास्थ्य संस्थामा पहुच भएको घर परिवार | प्रतिशत | 49 | 80 | | | 25 | 60 |
| २२ | आधारभूत खानेपानी सुविधा पुगेको जनसङ्ख्या | प्रतिशत | 89 | 99 | 89.83 | 100 | 86.53 | 99.20 |
| २३ | आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने परिवार | प्रतिशत | 85 | 89 | | | ८० | ९० |
| २४ | ५ वर्ष मुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | 63 | 100 | | | ६० | १०० |

**श्रोतः राष्ट्रिय पन्धौ योजना(आर्थिक वर्ष २०७६/७७-२०८०/८१), लुम्बिनी प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष २०७६/७७ २०८०/८१) र सिस्ने गाउँपालिकाको पार्श्वचित्र ।**

# परिच्छेद - ४

# आर्थिक विकास

## ४.१. कृषि विकास

### ४.१.१. विषय प्रवेश

नेपाल कृषि प्रधान देश हो । नेपालीहरुको जिविकाको मुख्य आधार कृषि हो । ग्रामीण क्षेत्रमा कृषि वाहेक जीवन निर्वाहको अर्को भरपर्दो विकल्प अझै स्थापित भएको छैन । अन्न वाली, कोशेवाली, मसलावाली, तरकारी वाली तथा फलफुल उत्पादनमा नेपालीहरु परम्परा देखि संलग्न रहदै आएका छन् । ज्ञान, सीप र प्रविधिले कृषि उत्पादनलाई बृद्धि गर्न संभव छ । उन्नत वीउ, रोगकिरा नियन्त्रणका लागि विषादी, रासायनिक मलखाद, सिंचाईको बाह्रै महिना सुविधा, पूंजी र पौरख मिलाएर खेतिमा लाग्ने हो भने कृषि पेशा व्यावसायिक बन्न सक्छ । तर अहिले सोंचे अनुसार कृषिले फड्को मार्न सकेको छैन ।

कृषि पेशामा हावापानी, मौषम, वीउ, सिंचाई, मलखाद, विषादी आदिको जोखिम सधैं भै रहने भएकाले सरकारको अनुदान सहायताले उक्त जोखिम पक्षलाई न्यूनीकरण गर्दै कृषकहरुलाई ढुक्कसंग पेशामा लागिरहने गराउने नीति अख्तियार गरिन्छ । नेपालमा कृषक भन्नावित्तिकै केहि अपवादलाई छाडेर सरकारी प्रकृया नबुझेका कृषक वर्ग पर्दछन् । सरकारको अनुदान प्रकृयाले पहिला सूचना प्रकाशित गर्ने, उक्त सूचना अनुसार कृषक सरकारी अड्डामा आउने, प्रस्ताव पेश गर्ने र स्वीकृत भएको खण्डमा पटक पटक अड्डामा आएर अनुदानको किस्ता लिने स्थापित प्रकृया छ । वास्तविक कृषक यस्तो प्रकृयामा समय छुट्टाउन सक्दैनन् । उनीहरुलाई आफ्नै खेतवारीमा कुटोकोदालो गर्दागर्दै समय अपुग हुन्छ । उनिहरुले कहिले सरकारी सूचना प्रकाशित हुन्छ त्यो पनि थाहा पाउदैनन् । प्रस्तावना लेख्ने सीप पनि हुदैन । यहि कारणले सरकारको अनुदान रासी प्रशस्त हुदाहुदै पनि कृषक लाभान्वित भएर उत्पादनमा गुणात्मक बृद्धि हुन सकेको छैन ।

सिस्ने गाउँपालिकाको हकमा पनि कृषिक्षेत्रमा प्रशस्त समस्या विद्यमान छन् । प्रमुख समस्याको रुपमा वास्तविक किसानको पहिचान नहुनु, कृषि पेशालाई सम्मानको पेशा नठान्नु, अनुदान कृषकहरु समक्ष नपुग्नु, कृषकहरुले सरकारबाट नियमित रुपमा प्राविधिक सेवाटेवा पाउन नसक्नु, वीउ,मल र विषादी जस्ता कृषि सामग्री समयमा पाउन नसक्नु, उत्पादक कृषकले बजारमा विकृ गर्ने मूल्य र वजारबाट उपभोक्ताले खरीद गर्ने मूल्यका वीचमा ठुलो अन्तर देखिनु र त्यसले कृषकहरु भन्दा विचौलियाहरुको मुनाफा धेरै भएको कृषकले महसुस गरेर व्यवसायिक कृषि प्रति निरुत्साहित हुदै जानु, कृषि भण्डारणको सुविधा नहुनु, बाहैमहिना सिंचाईको सुविधा नहुनु, युवापुस्ता कृषिमा आकर्षित हुन नसक्नु, माटो सुहाउदो वालीनालीको वैज्ञानिक वर्गीकरण नहुनु, प्राकृतिक विपदले कृषिमा हुने क्षतीको उचित क्षतिपूर्ति नहुनु जस्तालाई औल्याउन सकिन्छ ।

### ४.१.२ अवसर र चुनौती

**अवसर-**उपभोक्ताको कृषि बस्तुको माग र आयातित कृषि वस्तुको प्रकार, परिमाण र मूल्यको आकारलाई हेर्दा उत्पादन, रोजगारी र आयआर्जनका लागि कृषिमा प्रचुर संभावना विद्यमान छ । नेपालको माटोमा उत्पादन भएका तरकारी, फलफुल तथा अन्नवालीको स्वाद रसिलो र गुण पोषिलो छ । सिस्ने गाउँपालिकामा उत्पादित बस्तुले स्वाद र गुणको अनुभूती गराउन सक्दछ । परम्परागत तरिकालाई विज्ञान र प्रविधिको सहायताले समुन्नत बनाउन वित्तिकै कृषि सदावहार बन्न सक्छ । छोटो दूरीमा पनि हावापानीको विविधता भएको सिस्ने गाउँपालिकामा अन्नवाली मकै, गहु, जौ, कोदो र कोशेवाली सिमि भटमासको उत्पादन र उत्पादकत्व बृद्धिको प्रचुर संभावना छ । कृषिमा पौरख गर्ने युवाहरुको संख्या पालिकामै पर्याप्त रहेको, सिस्ने गाउँपालिका रुकुम पूर्वको सदरमुकाम समेत रहेकाले वजारको समस्या नरहेको स्थितिमा कृषि उत्पादनको माग र खपत सालिन्दा बढ्दै जाने भएकाले कृषिको अवसर फष्टाउदै जाने देखिन्छ । सिस्ने गाउँपालिका पर्यटकीय संभावना भएको पालिका भएकाले यहा आउने पर्यटकलाई मौलिक परिकार र स्वादमा रमाउने गराउन पनि स्थानीय रैथाने उत्पादनको महत्व छ । यसले पनि कृषिको अवसरलाई फराकिलो बनाउदै लैजाने देखिन्छ ।

**चुनौती-**कृषिमा मौजुदा प्रसार सेवा र अनुदान सहयोगको ढांचाले कृषकको लय पकड्न सकेको छैन । एकातर्फ कृषि बजार विस्तार हुदै जानु, माग पनि बढ्दै जानु सुखद पक्ष छ भने अर्को तर्फ युवापङ्ती

कृषि पेशामा पटक्कै आकर्षित हुन नसक्नुका बीचमा पक्कै पनि समस्या विद्यमान छन् । कृषकको खेतवारीमा सरकारको उपस्थिति हुन पर्ने र अनुदान स्पष्ट सरकारका प्राविधिक जनशक्तिले कृषकलाई प्राविधि ज्ञान सीप दिएर विश्वासका साथ कृषि कर्ममा लागिरहने गराउनु पर्नेमा सो गराउन नसक्नु एउटा प्रमुख चुनौती हो । कृषकले माटो, मौषम र वालीको प्रकृतिका आधारमा कृषि कर्मलाई चलायमान वनाउन पर्ने भएकाले कृषि पेशामा जोखिम वहाल भैरहन्छ । जोखिमबाट जोगिदै पेशालाई निरन्तरता दिन ज्ञान, सीप र सरकारको सहयोगको खांचो पर्दछ । ज्ञान, सीप र सहयोग पाउन सरकारी कार्यालय धाउन पर्ने र सरकारको कोटामा परेकाले मात्र त्यस्तो अवसर पाउने हालसम्मको अवस्थाले कृषि बदलिन सकेको छैन । अर्ग्यानिक उत्पादनको विज्ञापन निकै हुने तर अर्ग्यानिक उत्पादनका लागि प्राविधिक सेवाटेवाको बन्दोवस्त हुन नसक्ने अवस्थाले पनि कृषि चुनौतीग्रस्त छ ।

### ४.१.३. दीर्घकालीन सोंच

**“कृषि - धन कमाउने आधार, पौरख गर्ने जनता- सघाउने सरकार”**

### ४.१.४ लक्ष

कृषि क्षेत्रलाई उत्पादनशील र व्यवसायिक बनाएर आर्थिक विकासको बलियो खम्वाको रुपमा स्थापित गर्नु कृषि विकासको लक्ष्य हुनेछ ।

### ४.१.५ उद्येश्य

स्थानीय रोजगारी र आयआर्जनको भरपर्दो क्षेत्रको रुपमा कृषि रहने छ र प्रति व्यक्ति आय बढाउन कृषि क्षेत्रको योगदान सर्वाधिक रहेको हुनेछ ।

### ४.१.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- किसानको वर्गीकरण गर्ने | १- ठुला, मझौला र साना कृषकको वर्गीकरण गर्ने ।<br>२- वर्गिकृत कृषकहरुलाई परिचय पत्र प्रदान गर्ने । |
| २- कृषिमा अनुदानको व्यवस्था गर्ने | १- कृषकले उत्पादन बृद्धिका निमित्त निर्माण गर्ने संरचनामा पूजीगत अनुदान व्यवस्था गर्ने<br>२- कृषि उत्पादन बृद्धिका लागि कृषि सामग्रीहरु वीउ, विरुवा, मल, विषादी, औजार र उपकरणमा अनुदान प्रदान गर्ने । |
| ३- कृषि प्राविधिक मार्फत कृषि प्रसार सेवा उत्पादन स्थलमा उपलब्ध हुने व्यवस्था गर्ने | १- एक वडा एक प्राविधिकको व्यवस्था गर्ने ।<br>२- हरेक टोल विकास संस्थामा हरित स्वयंसेवकको व्यवस्था गर्ने । |
| ४-उत्पादित बस्तुको विकृ मूल्य निर्धारण र बजारीकरणमा सहयोग गर्ने | १- कृषकले उत्पादन गरेका बस्तुको न्यूनतम मूल्य तय गर्ने ।<br>२- खुला वजारमा न्यूनतम मूल्य भन्दा कम कारोवार भएमा नपुग मूल्य सरकारले अनुदान दिएर कृषकलाई साथ दिने । |
| ५- सिस्ने गाउँपालिकालाई अर्ग्यानिक | १- सिस्ने गाउँपालिकालाई अर्ग्यानिक पालिका घोषणा गर्ने । |

| | |
|---|---|
| पालिका भनेर घोषणा गर्ने | २- अर्गानिक उत्पादनलाई बजारमा पठाउन निश्चित समय सम्मका लागि अनुदान प्रदान गर्ने । |
| ६- उत्पादन सहयोगी सामग्रीको उपलब्धता र सिंचाईको सुविधाको प्रवन्ध गर्ने । | १- सिञ्चाई पोखरी वा पक्की नहर लगायतका स्थायी संरचना निर्माण गर्न सरकारले पूजीगत अनुदान दिने । |
| ७- माटो परिक्षण गरी माटो सुहाउदो वाली लगाउन कृषकलाई अभिप्रेरित गर्ने । | १- माटो परिक्षण अभियान सञ्चालन गर्ने र माटो सुहाउदो वालीको छनोट गर्न जोड दिने । |
| ८. कृषि सहकारी अभियान संचालन गर्ने | १- उत्पादक कृषकहरुलाई सहकारीमा आवद्ध गराउने ।<br>२- उत्पादक कृषकहरुलाई बजार सहकारीमा आवद्ध गराउने । |

### ४.१.७ प्रमुख कार्यक्रम

- खाद्य सुरक्षा आत्म निर्भर कार्यक्रम
- कोशेवाली उत्पादन कार्यक्रम
- ताजा तरकारी उत्पादन कार्यक्रम
- फलफूल उत्पादन कार्यक्रम

### ४.१.८ नतिजा खाका

| क्र. स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | कृषि क्षेत्रको उत्पादन वृद्धिदर | प्रतिशत | ३ | ३.२५ | ३.५० | ३.७५ | ४ | ४.२५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | कृषिक्षेत्रको कुल ग्राहस्ते उत्पादनमा योगदान | प्रतिशत | ३० | २९ | २८ | २७ | २६ | २५ | |
| ३ | खाद्यय सुरक्षा भएका घरधुरीहरु | प्रतिशत | २० | २१ | २२ | २३ | २४ | २५ | |
| ४ | मकै उत्पादन | मे. टन | १०१० | १०६० | ११०० | ११५५ | १२१० | १२७० | |
| ५ | गहूं उत्पादन | मे. टन | १७० | १८० | १९० | २०० | २१० | २२० | |
| ६ | धान उत्पादन | मे. टन | ३८५ | ४०० | ४१० | ४१५ | ४२० | ४२५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | कोदो | मे. टन | ५ | ७ | ८ | ९ | १० | १२ | |
| ८ | फापर | मे. टन | ३ | ३.२ | ३.घ | ३.४ | ३.५ | ३.६ | |
| ९ | जौ. | मे. टन | ५ | ५.५ | ५.६ | ५.७ | ५.८ | ५.९ | |
| १० | सीमी | मे. टन | ३ | ३.२ | ३.३ | ३.५ | ३.६ | ३.८ | |
| ११ | तोरी | मे. टन | १२ | १४ | १६ | १८ | २० | २२ | |
| १२ | आलु | मे. टन | २४० | २५० | २६५ | २७५ | २९० | ३०० | |
| १३ | फलफुल | मे. टन | २२५ | २३५ | २४५ | २५७ | २६० | २६५ | |
| १४ | ताजा तरकारी | मे. टन | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | |

### ४.१..९ अपेक्षित उपलब्धि

कृषि क्षेत्रमा संचालन गरिने कार्यक्रमबाट आधार वर्षको तुलनामा कृषि उत्पादन दुई गुणाले वृद्धि भएको हुनेछ । कृषिबाट हुने आय वृद्धि भै स्थानीय युवा कृषिमा रोजगारी गर्न आकर्षित भएका हुने छन् ।

## ४.२ पशुपन्छी विकास

### ४.२.१ विषय प्रवेश

मनिसलाई दुध तथा मासुको आवश्यकता परिपूर्ति हेतुले पशुपालन गर्ने चलन परापूर्व कालदेखि चल्दै आएको छ । पशुहरुको मलमूत्र माटोको उर्वरा शक्ति बढाउन प्रयोग गर्ने पनि पुरानै चलन हो । मासु तथा अण्डाको मागलाई ध्यानमा राखेर कुखुरा, हास, परेवा वटाई लगायतका पन्छी पालन गर्ने चलन अघि देखि चल्दै आएको छ ।

नश्लसुधारका कारण पशुपालनले राम्रो उत्पादन दिन थालेको छ । घना आवादी, वाख्लो जनसंख्या र बढ्दो शहरीकरणले दुग्ध पदार्थ, मासु तथा अण्डाको माग बढेदै गएको छ । यातायातको सुविधाले जोडिएका स्थानमा यस्ता उत्पादनको माग अझ बढेको छ ।

सिस्ने गाउँपालिका मध्यपहाडी राजमार्गले जोडिएको रुकुम पूर्वको सदरमुकाम रहेको पालिका हो । यहाको पर्यटकीय संभावनालाई दृष्टिगत गर्दा भविष्यमा दुग्ध पदार्थ, मासु र अण्डाको माग दोव्वर हुदै जाने सहजै अनुमान गर्न सकिन्छ ।

सिस्ने गाउँपालिका गाई, भैसी, भेडा, वाख्रा बंगुर सुंगुर लगायतका पशुपालनका लागि हावापानी, चरिचरण लगायतले अनुकूल स्थान हो । भेडाको उनबाट वनेका कम्वल लगायतका सामग्रीको उत्पादनले ग्रामीण अर्थतन्त्रलाई सघाएको छ ।

उपर्युक्त पृष्टभूमिमा पशपन्छी विकास प्राथमिकतामा राख्न पर्ने आर्थिक विकासको एक संभाव्य क्षेत्र हो । त्यसैले यस क्षेत्रको विकास द्वारा आर्थिक विकासलाई टेवा पुराउन आवस्यक देखिन्छ ।

### ४.२.२ अवसर र चुनौती

**अवसर-**स्थानीय स्तरमा दुग्ध पदार्थ, मासु र अण्डाको माग निरन्तर बढ्दै गएको छ । मानिसको क्रयशक्ति र रुचि बढेकाले माग निरन्तर बढ्दै जाने पक्का छ । त्यसैले बजार फस्टाउदै गएको छ र अझ फस्टाउदै जाने छ । उत्पादनले बजार पाउने सुनिस्चितता छ । सरकार पशुपन्छी पालनलाई स्थानीय आर्थिक विकासको आधार बनाउन क्रियाशील छ । यिनै पक्षलाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-**पशुपन्छी मरणशील प्राणी भएकाले यिनको आहार, पोषण र रोगका वारेमा सधैं सजग रहनु पर्दछ । रोग लागेमा तुरुन्त उपचारको बन्दोवस्त गर्नु पर्दछ । अहिले सम्मको स्थितिमा पशुपन्छी पालनमा सवै भन्दा जोखिमको पक्ष भनेको पशुपन्छीको उपचार हो । समयमै रोगको पहिचान र उपचारको वन्दावस्त गर्न कृषक स्वयंको सामर्थ्यले भ्याउदैन । यसका लागि सरकारको सहयोग चाहिन्छ । पशुचिकित्सक पशुपन्छी पालकको गोठ वा फार्ममा पुगेर सेवा दिन सक्ने प्रवन्धले मात्र किसानहरु उत्साहित हुन्छन् । त्यसैले पशुपन्छीको उपचारको काम चुनौतीपूर्ण छ । परम्परा देखि पालिदै आएका पशुहरुको उत्पादनले व्यवसायिक लाभ दिन नसक्ने भएकाले बढि उत्पादन दिने पशुपन्छी पाल्न जरुरी छ । पशुपालक कृषकलाई बढि उत्पादन दिन प्रजातिका पशुपन्छी उपलब्ध गराउने अर्को चुनौतीपूर्ण कार्य हो । पशुपालनका लागि उपयुक्त संरचना निर्माण गर्न कृषक स्वयंको आर्थिक सक्षमता छैन । वैज्ञानिक रुपले तयार गरिएका गोठ वा खोरमा हुर्के बढेका पशुपन्छीले बढि उत्पादन दिन्छन् । तर यस तर्फ प्रशस्त लगानी गर्नु पर्दछ । कृषक स्वंयंले लगानी गर्न सक्ने अवस्था देखिदैन । स्थानीय युवाहरु कृषि तथा पशुपन्छी व्यवसाय प्रति आकर्षित हुन छाडेबाट यो पेशा घट्दोक्रममा छ । यसलाई संभाव्य आर्थिक क्षेत्रको रुपमा स्थापित गर्न आधरभूत संरचनामा प्रशस्त लगानी गर्नु पर्दछ । कृषक स्वयंको लगानी बढाउन सक्ने अवस्था छैन । मुलभूत रुपमा उल्लेखित पक्षहरुलाई नै चुनौतीको रुपमा औल्याउन सकिन्छ ।

### ४.२.३ दीर्घकालीन सोंच

**“पशुपन्छी पालन गर्ने योजना बनाउ- पोषिलो खाना खाउ, प्रशस्त धन कमाउ ”**

### ४.२.४.लक्ष

पशुपन्छी पालनलाई उत्पादनशील र व्यवसायिक बनाएर आर्थिक विकासको बलियो खम्वाको रुपमा स्थापित गर्नु यस उपक्षेत्रको लक्ष्य हुनेछ ।

### ४.२.५ उद्येश्य

स्थानीय रोजगारी र आयआर्जनको भरपर्दो क्षेत्रको रुपमा पशुपन्छी पालनको उद्येश्य हुने छ र प्रति व्यक्ति आय बढाउन यस उपक्षेत्रले योगदान पुराउने छ ।

### ४.२.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- बढि दुध दिने गाई र भैसी पालनमा कृषकलाई संलग्न | १- बढि दुध दिने गाई र भैसी भित्राउन मूल्य तथा ढुवानीमा अनुदान दिने । |

| | |
|---|---|
| गराउने । | २- पशु वीमा द्वारा विपद जोखिम न्यूनीकरण गर्ने ।<br>३- पशुनश्ल सुधार केन्द्र स्थापना गर्ने ।<br>४- दुग्ध चिस्यान केन्द्रको स्थापना गर्ने । |
| २- मासु तथा उनका लागि बाख्रा, भेडा र बंगुर पालनलाई प्रोत्साहन गर्ने । | १- बाख्रा, बंगुर र भेडा पालक कृषकलाई खोर बनाउन अनुदान दिने ।<br>२- पालिका केन्द्रमा निजी क्षेत्रबाट बधशाला संचालन गर्ने । त्यस निमित्त पूजीगत अनुदान दिने । |
| ४- मासु तथा अण्डाका लागि स्थानीय प्रजातीका कुखुरार र हांस पालनमा आकर्षित गर्ने । | १- पोल्ट्री फार्म स्थापनामा निजी क्षेत्रलाई सहयोग गर्ने ।<br>२- पशुपन्छीको स्वास्थ्य उपचारका लागि बस्तीमा पशुपन्छी स्वयंसेवक र वडामा पशु प्राविधिकको व्यवस्था गर्ने । |

### ४.२.७ प्रमुखकार्यक्रम

- व्यवसायिक गाई/ भैसीपालन कार्यक्रम
- व्यवसायिक बाख्रा, बंगुर र भेडा पालन कार्यक्रम
- व्यवसायिक पोल्ट्री फार्म प्रबर्द्धन कार्यक्रम

### ४.२..८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | **मासु उत्पादन** | **मे.टन** | ६४.९ | **७५** | **८५** | १०० | **११५** | **१३०** | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | **दुध उत्पादन** | के.लिटर | **७३.६७** | **८०** | **८५** | ९० | **९५** | **१००** | |
| ३ | **अण्डा उत्पादन** | संख्या | **१५०००** | **३००००** | **४५०००** | **६००००** | **७५०००** | **९००००** | |

### ४.२.९ अपेक्षित उपलब्धि

दुध, सासु र अण्डाको उत्पादन र आपुर्तिमा पालिका आत्म निर्भर भएको हुनेछ । स्थानीय आर्थिक विकासको दायरा फराकिलो भएको हुनेछ । स्थानीय रोजगारी फस्टाएको हुनेछ ।

## ४.३. उद्योग

### ४.३.१ विषय प्रवेश

स्थानीय कच्चा पदार्थ भेडाको उन, अल्लो, सिस्नो, भाङो आदि वनस्पतीको रेसा र आयातित धागो प्रयोग गरेर कम्बल, कपडा बुन्ने सीप परापुर्व काल देखि गाउँघरमा कायम रहदै आएको छ । काठको प्रयोग गरेर फर्निचर तथा घर निर्माणका लागि झयाल ढोका बनाउने काम पनि हुदै आएको छ ।

विज्ञान र प्रविधिको सहयोगमा स्थानीय स्तरमा खाद्यबस्तु, निर्माण सामग्री र लत्ताकपडा आदिको उत्पादन संभव हुदै गएको र यातायातको सुविधाले ती उत्पादन बजारमा पुराउन सहज भएकाले उद्योगको संभावना बढ्दै गएको छ ।

सिस्ने गाउँपालिका रणनीतिक स्थानमा अवस्थित छ । मध्यपहाडी लोकमार्गले यस पालिकालाई अन्य पालिका, प्रदेश र सङ्घीय राजधानी सङ्ग जोडेकाले सिस्ने गाउँपालिकाको उत्पादन राम्रो बनाउन सकेमा बजार हाम्रो भन्न सक्ने हैसियत भएकाले उद्योगलाई आर्थिक विकासको बलियो खम्वाको रुपमा विकास गर्न संभव छ ।

आर्थिक विकासको अगुवाई निजी क्षेत्रले गर्ने र सहजीकरण, संरक्षण, प्रोत्साहनका काम सरकारले गर्ने हो भने उद्योग फस्टाउदै जान्छ । सिस्ने गाउँपालिकामा घरेलु तथा साना उद्योगका लागि प्रशस्त संभावना रहेको पालिका भएकाले उद्योगलाई प्राथमिकतामा राख्न आवस्यक देखिन्छ ।

### ४.३.२ अवसर र चुनौती

अवसर-परम्परागत ज्ञान र सीपको प्रयोग गरी स्थानीय आवस्यकताका बस्तु वा सामग्री उत्पादन गर्ने चलन गाउँघरमा कायम छ । मानिसका आवश्यकतार रुचिका आधारमा बस्तु तथा सेवाको उत्पादन र वजारीकरण निर्धारण हुदै आएकोले सिस्ने गाउँपालिकाको उत्पादन स्थानीय मागलाई संवोधन गर्न र छिमेकी बजारमा पठाउन यस पालिकाको अवस्थिति सुविधायुक्त स्थानमा भएकाले संभव छ ।

हाल सिस्ने गाउँपालिकामा विभिन्न प्रकारका गरी .२११ उद्योगहरु दर्ता भएको देखिएबाट उद्योगमा लगानी गर्न निजीक्षेत्रको रुचि रहेको प्रमाणित हुन्छ ।

शहरीकरण विस्तारहुदै जादा तयारी बस्तु र अनडिमाण्ड सेवाको माग बढ्ने भएकाले पालिका सामु उद्योग विस्तारको फराकिलो संभावना छ ।

चुनौती- स्थानीय स्तरमा उत्पादन हुने बस्तु वा सामग्रीलाई व्यवसायिक उत्पादनको रुपमा बजारीकरण गरेर उत्पादक तथा उपभोक्ता लाभान्वित हुने अवस्था सिर्जना गर्नु, परम्परागत ज्ञान र सीपमा मूल्य अभिबृद्धि गर्दे बस्तु वा सामग्रीको स्तर उन्नति गर्नु, उद्योगलाई चाहिने स्थानीय कच्चा पदार्थको आपूर्ति र दक्ष कामदारको उपलब्धता एवं उत्पादनको स्केलअप गर्ने कार्यलाई प्रमुख चुनौतीको रुपमा औल्याउन सकिन्छ । बजारमा औद्योगिक उत्पादनका वीच प्रशस्त प्रतिष्पर्धा भएकाले प्रतिष्पर्धामा खरो उत्रने काम पनि चुनौतीपूर्ण देखिन्छ ।

### ४.३.३ दीर्घकादीन सोंच

**“समुन्नत अर्थतन्त्रको उद्योग नै हो आधार, निजीक्षेत्रको लगानी र सरकारको पूर्वाधार”**

### ४.३.४.लक्ष्य

सिस्ने गाउँपालिकाको कुल गार्हस्थ उत्पादनमा आधा हिस्सा उद्योग क्षेत्रको हुने गरी उद्योग विस्तारमा सरकारी पूर्वाधार खडा गर्दे लगिने छ ।

### ४.३.५ उद्येश्य

स्थानीय कच्चा पदार्थको प्रयोग, स्थानीय जनशक्तिलाई रोजगारी दिदै उत्पादन बृद्धि र स्थानीय अर्थतन्त्रलाई टेवा पुराउनु उद्योग विकासको उद्येश्य हुनेछ ।

### ४.३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- स्थानीय उत्पादनलाई निकासी गर्ने मात्रामा बृद्धि गर्ने । | १. उद्योग स्थापनाकालागि चाहिने यन्त्रउपकरणमा ७० प्रतिशत अनुदान उपलब्ध गराउने ।<br>२. उपभोग्य सामग्रीको उत्पादनका उद्योग स्थापनालाई प्राथमिकता दिने । |
| २-उद्योगलाई लगानी, मुनाफा, रोजगारी र आयआर्जनको आकर्षक क्षेत्र बनाउने । | ३. उद्योग सञ्चालनका लागि जमिन, विद्युत, सडक सुविधा सरकारले उपलब्ध गराउने ।<br>४ जति धेरै रोजगारी त्यति कम कर लगाउने । |

### ४.३.७ प्रमुख कार्यक्रमहरु

- उद्योग विस्तार कार्यक्रम

### ४.३.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | रोजगारीमा उद्योगको योगदान | प्रतिशत | १० | १२ | १५ | २० | २२ | २५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | कुल ग्राहस्ते उत्पादनमा योगदान | प्रतिशत | २ | २.५ | ३ | ३.५ | ४ | ४.५ | |
| ३ | साना तथा मझौला उद्योग संख्या | संख्या | २११ | ३०० | ३५० | ४०० | ४५० | ५०० | |

### ४.३.९अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाको भविष्य उत्कृष्ट पर्यटकीय गन्तव्यको रुपमा स्थापित हुने प्रचुर संभावना भएकाले पर्यटकले स्थानीय उत्पादनलाई कोशेलीको रुपमा खरीद गर्ने बस्तुहरु उत्पादन भै बिक्रिवितरण भएको हुनेछ । स्थानीय जातीय पहिचान र भेषभूषाको संरक्षणका लागि प्रयोग गरिने बस्तुहरु स्थानीय स्तरमै उत्पादन भएर स्थानीय आवस्यकताको परिपूर्तिमा स्थानीय आत्मनिर्भरता हासिल भएको हुनेछ । ग्रामीण

उद्योगको क्रियाशीलताले स्थानीय अर्थतन्त्र चलायमान भएको हुनेछ र त्यसवाट सिर्जना हुने रोजगारी तथा आयआर्जनको लाभ स्थानीय जनताले उपभोग गर्न पाएकाहुनेछन् ।

## ४.४ पर्यटन

### ४.४.१ विषय प्रवेश

पर्यटन यात्रासङ्ग जोडिएको विषय हो । यात्रुहरु दुई किसिमका हुन्छन् । एकथरी यात्रामा निस्कन्छन् तर खर्च गर्देनन् । यो श्रेणीमा पर्ने यात्रुहरुमा आनन्द र मनोरञ्जनको ईच्छा भन्दा पनि कुनै काम विशेषको आवस्यकताले यात्रा गर्ने परिस्थिति बनेको हुन्छ । यिनीहरुले पटक्कै खर्च गर्देनन् । यिनलाई यात्रु भनेर संवोधन गर्न उचित हुन्छ ।

अर्कोथरी यात्रुहरु आनन्द र मनोरञ्जनका लागि यात्रामा निस्कन्छन् । उपलब्ध सेवा, सुविधा र सामग्रीको उपभोग गर्न दिल खोलेर खर्च गर्छन । आनन्दित हुन्छन् । यसरी यात्रामा जांदा मनख्य खर्च गर्ने मानिसलाई पर्यटक भनिन्छ ।

पर्यटन सीमारहित व्यवसाय हो । संसारका जुन सुकै ठाउका पर्यटक आउछन् भनेर पर्यटन क्षेत्रको विकास गर्नु पर्दछ । सुन्दरता पर्यटक आकर्षित गर्ने उपाय हो । सूचना पर्यटकलाई विश्वास दिलाउने आधार हो । सुविधा पर्यटक भरपुर रुपमा आनन्दित, रोमाञ्चित र हर्षित हुने माध्यम हो । सुरक्षा पर्यटक निस्फिक्री भएर घुम्ने, रमाउने र खर्च गर्ने बनाउन गरिने अनिवार्य प्रवन्ध हो ।

नेपाल प्रकृति र संस्कृतिमा रमाउने देश हो । यहाको अर्गेनिक आश्वादनमा पर्यटक असाध्यै रमाउछन् । सिस्ने गाउँपालिका सँग पर्यटकलाई प्रफुल्लित बनाउने धेरै सम्पदा छन् । प्रकृति र संस्कृतिको पछ्यौरीमा लुकेका ती तमाम पर्यटकीय सम्पदाको संरक्षण र सदुपयोगका निमित्त मानवीय क्षमता र कार्यकुशलता पहिलो शर्त हो । दयालु, मायालु र सहयोगी व्यवहारले पर्यटक लोभिन्छन् ।

पर्यटन सुन्दरतामा आधारित व्यवसाय हो । पर्यटकका नजरले जेजे देख्छन ती सवैमा सुन्दरता प्रदर्शित हुनु पर्दछ । वोली बचनमा सुन्दरता, परिकार प्रस्तुतिमा सुन्दरता, आवास प्रबन्धमा सुन्दरता, बस्तु तथा सामग्रीमा सुन्दरता, दृष्यावलीमा सुन्दरता जस्ता विशेषताले पर्यटकहरु खर्चालु हुन्छन् । पर्यटन व्यवसायको यो मर्मलाई बुझ्ने र पर्यटकमैत्री व्यवहार गर्ने जनशक्ति जहापनि जहिले पनि उपलब्ध हुनु पर्दछ ।

पर्यटकका लागि सूचना, सुविधा र सुरक्षाले आश्वस्थ बनाउन सक्नु पर्दछ । यसका लागि भौतिक पूर्वाधारको विकास, निजी क्षेत्रको तत्परता, स्थानीय समुदायको सहयोग र सरकारको सहजीकरण आवस्यक पर्दछ । परस्परमा समन्वयात्मक भूमिकाले पर्यटन क्षेत्रलाई चलायमान बनाउन सवैको प्राथमिकतामा यो क्षेत्र पर्न सक्नु पर्दछ ।

### ४.४.२ अवसर र चुनौती

**अवसर-** सिस्ने गाउँपालिकामा प्रकृति र संस्कृतिका सुन्दर सम्पदा विद्यमान छन् । कमलदहको अवस्थितिले रुकुमकोट सदावहार पर्यटकीय गन्तव्य हो भन्ने सत्य स्थापित छ । स्थानीय परिकार, नाच र जनयुद्धका ऐतिहासिक स्मारकहरु पर्यटक आकर्षित गर्ने सम्पदा हुन । सहासिक पर्यटनका लागि

पर्वतारोहण, पदयात्रा, जलयात्राको संभावनाले अवसर बढाएका छन् । स्थानीय समुदायमा पर्यटन भित्राएर आर्यआर्जन गर्न सकिन्छ भन्ने विश्वास स्थापित भएको छ । मध्यपहाडी लोकमार्गले अवसरलाई गुणात्मक बृद्धि गरेको छ । स्थानीय राजनीतिकदल, निर्वाचित जनप्रतिनिधि, निजीक्षेत्र, सञ्चारकर्मी सवैको साझा चिन्तन पर्यटनका माध्यमबाट स्थानीय आर्थिक विकासमा फड्को मानु रहेको छ । यी सवै अनुकूल परिवेशले सिस्ने गाउँपालिका सामु पर्यटन क्षेत्रको विकासका लागि प्रशस्त अवसर विद्यमान भएको पुष्टि हुन्छ ।

**चुनौती-**पर्यटन क्षेत्र सामु पर्यटकमैत्री जनशक्तिको उपलब्धता प्रमुख चुनौती हो । पर्यटकीय सम्पदाको सूचना संप्रेषण गरेर जहासुकै रहेबसेका पर्यटकलाई आकर्षित गर्नु अर्को चुनौती हो । सुरक्षा प्रवन्धको चुनौती पनि कायमै छ । प्राकृतिक विपद आउदा उद्धार, राहत र पुनस्थापनको चुनौती झनै कठिन छ । चुनौती खोतल्दै जादा सूची लामो बन्न सक्छ । अवसरलाई चिन्ने र चुनौतीलाई चिर्ने प्रकृयाबाट अघिबढ्दा अवसरको लाभ लिन सकिन्छ ।

### ४.४.३ दीर्घकालीन सोंच

**“पर्यटन समुन्नत अर्थतन्त्रको आधार, पर्यटकमैत्री जनशक्ति र आधारभूत पूर्वाधार”**

### ४.४.४ लक्ष्य

स्थानीय आर्थिक विकासको दिगो आधारको रुपमा पर्यटन क्षेत्रलाई परिभाषित गर्दे आर्थिक रुपले आत्मनिर्भर समाज निर्माणमा योगदान पुराउनु पर्यटन क्षेत्रको लक्ष्य हुनेछ ।

### ४.४.५ उद्येश्य

पर्यटकमैत्री जनशक्ति विकास र पूर्वाधार निर्माणमा सरकारी लगानी बढाउदै पर्यटन व्यवसायमा निजीक्षेत्रको क्रियाशीलता सघन पार्नु पर्यटन क्षेत्रको उद्येश्य हुनेछ ।

### ४.४.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- पर्यटनलाई स्थानीय आर्थिक विकासको बलियो आधारको रुपमा विकास गर्दे जाने | १- अर्गानिक कृषि उत्पादनको आकर्षणलाई पर्यटनमा जोड्ने र परिकारमा पर्यटक रमाउने परिवेश बनाउने ।<br>२- स्थानीय उद्योगबाट उत्पादित बस्तु वा सामग्री पर्यटकले कोशेलीको रुपमा किनेर लैजाने गरी पर्यटकीय रोजाईका सामाग्री उत्पादनमा जोड दिने । |
| २- पर्यटनलाई युवासङ्ग जोड्ने | १- युवाहरुलाई पर्यटकमैत्री व्यहार र ज्ञान सीपको प्रशिक्षण दिने ।<br>२- पर्यटन व्यवसायमा लाग्न युवाहरुलाई प्रात्साहित गर्ने । |
| ३- सौन्दर्यलाई स्थानीय पर्यटकीय संभावनाको विशेषता परिभाषित गर्ने | १- पर्यटकले देख्ने, सुन्ने र खाने चिज बस्तुमा सौन्दर्य अनुभूति हुने गरी चिजबस्तुलनाई सजाउने सीप सिकाउने ।<br>२- संरचना निर्माण गर्दा पनि सौन्दर्य झल्कने गरी निर्माण |

| | |
|---|---|
| | गर्ने । |
| ४- पर्यटकमैत्री जनशक्ति विकास गर्ने | १- पर्यटकमैत्री ड्राईभर, पोर्टर, गाईड, सेफ, होटेल स्टाफ तयार गर्ने ।<br>२- पर्यटकको सुरक्षा विश्वसनीयता बढ्ने गरी स्थानीय समुदायलाई सचेत बनाउने |
| ५- पर्यटन पूर्वाधार निर्माण गर्दै जाने | १- प्राकृतिक पर्यटकीय सम्पदा सदुपयोग गर्न पूर्वाधार निर्माण गर्दै जाने<br>२- सार्वजनिक निजीक्षेत्रको साझदारीमा पर्यटन तालीम केन्द्र स्थापना र संचालन गर्ने |

### ४.४.७ प्रमुख कार्यक्रम

- पर्यटन पूर्वाधार विकास कार्यक्रम,
- पर्यटकीय जनशक्ति विकास कार्यक्रम
- पर्यटकीय सूचना संप्रेषण कार्यक्रम

### ४.४.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | पर्यटक स्तरीय होटल | संख्या | १६ | २६ | ३८ | ५० | ६० | ७० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | पर्यटक गाइड | संख्या | ० | १० | २५ | ४० | ५५ | ७० | |
| ३ | होमस्टे | संख्या | १० | १५ | २० | २५ | ३० | ४० | |
| ४ | पर्यटन आगमन | संख्या | ५०० | २००० | ४००० | ६००० | ८००० | १०००० | |
| ५ | पर्यटन क्षेत्रमा रोजगारी | संख्या | १०० | २०० | ४०० | ६०० | ८०० | १००० | |

### ४.४.९ अपेक्षित उपलब्धि

पर्यटक आगमन संख्या वर्षेनी दोव्वरले बृद्धि भएको हुनेछ । कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान दोव्वरले बृद्धि भएको हुनेछ । पर्यटक पूर्वाधार निर्माण संभाव्यस्थल सम्म विस्तार हुदै गएको हुनेछ । पर्यटक जनशक्ति स्थानीय स्तरमा उपलब्ध भएका हुनेछन् । पर्यटनले स्थानीय आथिक विकासका अन्य अङ्ग (कम्पोनेण्ट) लाई आवद्धित गर्दै लगेको हुनेछ ।

## ४.५. वन तथा जडिवुटी

### ४.५.१ विषय प्रवेश

वन पैदावारले अर्थतन्त्रलाई सघाउछ । यसैकारण एकताक **"हरियोवन नेपालको धन"**भन्ने उक्ति निकै प्रचलित थियो । अहिले वनक्षेत्रबाट काठ निकाल्ने काम खुम्चिदै गएका कारण धन आर्जन भन्दा वातावरण सन्तुलनमा वनको योगदानको चर्चा हुने गरेको छ ।

गैरकाष्ठ वनपैदावारले भने अर्थतन्त्रलाई सघाईरहेको छ । वनक्षेत्रमा पाईने जडिवुटीको महत्व, माग र मूल्य बृद्धि भै रहेका कारण आर्थिक विकासको संभाव्य क्षेत्रको रुपमा वन तथा जडिवुटीलाई गणणा गर्न सकिन्छ ।

सिस्ने गाउँपालिकामा वनले ढाकेको क्षेत्र कूल भूभागको ५० प्रतिशत भन्दा अधिक छ । यस पालिकामा जडिवुटीको उपलब्धता पनि प्रशस्त छ । यार्सागुम्वा लगायतका बहुमूल्य जडिबुटी सङ्कलन गर्ने र विक्री गर्ने काम यहाका वासिन्दाले गर्दै आएका छन् । सरकारको प्रचलित नीति, कानून र प्रकृया वमोजिम वनक्षेत्रको उत्पादन (काष्ठ, गैरकाष्ठ तथा औषधीजन्य जडिवुटी ) लाई आर्थिक विकासको अङ्गको रुपमा विकास गर्दै लैजान सकिन्छ ।

हिमाली तथा उच्च पहाडी जिल्लाका पालिकाहरुमा केही वर्षमै ढल्ने, सड्ने र गल्ने गैरकाष्ठ वन पैदावार र प्रत्येक वर्ष मौषमी रुपमा उम्रिने औषधियुक्त जडिवुटिको सदुपयोगबाट स्थानीय समुदायले रोजगारी तथा आयआर्जनको प्रशस्त अवसर पाउन सक्ने देखिन्छ । तर वनपैदावार तथा जडिवुटीको संकलन, घाटगद्धी, प्रशोधन र स्थानीय स्तरमा खपत वा निकासी गर्न विद्यमान कानूनी प्रकृया जटिल भएकाले यसक्षेत्रले अर्थतन्त्रमा आशातित योगदान गर्न सकेको छैन ।

### ४.५.२ अवसरर चुनौती

**अवसर-**सिस्ने गाउँपालिकाको वनपैदावार र जडिवुटी उत्पादन उच्च परिमाणमा हुन सक्ने देखिन्छ । वन पैदावार र जडिवुटीको सङ्कलन, प्रशोधन, उत्पादन र विकृ वितरणले स्थानीय जनतालाई रोजगारी र आयआर्जनको अवसर दिने र सरकारले राजस्व आर्जन गर्न पनि सक्ने संभावना छ । माग र मूल्य उच्च भएका जडिवुटी तथा फर्निचर लगायतका स्थानीय उद्योगमा प्रयोग हुने गैर काष्ठ वन पैदावारलाई अवसरका दृष्टिले स्थानीय आर्थिक विकासमा जोड्न सकिन्छ ।

**चुनौती-**वन तथा जडिवुटीको कारोवारलाई सरल वनाउने काममा परम्परागत रुपले अनुदार राज्यसंयन्त्रलाई विश्वस्त गराउने काम चुनौतीपूर्ण छ । प्राकृतिक श्रोतमा समुदायको पहुचलाई नियमन गर्ने काम पनि चुनौतीपूर्णछ ।

### ४.५.३ दीर्घकालीन सोंच

**"वन तथा जडिवुटी अर्थतन्त्रमा जोडौ, धनी बन्दै अघि बढ्दै गरिवीलाई तोडौ "**

### ४.५.४ लक्ष्य

वन पैदावार तथा जडिवुटीको संरक्षण र सदुपयोगलाई स्थानीय आर्थिक विकासमा आबद्ध गर्दै वन पैदावार तथा जडिवुटी कारोवारले स्थानीय समुदायको आम्दानी बढाउनु यस क्षेत्रको लक्ष्य हुनेछ ।

### ४.५.५ उद्येश्य

वन तथा जडिवुटीमा सन्निहित आर्थिक अवसरलाई स्थानीय समुदायको रोजगारी र आयआर्जनमा उपयोग गर्दे समुदायमा रहेको गरिवी घटाउनु यस क्षेत्रको उद्येश्य हुनेछ ।

### ४.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. गैरकाष्ठ वन पैदावारलाई स्थानीय उद्योगमा खपत गर्न सजिलो प्रकृया अवलम्बन गर्ने | १. स्थानीय सरकारको समन्वयमा वनक्षेत्रबाट गैरकाष्ठ वन पैदावार निकाल्न तालिका बनाई कार्यान्वयन गर्ने ।<br>२. उद्योगको मागका आधारमा गैरकाष्ठ वन पैदावार आपुर्ति गर्ने । |
| २. जडिवुटी सङ्कलन, प्रशोधन तथा विक्री वितरण गर्ने कार्यको प्रभावकारी नियमन गर्ने | ३. जडिवुटी सङ्कलन ईजाजत सरलीकरण गर्ने<br>४ आयुर्वेदिक औषधि बनाउन प्रयोग हुने जडिवुटी वर्गीकरण गने र औषधि उत्पादन गर्ने निजीक्षेत्रलाई यन्त्रउपकरणमा एक पटक लागतको ५० प्रतिशत अनुदान दिने । |

### ४.५.७ प्रमुख कार्यक्रम

वन तथा जडिवुटी संरक्षण तथा सदुपयोग कार्यक्रम

### ४.५.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | जडीबुटी उत्पादनमा रोजगारी | संख्या | १२०० | १२०० | १२०० | १२०० | १२०० | १२०० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | जडीबुटीको उत्पादन | मुल्य रु. हजारमा | ३०००० | ३३००० | ३६००० | ४९६०० | ५३५६० | ५८९१६ | |
| ३ | व्यवसायीक रुपमा जडीबुटी खेती | हे. | ० | १ | २ | ३ | ४ | ५ | |
| ४ | जडीबुटी नर्सरी | संख्या | १५ | २० | २५ | ३० | ३५ | ४० | |
| ५ | सामुदायिक वन | संख्या | ६१ | ६५ | ६७ | ७० | ७२ | ७५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | **वकुलियती वन** | **संख्या** | ६ | ६ | ६ | ६ | ६ | ६ | |

### ४.५.९ अपेक्षित उपलब्धि

स्थानीय समुदायको  प्राकृतिक श्रोत उपरको पहुच न्यायोचित हुनेछ । सरकार र समुदाय वीच उक्त श्रोतको सदुपयोगबाट दुवै पक्ष लाभान्वित हुने समझदारी र अभ्यास सुमधुर भएको हुनेछ । सरकारलाई राजस्स्व आर्जन र समुदायलाई रोजगारी तथा आय आर्जनको अवसर उपलब्ध भएको हुनेछ ।

## ४.६ सहकारी विकास

### ४.६.१ विषय प्रवेश

सरकारी, निजी र सहकारी क्षेत्रको संयुक्त प्रयासबाट राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने राज्यको नीति रहेको छ । छरिएर रहेको श्रम, सीप, प्रविधि र पूंजीलाई एकिकृत गर्ने र सोको परिचालनबाट उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जन बृद्धि गरी अर्थतन्त्रलाई चलायमान वनाउन सहकारीले महत्वपूर्ण योगदान पुराउन सक्छ ।

प्रारम्भिक सहकारी संस्थाका माध्यमबाट श्रम, सीप, प्रविधि र पूंजीलाई एकिकृत गर्ने अभ्यास सिस्ने गाउँपालिकामा पनि भएको छ । २०७७ असार सम्म यस पालिकामा दर्ता भएका सहकारी संस्थाको संख्या ११ रहेको छ ।

ग्रामीण क्षेत्रमा सहकारीका माध्यमबाट कृषि, उद्योग, पर्यटन जस्ता उत्पादन, रोजगारी र आयआर्जन गर्न सघाउने क्षेत्रका लागि श्रम, सीप, प्रविधि र पूंजी जुटाउन सहज भै अर्थतन्त्रलाई चलायमान बनाई राख्न सकिन्छ ।

नेपालमा सहकारी अभियानले समुदायमा वित्तीय पहुच, सशक्तीकरण, नेतृत्व विकास, क्षमता विकास, सामाजिक एकीकरण,उद्यमशीलता प्रवर्द्धन र गरिवी न्यूनीकरणमा उल्लेख्य योगदान पुराई रहेको तथ्याङ्कले प्रमाणित गर्दछ ।

सिस्ने गाउँपालिकाले पनि सरकारी, निजी र सहकारी क्षेत्रको सहभागितामा स्थानीय आर्थिक विकासलाई गतिशील बनाउने सोंचका साथ अघि बढिरहेको छ ।

### ४.६.२ अवसर र चुनौती

**अवसर**-नेपालको संविधानले सहकारीलाई आर्थिक विकासको एक वलियो खम्वाको रुपमा पहिचान गरेको छ । सहकारी विषय तिनै तहका सरकारको अधिकार सूचीमा समावेश भएर आवश्यकता र महत्व स्थापित भएको छ । स्थानीय तहमा प्रारम्भिक सहकारी संस्थाहरुको क्रियाशीलता र उपलब्धिले सहकारी अभियानको यात्रा मजवुत हुदै गएको छ । बचत तथा ऋण सहकारी संस्थाहरुले जुटाएको पूंजीले वित्तीय पहुच सहज बनाएको र उद्यमशीलता प्रबर्द्धनमा सघाएको अवस्था छ । यी उल्लेखित लगायतका विभिन्न आधारमा सहकारीका सामु अवसर विद्यमान छ ।

**चुनौती-** सहकारी क्षेत्रको प्रभावकारी नियमन गर्नु, सहकारी संस्था स्वयंको स्वनियमन सुदृढ बनाउनु, सुशासन कायम गर्नु, विपन्न समुदायलाई सहकारी अभियानमा सरीक गराउनु, क्षमता विकास गर्नु नेतृत्व विकास गर्नु, बचत तथा ऋण परिचालनलाई उत्पादनमा जोड्नु, उत्पादन देखि उपभोक्तासम्मको मूल्य श्रृङ्खलामा सहकारीको पकड स्थापित गर्नु जस्ता कार्यहरुलाई चुनौतीको रुपमा औंल्याउन सकिन्छ ।

### ४.६.३ दीर्घकालीन सोंच

**"श्रम, सीप, प्रविधि र पूजीको -भकारी हो सहकारी,**

**जति धेरै परिचालन उति धेरी आम्दानी र रोजगारी"**

### ४.६.४ लक्ष्य

सहकारीका माध्यमबाट वित्तीय पहुच विस्तार गर्दै स्थानीय आर्थिक विकासमा योगदान गर्ने ।

### ४.६.५ उद्येश्य

छरिएको श्रम, सीप, प्रविधि र पूजीलाई एकिकृत गर्दे सोको कुशल परिचालनबाट उत्पादन, उत्पादकत्व, रोजगारी र आयआर्जनका अवसर बृद्धि गर्ने र स्थानीय समुदायको आर्थिक अवस्था सुधार गर्ने ।

### ४.६.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सहकारीको संख्यात्मक र गुणात्मक विकास गर्ने | १. सहकारी अभियान संचालन गर्ने र संस्था दर्ता व्यापक बनाउने<br>२. नियमन, स्वनियमन र सुशासनका माध्यमबाट सहकारीको गुणात्मक विकास गर्ने |
| २. उत्पादन र बजारीकरणमा सहकारीको सलग्नता बढाउने | १. सहकारीले जुटाएको श्रम, सीप, प्रविधि र पूजीलाई उत्पादन र उत्पादकत्वमा परिचालन गर्ने<br>२.उत्पादित बस्तुलाई बजारीकरण गर्ने कार्यमा प्रोत्साहन गर्ने |
| ३. सहकारी क्षेत्रको क्षमता विकास गर्ने | १. सहकारी संस्थाको पूर्वाधार क्षमता विकासमा सहयोग गर्ने<br>२. सहकारीका पदाधिकारी तथा सदस्यहरुको विषयगत क्षमता विकास गर्ने |

### ४.६.७ प्रमुख कार्यक्रम

- सहकारी क्षेत्र प्रबर्द्धन कार्यक्रम
- सहकारी क्षेत्र पूजीगत अनुदान कार्यक्रम
- सहकारी क्षेत्र विषयगत क्षमता विकास कार्यक्रम

### ४.६.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | सहकारी संस्था | संख्या | ११ | १६ | २२ | ३० | ३५ | ४० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | सहकारी बजार | संख्या | २ | ३ | ४ | ५ | ६ | ७ | |
| ३ | कृषि सहकारी संख्या | संख्या | ६ | ८ | १० | १२ | १४ | १६ | |

### ४.६.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकामा सहकारी संस्थाको संख्या कम्तिमा दोव्वरले बृद्धि भएको हुनेछ । सहकारीको नियमन प्रभावकारी भएको हुनेछ । सरकारले प्रदान गरेको पूजीगत अनुदानको प्रयोगले सहकारी संस्थाका लागि  आवश्यक भवन, उपकरण, औजारहरु पर्याप्त रुपले उपलब्ध भएका हुनेछन् । सहकारी क्षेत्रको क्षमता (विषयगत दक्षता) बृद्धि भै उत्पादन र बजारमा सहकारीको हस्तक्षेपकारी उपस्थिति भएको हुनेछ । सहकारीले रोजगारी र आयआर्जनका अवसर प्रदान गरी स्थानीय आर्थिक विकासको बलियो खम्बाको रुपमा सहकारीक्षेत्र स्थापित भएको हुनेछ ।

# परिच्छेद - ५

# सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### ५.१.१ विषय प्रवेश

नेपालको संविधानले प्रत्येक नागरिकलाई शिक्षा सम्बन्धी हक प्रत्याभूत गरेको छ । उक्त मौलिक हक अनुसार  प्रत्येक नागरिकले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने व्यवस्था गरेको छ ।

दिगो विकासको लक्ष्य नम्बर ४ ले समावेशी र समान गुणस्तरीय शिक्षाका साथै सवैलाई जीवनभर अध्ययनको अवसर प्रदान गर्ने उद्धेश्य राखेको छ । दिगो विकास लक्ष्य प्राप्तिका लागि विभेदरहित बालविकास देखि गुणस्तरीय प्राविधिक, व्यवसायिक र उच्च शिक्षा उपलब्ध हुन आवश्यक छ ।

शिक्षाका माध्यमबाट विकासका सवै आयामका लागि आवश्यक पर्ने जनशक्ति विकास गर्दै जान जरुरी छ । रोजगारीका अवसर प्राप्तिका लागि विश्व वजार खुला रहेको पृष्ठभूमिमा स्थानीय स्तरमा प्रदान गरिने शिक्षा विश्वस्तरमा प्रतिष्पर्धा गर्न सक्ने गरी वलियो जगको रुपमा काम गर्न सक्ने तुल्याउन आवश्यक छ ।

नेपालको संविधानले आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई दिएको छ । आधाभूत तथा माध्यमिक तहका सामुदायिक र संस्थागत विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा फरक पर्दै जान थालेको विभिन्न तथ्यबाट प्रमाणित भै रहेको सन्दर्भमा सिस्ने गाउँपालिकामा शिक्षालाई रणनीतिक रुपमै रुपान्तरण गर्न आवश्यक छ ।

सिस्ने गाउँपालिका आर्थिक अवसरहरुले उदाउदो पालिका हो । दक्ष जनशक्तिले मात्र सामुन्नेमा आईरहेका अवसरलाई कब्जा गर्न र लाभ लिन सक्दछ । अर्को अनुच्छेदमा उल्लेखित अवसर र चुनौतीको पृष्टभूमिमा समृद्धिको गन्तव्यलाई गति दिने गरी शिस्ने गाउँपालिमा  शिक्षाको विकास गर्न जरुरी छ ।

### ४.१.२ अवसर र चुनौती

**अवसर-** आफ्ना सन्ततिलाई उचित शिक्षादिक्षा दिनु पर्दछ भन्ने चेतना वा ज्ञान हरेक आमावावुमा छ । विद्यालय जाने उमेरमा पढ्न जाने रहर प्रत्येक बालबालिकामा छ । वैदेशिक रोजगारमा गएका युवाहरुले विदेश गएर परिवारलाई पठाउने पहिलो सन्देश भनेकै छोराछोरीको राम्रो पठनपाठन गराउनु भन्ने रहेको छ ।

मुलुकभर आधारभूत तथा माध्यमिक विद्यालयहरु विद्यालय जाने बालबालिकाका लागि पायक पर्ने दुरीमा अवस्थित छन् र माग धान्न सक्ने अवस्थाका छन् ।

शिक्षक दरवन्दीका हिसावले पनि विद्यालय सक्षम छन् । विद्यार्थी संख्याका आधारमा दरवन्दी घटवढ हुने लचिलो नीतिले दरवन्दी समस्याको विषय छैन । भौतिक पूर्वाधारको अवस्था आधारभूत स्तरको छ । समुन्नत बनाउदै जान सकिन्छ ।

पढेका र सिकेका दक्ष जनशक्तिको माग दिनानुदिन बढ्दो छ । गाउँघरमा समेत माग बढ्न थालेको छ । प्राविधिक विषयको ज्ञान भएकाको माग बढ्दै जाने देखिन्छ ।

**चुनौती-** सामुदायिक विद्यालयहरुमा पढाई राम्रो हुदैन भन्ने समाजको आमधारणा बनेको छ । यो धारणालाई चिर्न नसक्दा विद्यार्थी भर्नादर वर्षेनी घट्दै गएको छ । विद्यार्थी भर्ना हुने तर विचैमा पढाई छाढ्ने दर घट्न सकेको छैन । तल्लो कक्षाको अनुपातमा मथिल्लो कक्षामा कमदरमा भर्ना हुने र वढी दरमा पढाई छाड्ने समस्या छ । माध्यमिक स्तरमा पुग्दा विद्यालयमा जान छाड्ने किशोरकिशोरीको संख्या उल्लेख्य रहने गरेको छ ।

विद्यालयको भौतिक पूर्वाधारमा सरकारी लगानी न्यून छ । शिक्षकहरुको जिम्मेवारी बहन र जवाफदेहिताको अनुगमन गर्ने संयन्त्र कमजोर छ । विद्यार्थीको वौद्धिक ज्ञान र प्रतिभाले उनीहरुका शिक्षक वा गुरुको प्रतिष्ठा र ईज्जत बढ्ने कुरा शिक्षकको मनोवृत्तिबाट हराउदै गएको छ । शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक वीच परस्पर सम्मान, सहयोग र सहकार्यको संस्कार कमजोर हुदै गएको छ ।

### ५.१.३ दीर्घकालीन सोच

**"राम्रा विद्यालय र असल शिक्षकको चिनारी सिस्ने गाउपालिका- सक्षम, नैतिकवान र उत्कृष्ट विद्यार्थी सिस्नेका बालबालिका"**

### ५.१.४ लक्ष्य

समृद्धिका वहुआयाममा योगदान गर्न सक्ने योग्य, राष्ट्रप्रेमी, नैतिकवान, सकारात्मक र सिर्जनशील जनशक्ति विकास गर्ने ।

### ५.१.५ उद्देश्य

भविष्यका अभियन्ता बालबालिकालाई शिक्षामा समान पहुचको अवसर सुनिश्चित गर्दै उचित वातावरणमा गुणस्तरीय शिक्षा उपलब्ध गराउदै दक्ष जनशक्ति तयार पार्ने ।

### ५.१.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विद्यालय भर्नादर शतप्रतिशत कायम राख्ने । | १. आर्थिक दयनीयताका कारण छोराछोरी विद्यालय पठाउन नसकेका परिवारको पहिचान गरी आर्थिक सहयोग गरी विद्यालय जाने उमेरका बालबालिकालाई भर्ना गर्ने।<br>२. विद्यार्थी भर्नादर शतप्रतिशत कायम गर्न र पढाईमा टिकाई राख्दै  विचैमा विद्यालय छाड्ने वानीलाई शुन्यमा झार्न भर्ना अभियान सञ्चालन गर्ने  र प्रोत्साहन प्याकेजको घोषणा गर्ने । |
| २. विद्यालय छाड्ने दरलाई घटाउदै विद्यार्थीलाई माध्यमिक तहसम्मको शिक्षा अनिवार्य रुपमा सम्पन्न गर्ने व्यवस्था गर्ने । | १. कक्षा वृद्धि हुदै जादा विद्यार्थीको पढ्ने रुचिबाट विषयान्तर हुने खतरालाई दृष्टिगत गरी उमेर सुहाउदा खेलकुद लगायतका अतिरिक्त क्रियाकलापमा सहभागी हुन विद्यालयमा भौतिक पूर्वाधार र विषयगत शिक्षकको व्यवस्था गर्ने ।<br>२. सवै तहका विद्यालयहरुको भवन, फर्निचर, खेलकुद सामग्री, विज्ञान प्रयोगशाला, कम्प्युटर तथा ईन्टरनेटको सुविधा, खेलकुद मैदान, खानेपानीको प्रवन्ध, शौचालय सुविधा र छात्राहरुको लागि मेन्सुरेसन किटको व्यवस्था गर्ने । |
| ३. सैद्धान्तिक र व्यवहारिक सिकाईका लागि | १. शिक्षकहरुलाई प्रेरणा, प्रशिक्षण र प्रोत्साहनका |

| | |
|---|---|
| विद्यालयमा सुहाउदो भौतिक पूर्वाधार र आधुनिक प्रविधिको व्यवस्था गर्ने एवं किशोर किशोरीका लागि बृहत्तर योनिकताको विषय समेत सिकाउने । | माध्यमबाट पेशा प्रति ईमान्दार र जवादेशी बनाउदै असल शिक्षकको पहिचान बनाउन कार्यसम्पादन सूचक निर्धारण गरी सो हासिल गर्न जिम्मेवार बनाउने ।<br>२. उत्कृष्ट विद्यार्थीको हैसियत प्राप्त गर्न चरित्र र क्षमता पक्षको महत्व सिकाउदै विद्यार्थीलाई पठनपाठनमा लाग्ने वानी पार्न शिक्षकहरुले ध्यान दिने र अभिभावकले अनुगमन गर्ने ।<br>३ उमेरअनुसारको शारिरीक परिवर्तनलाई ख्याल गरी किशोर किशोरीलाई बृहत्तर योनिकता शिक्षा प्रदान गर्ने । |
| ४.असल शिक्षक, उत्कृष्ट विद्याथीको पहिचानबाट विद्यालयको ख्याती फैलाउन उत्प्ररित गर्ने । | १. विद्यालय व्यवस्थापन समितिले असल शिक्षक उत्कृष्ट विद्यार्थीको पहिचान भएको विद्यालयको चिनारी फैलाउने कामलाई प्राथमिकता दिदै विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्ने ।<br>२. विद्यार्थीमा राष्ट्रप्रेम, नैतिकता, सकारात्मक सोच र सिर्जनशीलताको विकास हुने गरी अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापन समितिहरुले मासिक संवाद कार्यक्रम संचालन गर्ने । |
| ५. विद्यार्थीमा राष्ट्रप्रेम, नैतिकता, सकारात्मक सोंच र सिर्जनशीलता जस्ता चरित्रप्रधान गुणहरु विकास गर्ने । | १ विद्यार्थीलाई चरित्रप्रधान गुणहरुका बारेमा जानकार र सजग बनाईराख्न शिक्षकहरुले पढाउदा ध्यान दिने ।<br>२.शिक्षकहरु स्वयलें चरित्र प्रदर्शनबाट विद्यार्थीलाई असलगुणहरुको अनुशरण गर्ने गराउन सदैव सचेत रहने । यस शिलसिलामा विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापकको, प्रधानअध्यापकले शिक्षकको र पालिकाले प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष्यको मूल्यांकन गर्ने प्रणाली विकास गर्ने । |

### ५.१.७ प्रमुख कार्यक्रम

- शिक्षक दक्षता अभिवृद्धि कार्यक्रम
- विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम

- कम्प्युटर तथा ईन्टरनेट जडान कार्यक्रम
- विज्ञान प्रयोगशाला कार्यक्रम
- विद्यालय खेलकुद  विकास कार्यक्रम
- असक्त परिवार सहियोग तथा बालबालिकाको पठनपाठनमा अविच्छिन्नता कार्यक्रम

### ५.१.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | आधारभुत शिक्षाको खुद भर्ना दर | प्रतिशत | ९७.१४ | ९८ | ९८.५० | ९८.७५ | ९९ | ९९.२५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | आधारभुत शिक्षा (१देखी ८ कक्षा) पुरा गर्ने दर | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८२ | ८५ | |
| ३ | माध्यमीक खुद भर्ना दर | प्रतिशत | ६०.७० | ६५ | ७० | ७५ | ८० | ८५ | |
| ४ | साक्षरता दर | प्रतिशत | ६२ | ६३ | ६५ | ६७ | ७० | ७५ | |
| क | पुरुष | प्रतिशत | ७० | ७२ | ७५ | ७७ | ८० | ८५ | |
| ख | महिला | प्रतिशत | ५३ | ६० | ६३ | ६७ | ७० | ७२ | |
| ५ | इन्टरनेट सुविधा भएका विद्यालयहरु | संख्या | ८ | १६ | २० | २५ | ३५ | ४० | |
| ६ | प्राविधिक पढाई हुने माध्यमिक विद्यालयहरु | संख्या | ३ | ३ | ४ | ५ | ६ | ८ | |

### ५.१.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकामा विद्यार्थी भर्नादर शतप्रतिशत हुनेछ । विचैमा पढाई छाड्ने दर नव्वे प्रतिशतले न्यून हुनेछ । दश कक्षा र वाह्रकक्षाको नतिजाले विद्यालयको गुणस्तर वृद्धि हुदै गएको प्रमाणित हुनेछ । अभिभावकहरु सामुदायिक विद्यालय प्रति आफ्ना छोराछोरी पढाउन पुन आकर्षित हुन थाल्नेछन् । असल शिक्षक उत्कृष्ट विद्यार्थीको पहिचानले विद्यालयको चिनारी फैलदै जानेछ ।

## ५.२ स्वास्थ्य तथा पोषण

### ५.२.१ विषय प्रवेश

नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निशुल्क प्राप्त गर्ने हक प्रदान गरेको छ । कसैलाई पनि आकस्मिक सेवाबाट वञ्चित गरिने छैन भनी प्रत्याभूति गरेको छ । प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुचको हक प्राप्त छ ।

नागरिकलाई आधारभूत तहको स्वास्थ्य सेवा प्रदान गर्ने जिम्मेवारी स्थानीय तहमा रहेको छ । दिगो विकास लक्ष्यलाई प्राप्त गर्न स्वास्थ्य सेवालाई सुदृढ बनाउदै सवैको पहुच र सेवा प्राप्ति सुलभ र शीघ्र वनाउन जरुरी देखिन्छ ।

नेपालको शहरी क्षेत्रमा स्वास्थ्य सुविधा सन्तोष जनक देखिएता पनि ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवाको उपलब्धता भौतिक पूर्वाधार, जनशक्ति र औषधि आपुर्तिको कठिनाईले गर्दा सहज र सुलभ हुन सकिरहेको छैन ।

स्वस्थ र हृष्टपुष्ट शरीरका निमित्त पोषणयुक्त खानपान चाहिन्छ । दुध, मासु, अण्डा, माछा आदि पशुपन्छीबाट प्राप्त हुने पोषिला खाद्यवस्तु नियमित रुपमा खानाले शरीर स्वस्थ हुन्छ । यस बारेको ज्ञान र खाद्य परिकारमा वैज्ञानिक तरिकाले पोषिला वस्तुको मात्रा मिलाउने सीप सवैमा नहुदा घरमा भएका पोषिला आहारका श्रोतको पनि सदुपयोग हुन नसकेको देखिन्छ ।

सिस्ने गाउँपालिकाको स्वास्थ्य शाखाले तयार पारेको विवरण अनुसार उक्त पालिकाको जनताको औषत आयु, शिशु मृत्युदर र वालमृत्युदरले मानिसको स्वास्थ्य अवस्था जाहेर गर्दछ । सिस्ने गाउँपालिकाको औषत आयु पुरुषको ६८ वर्ष र महिलाको ६५ वर्ष रहेको छ । शिशु मृत्युदर प्रतिहजारमा १५जना र बालमृत्युदर प्रतिहजारमा २० जना भएको देखिन्छ । स्वास्थ्य संस्थामा सुत्केरी गराउने महिलाको संख्या ७८प्रतिशत रहेको देखिन्छ ।

संविधानतः सिस्नेपालिकाको जिम्मेवारी आधारभूत तहको स्वास्थ्य सेवा निशुल्क रुपमा जनतालाई उपलब्ध गराउने भएकाले त्यस निमित्त पायक पर्ने दुरीमा स्वास्थ्य केन्द्रको स्थापना, भौतिक पूर्वाधार निर्माण, जनशक्ति व्यवस्थापन र औषधि तथा चिकित्सा उपकरणको उपलब्धताको बन्दोवस्त मिलाएर सवै नागरिकको जीवन स्वस्थ वनाउन अनिवार्य छ ।

### ५.२.२ अवसर र चुनौती

**अवसर-** स्वास्थ्य प्रति नागरिक सचेतना बढ्नु, आधुनिक चिकित्सा विज्ञान प्रति विश्वास बढ्नु, सामान्य विसन्चोमा पनि स्वास्थ्य केन्द्रमा गएर उपचार गराउने आदत बढ्दै जानु, ग्रामीण क्षेत्रमा पनि स्वास्थ्य केन्द्र सञ्चालन हुनुलाई अवसरको रुपमा लिन सकिन्छ ।

गाउँबस्तीमा सेवारत महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिकाले गर्भवति तथा सुत्केरी महिलाको स्वास्थ्य सतर्कता, पोषिलो खानपान र सरसफाईका वारेमा आधरभूत ज्ञान परिवार तहसम्म पुगेको छ । शिशुलाई खोपदिने तालिका वारेको जानकारी र सो अनुसार खोप लगाउने कार्य पनि भै रहेको छ ।

रोग नलाग्ने चेतना र रोगको उपचारको सुविधाले स्वास्थ्यलाई स्वस्थ राख्न सकिन्छ भन्ने कुरा नागरिक तहले राम्रो सङ्ग बुझेको छ ।

**चुनौती-** आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य केन्द्रहरुमा जनशक्तिको उपलब्धता पर्याप्त नहुने स्थिति अहिले पनि कायमै छ । खटिएका जनशक्तिले रहरले काम गर्ने गरेको कमै पाईन्छ । औषधीको उपलब्धता र भौतिक पूर्वाधारको पर्याप्तता तथा चिकित्सा उपकरणको वन्दोवस्त सधैं कमि रहने गरेको छ ।

आधारभूत स्वास्थ्य सेवाका लागि समेत निजीक्षेत्र खुला रहेकाले नेपालको संविधानले प्रत्याभूत गरेको निशुल्क सेवा सुविधा सवैले पाउने कुरा व्यवहारिक रुपमा सजिलो छैन । ग्रामीण क्षेत्रमा सेवागर्न तत्पर रहने जनशक्तिको अभावले गर्दा गुणस्तरीय सेवा नारामा मात्र सिमित छ ।

### ५.२.३ दीर्घकालीन सोच

**“सुदृढ स्वास्थ्य संस्था - पहुच र सेवामा समानता, निशुल्क गुणस्तरीय सेवा- नागरिक स्वास्थ्यमा सवलता ”**

### ५.२.४ लक्ष्य

सवै नागरिकलाई आधारभूत स्वास्थ्य सेवा र पोषणयुक्तः खानपानको सल्लाह उपलब्ध गराई स्वस्थ जीवन यापनको भरोसा दिलाउने ।

### ५.२.५ उद्देश्य

रोग नलाग्ने चेतना व्यक्ति व्यक्तिमा र रोगको उपचार बस्ती बस्तीमा पुराउदै सवै उमेर समुहका नागरिक स्वस्थ रहने अवस्था सुनिश्चित गर्ने ।

पोषिलो खानपानको आदत सिकाउदै हरेक नागरिक हृष्टपुष्ट र निरोगी हुने अवस्था सिर्जना गर्ने ।

### ५.२.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. रोग नलाग्ने चेतना व्यक्तिव्यक्तिमा पुराउने | १. महिला स्वास्थ्य स्वयंसेविका र जनस्वास्थ्य विदको परिचालनबाट रोग नलाग्ने चेतना व्यक्तिव्यक्तिमा पुराउने ।<br>२. स्थानीय सञ्चार माध्यमबाट रोग नलाग्न अपनाउन पर्ने सावधानी सम्बन्धी सूचना, शिक्षा र सन्देश निरन्तर संप्रेषण गर्ने व्यवस्था गर्ने । |
| २. रोगको उपचार बस्तीबस्तीमा उपलब्ध गराउने | १. प्रत्येक वडामा प्रसुती सेवा सहितको स्वास्थ्य केन्द्र सञ्चालन गर्ने गुणस्तरीय उपचार सेवा प्रदान गर्ने ।<br>२. पालिका केन्द्रमा १५ शैयाको अस्पताल सञ्चालन गर्ने । एम्वुलेन्सको सेवा चौविसै घण्टा उपलब्ध गराउने |
| ३. खोपसेवा र परिवार नियोजन सेवा सर्वसुलभ र नियमित बनाउने | १. गर्भवती महिलाको नियमित जांच र वर्थिङ सेन्टरमा सुत्केरी गराउन प्रोत्साहन गर्ने । घरमा सुत्केरी गराउने कार्यलाई शुन्यमा झार्ने र शुन्य घर सुत्केरी वडा भनेर घोषणा |

| | |
|---|---|
| | गर्दै जाने ।<br>२. तालिका वनाई बस्तीबस्तीमा शिशुलाई खोपसेवा प्रदान गर्ने ।<br>३. परिवार नियोजनका सेवा सुविधाहरु सवै स्वास्थ्यकेन्द्रले महिलाको रोजाईमा प्रदान गर्ने ।<br>४. स्वास्थ्य संस्थाहरुबाट किशोरकिशोरीमैत्री सेवा प्रदान गर्ने व्यवस्था गर्ने । |
| ४. पोषणयुक्त खानपान गर्ने आदत बसाउने | १. भिटामिन क्याप्सुल, जुकामार्ने औषधी, हात्तिपाईल रोगको औषधीजस्ता विशेष अभियान नविराई नछुटाई खुवाउने प्रवन्ध गर्ने ।<br>२. गर्भवती तथा सुत्केरी महिलाहरुमा सुनौला हजार दिनको महत्व बुझाउने अभियान सञ्चालन गर्ने । टेलिपरामर्श सेवा संचालन गर्ने ।<br>३. पोषणको फाईदाबारे चेतना फैलाउने ।<br>४.दैनिक खानपानमा पोषणयुक्त बस्तुको समावेश गर्ने ज्ञान र सीप महिलाहरुलाई सिकाउने । |

### ५.२.७ प्रमुख कार्यक्रम

- स्वस्थ जीवन यापन सचेतना प्रबर्द्धन कार्यक्रम
- स्वास्थ्य संस्था सुदृढीकरण कार्यक्रम
- स्वास्थ्य जनशक्ति उत्प्रेरणा अभिवृद्धि तथा क्षमता विकास कार्यक्रम
- खानपानमा पोषण बढाऔं, शरीरमा रोगको शोषण घटाऔ कार्यक्रम

### ५.२.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | बाल मृत्यूदर (५ वर्ष मुनिका प्रति हजार जीवित जन्म) | संख्या | २० | १५ | १२ | १० | ८ | ६ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | नवजात शिशु मृत्यूदर ( **प्रति हजार जीवित जन्म**) | संख्या | **१५** | **१३** | **११** | **१०** | **९** | **८** | |
| ३ | **मातृ मृत्यु दर (प्रति लाख)** | **संख्या** | **०** | **०** | **०** | **०** | **०** | **०** | |
| ४ | **स्वाथ्य संस्थामा प्रसुती गराउने महिला** | **प्रतिशत** | **७८** | **८०** | **८२** | **८५** | **८८** | **९०** | |
| ५ | **३० मीनेट भित्रको दुरीमा स्वास्थ्य संस्थाको पहुंच हुने परिवार** | **प्रतिशत** | **५०** | **५५** | **६०** | **६५** | **७०** | **७५** | |
| ६ | **वर्थिङ सेन्टर** | **संख्या** | **५** | **६** | **६** | **७** | **७** | **८** | |

### ५.२.९ अपेक्षित उपलब्धी

स्थानीय जनताहरु रोग नलाग्न अपनाउन पर्ने सजगता प्रति होसियार भएका हुनेछन् । सरसफाई र स्वच्छता अवलम्बन गर्ने सिपालु भएका हुनेछन् । नजिकको स्वास्थ्य केन्द्रबाट स्वास्थ्य सेवा प्राप्त गरी रोगको समयमै उपचार गरेका हुनेछन् । महिलाहरुमा गर्भवति हुदा र सुत्केरी हुदा ख्याल गर्न पर्ने कुराहरुको पालना गर्ने दर बृद्धि भएको हुनेछ । खोप लगाउने दर शतप्रतिशत हुनेछ । दैनिक खानपानमा पोषिला बस्तु समावेश गर्ने ज्ञान र सीप प्रत्येक घरपरिवारका महिलालाई  थाहा भएको  हुनेछ ।

## ५.३ खानेपानी तथा सरसफाई

### ५.३.१ विषय प्रवेश

प्रत्येक नागरिकलाई स्वच्छ खोनपानी तथा सरसफाईमा पहुचको हक हुने कुरा नेपालको संविधानले प्रत्याभूत गरेको छ । खानेपानी प्राणशक्ति हो । सरसफाई स्वस्थ जीवनको आधार हो । दिगो विकास लक्ष्यले सवैलाई खानेपानी र सरसफाईको सुविधा पुराउने लक्ष्य किटान गरेको छ ।

खानेपानी स्वच्छ हुनु पर्दछ । अहिले धाराबाट पुराईएको खानेपानी सवैठाउमा स्वच्छ छ भन्न सकिने अवस्थाको छैन । किनकी वैज्ञानिक विधि अपनाएर प्रशोधन गरेको अवस्था छैन । खानेपानी आयोजनाको कार्यक्षमता दर (फङ्सनालिटी रेट) ५० प्रतिशतको हाराहारीमा रहेको तथ्यले खानेपानीको सुविधा

पुगेको परिवार पनि उक्त सुविधाबाट छोटो समयमै वञ्चित हुन पर्ने अवस्था छ । पहाडी जिल्लामा पानीका मुल सुक्ने समस्या छ ।

सरसफाईको चेतना नागरिक तह सम्म पुगेको छ । प्रत्येक घरमा शौचालय निर्माण गरिएको छ । देश खुलादिशा मुक्त घोषणा गरिएको छ । सरसफाईको क्षेत्रमा निकै प्रगति भएको छ । अवको लक्ष्य पूर्ण सरसफाईमा हुन आवश्यक छ । यसका लागि पानीको उपलब्धता, आनीवानीमा परिवर्तन र स्वच्छताको अवलम्बन जरुरी छ ।

सरसफाईको क्षेत्रमा फोहरमैला विसर्जनको विषय शहरी क्षेत्रमा केही सचेतना बढे पनि ग्रामीण क्षेत्रमा शुन्य कै स्थिति छ । अतः सिस्ने गाउँपालिकामा नागरिकलाई संवैधानिक हकको अनुभूति गराउन सवैलाई स्वच्छ खानेपानीको सुविधा प्राप्त गर्ने र सरसफाईको अवलम्बन गर्ने अवस्थामा पुराउन अनिवार्यछ ।

### ५.३.२ अवसर र चुनौती

**अवसर-** स्वच्छ खानेपानी र सरसफाईलाई मौलिक हकको रुपमा नेपालको संविधानले व्याख्या गरेबाट नागरिकहरु उक्त हक प्रति सचेत छन् । हरेक शहरका टोलबस्ती र गाउँका घरपरिवारमा स्वच्छ खानेपानी पुराउने राज्यको कर्तव्य भएको छ । दिगो विकास लक्ष्य पुरा गर्न विदेशी दातृ निकायहरुले पनि खानेपानी तथा सरसफाईका क्षेत्रमा सहयोग गरिरहेको अवस्था छ । खानेपानी तथा सरसफाईमा स्थानीय जनताको सहयोगपूर्ण सहभागिता रहने गरेको छ । नवीन प्रविधिले खानेपानीको व्यवस्थापनमा सहजता प्रदान गरेको छ ।

सरसफाईका लागि शौचालयको प्रयोग प्रस्थान विन्दु हो । यसमा नेपालले फड्को मारेको छ । नेपालीहरुमा सरसफाईको चेतना राम्रोसङ्ग मुखरित भएको छ । निजी घर, सार्वजनिक निकाय र स्थलहरुमा समेत शौचालयको प्रबन्ध हुन पर्ने कुरा अनिवार्य आवश्यकताको रुपमा स्थापित भएको छ ।

स्वच्छता र सरसफाई स्वस्थ जीवनका आधारको रुपमा रहेको ज्ञान हरेक नेपालीको मस्तिष्कमा घुसेको छ । स्वच्छ खानेपानी र सरसफाई स्वास्थ्य सङ्ग प्रत्येक्ष रुपले जोडिएका विषय भएकाले यस प्रति निरन्तर बढ्दै गएको नागरिक चेतनालाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** स्वच्छ खानेपानीका निमित्त श्रोतको उपलब्धता चुनौतीपूर्ण बन्दैछ । छरिएर रहेका बस्तीहरुमा घरघरमा स्वच्छ खानेपानी पुराउने काम पनि निकै कठिन छ । पानीको सदुपयोग गर्ने तर्फ नागरिकको वानीव्यहोरा फेरिएको छैन । पानीका पाईप काटेर जहामन लाग्यो त्यहीबाट पानी भर्ने गाउले वानीले आयोजना व्यवस्थापनको काम चुनौतीपूर्ण हुदै गएको छ ।

प्लाष्टिकको झोलाको व्यापक प्रयोग गर्ने चलनले गर्दा सरसफाईमा चुनौती थपिदैछ । फोहर बस्तु गल्ने र नगल्ने व्यक्ताएर विसर्जन गर्ने वानी बस्न सकेको छैन । व्यक्तिगत सरसफाईको आदत कमजोर छ ।

### ५.३.३ दीर्घकालीन सोच

**"सवैलाई खानेपानी पुराउने सरकार, स्वच्छता र सरसफाई स्वस्थ जीवनको आधार"**

### ५.३.४ लक्ष्य

सवै जनतालाई स्वच्छ खानेपानी पुराउदै पूर्ण सरसफाईमा अभ्यस्थ समाजको निर्माण गर्ने ।

### ५.३.५ उद्देश्य

१. गुणस्तरीय खानेपानीको सुविधा पुराई खानेपानीको हक सुनिश्चित गर्ने ।

२. सरसफाईलाई दैनिक जीवनको अभिन्न आदत बनाउदै समाजलाई पूर्ण सरसफाईतर्फ अभिप्रेरित गर्ने ।

### ५.३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. घरघरमा खानेपानीको सुविधा पुराउने । | १. एक घर एक धाराको माध्यमबाट प्रत्येक परिवारमा खानेपानीको सुविधा पुराउने । धारा संभव नहुने स्थानमा वैकल्पिक व्यवस्था गर्ने ।<br>२. खानेपानीको मुहान तथा पानी वितरणका पाईप संरक्षणमा उपभोक्ताको जिम्मेवारी व्यवस्थित गर्ने । |
| २. सरसफाईलाई दैनिकी बनाउने । | १. सरसफाई सम्बन्धी नागरिक सचेतना फैलाउने<br>२. फोहरमैला विसर्जन सहयोगी सामग्री उपलब्ध गराई फोहरमैल विसर्जनमा वानी पार्ने |

### ५.३.७ प्रमुख कार्यक्रम

- स्वच्छ खानेपानी वितरण कार्यक्रम
- पूर्ण सरसफाई अभिमुख समाज निर्माण कार्यक्रम

### ५.३.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | आधारभुत खानेपानी पुगेका घरपरिवार | प्रतिशत | ८८ | ९० | ९३ | ९५ | ९८ | १०० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | शौचालय भएका घरधुरी | प्रतिशत | ८३.९ | ८५ | ८८ | ९२ | ९५ | १०० | |

### ५.३.९ अपेक्षित उपलब्धी

योजना अवधिमा शतप्रतिशत जनतामा खानेपानीको सुविधा पुगेको हुनेछ । यसबाट परम्परागत रुपमा पानीपधेरोमा लाग्ने गरेको महिलाको अत्यधिक समय बचत हुन गई आर्थिक क्रियाकलापमा उपयोग भएको हुनेछ । सरसफाई अवलम्बन बढेको हुनेछ । समाज पूर्ण सरसफाई तर्फ अभिमुख भएको हुनेछ ।

## ५.४ बालबालिका तथा किशोरकिशोरी

### ५.४.१ विषय प्रवेश

सिस्ने गाउँपालिकाको कूल जनसंख्यामा बालबालिका तथा किशोरकिशोरीको हिस्सा ३४ प्रतिशत छ । भविष्यका माता, पिता वा नेताको हैसियतमा पुग्ने बालबालिकालाई जन्मिए देखि उमेर बढ्दै जादा वाल अधिकारहरु - वांच्नपाउने अधिकार, संरक्षित हुनपाउने अधिकार, सहभागी हुने अधिकार र विकासको अधिकारको उपभोग गराउदै लैजानु पर्दछ । उमेर बढ्दै जांदा बालबालिका किशोर किशोरी बन्ने भएकाले बालबालिका देखि किशोरकिशोरी बन्दासम्मको उमेरमा विशेष संरक्षणको आवश्यकता पर्दछ ।

बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुने कुरा नेपालको संविधानले प्रत्याभूत गरेको छ ।

सिस्ने गाउँपालिकाले यस पालिकाका बालबालिका तथा किशोरकिशोरीको सर्वाङ्गीण विकासमा जिम्मेवार रहदै असल नागरिक निर्माणमा जुट्ने प्रण गरेको छ ।

### ५.४.२ अवसर र चुनौती

**अवसर-**वालमैत्री शासनको विषय सकारात्मक रुपले स्थापित भएको छ । नेपालको संविधानले प्रत्याभूत गरेका बालबालिकाका मौलिक हक प्रति राज्यको कर्तव्य किटान भएको छ । समावेशी विकासको अवधारणाले बालबालिका तथा किशोरकिशोरीको विकासमा सहभागिता र स्वामित्वको विषय स्थापित भएको छ । समाज रुपान्तरणका सवालमा बालबालिका तथा किशोरकिशोरी संवाहकका रुपमा प्रस्तुत हुन सक्छन भन्ने सिकाई भएको छ । समृद्धिका लागि बालबालिकामा लगानी गर्नु पर्दछ भन्ने मान्यता समाजमा स्थापित भएको छ । बालबालिका संभावनाका श्रोत हुन भन्ने विश्वास बढेको छ ।

**चुनौती-** पढाई विचैमा छाड्ने, बाल विवाह, बालयौन दुर्व्यवहार, बालश्रम शोषण,सडकमा आश्रित बालबालिका, कुलतमा किशोरकिशोरी जस्ता समस्यालाई न्यूनीकरण गर्दै निर्मुल पार्ने काम चुनातीपूर्ण छ ।

### ५.४.३ दीर्घकालीन सोच

**“बालबालिका र किशोरकिशोरी- भविष्यका निर्माता,**

**पालन गर्ने परिवार - संरक्षण गर्ने सरकार”**

### ५.४.४ लक्ष्य

प्रत्येक बालबालिकालाई उमेर सुहाउदो उचित शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्दै भविष्यका असल माता/ पिता / नेताको हैसियतमा पुग्ने योग्य नागरिक बनाउने ।

### ५.४.५ उद्देश्य

बलबालिका र किशोरकिशोरीको सर्वाङ्गीण विकास हुनेगरी बालअधिकारको पूर्ण प्रत्याभूति दिलाउने ।

## ५.४.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. बालअधिकार बारे सचेतना सिकाउने | १. प्रत्येक परिवारमा बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी बालअधिकारको शिक्षा दिने ।<br>२. बालअधिकारको प्रत्याभूति गर्न सरकारी संयन्त्रलाई बालमैत्री शासन प्रणाली प्रति जानकार र जिम्मेवार बनाउने ।<br>३. वालविवाह न्यूनीकरण रणनीति बनाउने । |
| २. बालबालिकालाई उचित शिक्षाको प्रबन्ध गर्ने | १. बालबालिका तथा किशोरकिशोरीलाई उचित शिक्षा प्रदान गर्न विद्यालयको शैक्षिक वातावरण बालमैत्री / किशोर किशोरीमैत्री बनाउने ।<br>२.शिक्षकहरुले बालमनोविज्ञान बुझ्रेर पढाउने गरी शिक्षकहरुलाई प्रशिक्षित गर्ने |
| ३. बालअधिकारको संरक्षण गर्ने | १. बालअधिकार अनुसार बालबालिकाले अभ्यास गर्ने प्रबन्ध गर्ने<br>२. बालसरोकारका विषयमा बालबालिका स्वयंलाई छनोटकर्ता (चुजर) को अवसर प्रदान गर्ने । |
| ४. स्वास्थ्य सेवा उपलब्ध गराउने | १. बालबालिका लाई पटके खोप र ओषधी खुवाउने कार्य गर्ने ।<br>२. उपचार सेवा पाउने हक सुनिस्चित गर्ने । |
| ५. किशोरकिशोरीमा उमेरले ल्याउने परिवर्तनलाई जतन गर्न सिकाउने | १. किशोरकिशोरीलाई संरक्षण प्रदान गर्ने ।<br>२.संविधान प्रदत्त अधिकारको प्रत्याभूति गर्न सकारात्मक विभेद लगायतको उपायद्वारा पछि परेका र पारिएका समुदायका बालबालिका तथा किशोरकिशोरीको विकास गर्दै जाने ।<br>३. विद्यालय वाहिर रहेका किशोरकिशोरीलाई जिवनोपयोगी सीप सिकाउने । |

### ५.४.७ प्रमुख कार्यक्रम

- बालबालिकाको अधिकार प्रबर्द्धन कार्यक्रम
- किशोरकिशोरीको संरक्षण कार्यक्रम

### ५.४.८ नतिजा खाँका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | बाल क्लव गठन | संख्या | ८ | १२ | १८ | २४ | ३० | ३५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | कम उमेरमा ( १५ देखी १९ वर्षमा आमा बनेको अनुपात | प्रतिशत | ८० | ७० | ६० | ५० | ४० | ३० | |

### ५.४.९ अपेक्षित उपलब्धी

बालमैत्री शासन प्रणाली स्थापित भएको हुनेछ। ज्ञान र अनुशासन भएका बालबालिकाको चिनारी बन्ने छ। बालबालिका र किशोरीकिशोरी प्रति हुने दुराचार घटेको हुनेछ। सवै बालबालिकाले शिक्षा र स्वास्थ्यको अवसर उपभोग गर्न पाई उज्ज्वल भविष्यको आधार तयार भएको हुनेछ।

## ५.५ युवा

### ५.५.१ विषय प्रवेश

नेपालको कूल जनसंख्यामा युवा उमेरको जनसंख्या २६.५ प्रतिशत रहेको छ। १८ वर्ष देखी ६० वर्षको जनसंख्या धेरै हुनुलाई राष्ट्र विकासको लागि स्वर्णिम अवसरको रुपमा हेर्ने गरिन्छ । सिस्ने गाउँपालिकाको १८ वर्ष देखी ६० वर्षको जनसंख्या ५८ प्रतिशत हुनुमा पालिकाको विकासकालागि आवश्यक पर्ने जनशक्ति उत्तम रहेको अवस्था छ ।

विकासका आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक आयाममा युवाको परिचालनबाट मात्र फड्को मार्न सकिन्छ। योग्यता, दक्षता, सकारात्मक सोंच र मातृभूमिको मायाले सेवा गर्न अभिप्रेरित युवाले समझदारी, सहभागिता र स्वामित्वलाई आत्मसात गरेर विकासमा संलग्न हुदा विकासको प्रतिफल द्रुततर रुपमा हासिल हुन सक्छ।

युवालाई सकारात्मक, सिर्जनशील र उद्यमशील बन्न प्रोत्साहित गर्दै युवाको सर्वाङ्गीण विकास र सशक्तीकरणका माध्यमबाट सिस्ने गाउँपालिको विकास गर्न आवश्यक देखिन्छ।

### ५.५.२ अवसर र चुनौती

**अवसर-**देशमा युवा उमेरका नागरिकको संख्या उच्च हुनु गौरवको विषय हो । युवा वर्गको संलग्नालाई प्रोत्साहित गर्न सरकारको संस्थागत तथा संरचनागत रुपले क्रियाशील हुनु भविष्य उज्ज्वल छ भन्ने कुराको द्योतक हो । युवाहरु आर्थिक क्षेत्रलाई उत्पादनशील बनाउने आधार हुन् । राजनीतिक क्षेत्रमा पनि युवाहरुको रुचि बढेको पाईन्छ । युवाको संलग्नतामा हुने कामले उत्पादकत्व बढ्छ भन्ने आम विश्वास छ । युवाहरुमा पनि केही गरौ भन्ने भावना प्रवल छ ।

**चुनौती-**युवामा जुन अनुपातमा राजनीतिक चाख, संलग्नता र स्वामित्व मुखरित हुने गर्दछ सोही मात्रामा आर्थिक क्षेत्रमा जोश, जांगर र उत्साहका साथ संलग्न हुने अवस्था सिर्जना गर्ने काम चुनौतीपूर्ण छ । सीपले रोजगारी, रोजगारीले आम्दानी र आम्दानीले धनी हुने सूत्रको अवलम्बन भन्दा पनि जसरी पनि धनीहुने सोंच युवाहरुमा देखिनुलाई स्वाभाविक मान्न सकिदैन । यसले चुनौती थप्दै लगेको छ ।

पछिल्ला दशकमा रोजगारीका लागि विदेश नै ताक्ने युवाहरुको रोजाईले स्वदेशमा युवाहरुको आर्थिक क्रियाशीलता घट्दै गएको छ । स्वदेशमै रोजगार गर्ने गरी युवालाई आकर्षित गर्ने आर्थिक योजना ल्याएर कमशः युवाहरु स्वदेशकै भूमिमा पौरख गर्ने वानी बसाउन आवश्यक छ । युवा प्रतिभा पलायन र युवा दुर्वेसन लाई मुख्य चुनौती ठान्दै युवालाई उचित शिक्षा र स्वास्थ्यसेवाले तिखार्दै जान जरुरी छ ।

### ५.५.३ दीर्घकालीन सोच

**“विकास र समृद्धिका लागि परिश्रमी र दक्ष युवा”**

### ५.५.४ लक्ष्य

स्वस्थ, सकारात्मक सोंच भएका, सिर्जनशील, उद्यमशील, अधिकार प्रति सचेत, कर्तव्य प्रति प्रतिबद्ध र मेहनती युवापङ्ती तयार गर्दै विकासमा परिचालन गर्ने ।

### ५.५.५ उद्देश्य

युवाको सीप बढाउदै र सोंच बदल्दै सकारात्मक रुपले स्वदेशमै स्वरोजगार वा रोजगारमा लाग्ने गरी प्रेरणा, प्रशिक्षण र प्रोत्साहन प्रदान गर्ने ।

### ५.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. युवाहरुको योग्यता, दक्षता र योजना प्रकृयामा संलग्नता बृद्धि गर्ने । | १.युवा उमेरमा पुग्दा सम्म शैक्षिक योग्यता कम्तिमा स्नातक हुने गरी पायक पर्ने र धान्न सक्ने गरी विद्यालय तथा क्याम्पसको व्यवस्था गर्ने ।<br>२. प्राविधिक दक्षता अभिबृद्धिका लागि सीप विकास तालीम सञ्चालन गर्ने ।<br>३. स्थानीयतहको योजना प्रकृयामा युवा संलग्नता बृद्धि गर्ने । |

| | |
|---|---|
| २.युवाहरुलाई सिर्जशील र उद्यमशील भै व्यवसायमा लाग्न प्रोत्साहन गर्ने । | १. ज्ञान र सीपका आधारमा व्यवसाय गर्न आर्थिक तथा सामग्री अनुदान दिई प्रोत्साहन गर्ने ।<br>२. युवाहरुले उत्पादन गरेको बस्तु वा सामग्री विक्रिका लागि बजारसङ्ग आवद्ध गरी सघाउने । |
| ३. वित्तीय श्रोत साधनमा युवाको पहुच सहज पार्ने | १. सहकारी ढांचामा युवाहरुलाई सङ्गठित गरी पूजी सङ्कलन तथा परिचालनमा क्रियाशील बनाउने ।<br>२. वित्तीय संस्थामा पहूच बढाई पूजी प्राप्त गर्ने हैसियतमा युवालाई उकाल्ने । |
| ४.कृषि व्यवसायमा लाग्ने युवालाई आर्थिक अनुदान प्रदान गर्ने | १. कृषि व्यवसायमा लाग्ने युवालाई मूल्य अनुदान दिई पेशामा ढुक्क भएर लाग्ने अवस्था सिर्जना गर्ने ।<br>२. पशुपन्छी व्यवसायमा लाग्ने युवालाई मूल्य अनुदान दिई पेशामा ढुक्क भएर लाग्ने अवस्था सिर्जना गर्ने । |
| ५. युवाहरुमा स्वयंसेवी भावना प्रवल पार्ने ।. | १. विपद व्यवस्थापनका सम्बन्धी तालिम प्रदान गर्ने<br>२. युवा उमेर मातृभूमिको सेवागर्ने भएकाले युवाहरुमा परिआउदा स्वयंसवी भै परिआएको कामगर्ने भावना विकास गर्ने । |

## ५.५.७ प्रमुख कार्यक्रम

- युवा दक्षता बृद्धि कार्यक्रम
- आर्थिक व्यवसायमा युवा संलग्नता प्रबर्द्धन कार्यक्रम
- युवा स्वयंसेवक कार्यक्रम

## ५.५.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | युवा खेलाडीहरु | संख्या | १० | २० | ३० | ४० | ५० | ६० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, |
| २ | युवा | संख्या | ३० | ४० | ६० | ८० | ९० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **उद्यमीहरु** | | | | | | | | रुकुम पूर्व |

### ५.५.९ अपेक्षित उपलब्धी

युवाहरुमा ज्ञान, सीप र सकारात्मक मनोवृत्ति विकास भएको हुनेछ । उद्यमशीलता विकास हुनेछ । अनुशासनको द्योतकको रुपमा युवाहरुले समाज रुपान्तरणको अगुवाई गर्न थालेका हुनेछन् ।स्वरोजगार वा स्वदेशमा रोजगारको नया सिलसिला आरम्भ भएको हुनेछ ।

## ५.६.ज्येष्ठ नागरिक

### ५.६.१ विषय प्रवेश

नेपालको संविधानले जेष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण र तथा सामाजिक सुरक्षाको हक प्रदान गरेको छ । जेष्ठ नागरिक राष्ट्रका अनुभवका खानी हुन । जीवनका उर्वर समय राष्ट्रसेवामा समर्पित गरी उत्तरार्ध जीवन सरल र सहज रुपले व्यतित गर्ने ईच्छुक जेष्ठ नागरिकको जीन्दगानीलाई स्वास्थ्य सुविधा र स्याहारसुसारको विशेष खांचो पर्दछ ।

परम्परागत रुपमा संयुक्त परिवारमा रहदै आएको नेपाली समाज पछिल्ला दशकमा एकल स्वरुपमा रुपान्तरण हुदै जानाले जेष्ठ नागरिकहरु परिवारकै सदस्यहरुबाट उपेक्षा र तिरस्कार हुने गरेका घटनाहरु यत्रतत्र देखिन थालेका छन् । जुन सभ्य समाजका लागि सुहाउने कुरा होईन ।

नेपाल सरकारले २०५२ साल देखि प्रदान गरेको सामाजिक सुरक्षा भत्ताले जेष्ठ नागरिक प्रति राज्यले सम्मान गरेको महसुस गराएको छ । जेष्ठ नागरिकको जीवन यापनमा पनि सहजता प्रदान गरेको छ ।

सिस्ने गाउँपालिकामा जेष्ठ नागरिकको संख्या ६१७ रहेको छ । राज्यले प्रदान गरेको सामाजिक सुरक्षाको अतिरिक्त स्थानीय सरकारको तर्फबाट उमेरले र अनुभवले पाका व्यक्तिहरु सरसल्लाह लिने, यथोचित सम्मान दिने र अतिरिक्त सुविधा प्रदान गरेर जेष्ठ नागरिकका उत्तरार्द्धका दिनहरुलाई सहज बनाउन मदत गर्दै जाने सिस्ने गाउँपालिकाले आफ्नो कर्तव्य संझेको छ ।

### ५.६.२ अवसर र चुनौती

**अवसर-** जेष्ठ नागरिक प्रति सम्मान, सेवा र सुविधा प्रदान गर्ने कार्य सरकारी र गैर सरकारी क्षेत्रबाट भै रहेको छ । सामाजिक सुरक्षा भत्ताको व्यवस्थाले जेष्ठ नागरिकहरु वृद्धावस्थामा राज्य सहारा भएको महसुस गरेका छन् । स्वास्थ्य तथा परिवहनमा शुल्क नलाग्ने वा कम लाग्ने व्यवस्था, साह्रै अशक्त र परिवारबाट परित्यक्त अवस्थामा बृद्धाश्रममा गएर जीवन गुजारा गर्ने विकल्प उपलब्ध हुन थालेको छ । परोपकारी संस्थाहरु खुल्दै गएका र सेवा पुराउदै गएका छन् । सामाजिक उत्तरदायित्व अन्तर्गत केही संस्थाहरुले जेष्ठ नागरिकहरुको हित र कल्याणमा रकम परिचालन गर्न थालेको अवस्था छ । यसरी जेष्ठ नागरिलाई सकारात्मक रुपले हेर्ने र सहयोग गर्ने परिवेश सरकारी र गैर सरकारी क्षेत्रबाट भैरहेकालाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-** जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा पुराउन यथेष्ट वित्तीय श्रोतको आवश्यकता पर्दछ । भौतिक सुविधाको उपलब्धता जरुरी हुन्छ । स्याहार सुशार हेरविचार गर्ने जनशक्तिको झनै खांचो पर्दछ । यी विषयहरुलाई चुनौतीको रुपमा औल्याउन सकिन्छ ।

### ५.६.३ दीर्घकालीन सोच

**“जेष्ठ नागरिक अनुभवका खानी-  सम्मान र सहयोगले सुखी जिन्दगानी”**

### ५.६.४ लक्ष्य

जेष्ठ नागरिकहरुलाई समाजमा सम्मानित  र सहज जीवन यापन गरिरहेको महसुस गर्ने अवस्था सिर्जना गर्नु ।

### ५.६.५ उद्देश्य

जेष्ठ नागरिकहरुको जीवन यापन सहज बनाउन यथोचित सहयोग र सुविधा प्रदान गर्दै संविधानले प्रदान गरेको विशेष संरक्षणको महसुस गराउनु ।

### ५.६.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १-जेष्ठ नागरिक प्रति श्रद्धाभाव र सम्मानपूर्ण व्यवहार गर्ने अवस्था पैदा गर्ने । | १- परिवारमा जेष्ठनागरिकलाई श्रद्धाभाव र सम्मानपूर्ण व्यवहार गर्न सचेतना कार्यक्रम संचालन गर्ने ।<br>२- सरकारी कार्यालयले सेवा प्रदान गर्दा जेष्ठ नागरिक पहिला भन्ने व्यवहार चलन गर्ने |
| २-जेष्ठ नागरिकलाई सहज जीवन यापन गर्न सुविधा उपलब्ध गराउने । | १- जेष्ठ नागरिकको आवास, भोजन, उपचार र हेर विचारको पहिलो कर्तव्य सम्बन्धित परिवारको भएता पनि उक्त दैनन्दिन सुविधाबाट बञ्चित जेष्ठ नागरिकलाई स्थानीय बृद्धआश्रममा आश्रय दिने ।<br>२- उत्तराद्धको जीवनमा समवयीहरु एकठाउमा जम्मा भै पुराना कुरा संझदै अरुलाई सुनाउदा शरीरको पीडा विर्सने र मन प्रसन्न हुने भएकाले त्यस निमित्त जेष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालन गर्ने । |
| ३-जेष्ठ नागरिकमा भएको क्षमताको उपयोग गर्ने । | १- जेष्ठ नागरिकलाई वर्षमा एक पटक सम्मान गर्ने र अनुभव सुन्ने ।<br>२- जेष्ठ नागरिकको योग्यता, अनुभव र सीपको उपयोग गर्ने । |

### ५.६.७ प्रमुख कार्यक्रम

- जेष्ठ  नागरिक सम्मान तथा सुविधा प्रदान कार्यक्रम

- जेष्ठ नागरिक जीवनोपयोगी भौतिक पूर्वाधार विकास कार्यक्रम

### ५.६.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | सामाजिक सुरक्षा भत्तावाट लाभान्वित जेष्ठ नागरीक | संख्या | ६१७ | ६२५ | ६३० | ६३५ | ६४० | ६४५ | सिस्ने गाउँ कार्यपालिका को कार्यालय, रुकुम पूर्व |
| २ | जेष्ठ नागरीक सेवा केन्द्र | संख्या | ० | ० | १ | १ | १ | १ | |
| ३ | जेष्ठ नागरीकको निशुल्क स्वास्थ्य परिक्षण | संख्या | १६० | ५०० | ५५० | ६०० | ७०० | ८०० | |

### ५.६.९ अपेक्षित उपलब्धी

जेष्ठ नागरिकहरुले परिवारको श्रद्धाभाव र हेरविचार, समाजको माया र सम्मान तथा सरकारको सेवा सुविधाबाट सम्मानित जीवन बांचेको महसुस गरेका हुनेछन् ।

## ५.७ महिला सशक्तीकरण

### ५.७.१ विषय प्रवेश

नेपालको संविधानले महिलाको हक सम्बन्धी व्यवस्था गरेको छ । प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुने लगायतका हकहरुको संविधानले प्रत्याभूति गरेको छ ।

नेपालको जनसंख्यामा महिलाको हिस्सा आधा भन्दा बढि छ । सिस्ने गाउँपालिकामा पनि महिलाको जनसंख्या ५०.५प्रतिशत रहेको छ ।

महिलाहरु प्रतिको भेदभावलाई हटाउन संवैधानिक र कानूनी प्रावधान तथा विकास कार्यक्रमका माध्यमबाट थुप्रै प्रयास गरेता पनि अधिकार र अवसरका दृष्टिबाट महिलाको स्थान अहिले पनि पुरुषको तुलनामा कमजोर र विभेदपूर्ण छ ।

ग्रामीण क्षेत्रमा अझैपनि ढिकीजांतो, पानीपधेरो, घांसदाउरा, चुलोचौको जस्ताकाम महिलाकै भागमा पर्दछ । जुन शारिरीक रुपले कष्टकर र समय धेरै लाग्ने प्रकृतिको छ । यस्ले गर्दा महिलाहरु शिक्षा हासिल गर्न, आर्थिक क्रियाकलापमा संलग्न हुन र नेतृत्वको हैसियत बनाउन सकि रहेका छैनन् ।

महिलाहरुलाई अधिकार प्रति सचेत गराउदै जिम्मेवारीका हरेक अवसरलाई कुशलतापूर्वक सम्पादन गर्ने हैसियतमा पुराउन महिला सशक्तीकरण हुन आवश्यक छ ।

सिस्ने गाउँपालिकाका महिलाको सशक्तीकरणका माध्यमबाट उनीहरुलाई योजना बनाउने, कार्यान्वयन गर्ने र त्यस्को लाभ लिन सक्ने बनाउन आवश्यक छ ।

### ५.७.२ अवसर र चुनौती

**अवसर-** जस्को सरोकार उस्कै आवाज, जस्को आवाज उस्कै निर्णय हुने व्यवस्था गर्न नेपालको शासकीय स्वरुपलाई समावेशीकरण गरिएको छ । स्थानीय तहमा ४० प्रतिशत महिला निर्वाचित हुने संवैधानीक तथा कानूनी व्यवस्था छ । राज्य संयन्त्रका हरेक निकायमा ३३ प्रतिशत महिलाको स्थान सुरक्षित गर्न पर्ने व्यवस्था छ ।

महिलाहरु अवसर पाए जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्न सक्छन् भन्ने दृष्टान्तहरु स्थापित भै रहेका छन् । तुलनात्मक रुपले काममा लगनशीलता, पारदर्शिता र ईमान्दारिता प्रदर्शन हुने कमाईको करिव ८० प्रतिशत परिवारमा लगाउने तथ्य अनुसन्धानबाट प्रमाणित भएको छ ।

विकास आयोजना कार्यान्वयन कार्यविधिले पनि महिला सहभागितालाई अनिवार्य बनाएका छन् । यी सवै व्यवस्थाले महिला सशक्तीकरणको अवर बढाएका छन् ।

**चुनौती-** आधा आकाश ओगट्ने महिलामा लैंगिक हिंसा, यौनजन्य हिंसा र अन्य प्रकारका हिंसाबाट मुक्त गर्न सक्नु ज्यादै चुनौतीपूर्ण छ । विभेद, असमानता र वञ्चितीकरणको जालोले सवै भन्दा प्रताडित महिलालाई लैंगिक समानताको अनुभूति गराउने कार्यलाई पनि चुनौतीको रुपमा औंल्याउन सकिन्छ ।

### ५.७.३ दीर्घकालीन सोच

**“सिस्नेका महिला- विकासमा पहिला”**

### ५.७.४ लक्ष्य

विकासका हरेक अवसरमा लैगिक समानता सुनिश्चित गर्ने ।

### ५.७.५ उद्देश्य

सशक्तीकरणका माध्यमबाट महिलाहरुलाई सक्षम बनाउदै विकासमा मूल प्रवाहीकरण गर्ने ।

### ५.७.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १- महिलाको सक्षमता विकास गर्ने | १- शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षा सुविधा समान रुपले पाउने व्यवस्था सुनिश्चित गर्ने ।<br>२- सशक्तीकरण अर्थात संचार गर्न सक्ने, संगठित गर्न सक्ने, योजना बनाउन सक्ने, कार्यान्वयन गर्न सक्ने, पूजी जुटाउन, परिचालन गर्न र आम्दानी बढाउन सक्ने गरी प्रशिक्षण अथवा क्षमता विकास गर्ने । |

| | |
|---|---|
| | ३. लैङ्गिकताका आधारमा हुने हिंसा र विभेदलाई अन्त्य गर्न सचेतना, शिक्षा र आर्थिक सवलीकरण कार्यक्रम संचालन गर्ने ।<br>४. हिंसा पिडितलाई तत्काल सुरक्षित राख्न सुरक्षित आवास गृहमा बसोबासको प्रबन्ध गर्ने । |
| २-. निर्णायक तहमा महिलालाई पुराउने | १- संविधान प्रदत्त अधिकार प्रति निरन्तर सचेतना फैलाउने ।<br>२- अवसर पाउदा अभिरुचीका साथ अभ्यास गर्न अवसर हुने र लाभ लिने गरी महिलालाई प्रोत्साहन गर्ने । |

### ५.७.७ प्रमुख कार्यक्रम

- महिला सशक्तीकरण कार्यक्रम
- महिला आर्थिक समृद्धि कार्यक्रम

### ५.७.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | **सीपयुक्त तालिम प्राप्त महिलाहरु** | **संख्या** | **१५४** | **२००** | **२५०** | **३००** | **४००** | **५००** | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | **उद्यमी महिलाहरु** | **संख्या** | **५५** | **१००** | **१५०** | **२००** | **२५०** | **३००** | |
| ३ | **सेफ हाउसको सेवा लिने महिलाहरु** | **संख्या** | **९३** | **१००** | **११०** | **१२०** | **१२५** | **१३०** | |
| ४ | **बैक खाता भएका महिला** | **संख्या** | **३०००** | **४०००** | **५०००** | **६५००** | **७५००** | **८५००** | |

### ५.७.९ अपेक्षित उपलब्धी

सामाजिक व्यवहारमा लैंगिक समानता कायम भएको हुनेछ । विकासका सुविधाले महिलाको कार्यबोझ घटेको हुनेछ र बचत हुन आएको समय आर्थिक क्रियाकलापमा उपयोग हुन सकि आर्थिक समृद्धि हासिल हुदै गएको हुनेछ ।

## ५.८ अपांगता भएका व्यक्तिहरु

### ५.८.१ विषय प्रवेश

नेपालको संविधानले अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुचको हक प्रदान गरेको छ । शारिरिक रुपले अशक्त विभिन्न प्रकारका अपांगता भएका मानिसहरुलाई सरल रुपले जीवनयापन गर्ने र राज्यले प्रदान गर्ने सेवा सुविधामा समान पहुच हुने व्यवस्था गर्नु राज्यको कर्तव्य हो ।

सिस्ने गाउँपालिकाको अभिलेख अनुसार यस पालिकामा अपांगता भएका व्यक्तिहरुको संख्या २०५ जना छ । विभिन्न लक्षित कार्यक्रमका माध्यमबाट अपांगता भएका व्यक्तिको जीवन यापनलाई सहज र सम्मानित बनाउन आवश्यक छ ।

### ५.८.२ अवसर र चुनौती

**अवसर-**अपांगता भएका व्यक्तिहरुलाई सामाजिक न्याय प्रदान गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ । सरकारी कार्यक्रमका माध्यमवाट अपांगता भएका व्यक्तिहरुको क्षमता विकास गर्ने र राज्यले प्रदान गर्ने सेवा सुविधामा समान र सहज पहुंचको व्यवस्था गर्ने गरेको देखिन्छ ।ठाउठाउमा अपांग सेवा केन्द्र स्थापना गरेर अपांगता भएका व्यक्तिहरुलाई सुविधा प्रदान गर्ने कार्य भै रहेको छ । सिस्ने गाउपालिकाबाट अपांगता भएका व्यक्तिलाई राज्यले प्रदान गरेको सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यका अतिरिक्त पालिकाकै कार्यक्रमका माध्यमबाट सहयोग प्रदान गर्ने कार्य भैरहेको छ । यसरी सकारात्मक रुपले भै रहेका प्रयासलाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-** सार्वजनिक क्षेत्रमा सजिला भौतिक पूर्वाधारको व्यवस्थाले अपांगता भएका व्यक्तिको मनजित्न पर्याप्त वित्तीय श्रोतको प्रवन्ध गर्ने कार्य निकै चुनौतीपूर्ण देखिन्छ ।

### ५.८.३ दीर्घकालीन सोच

**"अपांगता भएका व्यक्ति समाजकै सदस्य- राज्यको सुविधाले सुखी जीवन अवस्य"**

### ५.८.४ लक्ष्य

अपांगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा तथा प्रेरणा र प्रशिक्षणका माध्यमबाट सम्मानित जीवन यापन गर्ने अवस्था सुनिश्चित गर्ने ।

### ५.८.५ उद्देश्य

अपांगता भएका व्यक्तिलाई विना भेदभाव सम्मान र सुविधाले सहयोग गर्दै सहज जीवन यापन गर्न सक्ने बनाउने ।

### ५.८.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
| --- | --- |

| | |
|---|---|
| १.अपांगता भएका व्यक्तिको जीवन निर्वाह सहज बनाउने | १. साजिक सुरक्षा भत्ता प्रदान गर्ने ।<br>२. अपांगमैत्री भौतिक पूर्वाधार निर्माण गर्ने । |
| २. अपांगता भएका व्यक्तिको क्षमता विकास गर्ने | १. अपांगहरुको क्षमता विकास गर्ने ।<br>२. क्षमता उपयोग गर्ने । |

### ५.८.७ प्रमुख कार्यक्रम

- अपांग लक्षित विकास कार्यक्रम

### ५.८.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | सीप मूलक तालिम लिएका अपाङ्ग भएका व्यक्तिहरु | संख्या | ३५ | ४० | ४५ | ५५ | ६५ | ८० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | रोजगारी तथा स्वरोजगरी संलग्न अपाङ्ग भएका व्यक्तिहरु | संख्या | १७ | २२ | २५ | ३० | ३५ | ४० | |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुको पुनःस्थापना व्यक्तिहरु | संख्या | ० | १ | ० | २ | ० | ५ | |

### ५.८.९ अपेक्षित उपलब्धी

अपांगता भएका व्यक्तिहरुले सम्मानपूर्वक जीवन जीउने अवस्था सिर्जना भएको हुनेछ । समाजमा हेर्ने दृष्टिकोण सकारात्मक भएको हुनेछ । सरकारी कार्यालयबाट पाउने  सेवा र सुविधामा सहजता महसुस गरेको देखिनेछ ।

## ५.९ दलित समुदाय उत्थान ।

### ५.९.१ विषय प्रवेश

नेपाली समाज परम्परा देखि जातजातिका आधारमा विभाजित छ । कामी, दमाई, सार्की लगायतका जातलाई दलित भनेर संबोधन गरिन्छ । दलित समुदायमा पुर्खादेखि विरासतको रुपमा स्थानान्तरण हुदै

आएको विशिष्ट सीप गर्व गर्न लायक छ । तथापि जातका आधारमा विभेद गर्ने सामाजिक व्यवहारका कारण यो समुदाय विकासको मुलधारमा समाहित हुन सकिरहेको छैन ।

दलित समुदायमा रहेको परम्परागत सीपलाई समुन्नत बनाएर त्यसको प्रयोग गर्दै स्थानीय स्तरमा उद्यमशीलता प्रबर्धन गर्दै जाने र दलित समुदाय प्रति समाजको दृष्टिकोणलाई सकारात्मक बनाउदै जातका आधारमा हुने सवै प्रकारको विभेद, असमानता र वन्चितीकरणलाई निर्मुल पार्न आवश्यक छ ।

## ५.९.२ अवसर र चुनौती

**अवसर-**समाजमा पछाडी परेका समुदायलाई निर्णायक तहमा पुऱ्याई जस्को समस्या उस्कै समाधानमा भूमिकाको रणनीतिका साथ अघि बढ्न पालिका स्तरका जनप्रतिनिधिमा दलितको सहभागिता हुने कानूनी व्यवस्था छ । संवैधानीक अंगको रुपमा राष्ट्रिय दलित आयोगको गठन भएबाट दलितका सवाल र समस्याको बहस र पैरवी गर्दै नीतिगत, कानूनी तथा लक्षित विकास कार्यत्रमका माध्यमबाट दलित समुदायको उत्थान गर्ने बर्तमान व्यवस्थालाई अवसरको रुपमा लिन सकिन्छ ।

चुनौती- समाजमा सदियौ देखि जरा गाडेर बसेको दलित प्रतिको हेराई र व्यवहारलाई समाजका सवै जातका समुदायले सहअस्तित्व र समभावले हेर्ने र व्यवहार गर्ने अवस्थामा बदल्ने काम चुनौतीपूर्ण छ ।

## ५.९.३ दीर्घकालीन सोच

**दलित समुदायको उत्थान, सह अस्तित्व र आत्मसम्मान**

## ५.९.४ लक्ष्य

जातका आधारमा हुने भेदभावको अन्त गर्ने र दलित समुदायलाई विकासको मुलधारमा समाहित गर्ने

## ५.९.५ उद्देश्य

दलित समुदायको शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईमा सहज पहुच सुनिश्चित गर्दै यो समुदायमा भएको पुर्ख्यौली सीपलाई आधुनिकीकरण गर्दै व्यावसायिक क्षेत्रमा उपयोग गरेर स्थानीय स्तरमा रोजगारी र आयआर्जनमा संलग्न गराउने र जीवस्तरमा सुधार गर्ने ।

## ५.९.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.दलित समुदायको सीपको भरपुर उपयोग गर्ने | १. दलित समसदायमा भएको परम्परागत सीपलाई आधुनिकीकरण गर्ने<br>२ अनुदान प्रदान गरेर व्यवसाय चलाउन प्रोत्साहन गर्ने |
| २. जातका आधारमा हुने विभेद अन्त गर्ने | १. सचेतना र सक्षमता बृद्धि गरेर विभेद हटाउने कार्य जारी राख्ने |

५.९.७ प्रमुख कार्यक्रम

- दलित सशक्तीकरण कार्यक्रम
- जातीय विभेद उन्मुलन कार्यक्रम

५.९.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | कूल जनसंख्यामा दलित सुदायको प्रतिशत | प्रतिशत | २० | २० | २० | २० | २० | २० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | दलित समुदायमा साक्षरता | प्रतिशत | ५२ | ५५ | ६० | ६५ | ७० | ७५ | |
| ३ | दलित उद्यमीहरु | संख्या | १५ | २० | २५ | ३० | ४० | ५० | |
| ४ | दलित उत्थानका कार्यक्रममा बजेटको अंश | प्रतिशत | ४५०००० | २०० ००० | ५०० ००० | ८०० ००० | १००० ००० | १२०० ००० | |

### ५.९.९ अपेक्षित उपलब्धी

दलित समुदायको शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाईमा सहज पहुँच स्थापित भई समुदायमा भएको पुर्ख्यौली सीपको आधुनिकीकरणको माध्यमवाट व्यावसायिक क्षेत्रमा उपयोग गरेर स्थानीय स्तरमा रोजगारी र आयआर्जन सृजना भएको हुनेछ ।

## ५.१० आदीवासी जनजातीको मौलिक संस्कृतिको संरक्षण र विकास

### ५.१०.१ विषय प्रवेश

नेपालमा  आदिवासी जनजातिको बसोवास छ । सिस्ने गाउपालिकामा पनि आदिवासी जनजातीको बसोवास छ । आदिवासी जनजातीको मौलिक संस्कार,संस्कृति, शिष्टाचार र सभ्यता भएका कारण विशिष्ट पहिचान छ ।

आदिबासी जनजातीका सांस्कृतिक पहिचानलाई संरक्षण र विकास गर्न आवश्यक छ । यसो गर्न सकिएमा मौलिक संस्कृति जीवन्त भै राख्ने र पर्यटनको संभावना बृद्धि हुनेछ ।

### ५.१०.२ अवसर र चुनौती

अवसर- आदिवासी जनजातीको मौलिक पहिचानलाई सुरक्षित राख्ने, संस्कृति र सभ्यता जोगाउने राज्यको नीति रहेको र ईमान जमानमा पक्का आदिबासी जनजाती विकासका हरेक क्रियाकलापमा सहभागी हुन स्वतस्फूर्त रुपमा तत्पर रहने अवस्थालाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-**नया पुस्ता आधुनिक जीवनशैली प्रति आकर्षित हुदै गएकाले परम्परागत मौलिक पहिचान र सभ्यता संस्कृतिलाई यथावत रुपमा संरक्षण र विकास गर्ने कार्य चुनौतीपूर्ण छ ।

### ५.१०.३ दीर्घकालीन सोच

**आदीवासी जनजातीको पहिचान, मौलिक संस्कृतिको संरक्षण र सम्मान**

### ५.१०.४ लक्ष्य

आदिबासी जनजातीको मौलिक पहिचान संरक्षण गर्नै ।

### ५.१०.५ उद्देश्य

आदिबासी जनजातीको कला संस्कृतिको संरक्षण र विकास गर्ने ।

### ५.१०.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आदिबासी जनजातीको मौलिक पहिचान संरक्षण गर्ने | १. सिस्ने गाउपालिकामा बसोबास गर्ने आदिवासी जनजातीको प्रोफईल तयार पार्ने<br>२ संरक्षण कार्यक्रम सालबसाली संचालन गर्ने |
| २. जातीय संग्रहालय स्थापना गर्ने | १. आबिासी जनजातीका पोषाक, आभुषण, पमुख औजारहरुको संकलन गर्ने<br>२ पालिका स्तरीय संग्रहालय संचालन गर्ने |
| ३ आदिबासी जनजातीकाको आर्थिक सवलीकरण गर्ने | १ आदिवासी जनजातीको बसोवास भएको बस्तीमा आयमूलक कार्यक्रम. संचालन गर्ने |
| ४आदिवासी जनजाती सम्बन्धी अध्ययन अनुसन्धान गर्ने | १ आदिवासी जनजातीको साहित्य, कला र संस्कृति सम्बन्धी अध्ययन अनुसन्भान गर्ने |

### ५.१०.७ प्रमुख कार्यक्रम

- **आदिवासी जनजाती मौलिक पहिचान संरक्षण तथा विकास कार्यक्रम**

### ५.१०.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ / ०७९ | २०७९ / ०८० | २०८० / ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | जनजाती | संख्या | १ | १ | १ | ० | ० | १ | सिस्ने गाउँ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संग्रालय | | | | | | | | कार्यपालिकाको |
| २ | जनजाति सम्वन्धी अध्ययन अनुसन्धान | संख्या | ० | ० | १ | ० | ० | ० | कार्यालय, रुकुम पूर्व |
| ३ | सामाग्री प्रकाशन | पटक | ० | ० | १ | ० | ० | ० | |
| ४ | जनजातीको मौलिक संस्कृति संरक्षणमा लगानी | रकम | ३००००० | ५००००० | ७००००० | ९००००० | १२००००० | १५००००० | |

## ५.१०.९ अपेक्षित उपलब्धी

आदिबासी जनजाती लक्षित विभिन्न कार्यक्रमका माध्यमबट आदिबासी जनजाती समुदायको मौलिक पहिचान दिगो रुपले संरक्षित भएको हुनेछ । आदिबासी जनजातीको मौलिक भाषा, साहित्य, कला र संस्कृतिका बारेमा अध्ययन/ अनुसन्धान गरेर थप जानकारी हासिल भएको हुनेछ । आदिबासी जनजातीको बसोवास भएको क्षत्रमा पर्यटकलाई आकर्षित गरी समृदायको आर्थिक अवस्था सुदृढ भएको हुनेछ ।

## ५.११ खेलकुद

## ५.११.१ विषय प्रवेश

राष्ट्रको विकास गर्न शिक्षित, सक्षम, मेहनती, अनुशासित र समर्पित जनशक्तिको आवश्यकता पर्दछ । उल्लेखित गुण भएका नागरिक तयार गर्नमा शिक्षा र खेलकुद क्षेत्रको अहं भूमिका हुन्छ ।

अन्तराष्ट्रमा आफ्नो देशलाई चिनाउन र प्रतिष्ठा बढाउन खेलकुद अत्यन्त प्रभावकारी माध्यम हो ।

नेपालमा विद्यालय तहदेखि नै खेलकुदलाई अभिन्न बनाउने प्रयास गरिएको छ । विभिन्न रनिङ शिल्ड प्रतियोगिता आयोजना गरेर खेलकुदको विकासमा नागरिक संलग्नतालाई बृद्धि गर्ने प्रयास भै रहेको पाईन्छ ।

नेपालमा फुटवल, भलिवल लगायतका कसरती खेलकुदमा विद्यार्थी तथा युवाहरुको रुचि अत्यधिक छ । पर्याप्त भौतिक पूर्वाधार, कुशल प्रशिक्षक र खेलकुद सामग्रीका उपलब्धता सहज हुने हो भने नेपालीहरुको खेलकुद प्रवीणता राम्रो स्तरको हुने भरपुर संभावना छ ।

## ५.११.२ अवसर र चुनौती

**अवसर-**खेलकुदले शारिरीक तन्दुरुस्ती राख्न र अनुशासित जीवन यापन गर्न सघाउने कुरामा सरोकार वालाको पूर्ण विश्वास छ । खेलकुद विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सरकारी संयन्त्र खडागरिएका छन् । खेलकुद क्लवहरुको संचालनबाट पनि खेलकुदको विकासमा सघाउ पुगिरहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताले खेलाडीको सीप, आत्मविश्वास र खेल कौशल बृद्धि भैरहेको छ ।

खेलकुद पर्यटनका माध्यमबाट आर्थिक क्षेत्रलाई सवल बनाउन पनि खेलकुद एक संभाव्य क्षेत्र हो । स्थानीय स्तरबाट पनि खेलकुदको विकास गर्दै उत्कृष्ट खेलाडी तयार पार्न सकिने अवसर छ ।

**चुनौती-** खेलकुदको लागि आधुनिक पूर्वाधार, सिपालु प्रशिक्षक र उपयुक्त खेल सामग्री स्थानीय स्तरमा उपलब्ध गराउने कार्य चुनौतपूर्ण छ ।अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्ने र खेलकुदको व्यवसायीकरण गर्ने कार्य अझ चुनौतीपूर्ण छ ।

### ५.११.३ दीर्घकालीन सोच

**"खेलकुदमा युवाको सहभागिता- राष्ट्रमा विकास, अनुशासन र गतिशीलता"**

### ५.११.४ लक्ष्य

उत्कृष्ट खेलाडी तयार पार्दै खेल क्षेत्रलाई व्यवसायिक बनाउदै लैजाने र सिस्ने गाउँपालिकाको प्रतिष्ठा बढाउने ।

### ५.११.५ उद्देश्य

खेलकुद पूर्वाधारको विकास गर्दै खेलकुद क्षेत्रलाई युवाहरुको शारिरीक स्वस्थता, रोजगारी प्राप्ति र आयआर्जनको उत्तम विकल्पको रुपमा विकास गर्ने ।

### ५.११.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १-किशोरकिशोरी तथा युवाहरुलाई खेलकुदमा आकर्षित गर्ने । | १.विद्यालयमा खेलकुदलाई थप क्रियाकलापको नियमित रुपमा संचालन गर्ने ।<br>२.वडा तथा पालिका स्तरमा खेलकुल सम्बन्धी प्रशिक्षणको आयोजना गर्ने । |
| २-खेलकुद पूर्वाधार विकास गर्दै जाने । | १. प्रत्येक विद्यालयमा खेलकुद पूर्वाधार विकास गर्ने, प्रशिक्षक र सामग्री उपलब्ध गराउने ।<br>२. वडास्तरमा खेलकुद मैदान निर्माण गर्ने |
| ३- विभिन्न प्रतियोगिता आयोजना गर्दै खेलाडीको क्षमता विकास गर्ने | १.वडा कार्यालयहरुले विभिन्न प्रतियोगिता संचालन गर्ने ।<br>२.खेलकुदको व्यवसायीकरण गर्दे आयआर्जनको भरपर्दो क्षेत्रको रुपमा विकास गर्ने । |

### ५.११.७ प्रमुख कार्यक्रम

- खेलकुद विकास कार्यक्रम

### ५.११.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | खेलकुद मैदान | संख्या | २ | ३ | ४ | ५ | ६ | ८ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | खेलकुद सम्बन्धी संघ संस्था | संख्या | ० | १ | १ | २ | २ | ३ | |
| ३ | खेलाडी | संख्या | १० | १५ | २० | ३० | ४० | ५० | |

### ५.११.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकाका किशोरकिशोरी तथा युवाहरु खेलकुदमा सहभागी हुदै दक्षता हासिल गर्दै अघि बढेका हुनेछन् र प्रदेश तथा राष्ट्रिय स्तरका प्रतियोगिताहरुमा सिस्नेको चिनारी फैलाउन समर्थवान भएका हुनेछन् ।

## ५.१२. भाषा, साहित्य, कला र संस्कृति प्रवर्द्धन

### ५.१२.१ विषय प्रवेश

हाम्रो देश नेपाल भाषामा विविधता, साहित्यमा धनी, कलामा सम्पन्न र संस्कृतिमा समृद्ध छ । वहुभाषिय नेपाली समाजमा साहित्य, कला र संस्कृतिको स्वरुप पनि सप्तरङ्गी ईन्द्रेणी जस्तै वहुरङ्गले सुशाभित छ । नेपाली समाजको यो विशेषतालाई जोगाउन र जीवन्त बनाईराख्न नेपालको संविधानले भाषा तथा संस्कृतिको हकको व्यवस्था गरेको छ । उक्त संवैधानिक व्यवस्था अनुसार प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषा प्रयोग गर्ने हक सुरक्षित छ । प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउने हक छ । नेपालमा बसोबास गर्नेप्रत्येक नेपाली समुदायलाईआफ्नो भाषा, लिपि,संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक पनि संविधानले प्रत्याभूत गरेको छ ।

सिस्ने गाउँपालिका खस आर्य, दलित र आदिवासी जनजातिको बसोबास भएको पालिका हो । यहा नेपाली भाषा सवै समुदायमा वोलिने भाषा हो । तथापि यस पालिकामा मगर भाषा र संस्कृतिको छुट्टै पहिचान छ ।

भाषा, साहित्य, कला र संस्कृति परस्परमा अन्योन्याश्रित, अनुप्राणित र संपोषित विधा हुन । शिक्षादिक्षा र साधनाले यिनको परिष्कार र प्रगति हुदै जान्छ । स्थानीय सरकारको अधिकार सूचिमा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने विषय समावेश भएकाले सिस्ने गाउँपालिकाले भाषा, साहित्य, कला र संस्कृतिका संरक्षण र विकासको कार्य योजनाबद्ध रुपले गर्दै जान आवश्यक देखिन्छ ।

### ५.१२.२ अवसर र चुनौती

**अवसर-** नेपाली समाजमा जातिय पुनर्जागरण भैरहेको छ । आफ्नो भाषा, साहित्य,कला र संस्कृतिको खोजी, अभिलेखीकरण र प्रचारप्रसारका काम सम्बन्धित समुदायबाट भै रहेका छन् ।

नेपालको संविधानले प्रत्याभूत गरेको भाषा र संस्कृतिको हक र स्थानीय तहको जिम्मेवारीमा रहेको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने कार्यलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** शिक्षा,समर्पण र साधनाबाट भाषा, साहित्य, कला र संस्कृतिको निरन्तर उत्थान र प्रगति गर्न संभव हुन्छ । पश्चिमा भाषा र संस्कृतिको बढ्दो प्रभावका वीच मौलिक पहिचानलाई जोगाउने र जीवन्त बनाउने कार्य चुनौतीपूर्ण छ । साधनश्रोतको विनियोजन र कार्यान्वयनमा प्रस्तुत विषयले प्राथमिकता पाउने अवस्था सिर्जना गर्ने काममा पनि प्रशस्त चुनौती छ ।

### ५.१२.३ दीर्घकालीन सोच

**“भाषा,साहित्य,कला र संस्कृति- यिनैले थप्छन् सिस्नेको श्रीवृद्धि”**

### ५.१२.४ लक्ष्य

भाषा, साहित्य, कला र संस्कृतिको सन्तुलित विकास गर्दै सिस्नेको सभ्यतालाई समृद्ध बनाउने ।

### ५.१२.५ उद्देश्य

सिस्ने गाउँपालिकामा वोलिने सवै भाषाको संरक्षण, साहित्यको जगेर्ना, कलाको प्रबर्द्धन र संस्कृतिको विकास गर्ने ।

### ५.१२.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. स्थानीय भाषाको संरक्षण र राष्ट्रिय भाषाको प्रबर्द्धन गर्ने | १. स्थानीय भाषामा अध्ययन गर्न सक्ने विद्यालयको स्थापना गर्न अनुमति दिने<br>२. लोपोन्मुख भाषाको संरक्षण गर्ने । |
| २. साहित्य र कलाका संरक्षण र सिर्जना | १. साहित्य र कलाको प्रवर्द्धन गर्न प्रतिभा प्रोत्साहनका लागि पुरस्कार स्थापना गर्ने<br>२. साहित्य र कलाको अभिलेखीकरण गर्ने । |
| ३. संस्कृतिको संरक्षण | १. संस्कृतिको संरक्षण गर्न स्थानीय समुदायलाई पूजिगत अनुदान<br>२. सांस्कृतिक सम्पदाको स्याहार संभार तथा जिर्णोद्धार |

### ५.१२.७ प्रमुख कार्यक्रम

१. भाषा र साहित्य संबर्द्धन कार्यक्रम

२. कला र संस्कृति संरक्षण कार्यक्रम

### ५.१२.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | सांस्कृतिक संग्रालय | संख्या | ० | ० | ० | ० | ० | १ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | भाषा, साहित्य, कला र संस्कृति सम्वन्धी संस्था | संख्या | ० | ० | ० | ० | ० | १ | |
| ३ | पुरस्कार वितरण | रु.हजार | ० | १० | १५ | २० | २५ | ३० | |

### ५.१२.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकामा स्थानीय भाषाको संरक्षण भएको हुनेछ । साहित्य फस्टाएको हुनेछ । साहित्यिक कृतिहरु प्रकाशित भएका हुनेछन् । प्रतिभाहरु सम्मानित र प्रोत्साहित भएका हुनेछन् । कलाको अभिलेखीकरण भएको हुनेछ । कलाकृतिको संरक्षण र सिर्जना भएको महसुस हुनेछ । संस्कृतिमा आधारित मौलिक पहिचान अझ जीवन्त भएको हुनेछ । यी सम्पदाहरु पर्यटन प्रबर्द्धनमा आवद्धित गरी अर्थतन्त्रलाई टेवा पुराएको तथ्य स्थापित भएको हुनेछ । सिस्नेको सभ्यतामा दिव्यता थपिएको देखिनेछ ।

## ५.१३ सम्पदा संरक्षण

### ५.१३.१ विषय प्रवेश

मानिसहरुको बसोबास भएको ठाउमा मूर्त र अमूर्त सम्पदाहरुको विकास भै रहेको हुन्छ । रितिथिती, प्रथापरम्परा, मेलापर्व, पूजाआजा लगायतका कुनै भौतिक स्वरुपमा अवस्थित नहुने तरं तिथिमिति वा साईत पारेर समुदायले अनुसरण गर्ने चलनलाई अमूर्त सम्पदाको रुपमा बुझ्न सकिन्छ । अमूर्त सम्पदाको संरक्षण र सदुपयोग समुदाय स्वयंले गर्दछ । सांस्कृतिक सम्पदाको रुपमा अमूर्त सम्पदाहरु समाजमा जीवन्त भएर रहेका हुन्छन् । मूर्त सम्पदाको स्वरुप भौतिक रुपमा अवस्थित हुन्छ । मठमन्दिर, गुम्वा विहार, पाटीपौवा, सत्तल, धर्मशाला, घाट, पोखरी, दरवार, प्रतिमा, शालिक, स्तम्भ, स्मारक, मौलो, ऐतिहासिक स्थल आदि सांस्कृतिक मौलिकता झल्काउने संरचनाहरुलाई मूर्त सम्पदाको रुपमा व्याख्या गर्न सकिन्छ ।

नेपाल संस्कृति र सम्पदामा धनी देश हो । यहाको संपदा देखेर पर्यटकहरु लोभिन्छन् । सम्पदाका दृष्टिले सिस्ने गाउँपालिका पनि सम्पन्न छ । सम्पदालाई संरक्षण गर्दै पर्यटकीय आकर्षणको रुपमा उपयोग गर्न सकेमा स्थानीय अर्थतन्त्रलाई समेत सघाउ पुग्ने देखिन्छ ।

### ५.१३.२ अवसर र चुनौती

**अवसर-** संस्कार र सस्कृतिका पर्यायवाची मूर्त र अमूर्त सम्पदाको संरक्षण, प्रबर्द्धन र विकास गर्न समुदाय सव्यं प्रयत्नशील छ भने सरकाले पनि दृष्टि पुराई रहेको छ । नेपालको संविधानले राज्यले अवलम्बन गर्ने नीतिको सूचीमा सामाजिक र सांस्कृतिक रुपान्तरण सम्बन्धी नीतिलाई आत्मसात गरेको छ । जस्मा ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रबर्द्धन र विकासका लागि अध्ययन, अनुसन्धान,उत्खनन् तथा प्रचारप्रसार गर्ने समेतका नीतिहरु समाविष्ट छन् । यी प्रावधानको प्रेरणा र कर्तव्यबोधले सरकार देखि समुदायलाई घचघचाई रहन्छ । जसलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** सम्पदा संरक्षणमा लगानी गर्न साधनश्रोतको सिमितता नै प्रमुख चुनौतीको रुपमा रहेको छ ।

### ५.१३.३ दीर्घकालीन सोच

**"सम्पदा हाम्रो पहिचान- सभ्यता र समृद्धिमा योगदान"**

### ५.१३.४ लक्ष्य

सामाजिक धरोहरको रुपमा रहेका सम्पदाको संरक्षण र सदुपयोग गर्दै अर्थतन्त्रमा योगदान गर्ने ।

### ५.१३.५ उद्देश्य

मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संबर्द्धन र विकास गर्दै स्थानीय मौलिक पहिचानको जगेर्ना गर्ने र स्थानीय अर्थतन्त्रमा आवद्धित गर्ने ।

### ५.१३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सम्पदाको संरक्षण गर्ने | १. मूर्त तथा अमूर्त सम्पदाको सूचीकरण<br>२. सम्पदाको संरक्षण, जीर्णोद्धार र पुनर्निर्माण |
| २. पर्यटकीय आकर्षण बढाउने | १. सम्पदाको प्रचारप्रसार<br>२. सम्पदास्थलमा पर्यटकीय सूचना, सुरक्षा र सुविधा थप्ने |
| ३. अर्थतन्त्रमा आवद्धित गर्ने | १. पर्यटकयि आकर्षण भएका सम्पदास्थललाई टूर प्याकेजमा समावेश गर्ने<br>२. स्थानीय समुदायलाई सम्पदा र पर्यटनको सम्वन्ध वारे अभिमुखीकरण दिने |

### ५.१३.७ प्रमुख कार्यक्रम

- सम्पदा संरक्षण कार्यक्रम

### ५.१३.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | पालिकाले गर्व गर्ने सम्पादाहरु | संख्या | १० | ११ | १२ | १३ | १४ | १५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | सम्पदाहरुको संरक्षणका कार्यक्रम | संख्या | १० | १० | १० | १० | १० | १० | |
| ३ | सम्पदामा आधारीत पर्यटन पूर्वाधार निर्माण (पहचुमार्ग) | संख्या | ७ | १० | १२ | १४ | १५ | १६ | |

### ५.१३.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकामा विद्यमान मूर्त तथा अमूर्त सम्पदाको संरक्षण, संबर्द्धन र विकासको क्रम निरन्तर जारी रहेको हुनेछ । स्थानीय समुदायमा सम्पदाको महत्व र आर्थिक संभाव्यता वारे सचेतना बढेको हुनेछ । सम्पदाको सम्बन्ध पर्यटन सङ्ग जोडिई स्थानीय अर्थतन्त्र लाभान्वित भएको हुनेछ ।

# परिच्छेद - ६

# भौतिक पूर्वाधार विकास

## ६.१ सडक तथा पुल

### ६.१.१ विषय प्रवेश

सडक पूर्वाधारले प्रदान गर्ने सुविधाले मानिसको आर्थिक र सामाजिक जीवनलाई सहज बनाउदै लैजान्छ । राजधानी वा ठुलाशहर वजार देखि टाढा रहेका गाउँबस्तीहरु जव सडकले जोडिन्छन् तव त्यहाका बासिन्दामा आफु राजधानी वा ठुलाशहर सङ्ग जोडिएको महसुस हुन्छ । सडक सुविधाका कारण आधारभूत सेवा र बस्तु नियमित रुपले आपूर्ति हुन थाल्दछ । यसरी जीवन यापन सहज हुदै जादा सुविधायुक्त ठाउमा बसाईसराई गर्ने ईच्छा हराउछ र जहा बसोबास छ त्यहीको बसाई दिगो हुन्छ ।

नेपालको यातायात सुविधाको भरपर्दो र सस्तो माध्यम सडक यातायात हो । पूर्व पश्चिम फैलिएका राष्ट्रिय राजमार्गमा पूर्व- पश्चिम राजमार्ग र हुलाकी राजमार्ग तराईमा छन् । पहाडमा मध्यपहाडी लोकमार्ग पूर्वको पांचथर देखि पश्चिमको वैतडी सम्मको डिजाईन भएर निर्माण भई रहेको छ । भित्रीमधेशलाई समेटने गरी मदनभण्डारी राजमार्ग निमांर्णाधिन छ । लुम्बिनी प्रदेश सरकारले महाभारत

श्रृंखला भएर पूर्वमा पाल्पाको रामपुर देखि पश्चिममा सल्यानको कपुरकोट सम्मको सडक निर्माण आरम्भ गरेको छ । पूर्वपश्चिम फैलिएका राजमार्गमा उत्तर दक्षिणका सडकहरु निर्माण भैरहेका छन् । रुकुम पूर्व जिल्लामा मध्य पहाडी लोकमार्ग पूर्वपश्चिम भएर गएको छ । उत्तरदक्षिण तर्फ दाङको घोराही देखि रोल्पाको होलेरी- घर्तिगाउँ- थवाङ हुदै निर्माणाधिन शहिद मार्गले जोडेको छ ।

रुकुम पूर्वको सदरमुकाम रहेको सिस्ने गाउँपालिकाको वीच भएर मध्यपहाडी लोकमार्ग गएकाले यो लोकमार्ग उक्त पालिकाको लाईफलाईनको रुपमा रहेको छ । सिस्ने गाउँपालिकाको गठन भएदेखि यस पालिकाले पनि सडक निर्माणलाई पहिलो प्राथमिकतामा राखेर पालिका केन्द्रबाट वडाकेन्द्र जोड्ने र घना बस्तीहरुमा सडक पुराउने काम जारी राखेको छ ।

सडकलाई विकास सहयोगी पूर्वाधारको रुपमा व्याख्या गर्ने गरिन्छ । अर्थात सडक नपुग्दा सम्म विकासको ढोका खुल्न सक्दैन । सिस्ने गाउँपालिकाले हाल सम्म ४० किलोमिटर कच्ची सडक निर्माण गरेको छ । जम्मा ८ वडा रहेको यस पालिकामा ६ वडाका वडाकेन्द्र सम्म गाडी चल्ने सुविधा पुगेको छ ।

### ६.१.२ अवसर र चुनौती

**अवसर-** सङ्घीय ढाँचाको शासन प्रणालीमा तीनै तहका सरकारलाई विभिन्न स्तरका सडक निर्माणको जिम्मेवारी प्राप्त हुनु, तिनै तहका सरकारले सडक निर्माणलाई प्राथमिकतामा राख्नु, सडक निर्माणका लागि जनताको माग अत्यधिक हुनु, दातृ निकायहरुले पनि सडक यातायात सुदृढीकरणका लागि सहयोग प्रदान गर्नुलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** सडकको मात्रात्मक विकास हुदै गएपनि गुणात्मक रुपले सडकको स्तर सुध्रिन नसक्नु, पहाडी धरातलमा बनाईएका सडकहरुको मर्मत सम्भार महङ्गो हुनु, ग्रामीण क्षेत्रमा प्राविधिक नापनक्सा विना नै सडक निर्माण गर्ने कार्य चुनौतीको रुपमा औल्याउन सकिन्छ ।

### ६.१.३ दीर्घकालीन सोच

**"आर्थिक विकासको आधार, गाउँबस्तीमा सडक पूर्वाधार"**

### ६.१.४ लक्ष्य

पालिका भित्रका सवै बस्तीमा सुरक्षित तथा सुलभ सडक यातायात सुविधा पुराउने ।

### ६.१.५ उद्देश्य

पालिका केन्द्र देखि वडा केन्द्र र वडाकेन्द्र देखि सवै बस्तीहरुमा सडक सञ्जाल विस्तार गर्दै जाने ।

### ६.१.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सडक र पुल सङ्गै निर्माण गर्ने र सडक बने लगत्तै यातायात सञ्चालन हुने गरी | १. डि पि आर भएका सडक आयोजना छनौट गर्ने |

| | |
|---|---|
| डिजाईन गर्ने । | २. डिजाईन अनुसारको सडक निर्माण बढिमा तीन वर्षमा सम्पन्न हुने गरी बजेट विनियोजन गर्ने । |
| २. पालिका केन्द्र, वडाकेन्द्र र प्रत्येक बस्तीलाई सडक यातायात सुविधाले जोड्दै जाने । | १. पालिका केन्द्र भित्र शहरी सडक सञ्जाल निर्माण गर्ने ।<br>२. पालिका केन्द्र देखि वडाकेन्द्र जोड्ने सडक निर्माण गर्ने ।<br>३. वडाकेन्द्र देखि सवै बस्तीमा सडक विस्तार गर्दै जाने । |

### ६.१.७ प्रमुख कार्यक्रम

- शहरी सडक विस्तार कार्यक्रम
- वडाकेन्द्र र बस्ती जोड्ने सडक निर्माण कार्यक्रम
- सालवसाली सडक मर्मत सुधार कार्यक्रम

### ६.१.८ नतिजा खाँका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | पालिका भित्र कालोपत्रे सडक | कि.मी. | ० | ० | ० | १ | ० | २ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | ग्रावेल सडक | कि.मी. | ० | ० | १ | २ | २ | ५ | |
| ३ | कच्ची सडक | कि.मी | २४ | २८ | ३४ | ४० | ४५ | ५० | |
| ४ | आधा घण्टा भित्र सडक यातायात पहुंच पुगेको जनसंख्या | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० | ७५ | |
| ५ | सडक सञ्जालले जोडिएका | संख्या | ६ | ७ | ८ | ८ | ८ | ८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **वडा केन्द्रहरु** | | | | | | | | |

### ६.१.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोटले शहरी सडकको सुविधा प्रदान गरेको हुनेछ । पालिका केन्द्र देखि ८ ओटै वडाकेन्द्र सम्म सडक निर्माण भै यातायातका साधन चलेका हुनेछन् । वडा केन्द्र देखि ठुला, मझौला र साना गाउँबस्तीहरुमाक्रमश: सडक विस्तार भै स्थानीय बासिन्दाले यातायातको सुविधा प्रयोग गरेका हुनेछन् ।

## ६.२ झोलङ्गेपुल

### ६.२.१ विषय प्रवेश

हिमाली तथा पहाडी भूभागमा अग्ला पहाडका टाकुराहरुका वीचमा गहिरा नदी, गल्छी र खोच अवस्थित छन् । पहाडको भीरालो जमीनमा रहेका बस्तीका बासिन्दा अर्को बस्तीमा जानलाई दुरी घटाउने र जावत आवत सहज बनाउने उत्तम उपायको रुपमा झोलङ्गेपुल रहेको छ । नेपालको भूगोल हिमाली, पहाडी र समथर स्वरुपमा छ । बस्तीहरु हिमाल तथा पहाडका पाखापखेरामा समेत रहेका छन् । एक गाउँबाट अर्को गाउँमा पुग्न पैदल हिड्न पर्ने बाध्यता र घण्टौ समय लाग्ने यथार्थका वीचमा झोलङ्गेपुल नै सजिलो, किफायती र समय घटाउने साधन भएकाले यसको प्रयोग आवस्यक छ ।

रुकुम पूर्व जिल्ला पनि झोलङ्गेपुलको निर्माण र उपयोग भएको जिल्ला हो । यस जिल्लामा रहेका झोलङ्गेपुलको संख्या १८ रहेको छ । अहिले सम्म सिस्ने गाउँपालिकामा जम्मा १८वटा झोलङ्गेपुल संचालनमा छन् । सिस्ने गाउँपालिकाको भूवनोटले यस पालिकाका अझ धेरै स्थानमा झोलङ्गेपुल निर्माण गर्न पर्ने आवस्यकता दर्शाउछ ।

### ६.२.२ अवसर र चुनौती

**अवसर-** झोलङ्गेपुल निर्माण सरकारको प्रामिकतामा छ । तुईनले धानेको जीवनलाई झोलङ्गेपुलको सुविधाले सहजता प्रदान गर्ने सरकारी प्रतिबद्धता छ । झोलङ्गेपुल निर्माणमा वैदेशिक सहयोगप्राप्त भैरहेको छ । जनताको माग कायमै छ । झालङ्गेपुल पर्यटन व्यवसायका लागि पनि आकर्षक माध्यम हो । झोलङ्गेपुल निर्माणमा स्थानीय जनशक्तिको सीप छ ।

**चुनौती-** झोलङ्गेपुलका लागि चाहिने लठ्ठाको आपुर्ति र बजेटको उपलब्धतालाई चुनौतीको रुपमा औंल्याउन सकिन्छ ।

### ६.२.३ दिर्घकालिन सोच

**“नदीमा तुईन हटाउन, बस्ती बस्ती वीचको दुरी घटाउन**

**झोलङ्गेपुल उत्तम विकल्प - निर्माण गर्दै जाने संकल्प”**

### ६.२.४ लक्ष्य

पहाडी धरातलमा छरिएर रहेका बस्तीहरुमा बसोबास गर्ने मानिसहरुका लागि झेलङ्गेपुलका माध्यमबाट जीवन यापन सहज बनाउने ।

### ६.२.५ उद्देश्य

तत्काल सडक सुविधा पुराउन नसकिने ठाउमा झोलङ्गेपुल निर्माण गरी गाउँ गाउँ वीच र गाउँ शहरवीचको आवत जावत  सहज अवस्था बनाउने ।

### ६.२.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. यातायात सुविधा सहज बनाउने | १. सडक बनाउन तत्काल असंभव देखिएका बस्तीहरुका पदमार्गको दुरी घटाउन झोलङ्गेपुल निर्माण गर्ने । |
| २. नदी तथा खोलाका तुईन विस्थापित गर्ने । | २.नदी तथा खोलामा रहेका तुईनलाई झोलङ्गेपुलले विस्थापित गर्ने । |

### ६.२.७प्रमुख कार्यक्रम

झोलङ्गेपुल निर्माण कार्यक्रम

### ६.२.८ नतिजा खाँका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | झुलुङ्गे पुल | संख्या | ३० | ३३ | ३६ | ३९ | ४२ | ४५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | झुलुङ्गे पुलवाट लाभान्वित जनसंख्या | प्रतिशत | ६० | ६० | ६० | ६० | ६० | ६० | |

### ६.२.९ अपेक्षित उपलब्धी

सिस्ने गाउँपालिकाका विकट स्थानका बस्तीहरुलाई तत्काल सडक सुविधाले जोड्न असंभव भै झेलङ्गेपुलको निर्माण गरेर आवतजावतलाई सजिलो बनाएको स्थानीय जनताले महसुस गरेका हुनेछन् । पदयात्रा गर्दा दुरी घटेको र सामग्री ढुवानीमा लागत कम भएको हुनेछ ।

## ६.३. विद्युत

### ६.३.१ विषय प्रवेश

विद्युत सडक जस्तै विकास सहयोगी पूर्वाधार हो । विद्युत पुगेको ठाउमा विकासका परियोजनाहरु कार्यान्वयन गर्न सहज हुन्छ । सिस्ने गाउँपालिकाको सन्दर्भमा विद्युतको कुरा गर्दा पहिलो काम घरघरमा विद्युत लाईन पुराउने पर्दछ । अहिले यस पनलिकाको जम्मा ३७८४ घरधुरी मध्ये ३३००.घरमा विद्युत लाईन पुगेको छ र वत्ति बलेका छन् ।

घरलाई उज्यालो पार्ने, फ्रिज चलाउने, पानी तान्ने मोटर चलाउने, मोवाईल चार्ज गर्ने लगायतका काममा विद्युतको खपत हुने गर्दछ । चुलो वाल्न तथा फर्निचर,ससाना उद्योग लगायत ठुला उद्योग सञ्चालनका लागि विद्युतको आवस्यकता पर्ने भएकाले आधुनिक जीवन यापनमा विद्युत एक अनिवार्य सुविधा हो ।

विद्युत उत्पादनमा पनि स्थानीय सरकार संलग्न हुन सक्छ । तर जनताका घरलाई उज्यालो बनाउने काम नै पहिलो प्राथमिकता भएकाले विद्युत प्रसारण लाईन विस्तार र घरघरमा विद्युतीकरणलाई योजनामा समावेश गर्न उपचत हुन्छ । सिस्ने गाउँपालिका भित्र बग्ने नदीनालामा विद्युत उत्पादनको संभाव्यतालाई हेरी पालिकाको वित्तीय क्षमता मजवुत भएको समयमा विद्युत उत्पादनमा समेत पालिका संलग्न हुन सक्ने नै छ ।

## ६.३.२ अवसर र चुनौती

**अवसर-** आधुनिक जीवनयापनको अभिन्न साधनको रुपमा विद्युत लाई लिईन्छ । घरघरमा विजुली वत्ति बाल्ने रहर प्रत्येक घरपरिवारमा छ । सरकारले विद्युत सुविधा सवै घरपरिवारमा पुराउने लक्ष्य लिएको छ । स्वास्थ्य, शिक्षा, आर्थिक व्यवसाय सवैका लागि विद्युतको आवस्यकता पर्दछ । जनता विद्युत सेवा उपभोग गर्न आतुर छन् । सरकार विद्युत उत्पादन, प्रसारण र वितरणमा प्रतिवद्ध छ । शहरीकरणले विद्युतको माग झन बढाई रहेका छ ।

**चुनौती-** विद्युत उत्पादनका लागि ठुलो धनाराशी खर्च गर्न पर्दछ । विद्युत माग धान्न सक्ने गरी उत्पादन गर्न नसकिएको अहिले सम्मको अवस्था छ । यस स्थितिमा घरघरमा विद्युत पुराउने योजना चुनौतीपूर्ण छ ।

## ६.३.३ दीर्घकालीन सोंच

**"घरघरमा विजुली पुराउने काम सिस्नेले गर्छ ,पूजी जुटाई विद्युत उत्पादनमा आफै अघि सर्छ"**

## ६.३.४ लक्ष्य

सिस्नेका सवै घरमा विद्युत सेवा पुराई  आधुनिक जीवन यापनको अनुभूति गराउने ।

## ६.३.५ उद्येश्य

विद्युत प्रसारण लाईन विस्तार तथा वितरणका लागि आवस्यक पूर्वाधार निर्माणमा नेपाल विद्युत प्राधिकरण वा स्थानीय उत्पादक सङ्ग साझेदारी गरी सिस्ने गाउँपालिकाका सवै घरमा विद्युत सेवा पुराउने ।

## ६.३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. घरघरमा विद्युत सेवा पुराउने | १. प्रसारण लाईन विस्तार गर्ने<br>२. नेपाल विद्युत प्राधिकरण वा स्थानीय उत्पादक मार्फत विद्युत वितरणका लागि सहकार्य समन्वय गर्ने |
| २. विद्युत उत्पादनमा संलग्न हुने | १. पालिका भित्र साना जलविद्युत उत्पादनका लागि संभाव्यत्ता अध्ययन गर्ने<br>२. पूजी जुटाई जलविद्युत उत्पादनमा अघि सर्ने |

### ६.३.७ प्रमुख कार्यक्रम

- विद्युत प्रसारण लाई विस्तार कार्यक्रम
- साना जलविद्युत आयोजना संभाव्यत्ता अध्ययन

### ६.३.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | विद्युत पहुंच पुगेका जनसंख्या | प्रतिशत | ८५ | ८६ | ८७ | ८८ | ८९ | ९० | सिस्ने गाउँ कार्यपालिका को कार्यालय, रुकुम पूर्व |
| २ | विद्युत उत्पादमा लगानी | रु हजारमा | ४५० | ५५० | ६०० | ६०० | ६०० | ६०० | |

### ६.३.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाका सवै घरमा विद्युत सेवा उपलब्ध भएको हुनेछ। विद्युत सेवाको उपभोगबाट घर उज्यालो, बालबालिकाको पठनपाठन सहज, आधुनिक जीवन यापनका यन्त्रउपकरणको प्रयो गर्न सजिलो तथा ससाना घरेलु उद्योग संचालन गर्न सहयोग पुगी शिक्षा, स्वास्थ्य र आर्थिक क्रियाकलाप समेत सुधार भएको हुनेछ।

## ६.४ वैकल्पिक उर्जा

### ६.४.१ विषय प्रवेश

शौर्य उर्जा, वायो ग्यांस, वायु उर्जा, सुधारिएको चुलो, सुधारिएको घट्ट लगायतका वैकल्पिक उर्जाहरुको विकास र प्रयोगले  परम्परागत रुपमा दाउराको प्रयोगबाट खाना बनाउने, भ्कर्काबाट उज्यालोको गुजारा गर्ने लगायतका कामहरु विस्थापित हुदै गएका छन् । यसरी वैकल्पिक उर्जा प्रयोग गर्दा परिवारको स्वास्थ्यमा सकारात्मक प्रभाव र बालबालिकाको पठनपाठनमा सुधार भएको दखिएको छ ।

सिस्ने गाउँपालिकामा वैकल्पिक उर्जाको प्रयोग भएको दखिन्छ । शौर्य उर्जाको प्रयोगले घर उज्यालो भएको अवस्था छ । छरिएर रहेका बस्तीमा घरघरमा स्वच्छ उर्जा पुराउन शौर्य उर्जा सजिलो र सस्तो छ । २०७७ सम्मको तथ्यांक अनुसार सिस्ने गाउँपालिकामा शौर्य उर्जा प्रयोग गर्ने घर परिवारको संख्या २२७ रहेको छ । यसैगरी वायोग्यास प्लान्ट जडित संख्या हालसम्म छैन ।

### ६.४.२ अवसर र चुनौती

**अवसर-** स्वच्छ उर्जाको माग बढ्दै जानु र प्रविधिले त्यस्ता उर्जाको प्रयोगलाई सजिलो र सस्तो पार्दै लैजानु तथा सरकारको नीति वैकल्पिक उर्जा प्रवर्द्धनमा जोड  दिनुलाई अवसरको रुपमा औल्याउन सकिन्छ ।

**चुनौती-** वैकल्पिक उर्जाका उपकरणको सहज आपूर्ति तथा जडान एवं मर्मत सम्भार गर्ने जनशक्तिको स्थानीय स्तरमा उपलब्धता तथा सरकारी प्रोत्साहन नीति र  यथेष्ट बजेट विनियोजनलाई चुनौतीको रुपमा औल्याउन सकिन्छ ।

### ६.४.३ दीर्घकालीन सोंच

**"वैकल्पिक उर्जा उपयोगमा जोड, जीवन यापनमा ल्याउछौ नया मोड"**

### ६.४.४ लक्ष्य

सवै जनतालाई स्वच्छ उर्जा उपलब्ध गराउने ।

### ६.४.५ उद्येश्य

परम्परागत रुपले दाउराको प्रयोग गर्दे आएका घरपरिवारमा वैकल्पिक उर्जाको प्रयोग बढाएर विजुलीले वत्ति बाल्ने र वायो ग्यासले चुलो वल्ने गराउदै आधुनिक जीवन यापनको अनुभूति गराउदै ।

### ६.४.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १.जलविद्युत सेवा दिन नसक्दा सम्म शौर्य उर्जा प्रयोग गर्ने प्रोत्साहन गर्ने | १. आगामी १०  वर्ष सम्म जलविद्युत सेवा पुराउन कठिन गाउँमा शौर्य उर्जा प्रयोग गर्न अनुदान दिने |
| २.वायो ग्यासको प्रयोग बढाई दाउराको खपत घटाउदै जाने | २. पशुपालन गर्ने घरमा वायोग्यास प्लान्ट जडान गर्न अनुदान दिने । |

### ६.४.७ प्रमुख कार्यक्रम

- वैकल्पिक उर्जा प्रबर्द्धन कार्यक्रम

### ६.४.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | सौर्य उर्जा प्रयोग गर्ने घरपरिवार संख्या | प्रतिशत | ६०० | ६०० | ६०० | ६०० | ६०० | ६०० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | वायो ग्यास पलान्ट जडान | संख्या | ० | ० | ० | ० | ० | ० | |
| ३ | सुधारीएको घट्ट | संख्या | ५ | ७ | ८ | ९ | १० | १२ | |
| ४ | सुधारीएको चुलो | संख्या | ६०० | ६५० | ७०० | ७५० | ८०० | ८५० | |

### ६.४.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाका सबै घर परिवार- जहा तत्काल जलविद्युत सेवा पुराउन संभव छैन ती स्थानहरुमा शौर्य उर्जाको प्रयोगबाट वत्ति बलेका हुनेछन् । वायो ग्यासको प्रयोगबाट वनपैदावार दाउराको खपत घटेको हुनेछ । स्वच्छ उर्जाको प्रयोगले स्वास्थ्यमा सुधार तथा बालबालिकाको पठनपाठनमा सुविधा पुगेको हुनेछ ।

## ६.५ सिंचाई तथा नदी नियन्त्रण

### ६.५.१ विषय प्रवेश

सिंचाई उत्पादन सहयोगी पूर्वाधार हो । कृषि उत्पादन र उत्पादकत्व बृद्धिमा सिंचाईको महत्वपूर्ण भूमिका हुन्छ । मानिसका लागि जस्तै वोट विरुवाका निमित्त पनि प्राण शक्ति, उर्जाशक्ति र उपचारका निमित्त औषधीको आवस्यकता पर्दछ । सिंचाई अर्थात पानी वाली विरुवाका निमित्त प्राण शक्ति हो । यस्को अभावमा वाली विरुवाले उत्पादन दिन सक्दैन ।

सिस्ने गाउँपालिकाको कूल खेतियोग्य जमिन ४३२८ हेक्टर छ । उक्त खेतियोग्य जमिन मध्ये हाल सम्म १२९८ हेक्टरमा मात्र सिंचाई सुविधा उपलब्ध छ । श्रोतले धानेसम्म वढिभन्दा वढि खेतियोग्य जमीनमा सिंचाई सुविधा पुराएर कृषि उत्पादन बढाउन आवस्यक छ ।

### ६.५.२ अवसर र चुनौती

**अवसर-** जलश्रोतको उपलब्धताको दृष्टिले सिस्ने गाउँपालिका धनी छ । सतह र लिफ्ट सिंचाईका लागि संभावना प्रशस्त छ । कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिले जीवन निर्वाह, व्यवसाय विस्तार र धन आर्जन समेतलाई टेवा पुराउने विज्ञान सम्मत र अनुभव सिद्ध कुरा हो । कृषकहरुको सिंचाई सुविधाको माग हुनु र सरकारले कृषिलाई दिगो आर्थिक विकासको मेरुदण्डको रुपमा ग्रहण गर्नु लाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-** सिस्ने गाउँपालिका जस्तो पहाडी भूधरातल भएको क्षेत्रमा सतह सिंचाई र लिफ्ट सिंचाईको पूर्वाधार विकास गर्न वित्तीय तथा प्राविधिक क्षमताको व्यवस्था गर्नु तथा सम्पन्न भएका आयोजनाको भरपुर लाभ उठाउने कार्यमा कृषकहरुको सक्रियता कायम भै रहनुलाई चुनौतीको रुपमा औल्याउन सकिन्छ ।

### ६.५.३ दीर्घकालीन सोंच

खेतवारीमा प्रचुर सिंचाई सुविधा, कृषि उत्पादनमा सधै अधिकता

### ६.५.४ लक्ष्य

सिंचाई सुविधाको भरपर्दो व्यवस्थाबाट  कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

### ६.५.५ उद्येश्य

खेतियोग्य जमिनमा बाह्रै महिना सिंचाई सुविधा पुराई खेती प्रणालीलाई सघन पार्ने र उत्पादन तथा उत्पादकत्व बृद्धि गर्ने ।

### ६.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. दिगो सिंचाई सुविधा विस्तार गर्ने | १. संभाव्य सिंचाई आयोजनाको पहिचान गर्ने<br>२. प्रविधि सापेक्ष आयोजना छनोट गर्ने र कार्यान्वयन गर्ने<br>३. संपन्न आयोजनाको भरपुर लाभ उठाउन उपभोक्तलाई प्रशिक्षण र प्रोत्साहन गर्ने । |

### ६.५.७ प्रमुख कार्यक्रम

- सिंचाई विस्तार कार्यक्रम

### ६.५.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | बाह्रै | हे. | ११३ | १२० | १२५ | १३० | १३५ | १४० | सिस्ने गाउँ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिना सिंचाई उपलव्ध कृषिभूमी | | | | | | | | कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | सिंचाई नहर निर्माण | कि.मी. | ८ | १० | १२ | १४ | १६ | १८ | |
| ३ | तटवन्द निर्माण | कि.मी. | १.५ | २ | २.२ | २.४ | २.६ | ३ | |

### ६.५.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाको खेतियोग्य जमिनमा सिंचाई सुविधा विस्तार भई कृषि उत्पादन र उत्पादकत्व बृद्धि भएको हुनेछ । कृषकको कृषिबाट आम्दानी बढेको हुनेछ ।

## ६.५ सूचना तथा सञ्चार प्रविधि पूर्वाधार

### ६.५.१ विषय प्रवेश

सिस्ने गाउँपालिकाको गाउँकार्यपालिकाको कार्यालय, विषयगत शाखाहरु तथा वडा कार्यालयलाई सूचना तथा सञ्चार प्रविधिले सुसज्जित गरी जनतालाई छिटोछरितो सेवा पुराउने दिशामा पालिकाको वेव साईट संचालन, आंशिक रुपमा ईमेलबाट पत्राचार, केही सेवाहरु अनलाईनबाट प्रदान गर्ने जस्ता प्रारम्भिक कार्यहरु पालिकामा भै रहेका छन् ।

कार्यालयहरुलाई सूचना तथा सञ्चार प्रविधिले स्मार्ट वनाएर पेपरलेस बनाउदै जाने दिशातर्फ अग्रसर हुन समयले घचघचाई रहेको छ । नेपाल सरकारले घोषणा गरेको डिजिटल नेपाल अभियानले पनि स्थानीय सरकारलाई सूचना तथा सञ्चार प्रविधिको भरपुर उपयोगमा लाग्न अभिप्रेरित गरिरहेको छ ।

### ६.५.२ अवसर र चुनौती

**अवसर-** जनतामा समयको महत्व बोध बढिरहेको छ । सूचना तथा सञ्चार प्रविधिमात्र यस्तो साधन हो जस्ले हरेक काममा समय जोगाउछ र लागत घटाउछ । त्यसैले अनलाईन सेवाका माध्यमबाट सेवा प्रदान गर्ने र प्राप्त गर्ने काम सरकारी निकायबाट प्रारम्भ भै सकेका छन् । सिस्ने गाउँपालिकाले पनि सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गरेर विद्युतीय सुशासन प्रदान गर्न तत्पर रहनुलाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-** सूचना तथा सञ्चार प्रविधिका उपकरणहरुको प्राप्ति, जडान, प्रयोग र मर्मत सम्भारका कामका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति र प्रविधि साक्षर सेवाग्राहीको अवस्था सिर्जना गर्नु नै प्रमुख चुनौती हो ।

### ६.५.३ दीर्घकालीन सोंच

**“समुन्नत सेवा प्रदान गर्ने आधुनिक आधार-सूचना तथा सञ्चार प्रविधिको भरपर्दो पूर्वाधार”**

### ६.५.४ लक्ष्य

सिस्ने गाउँपालिकाबाट स्तरीय सेवा प्रदान गरी जनतालाई सन्तुष्ट पार्ने ।

### ६.५.५ उद्येश्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरेर विद्युतीय सुशासनका माध्यमबाट जनतालाई छिटोछरितो, सुलभ र स्तरीय सेवा प्रदान गर्ने ।

### ६.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास गर्ने | १. सिस्ने गाउँपालिका अन्तर्गका सवै कार्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास गर्ने<br>२.सवै कार्यालयमा चौविसै घण्टा ईन्टरनेट कनेक्सन सुविधा बहाल रहने व्यवस्था गर्ने |
| २. प्रविधिमैत्री दक्ष जनशक्ति तयार पार्ने | १. कार्यालयका जनशक्तिलाई प्रविधिमैत्री बनाउने<br>२. प्रविधिको सहायताले जनतालाई शीघ्र, सुलभ र सहज रुपमा सेवा प्रदान गर्ने |

### ६.५.७ प्रमुख कार्यक्रम

- सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास तथा विद्युतीय सुशासन प्रबर्द्धन कार्यक्रम

### ६.५.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | पालिका भित्र एफ.एम स्थापना | संख्या | २ | २ | २ | २ | २ | २ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | इन्टरनेट सुविधा प्रदायक संस्था | संख्या | ४ | ४ | ४ | ५ | ५ | ६ | |
| ३ | कार्यपालिकाको कार्यालय विषयगत कार्यालय र वडा कार्यालयमा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | **इन्टरनेट प्रयोग गर्ने जनशक्ति** | | | | | | | | |

### ६.५.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाका सवै सरकारी निकायहरुमा सूचना तथा सञ्चार प्रविधि जडित भै स्थानीय जनताको प्रविधि साक्षरता स्तरको पनि बृद्धि गर्दै स्थानीय सरकारले प्रदान गर्ने सेवाहरु मध्ये केही सेवा अनलाईन मार्फत प्रदान गरेको हुनेछ । साथै नागरिकले पालिकाबाट पाउन चाहेको सूचना वैवसाईटबाट पाउन थालेका हुनेछन् ।

## ६.६ शहरी विकास

### ६.६.१ विषय प्रवेश

हाम्रो देशमा गाउँ र शहरमा जनताको बसोबास छ । शहरमा दैनिक जीवन यापनका सहयोगी पूर्वाधारहरु उपलब्ध भएका कारण मानिसहरुले आफ्नो सामर्थ्यले भ्याय सम्म शहर रोज्ने गर्दछन् । सुरक्षित सडक, यातायातको राम्रो प्रबन्ध, विद्युत सेवाको उपलब्धता, दूर सञ्चार सेवा, खानेपानीको सुविधा, किनमेलका लागि बजार, उपचारका लागि अस्पताल, पठनपाठनका लागि विद्यालय तथा महाविद्यालय लगायतका सुविधा शहरमा उपलब्ध हुने भएकाले मानिसहरु शहरी जीवन जीउन लालयित हुने गर्दछन् ।

सिस्ने गाउँपालिकाको केन्द्र रुकुमकोट रुकुम पूर्व जिल्लाको सदरमुकाम समेत हो । त्यसैले रुकुमकोटले छोटो समयमै शहरी स्वरुप ग्रहण गर्दै जाने निस्चित छ । रुकुमकोटका साथै वडाकेन्द्रहरु र मध्यपहाडी लोकमार्गका आसपासमा बजारकेन्द्रको रुपमा विकास भै रहेका बस्तीहरु पनि भविष्यमा शहर बन्न सक्ने समेतलाई ध्यानमा राखी व्यवस्थित, आधुनिक सुविधायुक्त, पहिचान युक्त र सुन्दर शहर बनाउने सोंचाका साथ अघि बढ्न आवस्यक छ ।

### ६.६.२ अवसर र चुनौती

**अवसर-** सिस्ने गाउँपालिकाले नमूना शहरको रुपमा रुकुमकोटलाई विकास गर्ने उद्धेश्यका साथ रुकुमकोटको शहरी विकास गुरुयोजना तयार पारेको छ । रुकुमकोट रुकुमपूर्व जिल्लाको सदरमुकाम हो । रुकुमकोट मध्यपहाडी लोकमार्गमा अवस्थित गाउँ भएकाले यस बस्तीलाई आधुनिक शहरमा विकास गर्ने नेपाल सरकारको समेत योजना छ ।

मानिसले सडक, विद्युत, सञ्चार, खानेपानी, किनमेल, उपचार, पठनपाठन लगायतका सुविधा एकै ठाउमा उपलब्ध भएको स्थानमा बसोवास गर्न रुचाउने भएकाले त्यस्ता सुविधायुक्त शहरको विकास गर्दै जाने सरकारको नीति र योजना रहनुलाई अवसरको रुपमा व्याख्या गर्न सकिन्छ ।

**चुनौती-** व्यवस्थित, आधुनिक सुविधा सम्पन्न, सुन्दर, सफा र हराभरा शहर निर्माणका निमित्त सामुहिक सोंच, सहभागिता र लगानीको आवस्यकता पर्ने भएकाले त्यस निमित्त सरोकारवाल वीच लय र ताल मिलाउनु चुनौती छ ।

### ६.६.३ दीर्घकालीन सोंच

**"ठुलो शहर रुकुमकोट साना शहर अरु ठाउ, आधुनिक सुविधाले सवै शहर सजाउँ"**

### ६.६.४ लक्ष्य

रुकुमकोट (वडा नं ५ र ६ ) लाई आधुनिक सहरको रुपमा र अन्य सवै वडाकेन्द्र लाई क्रमश साना चिटिक्क परेका शहरको स्वरुपमा विकास गर्ने ।

### ६.६.५ उद्येश्य

रुकुमकोटलाई आधुनिक शहरको रुपमा विकास गर्न शहरी पूर्वाधार विकास गर्दै जाने र सिस्ने गाउँपालिकाका सवै वडाकेन्द्रलाई साना शहरी स्वरुपमा विकास गर्न क्रमश: शहरी पूर्वाधार विकास गर्दै जाने ।

### ६.६.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. रुकुमकोटलाई ठुला शहर र वडाकेन्द्र लाई साना शहरको रुपमा विकास गर्ने | १.रुकुमकोटको भूभागलाई आवास तथा भवन प्रयोजनार्थ (क) मुख्य शहरी क्षेत्र वा बजार क्षेत्र, (ख) शहरी आवास क्षेत्र (ग)शहरी ग्रामीण आवास क्षेत्र (घ) शहर उन्मुख ग्रामीण आवास क्षेत्र र (ङ) ग्रामीण आवास क्षेत्रको रुपमा वर्गीकरण गर्ने ।<br>२. शहरमा कृषि क्षेत्र, आद्योगिक क्षेत्र, बसपार्क क्षेत्र, पर्यटकीय क्षेत्र, प्रस्तावित एअर पोर्ट, विद्युत स्टेशन, जंगल क्षेत्र, पार्क क्षेत्र, सिनेमा हल, खेलकुद मैदान, बृद्धाश्राम, वाल उद्यान, सेफ हाउस, सार्वजनिक शौचालय, संघसंस्था, बैंक, सरकारी कार्यालय, शैक्षिक क्षेत्र, ढल निकास तथा फोहरमैला व्यवस्थापन केन्द्र, खुल्ला ठाउँ, पुस्तकालय, व्यायामशाला, सांस्कृतिक स्थल रहने स्थान तोक्ने । |
| २. शहरी पूर्वाधार विकासको काम पालिकाले गर्ने | १.रुकुमकोटलाई ठुलो शहर र वडाकेन्द्र लाई साना शहरको रुपमा विकास गर्ने लक्ष्य रहेता पनि शहरको स्वरुप ग्रामीण र शहरी |

| | |
|---|---|
| | विशेषतायुक्त हुने भएकाले शहरी पूर्वाधारहरु निर्माण गर्दा सडक, विद्युत, सञ्चार, खानेपानी, सिंचाई आधारभूत रुपमा र आर्थिक क्रियाकलापलाई सघाउने थप पूर्वाधारहरु विस्तृत परियोजना प्रतिवेदन बनाई तदनुरुप पालिकाले विकास गर्दै जाने । |
| ३. नक्सा पास गराएर मात्र भवन निर्माण गर्ने | १ शहरमा निर्माण गरिने सरकारी, निजी र सामुदायिक भवनहरु नक्सा पास गराएर मात्र निर्माण गर्ने नीति अवलम्बन गर्ने ।. |

## ६.६.७ प्रमुख कार्यक्रम

- रुकुमकोट शहर पूर्वाधार विकास कार्यक्रम
- वडाकेन्द्र साना शहर विकास कार्यक्रम

## ६.६.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | शहरी क्षेत्रमा बसोवास गर्ने जनसंख्या | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४० | ४५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | सरकारी भवन | संख्या | २५ | ३० | ३२ | ३५ | ३७ | ४० | |
| ३ | सभाहल | संख्या | १ | २ | ४ | .६ | ८ | १० | |
| ४ | शहरी सडक | कि.मी. | ७ | ८ | ९ | १० | ११ | १२ | |
| ५ | पार्क निर्माण | संख्या | ० | २ | ३ | ४ | ५ | ६ | |

## ६.६.९ अपेक्षित उपलब्धि

रुकुमकोटमा कुन स्थानमा कुन प्रयोजनका लागि जमिनको प्रयोग हुने भनी एकिन गरिएको हुनेछ र तदनुरुपका स्थानमा शहरी पूर्वाधार विकासका काम हुदै गएको हुनेछ । भवनहरु नक्सा पास गराएर निर्माण गरिएका हुनेछन् । साना ग्रामीण शहरको रुपमा विकास गर्ने लक्ष्य भएका वडाकेन्द्रहरुमा पनि शहरी पूर्वाधार विकास हुदै गएको देखिने छ ।

## ६.७. ग्रामीण बस्ती विकास

### ६.७.१ विषय प्रवेश

रुकुम पूर्व जिल्लामा  गाउँपालिकामात्र छन् ।  नगरपालिका बन्ने अवस्था भविष्यमा मात्र संभव होला । त्यसैले सिस्ने गाउँपालिकाले ग्रामीण बस्ती विकास लाई लक्ष्य बनाउनु पर्दछ । हिमाली तथा पहाडी धरातलले गर्दा परम्परागत रुपमा बस्तीहरु छरिएर रहेका छन् । यसरी छरिएर रहेका बस्तीहरुमा सडक, विद्युत, सञ्चार, खानेपानी तथा सिञ्चाई पूर्वाधार निर्माण गरेर ग्रामीण जनताको जीवन यापन सहज बनाउन योजनाबद्ध बस्ती विकास गर्न आवस्यक देखिन्छ ।

### ६.७.२ अवसर र चुनौती

**अवसर-** नेपालको संविधानले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने कुरा प्रत्याभूत गरेको छ । नेपाल सरकारले विपन्न समुदायलाई लक्षित गरी जनता आवास योजना संचालन गरिरहेको छ । स्थानीय सरकारले आफ्नो क्षेत्र भित्र सुरक्षित आवास, सडक, विद्युत, खानेपानी,सञ्चार, सिंचाई जस्ता आधारभूत सुविधा पुराउने जिम्मेवारी बहन गरीरहेको छ । जनताको अपेक्षा पनि यही छ । यसलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** छरिएर रहेका बस्तीलाई बस्ती विकासको ढांचामा ल्याउन सम्बन्धित वासिन्दाको सामाजिक, सांस्कृतिक तथा भावनात्मक कारणले अत्यन्त जटिल विषय हो । साथै ग्रामीण विकासका लागि चाहिने ठुलो धनराशी जुटाउने कार्य पनि आफैमा ठुलो चुनौती हो ।

### ६.७.३ दीर्घकालीन सोंच

**“ग्रामीण बस्ती विकास याजेनाबद्ध- पूर्वाधार विकास क्रमबद्ध”**

### ६.७.४ लक्ष्य

ग्रामीण बस्तीलाई सुविधायुक्त र सुन्दर बनाउने ।

### ६.७.५ उद्येश्य

ग्रामीण बस्ती विकासलाई योजनामा समावेश गरेर ग्रामीण क्षेत्रमा आधारभूत पूर्वाधार विकासका काम गर्दै जाने र बसोवासका लागि सुविधायुक्त बनाउने ।

### ६.७.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. छरिएका बस्तीलाई एकीकृत गर्दे जाने । | १.छरिएर रहेका बस्तीलाई एकीकरण गर्न प्रोत्साहन प्याकेज ल्याउने |
| २.सुरक्षित आवासको व्यवस्था गर्ने । | १. सुरक्षित छानाका लागि अनुदान दिने । |
| ३.ग्रामीण बस्तीमा आधारभूत पूर्वाधार विकास गर्दे जाने । | १.ग्रामीण बस्तीमा सडक, विद्युत, खानेपानी, संचार, सिंचाई, स्वास्थ्य, शिक्षाका आधारभूत संरचना निर्माण गर्दै जाने । |

### ६.७.७ प्रमुख कार्यक्रम

- ग्रामीण बस्ती विकास कार्यक्रम

### ६.७.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | सामुदायिक भवन | संख्या | ५ | ६ | ७ | ८ | ८ | ८ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | यातायात सुविधावाट जोडिएका वस्तीहरु | प्रतिशत | ७० | ७३ | ७८ | ८० | ८२ | ८५ | |
| ३ | विद्युतले जोडिएका वस्तीहरु | प्रतिशत | ८५ | ८७ | ९० | ९२ | ९५ | १०० | |

### ६.७.९ अपेक्षित उपलब्धि

ग्रामीण बस्तीका स्वरुपहरु एकीकृत भएका हुनेछन् । घरहरुका छाना सुरक्षित भएका हुनेछन् अर्थात फुसका छाना रहित घरहरु देखिने छन् । यातायातले बस्तीले जोडिएका हुनेछन् । विद्युतले घर जोडिएका छन् । घरघरमा  धाराबाट खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । संचारले व्यक्ति जोडिएको हुनेछ । बस्तीमै स्वास्थ्य सुविधा र आधारभूत विद्यालयको सुविधा उपलब्ध भएको हुनेछ ।

## परिच्छेद - ७

## वन, वातावरण तथा विपद व्यवस्थापन

### ७.१ वन

### ७.१.१ विषय प्रवेश

हरियो वनले मानिसको प्राण वायु अक्सिजन प्रदान गर्दछ । वनक्षेत्रले जनताको लागि दैनिक आवस्यकताका उर्जा, निर्माण सामग्री, पशु आहरा प्रदान गर्दछ । वातावरण सन्तुलन बनाई राख्न बन क्षेत्रको भूमिका अग्रणी रहन्छ ।

लुम्बिनी प्रदेशको ५० प्रतिशत भन्दा वढी भूभाग वन क्षेत्रले ढाकेको छ । प्रदेशको औषत भन्दा वढी रुकुम पूर्व जिल्लाको वनक्षेत्रले ढाकेको भूभाग छ । सिस्ने गाउँपालिमा वनक्षेत्रले ढाकेको भूभाग ५८ प्रतिशत छ ।

मानिसको प्राण धान्न, गुजारा चलाउन र अर्थोपार्जनका लागि समेत वन नभैनहुने प्राकृतिक सम्पदा भएकाले वनको संरक्षण, हरियाली प्रबर्द्धन र सदुपयोग गर्न अनिवार्य छ । दिगो विकासको लागि वातावरण सन्तुलन पहिलो शर्तको रुपमा रहेको छ। दिगो विकास लक्ष्य १५ ले वनको दिगो व्यवस्थापन गर्ने र वन विनास रोक्ने लक्ष्य राखेको छ ।

### ७.१.२ अवसर र चुनौती

**अवसर-** नेपालको संविधानले राज्यले अवलम्वन गर्ने नीति अन्तर्गत प्राकृतिक साधन श्रोतको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीतिमा राष्ट्रिय हित अनुकूल तथा अन्तरपुस्ता समन्यायको मान्यतालाई आत्मसात गर्दै देशमा उपलब्ध प्राकृतिक श्रोत साधनको संरक्षण, संवर्धन र वातावरण अनुकूल दिगो रुपमा उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने उल्लेख छ । यसैगरी नीतिको अर्को वुदामा वातावरण सन्तुलनका लागि आवस्यक भूभागमा वन क्षेत्र कायम राख्ने उल्लेख छ ।

संविधानले मार्गनिर्देश गरे अनुसार वन क्षेत्रको संरक्षण, संवर्धन र उपयोग गर्नु राज्यको कर्तव्य भएको छ । सामुदायिक वनको अवधारणा अनुरुप वन क्षेत्रको संरक्षण, संवर्धन र उपयोगमा जनताको चेतना बढेको, वनजन्य पैदावार तथा वनमा पाईने जडिवुटीले अर्थोपार्जनमा समेत टेवा पुराई रहेको र जहा हरियो वन त्यही स्वच्छ वातावरणको मर्म समुदाय स्तरमा समेत राम्रो सङ्ग आत्मसात भएकाले वन जोगाउने सन्दर्भमा उल्लेखित संविधानको मार्गदर्शन तथा राज्यको कर्तव्य र जनताको सहभागितालाई अवसरको रुपमा औल्याउन सकिन्छ ।

**चुनौती-** वन सम्बन्धी कानूनको परिपालना, प्राकृतिक श्रोतमा स्थानीय समुदायको न्यायोचित पहुच तथा वन र वातावरण वीचको अन्तरसम्बन्ध तथा अन्तरपुस्ता समन्याय वारे जनसाधारणमा स्पष्ट ज्ञान र तदनुकुल भूमिका निर्वाह गर्ने कार्यहरु चुनौतीको रुपमा रहेका छन् ।

### ७.१.३ दीर्घकालीन सोंच

**“वन क्षेत्रको दिगो व्यवस्थापन-वातावरण सन्तुलन र आयआर्जन”**

### ७.१.४ लक्ष्य

वन क्षेत्रको दिगो व्यवस्थापन द्वारा जैविक विविधता, वातावरण  सन्तुलन र जलाधारलाई जोगाई राख्ने र  पर्यापर्टन तथा  वनजन्य पैदावारमा आधारित उद्यमशलिता मार्फत अर्थतन्त्रमा सहयोग पुराउने ।

### ७.१.५ उद्येश्य

वन, जैविक विविधता र जलाधारको संरक्षण, संवर्धन गर्ने तथा वनजन्य उत्पादनमा आधारित उद्योग एवं पर्यापर्यटन मार्फत स्थानीय स्तरमा रोजगारी र आर्यआर्जनका अवसरहरु वृद्धि गर्ने ।

### ५.१.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १ जनताको सहभागितामा वन क्षेत्रको संरक्षण र प्रतिफलको न्यायोचित वितरण | १. वनक्षेत्रको संरक्षणमा स्थानीय जनताको सहभागिता र न्यायोचित रुपले प्रतिफल पाउने सुनिस्चितताका लागि संघ र प्रदेशको सहयोगी हुने गरी स्थानीय नीति र कानून निर्माण ।<br>२. स्थानीय जनतालाई वन क्षेत्रको संरक्षणबाट वातावरण, जैविक विविधता र जलाधार जोगाउन पुग्ने सहयोग बारे निरन्तर सचेतना गराई रहने । |
| २. अन्तरपुस्ता समन्याय हुने गरी वनक्षेत्रको दिगो व्यवस्थापन | १. दिगो विकासको योजना बनाउने र कार्यान्वयन गर्ने सीप स्थानीय जनतालाई सिकाउने ।<br>२.घरवारीका ढिक काल्ना र खाली जमिनमा विरुवा लगाउन प्रोत्साहित गर्ने । |
| ३. वनजन्य उत्पादनमा आधारित उद्यमशीलता प्रवर्द्धन | १. पर्यापर्यटनका पूर्वाधार विकास गर्दै जाने ।<br>२. वनजन्य पैदावारमा आधारित उद्योग संचालन गर्न अभिप्रेरित गर्ने । |

### ७.१.७ प्रमुख कार्यक्रम

- वन क्षेत्र संरक्षण कार्यक्रम
- पर्यापर्यटन विकास कार्यक्रम

### ७.१.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | वृक्षा रोपण | हे. | ३ | ३.५ | ४ | ४.५ | ५ | ५.५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | वनस्पती उद्यान | संख्या | ० | ० | १ | ० | ० | ० | |
| ३ | वन नर्सरी | संख्या | ५ | ७ | १० | १२ | १५ | १७ | |
| ४ | वन उपभोक्ता समुहहरु | संख्या | ६७ | ७० | ७२ | ७५ | ७७ | ८० | |

### ७.१.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकामा वनले ठाकेको क्षेत्र ५८ प्रतिशत कायम रहेको हुनेछ । जैविक विविधता र जलाधार जोगिएको हुनेछ । पर्यापर्यटन प्रति जनताको रुचि बढेका हुनेछ । वनजन्य उद्योगहरु बढेका हुनेछन् । वनक्षेत्रले स्थानीय स्तरमा रोजगारी र आयआर्जनको अवसर बृद्धि गरेको हुनेछ ।

## ७.२ वातावरण

### ७.२.१ विषय प्रवेश

वातावरण विकासको नया आयाम हो । प्रकृतिका उपहार जमिन, हावा, पानी, प्रकाश, र आकाशका वीचमा सृष्टिकाल देखि कायम रहदै आएको सन्तुलनलाई हामी वातावरण भन्ने गर्दछौ । सन् १९८० को दशक सम्म वातावरण वारे खासै ध्यान जादैनथ्यो । तर एक वैज्ञानिक अध्ययनले वातावरण खलवलिन थालेको तथ्य औल्यायो र विकासमा वातावरणको पक्षलाई ख्याल नगर्ने हो भने मानव सिर्जित कारणले वातावरण विनास हुने र मानव जाति गम्भीर सङ्कटमा पर्ने भनेर विश्वको ध्याकर्षण गरायो ।

उल्लेखित पञ्चतत्व जमिन, हावा, पानी, प्रकाश, र आकाशका वीच सन्तुलन कायम राख्न वनको योगदान अतुलनीय रहेको छ । वातावरण विगार्ने प्रमुख कारकको रुपमा उद्योगबाट उत्सर्जन हुने रसायन तथा विषालु ग्यास र फोहरमैलाको यत्रतत्र फाल्ने रहेका छन् । वातावरण असन्तुलनका कारण हावा, पानी र प्रकाशको गुणहरु परिवर्तन हुन थालेका छन् । पृथ्वीको तापक्रम वढ्न थालेकाले हिउ पग्लने र समुन्द्रको सतह बढ्ने लक्षण देखिन थालेका छन् । जलवायु परिवर्तका संकेतहरु विश्वले व्यहोर्न थालेको छ । यसरी वातावरण  सीमा रहित विषय भएको छ । विश्वको सामुहिक प्रयासबाट मात्र यसलाई संवोधन गर्न सकिन्छ भन्नेमा विश्वको मतैक्यता छ ।

नेपाल वातावरण सन्तुलन जोगाई राख्न सक्ने अवस्थामा छ । मौजुदा वन क्षेत्रलाई कायमै राख्ने, शहरी फोहरमैलाको वैज्ञानिक तरिकाले विसर्जन गर्ने र औद्योगिक प्रदुषणलाई फैलन नदिने हो भने वातावरण जोगाउन नेपालले योगदान गर्न सक्छ । यही पृष्टभूमिमा वातावरणको विषय विकासमा संवोधन गर्न उचित हुन्छ ।

### ७.२.२ अवसर र चुनौती

**अवसर-** नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा वाच्न पाउने हक प्रत्याभूत गरेको छ । संविधानले वातावरण सन्तुलन जोगाई राख्न राज्य सचेत रहनु पर्ने मर्म उक्त हकमा अन्तर्निहित छ । वातावरण मैत्री शासन प्रकृया र जलवायु परिवर्तन अनुकूलन प्रति बढेको चासो र सरकारी कार्यक्रम तथा परियोजनाले नागरिक तहमा समेत सचेतना बढेको छ । यिनै कारणहरुले गर्दा वातावरण मैत्री विकासमा जोड दिन थालिएको छ । सिस्ने गाउँपालिका वातावरणको विषयमा सचेत छ । वातावरण विगार्ने कारकहरुको व्यवस्थापनमा सजग छ ।  यिनै सन्दर्भलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** वनको विनास, फोहरमैलाको जथाभावी विसर्जन र नदीजन्य पदार्थको अत्यधिक दोहण जस्ता कार्यहरुमा नियन्त्रण र नियमन गर्ने विषय चुनौतीको रुपमा देखापरिरहेको छ । विकासमा वातावरणको पक्षलाई पूर्ण रुपले संवोधन गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

### ७.२.३ दीर्घकालीन सोंच

**"स्वच्छ वातावरण, स्वस्थ जीवन"**

### ७.२.४ लक्ष्य

वतावरण जोगाउदै जनतालाई स्वच्छ र स्वस्थ वातावरणमा वांच्न पाउने अवस्थामा योगदान पुराउने ।

### ७.२.५ उद्येश्य

वातावरणमैत्री शासन अवलम्बन गर्दे वातावरण संरक्षणमा सहयोग पुराउने ।

### ५.१३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. विकासमा वातावरण पक्षलाई संवोधन गर्ने | १. वन, जैविकविविधता र जलाधारको विनास हुनबाट जोगाउने नीति र कानून ल्याउने<br>२. भौतिक पूर्वाधार विकासका काममा वातावरण पक्षलाई संवोधन गर्दै जाने |
| २. जलवायु परिवर्तन अनुकूलनको ज्ञान नागरिक तहमा पुराउने | १. जलवायु परिवर्तन अनुकूलनको ज्ञान वारे संचार माध्यमबाट नियमित रुपमा प्रचार प्रसार गर्ने<br>२. लक्षित समुहलाई जलवायु परिवर्तन अनुकूलनको ज्ञान सिकाउने र प्रयोग गर्न लगाउने |
| ३. फोहरमैला विसर्जनमा सावधानी अपनाउने | १. शहरी क्षेत्रमा फोहरमैला विसर्जनको तरिका, समय र स्थान तोक्ने<br>२. फोहरमैला विसर्जन स्थलमा आवस्यक पूर्वाधार विकास गर्ने |

### ७.२.७ प्रमुख कार्यक्रम

- वतावरणमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम
- जलवायु परिवर्तन अनुकूलन सम्बन्धी ज्ञान स्थानीयकरण कार्यक्रम
- फोहरमैला व्यवस्थापन पूर्वाधार विकास कार्यक्रम

### ७.२.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | फोहरमैला विर्सजन केन्द्र | संख्या | १ | १ | १ | १ | १ | १ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | वातारण सम्वन्धी रेडियो कार्यक्रम | संख्या | १ | १ | २ | २ | २ | २ | |

### ७.२.९ अपेक्षित उपलब्धि

वातावरणमैत्री सूचकहरु ह्ासिल भएका हुनेछन् । जलवायु परिवर्तन अनुकूलन साक्षरता नागरिक तहमा पुगेको हुनेछ । फोहरमैला विसर्जनका निमित्त शहरी क्षेत्रमा विसर्जन गर्न ताकिएको स्थानमा मात्र फोहरमैला विसर्जन गरिएको हुनेछ । ग्रामीण क्षेत्रमा फोहरमैला विसर्जन सम्बन्धी सचेतना बढेको हुनेछ

## ७.३ विपद व्यवस्थापन

### ७.३.१ विषय प्रवेश

नेपालमा विपदका घटनाले वर्षेनी जनधनको क्षति हुने गरेको छ । विश्वव्यापी जलवायु परिवर्तनको असरले मौषमी वर्षाको चरित्र फेरिदै गएको छ । अतिवृष्टि, खण्डवृष्टि र अनावृष्टिले बाढी, पहिरो, चट्याङ, खडेरी, आगलागीका घटना वर्षेनी घटित हुन थालेका छन् । पृथ्वीको शरीर तात्दै गएका कारण हिमालहरु पग्लने क्रम बढेको छ । हिमतालको जोखिम बढ्दै गएको छ । भूकम्पको जोखिम पनि उत्तिकै छ । विश्वव्यापी महामारीको रुपमा कोभिड-१९ ले पनि अकल्पनीय विपद थप्दै लगेको छ ।

सिस्ने गाउँपालिका हिमाली र उच्च पहाडी भूभागबाट बनेको छ । यस पालिकामा पनि प्राकृतिक तथा मानव सिर्जित विपदका घटना वर्षेनी हुने गरेका छन् । विकासमा वातावरण संरक्षणको पक्षलाई वेवास्ता गर्ने प्रवृत्तिले पनि विपदको जोखिम बढ्दै गएको छ ।

विपद व्यवस्थापनको पूर्व तयारी र विपद आईपरेमा उद्धार, राहत र पुनर्स्थापनको विधिबाट विपदलाई व्यवस्थापन गर्न सकिने भएकाले विपदको जोखिम भएको सिस्ने गाउँपालिकाले पनि विपद व्यवस्थापनलाई योजनाको अभिन्न अङ्ग बनाउन आवस्यक छ ।

### ७.३.२ अवसर र चुनौती

**अवसर-** विपद व्यवस्थापनको विषयले सरकार र समुदायको ध्यान खिचेको छ । जलवायु परिवर्तनको असर जहाकही अनुभव भै रहेको र वर्षातको चरित्र फेरिदै गएकाले पनि पहाडी धरातल भएका भूभागमा बाढी, पहिरो, नदीकटान र भूक्षयको समस्या थपिदै गएकोले पनि समुदाय स्तरमा समेत विपद व्यवस्थापनको चेतना जागृत भएको छ ।

सिस्ने गाउँपालिकाले स्थानीय विपद तथा जलवायु उत्थानशील योजना, २०७७ तयार पारेको छ । योजना तयारी स्वयंमा प्रतिबद्धता हो र कार्यान्व्यन गर्दै जाने कार्यलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** विपदको पूर्वानुमान गर्ने मानवीय क्षमता र प्रविधिको उपलब्धता एवं  पूर्व तयारीका चुस्तदुरुस्त काम चुनौतीपूर्ण रहेको छ । गरिवी र अव्यवस्थित बस्तीका कारणले पनि विपदको जोखिम उच्च रहदै आएकोलाई कम गर्ने काम पनि निकै चुनौती पूर्ण छ । उद्धार, राहत र पुनर्स्थापनका लागि चाहिने जनशक्ति र पूजीको परिचालन पनि चुनौती कै विषय हो ।

### ७.३.३ दीर्घकालीन सोंच

**"विपद व्यवस्थापनमा सिस्नेको ध्यान- परिचालन गर्छ जनशक्ति, पूजी, प्रविधि र ज्ञान"**

### ७.३.४ लक्ष्य

विपद व्यवस्थापनको क्षमता बढाउदै विपदबाटबाट हुने मानवीय, सामाजिक, आर्थिक, भौतिक तथा जिविकोपार्जनका साधनहरुको क्षती न्यूनीकरण गर्ने ।

### ७.३.५ उद्येश्य

विकास प्रकृयामा विपद जोखिमको अनुमान र व्यवस्थापन सम्बन्धी उपायहरु मूलप्रवाहीकरण गर्दै सरकार तथा समुदाय स्तरमा विपद व्यवस्थापनका निमित्त चाहिने पूर्व तयारी, उद्धार, राहत र पुनर्स्थापनाको क्षमता बृद्धि गर्दै जाने ।

### ५.१३.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. संस्थागत समन्वय तथा क्षमता अभिबृद्धि गर्ने | १. सिस्ने गाउँपालिकाको वडा तहमा र पालिका तहमा सरकारी निकाय तथा संघसंस्थाको सहभागितामा विपद व्यवस्थापन कार्य समूह निर्माण गर्ने ।<br>२ विपद व्यवस्थापन कार्यसमूहलाई विपद सम्बन्धी ज्ञान सिकाई क्षमता विकास गर्ने |
| २. योजना तर्जुमा र  प्रविधि एवं पूजीको परिचालन गर्ने | ३. विपदको पूर्व सूचना दिने र विपद आईपरेका समयमा चाहिने प्रविधि सधै चालु अवस्थामा राख्ने<br>४.विपद व्यवस्थापन योजना तर्जुमा र बजेट विनियोजन गर्ने |
| ३. भौतिक संरचनाहरु विपद थेग्न सक्ने गरी डिजाईन र निर्माण गर्ने | ५. भवन आचार संहिता (विल्डिङ कोड) वनाई लागु गर्ने<br>६  भौतिक संरचनाको डिजाईन र निर्माण गर्दा अनुमानित विपद थेग्न सक्ने गरी गर्ने |
| ४.विपद व्यवस्थापन सम्बन्धी ज्ञान | ७. विपद सम्बन्धी ज्ञान टोल विकास संस्था, |

| | |
|---|---|
| समुदायस्तरमा स्थानीयकरण गर्ने | समुदाय र नागरिक स्तरमा तहमा पुराउने<br>८. हरेक टोल विकास संस्थाले नागरिक स्तरमा उद्धार तथा राहत सहयोग समुह क्रियाशील बनाउने |

### ७.३.७ प्रमुख कार्यक्रम

- विपद व्यवस्थापनका लागि संस्थागत क्षमता विकास कार्यक्रम
- पूर्वतयारी, प्रविधि, सामग्री व्यवस्था एवं  उद्धार तथा राहत सामग्री बन्दोवस्त कार्यक्रम

### ७.३.८ नतिजा खाका

| क.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/ ०७९ | २०७९/ ०८० | २०८०/ ०८१ | २०८१/ ०८२ | २०८२/ ०८३ | |
| १ | विपद सम्वन्धी तालिम लिएको जनशक्ति | संख्या | २५ | ४० | ६० | ७० | ८० | ९० | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | विपद व्यवस्थापनमा बजेट विनियोजन | रु हजारमा | २५०० | ४००० | ५००० | ५५०० | ६५०० | ७५०० | |

७.३.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाले तयार पारेको स्थानीय विपद तथा जलवायु उत्थानशील योजना कार्यान्वयन भएको हुनेछ । सरकारी तथा नागरिक स्तरमा समेत विपद व्यवस्थापन सम्बन्धी कार्य समुह क्रियाशील भएका हुनेछन् । समुदाय स्तरमा विपद सम्बन्धी सचेतना बढेको हुनेछ । विपदबाट हुने जनधनको क्षती न्यून भएको हुनेछ ।

## परिच्छेद - ८

## संस्थागत विकास तथा सुशासन

### ८.१ संस्थागत विकास

### ८.१.१ विषय प्रवेश

विकासका चार आयाम- आर्थिक, सामाजिक, भौतिक र वातावरण सन्तुलन अन्तर्गतका विस्तृत उपक्षेत्रलाई समयमा सहि तरिकाले सम्पूर्णतामा कार्यान्वयन गरेर नतिजा निकाल्ने र त्यस्को लाभ जनता समक्ष पुराउने कार्य गर्न चाहिने सरकारको क्षमतालाई संस्थागत विकास अथवा शासकीय क्षमताको रुपमा बुझ्न सकिन्छ ।

संस्थागत क्षमता भन्नाले शासनका सवै अवयवहरुको चुस्त दुरुस्त अवस्थालाई जनाउछ । शासनका अवयव अन्तर्गत नीति, कानून, योजना, सङ्गठन, जनशक्ति, सहयोगी भौतिक पूर्वाधार, वजेट, कार्यक्रम, कार्यविधि, समय, प्रविधि र सहयागी शासकीय औजार पर्दछन् ।

नेपालको संविधानले राज्यको संरचना शीर्षक अन्तर्गत संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तहको गरी तीन तहको हुने व्यवस्था गरे अनुसार स्थानीय तहको रुपमा २०७३ सालमा गठित सिस्ने गाउँपालिकाको संस्थागत विकासको आधारभूत स्वरुप स्थापित भएको छ ।

स्थापित संस्थागत स्वरुपलाई समुन्नत बनाउदै स्थानीय सरकारको हैसियतमा सिस्ने गाउँपालिकाले राज्यशक्तिको प्रयोग गर्दा सम्पादन गर्न पर्ने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी कार्यहरुलाई प्रभावकारी र नतिजामुखी बनाउन उल्लेखित शासनका बाह्रवटै अङ्गहरुलाई चुस्त दुरुस्त बनाउन वाञ्छनीय छ ।

### ८.१.२ अवसर र चुनौती

**अवसर-** नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित अधिकारको प्रयोग एकलौटी रुपमा र अनुसूची-९ मा उल्लेखित अधिकारको प्रयोग संघ तथा प्रदेश सङ्ग साझा रुपमा गर्न नेपालको संविधानले नै स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले एकल तथा साझा अधिकारको विस्तृतीकरण गर्दै तीनको प्रयोगको विधि तोकिदिएको छ । यसरी स्थानीय तहलाई स्थानीय सरकारको हैसियत प्राप्त छ ।

सिस्ने गाउँपालिकाकाका जनताका निमित्त नजिकको, देखिने र भेटिने सरकारको रुपमा सिस्ने गाउँपालिका रहेको छ । यस पालिकाले  स्थानीय सरकारको हैसियतमा स्थानीय जनतालाई प्रदान गर्ने सेवा सुविधाका निमित्त प्रयोग गर्ने कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी अधिकारहरुका लागि संस्थागत विकास अनिवार्य तथा अपरिहार्य पक्ष हो । संस्थागत क्षमताको अभावमा परिलक्षित आर्थिक, सामाजिक, भौतिक पूर्वाधार विकास र वातावरण सन्तुलनको काम केवल कोरा कल्पनामात्र हुन्छ ।

उल्लेखित सन्दर्भमा संविधान तथा कानूनले सुम्पेको जिम्मेवारी र सिस्ने गाउँपालिकाको निर्वाचित नेतृत्वको याजनाबद्ध ढङ्गले विकासका काम गर्दै जाने सोंच लाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** संघीय ढांचाको शासन प्रणाली अन्तर्गत स्थानीय तहले राज्यशक्तिको प्रयोग गर्दै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका सम्बन्धी कार्यसम्पादन गर्ने सन्दर्भमा जनशक्तिको काम गर्ने रहर, क्षमता र मेहनत लाई उत्पादनशील बनाउने र सरकारले प्रदान गर्ने सेवा सुविधाबाट जनताले सुशासन,

विकास र समृद्धिको अनुभूती गर्ने अवस्था सिर्जना गर्न र सरकारले आर्जन गर्ने राजस्वको दर र दायरा बढाउदै जाने कार्य निकै चुनौतीपूर्ण छ ।

### ८.१.३ दीर्घकालीन सोंच

**“शासनका सवै अङ्गमा समन्वय र सन्तुलन, सिस्ने गाउँपालिकाको प्रभावकारी सञ्चालन”**

### ८.१.४ लक्ष्य

शासन प्रक्रियाका सवै अवयवहरुलाई समुन्नत बनाउदै जनताले सुशासन, विकास र समृद्धिको अनुभूती गर्ने गरी कार्यसम्पादन गर्न सक्ने संस्थागत क्षमता विकास गर्ने ।

### ८.१.५ उद्येश्य

शासन सञ्चालनका निमित्त आवस्यक नीति, कानून, योजना, सङ्गठन, जनशक्ति, सहयोगी भौतिक पूर्वाधार, वजेट, कार्यक्रम, कार्यविधि, समय, प्रविधि र सहयागी शासकीय औजार समेतका शासकीय अवयवहरुलाई समुन्नत बनाउदै **शीघ्र सेवा तीव्र विकास** गर्न सक्ने संस्थागत क्षमता विकास गर्ने ।

### ८.१.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. आवस्यक नीति, कानून र योजना तर्जुमा गर्ने । | १. शासनको मूल नीति बनाउने र विकास सम्बन्धी विषयक्षेत्रगत नीति तर्जुमा गन ( यस योजना दस्तावेजको परिच्छेद ४, ५, ६ र ७ मा समाविष्ट उप विषयक्षेत्रहरुको )<br>२.. एकल अधिकार र साझा अधिकारका विषयमा कानून बनाउने ।<br>३.. योजनाबद्ध विकास अवलम्बन गर्ने ( यस आवधिक योजनाबाट निर्देशित हुदै बार्षिक योजना बनाउने र कार्यान्वयन गर्ने ) |
| २. सङ्गठन, जनशक्ति र सहयोगी पूर्वाधार विकास गर्ने | १. विषयगत जिम्मेवारी बहन गर्न सक्ने सङ्गठनात्मक संरचना स्थापना गर्ने ।<br>२. सङ्गठनात्मक जिम्मेवारी सम्पादन गर्न आवस्यक जनशक्तिको प्रबन्ध गर्ने र सो जनशक्तिको काम गर्ने रहर (उत्प्रेरणा), जिम्मेवारी सम्हाल्ने सीप (दक्षता) र मेहनत गर्ने वानी विकास गर्न प्रशिक्षण र प्रोत्साहन प्रदान गर्ने ।<br>३. जनशक्तिलाई पद र जिम्मेवारी सुहाउदो कार्यकक्ष, फर्निचर, कम्प्युटर लगायत यन्त्र उपकरण र ईण्टरनेट सुविधा तथा सवारी |

| | |
|---|---|
| | साधन प्रदान गर्ने । |
| ३. समयमा बजेट, कार्यक्रम र सरल कार्यविधि तर्जुमा, स्वीकृति र कार्यान्वयन गर्ने । | १. बजेटलाई यथार्थपरक रुपमा तर्जुमा गर्ने । बजेट कार्यान्वयन कार्यतालिका बनाएर कार्यान्वयन गर्दै जाने ।<br>२. वार्षिक विकास कार्यक्रम अन्तर्गतका भौतिक पूर्वाधार विकास सम्बद्ध आयोजना /परियोजना डिपिआर गराएर मात्र कार्यान्वयन गर्ने ।<br>३. प्रक्रियालाई सरलीकरण गर्दै कार्यविधि जारी गर्ने र सोको प्रयोगवाट असल नतिजा समयमै हासील गर्ने । |
| ४. समयको पालना, प्रविधिको प्रयोग र शासकीय औजारको अभ्यास गर्ने । | १. संस्थागत क्षमताको मूलमर्म समयपालन भएकाले जनशक्तिले समय तालिका वमोजिम कार्यफछ्र्योट गर्ने ।<br>२. शासन सहयोगी प्रविधिको प्रयोग गर्ने ।<br>३. समन्वय, अनुगमन तथा मूल्यांकन, सार्वजनिक सुनुवाई जस्ता शासकीय औजारहरुको प्रयोग गर्दै जाने । |

### ८.१.७ प्रमुख कार्यक्रम

- मानवीय क्षमता विकास कार्यक्रम
- शासकीय सुधार कार्यक्रम
- शासन सहयोगी भौतिक पूर्वाधार विकास तथा प्रविधि जडान कार्यक्रम

### ८.१.८ नतिजा खाका

| क्र. स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८ / ०७९ | २०७९ / ०८० | २०८०/ ०८१ | २०८१ / ०८२ | २०८२ / ०८३ | |
| १ | आवश्यक नीति निर्माण | संख्या | ० | ५ | ७ | १० | १२ | १५ | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | आवश्यक कानून तर्जुमा | संख्या | १६ | २० | २३ | २७ | ३० | ३२ | |
| ३ | आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड निर्माण | संख्या | ४२ | ५० | ५५ | ६० | ६५ | ७० | |
| ४ | कार्यालय भवन | संख्या | ९ | १२ | १२ | १२ | १२ | १२ | |
| ५ | सवारी साधन | संख्या | १३ | १४ | १५ | १६ | १७ | १८ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सीप विकास तालिम प्राप्त जनशक्ति | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | |
| ७ | उत्प्रेरणा सम्वन्धी प्रशिक्षण प्राप्त जनशत्तिः | प्रतिशत | ० | २५ | ५० | ७५ | १०० | १०० | |
| ८ | स्व मुल्यांकनमा नतिजा | प्राप्त अंक | ४० | ६० | ६५ | ७० | ७५ | ८० | |

### ८.१.९ अपेक्षित उपलब्धि

सिस्ने गाउँपालिकाले सम्पादन गर्ने विकास सम्बन्धित नीति, कानून र योजना बनेका हुनेछन् । कार्यरत जनशक्ति नेतृत्व तह र कर्मचारीका वीच सोंचमा समभ्रदारी भै कार्यसम्पादनमा लय र ताल मिलेको र सिनर्जी पैदा भएको हुनेछ । आवधिक योजनाबाट निर्देशित भै बार्षिक बजेट तर्जुमा गरेको हुनेछ । यस पालिकाका सवै वडा कार्यालय, विषयगत शाखा र कार्यपालिकाको कार्यालयको आफ्नै भौतिक संरचना तयार भै जनशक्तिले काम गर्न उत्प्रेरित हुन् गरी सहयोगी पूर्वाधारको प्रयोग गरेका हुनेछन् । समय पालन, प्रविधिको प्रयोग र शासकीय औजारको अभ्यासमा सिस्ने गाउँपालिका आदर्श छवि बनाएको हुनेछ ।

## ८.२ सुशासन

### ८.२.१ विषय प्रवेश

सुशासन भनेको शासनमा असल शासनका विशेषता प्रतिविम्वित हुनु हो । सरकारले जनतालाई प्रदान गर्ने सेवा सुविधा समयका हिसावले शीघ्र, गतिका हिसावले तीव्र, स्तरका हिसावले उत्कृष्ट, प्रकृयाका हिसावले सरल र लागतका हिसावले सुलभ हुने कुराको नीति, कानून, कार्यविधि र व्यवहारद्वारा प्रत्याभूत गर्नु हो ।

नेपालको संविधानको प्रस्तावना मै सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने अठोट व्यक्त भएको छ । सुशासनको अनुभूतिले मात्र सरकार जनताको साथमा र जनता सरकारको काखमा भएको महसुस हुन्छ ।

विधिको शासन, पारदर्शिता, जिम्मेवारी बहन, जवाफदेहिता, सहभागिता, समावेशिता, समानता जस्ता विशेषताहरुले शासनलाई असल शासन वा सुशासनको रुपमा स्थापित गर्दछ ।

समाजमा अभ्रैपनि विभेद, असमानता र वन्चितीकरण कायमै रहेको छ । समाजका यी सत्रुलाई परास्त गर्ने अस्त्र भनेको  सुशासन नै हो । सुशासन वहाल नहुदा भ्रष्टाचार मौलाउछ । सही गर्नेले वही बुभ्राउन नपर्ने र जिम्मा लिनेले जवाफ दिन नपर्ने हो भने भ्रष्टाचार भयावह हुन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचारका उजुरी बढ्नु, महालेखा परिक्षकको प्रतिवेदनमा भ्रष्टाचारको गन्ध आउने वेरुजु बढ्दै जानु, सञ्चार माध्यममा भ्रष्टाचारजन्य समाचार संप्रेषण भै रहनु र नागरिक तहमा पनि भ्रष्टाचारका चर्चापरिचर्चाले स्थान पाईरहनुले पनि शासन कमजोर भएको स्थिति झल्किन्छ ।

सिस्ने गाउँपालिकाले असल शासन वा सुशासनको चरित्र प्रदर्शन गरेर जनताको विकास र समृद्धिको आकांक्षा पुरा हुन सक्छ भन्ने कुरामा यस पालिकाको निर्वाचित नेतृत्व र राष्ट्र सेवक कर्मचारी मनसा, कर्मणा वाचा स्पष्ट छ । अतः सुशासनलाई मुलमन्त्र वनाई सिस्ने गाउँपालिकाले सरकार सञ्चालन गर्ने अठोट गरेको छ ।

### ८.२.२ अवसर र चनौती

**अवसर-** लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न सिस्ने गाउँपालिकाले प्राप्त गरेको राज्यशक्तिको प्रयोग गर्न पाउने हैसियत प्रति जनताको भरोसा, साथसहयोग र सम्मान पाउन सुशासन नै अचुक साधन भएकाले सुशासन प्रति निर्वाचित नेतृत्वको अठोट, कर्मचारीको सहयोग र सरोकारवालाहरुको साझेदारिता जुट्ने सहज परिस्थिति विद्यमान छ । यसलाई अवसरको रुपमा लिन सकिन्छ ।

**चुनौती-** सरकारी प्रकृयामा सरलीकरण, सेवा प्रवाहमा स्तरीकरण, जनशक्तिको क्षमतामा वृद्धिकरण र आचरणमा शुद्धीकरणका माध्यमबाट सुशासन बहाल गर्ने काम निकै चुनौतीपूर्ण छ ।

### ८.२.३ दीर्घकालीन सोच

**“जनतामा सुशासनको महसुसीकरण, समाजमा भ्रष्टाचारको निर्मुलीकरण”**

### ८.२.४ लक्ष्य

जनतालाई सुशासन प्रदान गर्ने र भ्रष्टाचारको अन्त गर्ने ।

### ८.२.५ उद्येश्य

शासनका अवयवहरु (नीति, कानून, योजना, सङ्गठन, जनशक्ति, सहयोगी भौतिक पूर्वाधार, वजेट, कार्यक्रम, कार्यविधि, समय, प्रविधि र सहयागी शासकीय औजार) लाई सुशासनका सुन्दरताले सजाउदै सरकार सञ्चालन गर्ने ।

### ८.२.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| १. नेतृत्वमा दूरदर्शिता, नैतिकता र निष्ठाको चरित्र प्रदर्शन | १. नेतृत्वलाई आधारभूत र समुन्नत प्रशिक्षण प्रदान गर्ने र चरित्रमा निखार ल्याउने । |
| २. सिपालु, सहयोगी र अनुशासित कर्मचारीको | २. कर्मचारी उत्प्रेरणा सम्बन्धी प्रशिक्षण प्रदान |

| | |
|---|---|
| परिचालन | गर्ने र सेवाभावका साथ काम गर्ने मनोवृत्ति विकास गर्ने । |
| ३. विकासमैत्री सञ्चार, सञ्चारमैत्री सरकारको सम्बन्ध र सहकार्य | ३. विकास सम्बन्धी सूचनामा सहज पहुच र राम्रो काम फैल्याउने नराम्रो काम औल्याउने शैलीबाट विकास समाचार संप्रेषणको व्यवस्था । |
| ४. विकासमा सरकारको नेतृत्व र सरोकारवालाको साझेदारिता र स्वामित्व | ४. विकासको नेतृत्व सरकारले गर्ने र सरकारको सोंच र योजना मुताविक अन्य विकास प्रदायक निकायहरुले विकास निर्माणका काम गर्ने । |
| ५. नागरिक कर्तव्य प्रति सचेत, ईमान्दार र पौरखी जनता | ५. नागरिकहरुले विकासको स्वामित्व ग्रहण, जतन र लाभ लिने कुरामा सचेत रहदै ईमान्दार र पौरखी चरित्र प्रदर्शन गर्ने ।. |

## ८.२.७ प्रमुख कार्यक्रम

सुशासन प्रवर्द्धन कार्यक्रम

## ८.२.८ नतिजा खाका

| क्र.स. | प्रमुख सूचक | एकाइ | आधार वर्ष २०७७/०७८ | प्रगती | | | | | सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | |
| १ | कुल खर्चको अनुपातमा बेरुजु | प्रतिशत | २.६ ( आ.व.२०७६/७७) | २. | १.७५ | १.५० | १.२५ | १. | सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व |
| २ | भष्ट्राचार सम्वन्धी उजुरी | संख्या | २ | १ | ० | ० | ० | ० | |
| ३ | विकास खर्च | प्रतिशत | ८७ | ९० | ९५ | ९५ | ९५ | ९५ | |
| ४ | सेवाग्राही सन्तुष्टी मापन | प्रतिशत | ० | ७५ | ८० | ८५ | ९० | ९० | |

## ८.२.९ अपेक्षित उपलब्धि

सरकारी सेवा सुविधाबाट नागरिक सन्तुष्टी बढेको हुनेछ । विकास बजेटको वार्षिक व्यय दर बृद्धि भएको हुनेछ । जनगुनासो घटेको हुनेछ । भ्रष्टाचारका उजुरीहरु शुन्यमा झरेका हुने छन् । नेतृत्वको चरित्र र कर्मचारीको दक्षताको प्रशंसा भएको हुनेछ । वार्षिक वेरुजुको मात्रा घटेको हुनेछ ।

## परिच्छेद -९

## वित्तीय विश्लेषण

### ९.१ विषय प्रवेश

आवधिक योजनाको दीर्घकालीन सोंच **"समृद्ध सिस्नेः हाम्रो गन्तव्य"** रहेको छ । दीर्घकालीन सोंचलाई समष्टिगत लक्ष्य, उद्येश्य र परिमाणत्मक लक्ष्यले पछयाएका छन् । विकासका चार आयाम आर्थिक, सामाजिक, भौतिक पूर्वाधार र वातावरण तथा विपद व्यवस्थापनका उपक्षेत्रहरुका विस्तृत योजना खाका बनाई  प्रस्तुत आवधिक योजना तयार भएको छ । उक्त विकासलाई योजनाबद्ध, समयबद्ध र चरणबद्ध रुपमा चुस्तदुरुस्त संस्थागत व्यवस्था र शासकीय प्रवन्धका निमित्त संस्थागत विकास तथा सुशासन शीर्षकलाई ड्राईभिङ ईन्जीनको रुपमा सम्पादन गर्न सक्ने गरी योजना प्रस्ताव गरिएको छ ।

आवधिक योजना वार्षिक बजेटलाई निर्देश (गाईड) गर्ने दस्तावेज हो । जनतालाई सेवा र सुविधा प्रदान (प्रोभाईड) गर्ने खास साधन भनेको वार्षिक बजेट नै हो ।

यस परिच्छेदमा सिस्ने गाउँपालिकाको विकास र समृद्धिका निमित्त परिच्छेद ४, ५, ६, ७ र ८ मा प्रस्तावित क्रमशः आर्थिक, सामाजिक, भौतिक  विकास, वन, वातावरण तथा विपद व्यवस्थापन र संस्थागत विकास तथा सुशासन शीर्षक अन्तर्गत प्रस्ताव गरिएका विभिन्न विषयक्षेत्रहरुका लागि आवस्यक पर्ने बजेट व्यवस्थाको विश्लेषण गरिएको छ ।

### ९.२ बजेट अनुमान

### ९.२.१ आर्थिक विकास

आर्थिक विकासले समृद्धिको मार्ग प्रशस्त गर्दछ । सामाजिक विकास ले तयार गर्ने जनशक्ति र भौतिक पूर्वाधार विकासले सिर्जना गर्ने अनुकूलतामा आर्थिक विकास क्रियाशील हुन्छ । आर्थिक विकासका लागि सरकारी, निजी र सहकारी क्षेत्रको तालमेल अनिवार्य हुन्छ । यति महत्वपूर्ण क्षेत्रको विकासका लागि स्थानीय संभावना र अवसरलाई दृष्टिगोचर गरेर उपक्षेत्रहरुको पहिचान गर्न जरुरी हुन्छ ।

सिस्ने गाउँपालिकामा विद्यमान अवसर र संभावनाका आधारमा परिच्छेल ४ मा आर्थिक विकास अन्तर्गत कृषि विकास, पशुपन्छी विकास, उद्योग, पर्यटन, वन तथा जडिवुटी र सहकारी उपक्षेत्रको योजना खाका प्रस्तुत गरिएको छ । जस्मा  कार्यक्रमहरु पनि प्रस्तावित छन् । उक्त कार्यक्रम कार्यान्वयन गर्न  आवश्यक पर्ने बजेट अनुमान देहायमा तालिका १ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९.१**

**आर्थिक विकासका लागि अनुमानित बजेट**

**रु हजारमा**

| शीर्षक | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ |
|---|---|---|---|---|---|
| कृषि | **३८५०** | **४५००** | **५०००** | **५५००** | **६०००** |
| पशुपन्छी | **२३५०** | **३०००** | **३५००** | **४०००** | **४५००** |
| उद्योग | **७५०** | **१०००** | **१३००** | **१५००** | **२०००** |
| पर्यटन | **१५७००** | **१७५००** | **१८०००** | **१९०००** | **२००००** |
| वन तथा जडिवुटी | **१००** | **५००** | **७००** | **९००** | **१०००** |
| सहकारी | **१७३०** | **२०००** | **२२००** | **२५००** | **३०००** |
| भैपरी | | | | | |
| जम्मा | **२४४८०** | **२८५००** | **३०७००** | **३३४००** | **३६५००** |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

### ९.२.२ सामाजिक विकास

सामाजिक विकास मानिस बदल्नका लागि हो । राम्रोबाट अझ राम्रो जीवनस्तर हुनका लागि हो । मानव श्रोतलाई मानव पूजीमा बदल्नेकाम सामाजिक विकासका माध्यमबाट हुन्छ । सिस्ने गाउँपालिकाका जनताले सामाजिक न्यायको अनुभूति गर्न सकुन र विभेद, असमानता र वन्चितीकरणको पीडादायी अनुभव गर्न नपरोस भनेर परिच्छेद ५ मा सामाजिक विकास अन्तर्गत विभिन्न उपक्षेत्र पहिचान गरीएको छ । हरेक उपक्षेत्र अन्तर्गत कार्यक्रमहरु प्रस्ताव गरिएका छन् ।

सामाजिक सवलता र भौतिक पूर्वाधारको उपलब्धताले आर्थिक विकास फष्टाउने कुरालाई मनन गरी आर्थिक समृद्धिलाई प्रमुख लक्ष्य बनाई सो प्रातिका लागि सामाजिक विकासको जग मजबुत बनाउन परिच्छेद ५ ले जोड दिएको छ ।

शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाईमा सरकारले गर्ने लगानीका खाधारमा नागरिक राज्यप्रति आभारी, आज्ञाकारी र कर्तव्यनिष्ठ हुने भएकाले सिस्ने गाउँपालिकाले सामाजिक विकासलाई प्राथमिकताका साथ अघि बढाउने रणनीति बनाएको छ ।

सामाजिक विकास अन्तर्गका विभिन्न उपक्षेत्रको विकासका लागि आवश्यक पर्ने बजेटको अनुमान देहायमा  तालिका नं २ मा प्रस्तुत गरिएको छ ।

## तालिका ९.२

## सामाजिक विकासका लागि अनुमानित बजेट

रु हजारमा

| कार्यक्रम | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०८२/८३ |
|---|---|---|---|---|---|
| शिक्षा | १८७०० | २०००० | २२५०० | २५००० | २७५०० |
| स्वास्थ्य तथा पोषण | १७६०० | १९००० | २१००० | २१५०० | २२००० |
| खानेपानी तथा सरसफाई | १२०० | १३००० | १४५०० | १५५०० | १६५०० |
| बलबालिका तथा किशोर किशोरी | ११०० | १५०० | १८०० | २००० | २२०० |
| युवा | २८०० | ३००० | ३५०० | ४००० | ४५०० |
| जेष्ठ नागरिक | १३५० | १५०० | १७०० | २००० | २५०० |
| महिला सशक्तीकरण | १५५० | २००० | २२०० | २४०० | २७०० |
| अपाङ्गता भएका व्यक्तिहरु | ११५० | १५०० | १७०० | १८०० | २००० |
| खेलकुद | २८०० | ३५०० | ४००० | ४५०० | ५००० |
| भषा, साहित्य, कला र संस्कृति | ३५०० | ३७०० | ४००० | ४२०० | ४५०० |
| सम्पदा संरक्षण | १००० | १३०० | १५०० | २००० | २२०० |
| दलित समुदाय उत्थान | १००० | १५०० | २००० | २२०० | २५०० |
| आदिवासी ... | १००० | १५०० | २००० | २२०० | २५०० |
| | ५४७५० | ७३००० | ८२४०० | ८९३०० | ९६६०० |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

### ९.२.३ भौतिक पूर्वाधार विकास

भौतिक पूर्वाधार विकासले ठाउ बदल्छ । राम्रोबाट अझ राम्रो अवस्थामा पुराउछ । सामाजिक विकासले मानिस राम्रो र भौतिक पूर्वाधार विकासले ठाउ राम्रो बन्यो भने दुवैको योगले आर्थिक विकास राम्रो हुन्छ । गतिशील हुन्छ । तीव्र दरमा आर्थिक बृद्धि हासिल हुन्छ । यही चेतनाले प्रेरित भएर परिच्छेद ६ मा  भौतिक पूर्वाधार विकास अन्तर्गत विभिन्न उपक्षेत्रहरु पहिचार गरिएको छ र कार्यक्रम प्रस्ताव गरिएको छ ।

परिच्छेद ६ मा प्रस्तावित भौतिक पूर्वाधार विकास अन्तर्गतका उपक्षेत्रहरुका लागि आवश्यक पर्ने बजेटको अनुमान देहायमा तालिका ३ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९.३**

**भौतिक पूर्वाधार विकासका लागि अनुमानित बजेट**

**रु हजारमा**

| कार्यक्रम | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ | आ.व. २०७८/७९ |
|---|---|---|---|---|---|
| सडक तथा पुल | ६००० | ७००० | ८००० | १०००० | १२५०० |
| झोलङ्गे पुल | २५०० | ३५०० | ४००० | ४५०० | ५००० |
| विद्युत | ११५०० | १२५०० | १३००० | १३५०० | १४००० |
| वैकल्पिक उर्जा | १०० | १५० | २०० | २२५ | २४० |
| सिंचाई | ११०० | १५०० | १८०० | २००० | २४०० |
| सूचना तथा संचार पूर्वाधार | २१०० | २४०० | २७०० | २९०० | ३२०० |
| शहरी विकास | १०९०० | ११५०० | १२००० | १२५०० | १३००० |
| ग्रामीण बस्ती विकास | १००० | १५०० | १६०० | १८०० | २००० |
| अन्य | | | | | |
| जम्मा | ३५२०० | ४००५० | ४३३०० | ४७४२५ | ५२३०० |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

### ९.२.४ वन, वातावरण तथा विपद व्यवस्थापन

पृथ्वीमा वातावरण असन्तुलन हुदै गएका कारण जलवायु परिवर्तनका स्वरुपहरु देखिन थालेका छन् । मानिसलाई चाहिने प्राण वायुको श्रोत वन मासिदै जादा वायुमण्डलमा हानिकारक ग्यासहरु भरिन सक्ने खतरा वैज्ञानिकहरुले औंल्याउदै आएका छन् ।

वातावरणको विषय भौगोलिक सीमाले नछेक्ने भएकाले सम्पूर्ण विश्व नै वातावरणमा जुट्न पर्ने भएको छ । यही बस्तुतथ्यलाई आत्मसात गर्दे वन, वातावरण र विपद व्यवस्थानको विषय आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकास सङ्ग अन्तरआवद्धित गरी परिच्छेद ७ मा विवेचना गरिएको छ र उपक्षेत्र पहिचान गरिएको छ । सो परिच्छेदमा उल्लेखित उपक्षेत्र अन्तर्गत प्रस्तावित कार्यक्रमका निमित्त आवश्यक पर्ने बजेट अनुमान देहामयमा तालिका ४ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९.४**

**वन, वातावरण तथा विपद व्यवस्थापनका लागि अनुमानित बजेट**

**रु ह्जारमा**

| शीर्षक | आ.व २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|---|---|
| वन | १०० | १५० | २०० | २५० | ३०० |
| वातावरण | २०० | २५० | २७५ | ३०० | ३५० |
| विपद व्यवस्थापन | ४०० | ५०० | ६०० | ७०० | ८०० |
| जम्मा | ७०० | ९०० | १०७५ | १२५० | १४५० |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

### ९.२.५ संस्थागत विकास तथा सुशासन

विकासका सुन्दर कल्पना, प्रस्तावना र परियोजनाले तवमात्र साकार रुप लिन्छन जव तीनलाई कार्यान्वयन गर्ने संस्थागत क्षमता चुस्तदुरुस्त हुन्छ ।

शासकीय प्रवन्ध र जनशक्ति विकासलाई शीघ्र सेवा तीव्र विकासका निमित्त सक्षम र प्रभावकारी बनाउने उद्येश्यका साथ परिच्छेद-७ मा संस्थागत विकास तथा सुशासनको चर्चा गरिएको छ र विभिन्न उपक्षेत्र पहिचान गरी कार्यक्रम प्रस्ताव गरिएको छ । सोही प्रस्तावका आधारमा संस्थागत विकास तथा सुशासनका लागि आवश्यक पर्ने बजेट देहायमा तालिका ५ मा प्रस्तुत गरिएको छ ।

**तालिका ९.५**

**संस्थागत विकास तथा सुशासन सम्बन्धी कार्यक्रमका लागि बजेट अनुमान**

**रु हजारमा**

| शीर्षक | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०७८२/८३ |
|---|---|---|---|---|---|
| संस्थागत विकास | ७२७५ | १०००० | ११००० | १२००० | १२५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| सुशासन | **५००** | **७००** | **१०००** | **१२००** | **१५००** |
| अन्य | | | | | |
| जम्मा | **७७७५** | **१०७००** | **१२०००** | **१३२००** | **१४०००** |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

**तालिका ९.६**

**संभाग अनुसारको एकमुष्ठ बजेट**

**रु हजारमा**

| क्र. सं. | शीर्षक | आ.व २०७८/७९ | आ.व २०७९/८० | आ.व २०८०/८१ | आ.व २०८१/८२ | आ.व २०७८२/८३ |
|---|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४४८० | २८५०० | ३०७०० | ३३४०० | ३६५०० |
| २ | सामाजिक विकास | ५४७५० | ७३००० | ८२४०० | ८९३०० | ९६६०० |
| ३ | भौतिक पूर्वाधार विकास | ३५२०० | ४००५० | ४३३०० | ४७४२५ | ५२३०० |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | ७०० | ९०० | १०७५ | १२५० | १४५० |
| ५ | संस्थागत विकास | ७७७५ | १०७०० | १२००० | १३२०० | १४००० |
| जम्मा | | १२२९०५ | १५३१५० | १६९४७५ | १८४५७५ | २००८५० |

**नोटः प्रस्तुत अनुमानमा तलव भत्ता लगायतको संचालन खर्च समावेश छैन ।**

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

**तालिका ९.७**

**योजना अवधिभरका लागि आवस्यक बजेट अनुमान**

**रु हजारमा**

| **सि नं** | **आर्थिक बर्ष** | **बजेट अनुमान** |
|---|---|---|
| १ | २०७८/७९ | १२२९०५ |
| २ | २०७९/८० | १५३१५० |
| ३ | २०८०/८१ | १६९४७५ |
| ४ | २०८१/८२ | १८४५७५ |
| ५ | २०८२/८३ | २००८५० |
| **जम्मा** | | **८३०९५५** |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

## ९.३ श्रोत परिचालन

अनुमान गरिएको बजेट उपलब्ध हुने कुराको सुनिस्चिता गर्न अनिवार्य हुन्छ । यस आवधिक योजनालाई सिस्ने गाउँपालिका गठन भएर निर्वाचित जनप्रतिनिधिले जिम्मेवारी सम्हाले पछि ल्याईएका चार आर्थिक वर्षको बजेटको श्रोततर्फको प्रवृत्ति (ट्रेण्ड) का आधारमा वर्षेनी २० प्रतिशतले बजेट बृद्धिहुने अनुमान गरिएको छ । सोही अनुमानका आधारमा बजेट अनुमानलाई सिमाङ्कन गरिएको छ ।

सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान शीर्षकको बजेट सीमा सूत्रका आधारमा भन्दा पनि संघ तथा प्रदेश सरकारको तजवीजका आधारमा निर्धारण हुने भएकाले सघ तथा प्रदेश सरकारबाट उक्त सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान तर्फ ज्यादा भन्दा ज्यादा बजेट पाउनका लागि आकर्षक योजना प्रस्ताव गर्ने हो भने समानीकरण अनुदान, राजस्वबांडपांड र आन्तरिक आयको परिचालनमा कम चाप पर्दछ ।

अतः प्रत्येक आर्थिक वर्षमा बजेट तर्जुमा गर्दा पालिकाले आफैले योजना वा कार्यक्रम छनोट र बजेट विनियोजन गर्न पाउने श्रोतहरु ( समानीकरण अनुदान, राजस्व बांडफाड र आन्तरिक आय ) तर्फको कूल बजेटको आर्थिक विकासका लागि १५ प्रतिशत, सामाजिक विकासका लागि २५ प्रतिशत, भौतिक पूर्वाधार विकासका लागि ४० प्रतिशत, वन, वातावरण तथा विपद व्यवस्थापनका लागि १० प्रतिशत र संस्थागत विकास तथा सुशासनका लागि १० प्रतिशत बजेट विनियोजन गर्ने रणनीति अवलम्बन गर्ने हो भने बजेटको विनियोजन सन्तुलित र न्यायोचित हुने सिस्ने गाउँपालिकाको ठम्याई रहेको छ । यसै आधारमा बजेट अनुमान गर्दा श्रोतको सुनिस्चितता हुने विश्वास गरिएको छ ।

देहाएको तालिकामा श्रोत परिचालन अनुमान प्रस्तुत गरिएको छ ।

**तालिका ९.८**

**श्रोत अनुमान**

**रु हजारमा**

| शीर्षक | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८२/८३ |
|---|---|---|---|---|---|
| १.आन्तरिक राजस्व | १०५०० | ११००० | ११२०० | ११५०० | १२००० |
| २ .समानीकरण अनुदान | | | | | |
| (क) संघ | ११४२०० | ११६००० | ११७००० | ११८००० | ११९००० |
| (ख) प्रदेश | ५३६३ | ५५०० | ५७०० | ६००० | ६२०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ सशर्त अनुदान | | | | | |
| (क) संघ | २२५६०० | २३०००० | २३२५०० | २३२५०० | २३२५०० |
| (ख) प्रदेश | ८५४४ | ८७०० | ८९०० | ९२०० | ९५०० |
| ३ राजस्व वांडफांड | | | | | |
| (क) संघ | ७४१६९ | ७४५०० | ७५००० | ७५५०० | ७६००० |
| (ख) प्रदेश | ५२६० | ५३०० | ५५०० | ५७०० | ६००० |
| ४. विशेष अनुदान | | | | | |
| (क) संघ | १३७०० | १४००० | १४२०० | १४५०० | १४७०० |
| (ख) प्रदेश | ६००० | ६५०० | ६७०० | ७००० | ७२०० |
| ५.समपुरक अनुदान | | | | | |
| क) संघ | ११२०० | १५००० | १६००० | १६५०० | १७००० |
| (ख) प्रदेश | ५३६३ | ५५०० | ५७०० | ६००० | ६२०० |
| ६.अघिल्लो आ.व.को संचितबाट | २०००० | २०००० | २०००० | २०००० | २०००० |
| **अन्य अनुदान** | ५०००० | ३१५०० | ३१००० | ३०८०० | ३१००० |
| **जम्मा** | **५४९८९९** | **५५०००** | **५५१२००** | **५५३२००** | **५५७३००** |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

तालिका ९.९

योजना अवधिको जम्मा श्रोत अनुमान

| सि नं | आर्थिक वर्ष | जम्मा श्रोत अनुमान |
|---|---|---|
| १ | २०७८/७९ | **५४९८९९** |
| २ | २०७९/८० | **५५००००** |
| ३ | २०८०/८१ | **५५१२००** |
| ४ | २०८१/८२ | **५५३२००** |
| ५ | २०८२/८३ | **५५७३००** |
| **जम्मा** | | २,७६,१५,९९ |

**स्रोत : सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुम पूर्व**

## ९.३ बजेट अनुमान र श्रोत परिचालन वीचको सम्बन्ध

तालिका ९.८ मा  विकास खर्चको अनुमान प्रस्तुत  छ । तालिका ९.९ ले श्रोत अनुमानको जानकारी दिन्छ । श्रोतको तुलनामा विकास खर्च अनुमान एक तिहाईको हाराहारी हुन आउछ । यसो हुनुमा जनताले पाउने विकास को खर्चलाई मात्र यसमा समावेश गरिएको छ । सामाजिक सुरक्षा भत्ता, कर्मचारीको तलव भत्ता, कार्यालय संचालन खर्चलाई विकास खर्च अनुमानमा समावेश गरिएको छैन । हालसम्मको खर्च ट्रेण्डलाई आधारमानेर आवधिक योजनाको अनुमान गरिएको छ । त्यसैले श्रोतको कमी यसमा देखिदैन ।

यस आवधिक योजना सिस्ने गाउपालिकाले लगानी गर्न सक्ने रकमको अधिकतम हदको आधारमा आयोजना र परियोजना छनौट गर्दै कार्यान्वयन गर्ने गरी आधार वर्षको बजेटमा सालाखाला १० देखि २० प्रतिशत खर्च बृद्धि हुने अनुमान गरिएको छ । अतः खर्च अनुमान लाई आयश्रोतले धान्ने विश्वास छ ।

# परिच्छेद - १०

## योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन

### १०.१ कार्यान्वयन कार्ययोजना

आवधिक योजनाको कार्यान्वयन वार्षिक वजेटका माध्यमबाट हुन्छ । यस आवधिक योजनाको परिच्छेद ३ मा उल्लेखित समष्टिगत लक्ष्य र परिच्छेद ४, ५, ६, ७ र ८ मा प्रस्तुत विषय क्षेत्रगत तथा उपविषय क्षेत्रगत योजना खाकाको दीर्घकालीन सोंच, लक्ष्य, उद्येश्य, रणननीति, कार्यनीति र प्रमुख कार्यक्रम, नतिजा खाका र अपेक्षित उपलब्धिले मार्गनिर्देश गरे बमोजिम परिलक्षित नतिजा प्राप्त गर्न वार्षिक वजेटमा आयोजना समावेश गरी प्रत्येक आयोजनाका लागि डिपिआर वमोजिम लाग्ने वजेट समेतको सुनिस्चितता गरी वार्षिक रुपमा वजेट विनियोजन गर्दै जानु पर्दछ । आयोजनाको आकार हेरी एक वर्षमा सम्पन्न हुने आयोजनाका निमित्त उक्त आयोजना कार्यान्वयन हुने वर्षमा र वहु वर्षिय आयोजनाको हकमा जति वर्षमा उक्त आयोजना सम्पन्न हुने त्यति वर्षका प्रत्येक आर्थिक वर्षमा कामको प्रगतिको अनुमानका आधारमा वजेट विनियोजन गर्दे जानु पर्दछ ।

आवधिक योजना वास्तवमा निर्देश गर्ने दस्तावेज (गाईडिङ डकुमेण्टस्) हो भने वार्षिक वजेट खास प्रदान गर्ने साधन ( प्रोभाडिङ मिन्स) हो । आवधिक योजना र वार्षिक वजेटलाई जोड्ने कडीको रुपमा मध्यकालीन खर्च संरचना (एमटिईएफ) प्रयोगमा ल्याईएको छ । यस संरचनाले वहुवर्षिय आयोजनाको वजेट सुनिस्चितता गर्न सघाउछ । स्थानीय तहमा समेत आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक वजेटलाई आवद्धित गरिएको छ ।

वार्षिक वजेट आय र व्ययको विवरण हो । व्यय तर्फ सरकार संचालनको खर्च र जनता लाभान्वित हुने विकास खर्च समावेश गरिएको हुन्छ । विकास खर्च गर्नका लागि वार्षिक विकास कार्यक्रम तर्जुमा गर्नु पर्दछ । वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा आवधिक योजनाको दीर्घकालीन सोंच, लक्ष्य, उद्येश्य, नतिजा खाका र अपेीषत उपलब्धिलाई पछ्याउने गरी आयोजना छनोट गर्नु पर्दछ ।

वार्षिक वजेट कार्यान्व्यनका लागि प्रतयेक वर्ष कार्यान्वयन कार्यतालिका तयार पार्नु पर्दछ । कार्यान्वयन कार्यतालिका कस्ले- के काम -कहिले गर्ने ( हु, ह्वाट, ह्वेन) को ढाचामा तयार गर्नु पर्दछ । यसरी तयार पारिने कार्यान्वयन कार्ययोजनाले पदाधिकारीलाई काम प्रति जिम्मेवार वनाउछ र कार्यान्वयनले गति लिन्छ ।

विकासमा विलम्वको महारोग व्याप्त छ । यसो हुनुमा कार्यान्वयन कार्यतालिको अभ्यास नगरेर नै हो । वजेट स्वीकृत भएको ४५ दिन भित्र वार्षिक वजेट कार्यान्वयन कार्ययोजना तयार पार्ने र सो कार्ययोजनाले किटान गरेको कस्ले- के काम -कहिले गर्ने लाई पुर्णरुपमा पालना गर्ने हो भने विकासमा विलम्बको महारोग निवारण गर्न सकिन्छ ।

सिस्ने गाउँपालिकाको प्रस्तुत आवधिक योजनाको कार्यान्वयन भनेको यस्को मार्ग निर्देशनमा रही वार्षिक वजेट वनाउने र कार्यान्वयन गर्ने हो । वार्षिक वजेटमा समावेश गरिने वहुवर्षिय योजनाका लागि वजेटको सुनिस्चितता गर्न मध्यकालीन खर्च संरचना समेत वार्षिक रुपमा तयार गर्न पर्दछ । यति कुराको हेक्का राखेर अघि बढेमा आवधिक योजना कार्यान्वयनले मूर्त रुप लिने पक्का छ ।

## १०.२ अनुगमन

योजनालाई अनुहारको रुपमा र अनुगमनलाई ऐनाको रुपमा बुझ्ने हो भने अनुगमन शब्दको अर्थ स्पष्ट हुन्छ । जसरी ऐनाको सहायताले अनुहारलाई सफा र सुन्दर राख्न सकिन्छ त्यसरी नै अनुगमनको सहायताले योजना कार्यान्वयनलाई नतिजामुखी वनाउन सकिन्छ ।

योजना कार्यान्वयनका दौरान नतिजा श्रंखला- लागत, क्रियाकलाप, प्रतिफल, असर र प्रभावको पहिलो तीन चरण (लागत, क्रियाकलाप र प्रतिफल) मा कुनै पनि काम तलमाथि नपरोस भनेर परिक्षण गर्ने औजारको रुपमा अनुगमनलाई प्रयोग गर्ने गरिन्छ । पछिल्ला दुई चरण (असर र प्रभाव ) को परिक्षणका लागि मूल्यांकन विधि अवलम्बन गरिन्छ । त्यसैले अनुगमन ऐना हो भने मूल्यांकन एक्सरे हो जस्ले नदखिने पक्षलाई पनि देख्छ र केलाउछ ।

अनुगमन शब्दले लागत, क्रियाकलाप र प्रतिफल चरण सम्मको लेखाजोखा गर्दछ । कुनै पनि आयोजना समय, लागत, परिमाण, गुणस्तर, प्रकृया र प्रतिफल अनुमान गरिए अनुसारको सीमा भित्र भै रहेका छ छैन भनेर योजना कार्यान्वयनका दौरान जाचिने प्रकृयालाई अनुगमन भनिन्छ ।

आयोजना स्थलमा पुगेर अनुगमन गर्ने, प्रतिवेदन तयार पार्ने, उक्त प्रतिवेदन उपर समिक्षा गर्ने, सवै क्रियाकलाप ठिक तरिकाले भै रहेको पाईएमा निरन्तरता दिने र केहि फरक भएको वा कमसल भएको पाईएमा तुरुन्त सुधार गर्न लगाउने विधिको रुपमा अनुगमन औजारको प्रयोग हुने गर्दछ ।

प्रस्तुत आवधिक योजनाको सन्दर्भमा अनुगमन कार्यले दुई चरणमा महत्व राख्दछ । पहिलो आवधिक योजना मुताविक वार्षिक वजेट ( वार्षिक विकास कार्यक्रम) तर्जुमा हुने गरेको छ छैन भनेर प्रत्येक वर्ष अनुगमन विधिबाट आवधिक योजनाको कार्यान्वयन अवस्था जाचिन्छ । दोश्रो वार्षिक विकास कार्यक्रम अन्तर्गतका प्रत्येक आयोजनाको कार्यान्वयन अवस्था अर्थात लागत, क्रियाकलाप र प्रतिफललाई समय,

लागत, परिमाण, गुणस्तर, प्रक्रिया र प्रतिफलको स्तरका आधारमा परिक्षण गरिन्छ । योजना कार्यान्वयनमा कुनै कमजोरी वा हेलचक्रयाई नहोस र भै हाल्यो भने पनि तुरुन्त सुधार गर्न सकियोस भनेर अनुगमन औजारको प्रयोग गरिने भएकाले सिस्ने गाउपालिकाले अनुगमनका लागि स्थापित गरिन्छ संयन्त्रका माध्यमबाट यो काम हुने अपेक्षा छ ।

## १०.३ मूल्यांकन

अनुगमन र मुल्याङ्कन शब्द उस्तै उस्तै लाग्ने तर फरक अर्थ वोकेका शब्दावली हुन । अनुगमनका वारेमा अघिल्लो खण्डमा व्याख्या गरि सकिएको छ । नतिजा श्रृखलाको लागत, क्रियाकलाप र प्रतिफल चरण सम्मको अवस्था जाच्ने र निरन्तरता दिने वा सुधार/संशोधन गर्ने काम अनुगमन विधिबाट गर्ने गरिन्छ भने असर र प्रभावको वारेमा मापन गर्ने काम मूल्याकन विधिबाट हुन्छ ।

विकास आयोजनाको असर र प्रभाव तह भनेको लाभग्राही पक्षको सरोकारको विषय हो । अतः कुनै आयोजना सम्पन्न भए पछि अर्थात प्रतिफल प्राप्त भए पछि त्यसको उपभोगबाट जनता अथवा लाभग्राही पक्षको जीवनयापनमा के कस्तो असर र प्रभाव पर्‍यो भन्ने । राम्रोवाट अझ राम्रो अवस्था हुन सक्यो सकेन भनेर तथ्य र तस्विर केलाउने काम मूल्यांकन विधिबाट गरिन्छ ।

मूल्यांकन गर्ने काम वार्षिक योजनाको हकमा सम्पन्न भएको दुइ तीन वर्ष पछि र आवधिक योजनाको हकमा मध्यावधि र योजना सम्पन्न भए पछि गर्ने गरिन्छ । मूल्यांकनको काम तटस्थ र तथ्यपरक हवस भन्ने दृष्टिकोणबाट तेश्रो पक्ष वा स्वतन्त्र विज्ञ समुहबाट गराउने चलन छ ।

सिस्ने गाउँपालिका सुशासन, विकास र समृद्धिका लागि प्रतिवद्ध निर्वाचित नेतृत्वको अगुवाईमा सञ्चालन भै रहेका स्थानीय सरकार भएकाले यस परिच्छेदमा उल्लेख गरिएका कार्यान्वयन कार्यतालिका, अनुगमन तथा मूल्यांकन विधिको अवलम्वनमा पनि उत्तिकै प्रतिवद्ध छ । अतः समृद्ध सिस्नेको गन्तव्यमा पुग्न यस आवधिक योजनाको सफल कार्यान्वयन कोशेढुंङ्गा सावित हुने छ ।

## अनुसूची - १

### गाउँपालिका भित्र संचालन गरिने गौरवका आयोजना, रुपान्तरणकारी आयोजना तथा प्रोजेक्ट वैंकमा समाविष्ट आयोजनाहरुको विवरण

**सडक तर्फ :**

१. मध्य पहाडी लोकमार्ग पाथी हाल्ना देखि खोपिचारसम्म (राष्ट्रिय गौरबको योजनामा कार्यन्वयन भैरहेको)

२. दाङको कोइलावास - घोराहीदेखि -चुन्वांग - होर्दिंग - झिंग्री - द्वारे - भैसेखाल - घंघारुचौर - रुमालवारा - रुपाबांग हाइवे - म. प. हाइवेको रुलीखोलाबाट सेराखेत - हत्यापाटा - खोलाखेत - पक्कीपुल - सिस्ने - डोल्पाको मरिम्ला भन्ज्यांगसम्म सडक ।

३. सानीभेरी उत्तरगंगा करिडोर कर्णाली, लुम्वेनी र गण्डकी प्रदेश (सोलाबाङ धाउने देउखोला जामाबगर त्रिवेणी तकसेरा ढोरपाटन म्याग्दी) जोडने सडक

४. सोलावाङ धाउने रुकुमकोट सडक

५. फलामेगौंडा पोखरा दादिङ किंदा दत्कुना सिस्ने डोल्पा सडक (फलामेगौंडा सागिने पानी खण्ड ठेक्का लागेको)

६. रानीकोट, भेडा बस्ने डाँडा, ७ वडाको भीरघारी हुँदै सल्ले रुकुम पश्चिम जोड्ने मोटरबाटो

७. रुकुमकोट पहिलो चक्रपथ (बाहिरी) : साउनेपानी - गैरा (आचार्यको घरमुनि) - पोधर्ना ( दोबाटो) - खालबोट - सेराखेत पुल - सेराखेत - आलापाखा(भक्तिप्रसादको बारीको छेउ) - चिरौटा खोला - पाखागाउँ (थापाहरुको मन्दिर धुपीको रुख) - मध्यपहाडी लोकमार्गबाट टाकुरा जाने सडकको मिलनबिन्दु - तल्लो पनेरा - थापाडेरा - गम्भीर थापाको घर हुँदै लाम्पाटा जोडने - बाहुनाथाना खारा - देउना - नुनथला - तल्लीदह - उदिनढुंगा - काजिन्द्रा वसपार्क - हात्तीपाइले - गंगारामको जग्गा - टिकाराम उपाध्यायको घरमुनि - पलबहादुर के.सी.को पुरानो घरमुनि - राजाको घरमाथि - साउनेपानी ।

८. रुकुमकोट दोस्रो चक्रपथ : रुलीखोलाको माथि हाइवेबाट - जुगेना - चौतारा - टिकेखारा - दुर्ग बहादुरको घरको छेउ - माडीपाखा - थाकु गुरुंगको घरबाट च्यूरेनी - बोराको बारी - भित्ता बसपार्क नजिक हुँदै धनवीरको घर छेउ - तारक बहादुर शाहको बारी - टिकाराम उपाध्यायको घर माथि - पल बहादुर केसीको पुरानो घर मुनि - रांकोट - वल्लो कल्लापाटा - अमराहीबोट - बरारुख - ढकालबारा - भैसेखाल - ढाँणाखोला - रुलीखोला ।

९. रुकुमकोट तेस्रो चक्रपथ : मंग्रा पिपलको बोट - घनश्यामको घर - आग्रीगाउँ - उपल्लो खाल्टाबोट - तुलसीको घर - भक्तिप्रसाद जग्गा हुँदै पूर्वी विसाउना - देव बहादुर केसीको घर अगाडि - राम बहादुर घर्तीको घर पछाडि - गोपाल मल्ल र तारक बहादुर शाहको जग्गा - ओम प्रकाश थापाको जग्गा - टिकाराम उपाध्यायको जग्गा - ठगेन्द्र हमालको जग्गा - ज्ञानु चन्दको जग्गा - हाइवे ।

१०. स्यालापाखा रुकुमकोट जोडने सडक
११. भुरङ्गा, स्यालापाखा, लम्पाकोट सान्चौर, नाथीगाड हुदै रुकुमकोट जोडने सडक
१३. बैसपानी भिमखोला खारा दह जोडने सडक
१४. कौक्ष सान्चौर गाठिचौर लम्पाकोट खारादह जोडने सडक
१५. पालिकाको अन्तर्गत बजारको बस्ती विकास भएको स्थानहरुमा ढल निकास कार्यक्रम
१६. फोहरमैला व्यवस्थापनको लागि डपिङसाइड निर्माण
१७. एरपोर्ट निर्माण सिस्ने गा.पा वडा नं ३ पांगा

<u>प्रोजेक्ट वैंकमा समाविष्ट गरिने सडक आयोजनाहरु</u>

१. छिंग्रीदेखि भट्टेचौर, पाखापानी, ठूलो सिस्ने, रिरिबाङ डोल्पा तोरीद्वारी सडक वडा नं. १
२. पाखापानी-ओखेना-गुप्तादह- भनभने -स्यालाखदी जोड्ने सडक वडा नं. १
३.पाखापानी-लामापाखा-हुँदै ठूलो सिस्ने डोल्पा जोड्ने सडक वडा नं. १
४. देउखोला-भालुखाप्चे- नायगाड-सिस्ने सडक वडा नं. २
५दादिंग-छिपखोला-किंदा- प्वाङ-तुबाङ सडक वडा नं. २
६ तुबाङ-दत्कुना-सुद्री-सिस्ने- डोल्पा सडक वडा नं. २
७. अमलाचौर-असारेच्यूरा-तल्लो छिपखोला-नायगाड-सिस्ने- डोल्पा वडा नं. २
८ नायगाड-तुबाङ-लैपा सडक वडा नं. २
९.लैपा - मर्पे - प्वाङ - रंगेनी सडक वडा नं. २
१०.नायगाड-चारगाउँ-खाराबाङ- अर्जल-मैकोट सडक वडा नं. २
११.लैपा-मैनेरी सडक वडा नं. २
१२.किंदा-धंगु-गातिना सडक वडा नं. २
१३ छिपखोला-टिम्मुरेनी- भेरीकार्ना-ओवाखोला सडक वडा नं. २
१४.बोजेरीदेखि हाइस्कूलसम्म सडक पीच वडा नं. ३
१५. रेउतखोलादेखि झाँर्की मठसम्म वडा नं. ३
१६.पोखरादेखि तातोपानी सम्म सडक वडा नं. ३
१७.तितेखोलादेखि माथि पोखरा हुँदै धपीबोटसम्म सडक वडा नं. ३
१८.राक्सेदेखि ढिक हुँदै धुपीबोट सडक वडा नं. ३
१९.टाकुरादेखि राक्से पिपलबोट वडा नं. ३
२०.शहिद चोकदेखि विसाउनासम्म सडक वडा नं. ३
२१.बागेधारादेखि बोजेरी पुलसम्म सडक वडा नं. ३
२२.पोखरापाटादेखि दांगसम्म गोरेटो बाटो वडा नं. ३
२३.विसाउनादेखि इन्चासम्म गोरेटो बाटो वडा नं. ३
२४.विसाउनादेखि इन्चासम्म गोरेटो बाटो वडा नं. ३
२५.ठेगा बसाल्नदेखि दांगसम्मको गोरेटो बाटो वडा नं. ३

२६.धुपीबोटदेखि सहकारीसम्म रोड वडा नं. ३
२७.राक्सेखोलादेखि तिमिले हुँदै दांग वडा नं. ३
२८.सिस्नेरीदेखि रेउतखोला बोजेरी जोड्ने पुल वडा नं. ३
२९.डोटखोला आरसीसी बोजेरी वडा नं. ३
३०.विजेथाला देखि गौरो फाल्ने सडक वडा नं. ३
३१.नागपुज्नदेखि च्यूरेनीसम्म सडक वडा नं. ३
३२.राक्से डाँडा हुँदै गोठथातसम्म गोरेटो बाटो वडा नं. ३
३३.सालघारी माथिल्लो भिंगदेखि अमलाचौरसम्म सडक वडा नं. ४
३४.पुरानो ढाँका काँडा-नेटादेखि दादिंग कालेगैरासम्म सडक वडा नं. ४
३५.अमलाचौर-रातामाटादेखि छिपखोलासम्म सडक वडा नं. ४
३६.तल्लो दादिंगदेखि कालेगैरा- स्याम्जे सडक वडा नं. ४
३७.अमलाचौर पुलदेखि छिविंग सडक वडा नं. ४
३८.अमलाचौरदेखि नयाँ ढाँकासम्म वडा नं. ४
३९.छिप्रिदहदेखि पाखागाउँ सडक
४०.छिप्रिदहदेखि माथिल्लो चिउरेनी हुँदै हात्तीपाइला रिंगरोडसम्म सडक
४१.छिप्रिदहदेखि टाकुरा बाहुनथाना  सडक
४२.छिप्रिदहदेखि लुस्पा, पोखरा सडक
४३.छिप्रिदहदेखि बसपार्क  सडक
४४.आलापाखादेखि बाहुनडेरा हुँदै हात्तीपाइला सडक
४५.आग्रीगाउँ-चिउरेनी बसपार्क- काजिन्द्रा (उदिनढुंगा) बसपार्क सडक
४६.बरारुख-रांकोट-चौराढिक सडक
४७.बाहुनठानाको खारादेखि नूनथलासम्म सडकसडक
४८.गाउँपादेखि बराहढुंगा हुँदै धारेघरसम्म सडक
४९.छिप्रिदहदेखि बाडारुखसम्म सडक
५०.जुगेना-द्वारेपाखा-डाँडागाउँ- भदेपानी-पाखापानी सडक
५१.मैदानदेखि ह्याप्ला कृषि सडक (दुई गापा जोड्ने) सडक
५२.उपल्लो रानीकोटदेखि तल्लो रानीकोट हुँदै औलाबांग सडक
५३.रुमालबारा-शहीदपार्क सडक
५४.लुस्पादेखि वालुवा कल्चु ओडार सडक
५५.घंघारुचौर, लक्कु लाउने, मैबांग, होर्दिंग घोडेटो बाटो
५६.डिल्ली चन्दको बारीको दक्षिण, पल बहादुर केसीको बारीको दक्षिण, नित्यध्वज शाहीको बारीको दक्षिण हुँदै दांग्चा ठाडो बाटोमा जोड्ने सडक
५८.चिसापानी-गोठीचौर-सान्चौर स्कूल हुँदै कानेबाङसम्म  वडा नं. ७

५९.कौछे -नाथीगाड स्कूल पावर हाउस हुँदै भीरघारी, साउनेपानी, घोरनेटी, गोठराख्ना, माथिल्लो वडा नं. ७
६०.नाथीगाड स्कूलदेखि सान्चौर स्कूलसम्म वडा नं. ७
६१.सिस्नेरी र बोजेरी जोड्ने पक्की मोटरेबल पुल वडा नं. ७
६२.नाथीगाड खोला मोटरेवल पुल  वडा नं. ७
६३.बैसपानी-झिमखोला-खारादह सडक वडा नं. ८
६४.बैसपानी-औलाबाङ वडा नं. ८
६५.गरुलडाँडा-स्यालापाखा गाउँ वडा नं. ८.
६७.चिसापानी-लम्पाकोट- खारादह सडक वडा नं. ८
६८.धपे -भलखोला सडक वडा नं. ८
६९.सिस्नेरी -मोहडाँडा-रावलवारा-गुप्तीदह वडा नं. ८
७०.भुरुंगा-स्यालापाखा- झिमखोला-लम्पाकोट-रुकुमकोट वडा नं. ८
७१.झाग्रीखोला-भलखोला- भेरीखोला सडक वडा नं. ८
७२.धपे मोटरपुल वडा नं. ८
७३.सोलाबाङ, धाउने सडकदेखि वडा कार्यालयसम्म स्तरोन्नति वडा नं. ८

**सडक पुल तर्फ :**

१. नाथिगाड खोला, तुवाङखोला, नायगाड वालुवखोला, तिप्तरा खोल सडक पुल
२. सानीभेरी नदीमा पानी भर्ना कुनाखेत जोडने सडक पुल
३. सान्चौर बोजेरी सानीभेरी नदीमा सडक पुल निर्माण

**झो.पु. तर्फः**

१. साकिम र रुकुमकोट जोडने झो.पु
२. रातामाटा लुस्पा झो.पु
३. पाखापानी ठूलो सिस्ने झा.पु.
४. पाखापानी लामपाखा झो.पु.

**खानेपानी तर्फ**

१. राम्रीखोला (नयाँ) भट्टेचौर र भंग खा.पा.यो.वडा नं. १
२. हाँसीखोला (नयाँ) पाखापानी. खा.पा.यो.वडा नं. १
३. मोथीगैरा खोला  (नयाँ) वाल्लो चौर खा.पा.यो.वडा नं. १
४. मौरीकारे खोला  (नयाँ) लामापाखा खा.पा.यो.वडा नं. १
५. देउल खोला (नयाँ)  ठूलो सिस्ने खा.पा.यो.वडा नं. १
६. डोबखोला (नयाँ)  दमार ओखेना खा.पा.यो.वडा नं. १

७. बाहुलेखोला (नयाँ) टाकुरा खा.पा.यो.वडा नं. १
८. थाक्ने खोला (नयाँ) उदावन खा.पा.यो.वडा नं. १
९. थलडाँडा नहर रकुवा खा.पा.यो.वडा नं. १
१० ओवा खोला खा.पा.यो.वडा नं. २
११.बल्लेजुरे चितरखोली खा.पा.यो.वडा नं. २
१२ लाल्नेभीर (सेतेपानी) खा.पा.यो.वडा नं. २
१३ धागेछरी खा.पा.यो.वडा नं. २
१४.जुम्ले छहरा खा.पा.यो.वडा नं. २
१५.ठानाखोला खा.पा.यो.वडा नं. २
१६.लोल्मा खोला खा.पा.यो.वडा नं. २
१७.सल्लोट खा.पा.यो.वडा नं. २
१८.सेजारी खोलो खा.पा.यो.वडा नं. २
१९.छ्यारछ्यारे खा.पा.यो.वडा नं. २
२०.खैरे खोला खा.पा.यो.वडा नं. २
२१.हिउँदे खोला खा.पा.यो.वडा नं. २
२२.छौरे पाल्ती खा.पा.यो.वडा नं. २
२३ भेरीखोला खा.पा.यो.वडा नं. ३
२४.डोटखोला खा.पा.यो.वडा नं. ३
२५.रेउतखोला खा.पा.यो.वडा नं. ३
२६.तितेखोला खा.पा.यो.वडा नं. ३
२७.गछी खोला खा.पा.यो.वडा नं. ३
२८.धानीमारे मुहान खा.पा.यो.वडा नं. ३
२९.मूलखोला खा.पा.यो.वडा नं. ४
३०.सानीमूल खा.पा.यो.वडा नं. ४
३१. चिउराखोला खा.पा.यो.वडा नं. ४
३२. छरेखोला खा.पा.यो.वडा नं. ४
३३. खोरगार खा.पा.यो.वडा नं. ४
३४. कुरीपानी खा.पा.यो.वडा नं. ४
३५.किमुबोट खा.पा.यो.वडा नं. ४
३६.रिजेखोला खा.पा.यो.वडा नं. ४
३७.खारखोला खा.पा.यो.वडा नं. ४
३८.सेपै छहरा खा.पा.यो.वडा नं. ४
३९.बन्सेनी खा.पा.यो.वडा नं. ४
४०.रोलखोल खा.पा.यो.वडा नं. ४

४१. राछुछहरा-रुकुमकोट खानेपानी योजना वडा नं. ५ र ६
४२. ठाराखोला-रुकुमकोट खानेपानी योजना वडा नं. ५ र ६
४३. डुडाउने खोला - पाखागाउँ ढकालबारा खानेपानी योजना वडा न. ६
४४. घोरखानी खोला- रानीकोट, वडा न. ६ सबै खानेपानी योजना
४५. मछाइने खोला-रुकुमकोट खानेपानी योजना वडा नं. ५ र ६
४६. कलकले खोला-रुकुमकोट खानेपानी योजना वडा नं. ५ र ६
४७. दुदिल्लागैरा-जुगेपानी-कोटापाखा रुमालबारा खानेपानी योजना वडा नं. ५
४८. ओखेनी खोला ह्याप्ला-ह्याप्ला सिमलबोट खानेपानी योजना वडा नं. ६
४९. झांग्रीपानी-दुवै रानीकोट औलबांग खानेपानी योजना वडा नं. ६
५०. झिंग्रीखोला-द्वारे- दुदिल्लागैरा खानेपानी योजना वडा नं. ६
५१. कुरीखोला-खोपीचार- कोरबास खानेपानी योजना वडा नं. ६
५२. घट्टेखोला-रुवाबांग खानेपानी योजना
५३. ओल्लो छरिखोला- पल्लो छरिखोला ढकालवारा-धाउन खानेपानी योजना वडा नं. ६
५४. काफलधारा-उ.हेप्ला- चोताबारी थाक्ना खानेपानी योजना वडा नं. ५
५५. लुस्पा वडा न. ६ खानेपानी योजना
५६. एक ठूलो आयोजना सदरमुकाम क्षेत्रका लागि रिजर्भ वायर सहितको व्यवस्थापन गर्ने खानेपानी योजना
५७. नौधारीखोला खा.पा.यो.वडा नं. ७
५८.किंगरीखोला खा.पा.यो.वडा नं. ७
५९.गौथलीखोला खा.पा.यो.वडा नं. ७
६०.किंगरीखोला खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६१.चिसापानी खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६२.गौथलीखोला खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६३.ठूलाखोला खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६४.नौधारीखोला खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६५.बुवारखोला खा.पा.यो मुहान संरक्षण वडा नं. ७
६६.लम्माकोट- जामाखोला-सल पर्ने मर्मत) खा.पा.यो.वडा नं. ८
६७.झिमखोला-नौमुल- औलाबाङ (मर्मत) खा.पा.यो.वडा नं. ८
६८.नौमूल-भलखोाल खा.पा.यो.वडा नं. ८
६९. मजुवारखोला-सिस्नेरी खा.पा.यो.वडा नं. ८
७०.झाग्रीखोला-मार्के खा.पा.यो.वडा नं. ८
७१.झांग्रीखोला-चंखेरी खा.पा.यो.वडा नं. ८
७१.झांग्रीखोला-स्कूल खा.पा.यो.वडा नं. ८
७३.भेरीखोला-साउनेपानी-मोहडाँडा खा.पा.यो.वडा नं. ८

७४.झाग्रीखोला- धजाहाल्ना-घरेली खा.पा.यो.वडा नं. ८
७५.भेरीखोला-बोहोराडेरा खा.पा.यो.वडा नं. ८
७६.काला छहरा-रावलवारा-धुपीबोट खा.पा.यो.वडा नं. ८
७७.झांग्रीखोला-गोत्ल खा.पा.यो.वडा नं. ८
७८.झाग्रीखोला-घिसाबाङ-फइडाँडा खा.पा.यो.वडा नं. ८
७९.नौमूल-स्यालापाखा खा.पा.यो.वडा नं. ८
८०.डाँडा-घिसाबाङ खा.पा.यो.वडा नं. ८
८१.किंगरीखोल, कटुचे, हापढुंगा, ठुटेचिउरी खा.पा.यो.वडा नं. ८
८२.नौमूल-डुरकाट्ने -लम्पाकोट गाउँ, चैतेडाँडासम्म खा.पा.यो.वडा नं. ८
८३.स्थानीय उपभोक्तालाई पानी शुद्धीकरण तालिम शिघ्रतीशीघ्र दिने ।
८४.स्थानीय उपभोक्ता, समिति र सरकारसंग राम्रो सम्वन्ध कायम गर्ने ।
८५.उपभोक्ताहरुसंग पानी शुद्धीकरण, व्यवस्थापन र प्रयोग सम्वन्धी गोष्ठी, अन्तरक्रिया, छलफल र सहकार्य गर्ने कार्यक्रम ल्याउने ।

**सिंचाई तर्फ :**

१. छिंग्रीखोला (नयाँ) भट्टेचौर र भंग सिंचाई योजना वडा नं. १
२. हाँसीखोला (नयाँ) पाखापानी सिंचाई योजना वडा नं. १
३. मोथीगैरा खोला  वाल्लो चौर सिंचाई योजना वडा नं. १
४. मौरीकारे खोला  (नयाँ) लामापाखा सिंचाई योजना वडा नं. १
५. देउल खोला (नयाँ)  ठूलो सिस्ने सिंचाई योजना वडा नं. १
६. डोबखोला(नयाँ)  दमार ओखेना सिंचाई योजना वडा नं. १
७. बाहुलेखोला (नयाँ) टाकुरा सिंचाई योजना वडा नं. १
८. थाक्ने खोला (नयाँ) उदावन सिंचाई योजना वडा नं. १
९. छिपखोला सिंचाई योजना वडा नं. २
१०.तिप्तारा (तुबाङ खोला) सिंचाई योजना वडा नं. २
११.नायगाड (तुबाङ खोला) सिंचाई योजना वडा नं. २
१२.सल्ली विसौना (लाछे खोला) सिंचाई योजना वडा नं. २
१३.तुबाङ (तुबाङ खोला) सिंचाई योजना वडा नं. २
१४.सानोभरी लिफ्ट सिंचाई योजना पोखरा, पांगा, राक्से, रेवत वडा नं.३
१५.तल्लो छिपखोला असारेच्यूरा, रातामाटा, अमलाचौर, माथिल्लो भिंग, पोखरा सिंचाई योजना वडा नं. ३
१६.मूलगैरा  भिंग, पुरानो ढाका सिंचाई योजना वडा नं. ४
१७.चिउरेखोला अमलाचौर ढाका सिंचाई योजना वडा नं. ४
१८.छरेखोला रातामाटा ढाका सिंचाई योजना वडा नं. ४

१९.स्याम्जेखोला दादिंग ढाका सिंचाई योजना वडा नं. ४
२०.मूलपातली फारुला ढाका सिंचाई योजना वडा नं. ४
२१.रिजाखोला दादिंग ढाका सिंचाई योजना वडा नं. ४
२२.कोर्जागांड कुमकोट सिंचाई योजना वडा नं. ५ र ६
२३.थाक्नाखोला रुकुमकोट सिंचाई योजना ५ र ६
२४.रुकुमगाड रुकुमकोट सिंचाई योजना ५ र ६
२५.नौधारी खोला नाथीगार र सानचौर  सिंचाई योजना वडा नं. ७
२६.भलखोला लिफ्ट सिंचाई  भुरुंगा सिंचाई योजना वडा नं. ८
२७.खरमखोल, गोत्ले सिंचाइ भुरुंगा सिंचाई योजना वडा नं. ८
२८.धपे सिंचाई, रेती, डुप्का झिमखोला सिंचाई योजना वडा नं. ८
२९.जामाखोला, किमुतारा सिंचाई  लम्पाकोट सिंचाई योजना वडा नं. ८
३०.विद्युत टयांकीदेखि  औलाबाङ, लिचेपाखा स्यालापाखा सिंचाई योजना वडा नं. ८
३१. भुरुंगा - रावलबारा,पेरीपानी, दुधलाबोट, साउनेपानी, तुसारे, माथिल्लो पँधेरा, मोहडाँडा, मुहान संरक्षण वडा नं. ८
३१.न्याउलेखोला, देउरानी छहरा, नौमूल, बाँदरपानी, मुहान संरक्षण वडा नं. ८
३२.स्यालापाखा - बैसपानी, रोटेपानी, गारेपानी, कुरीपानी, पाखलपोले, छरछरे, बादापानी, खैबाङ, मुहान संरक्षण वडा नं. ८
३३.झिमखोला -चौरीपानी, डोडखोला, दशौदी, नौमूल, मुहान संरक्षण वडा नं. ८
३४.लम्पाकोट-जुगेपानी, चौरीपानी, ठूला पांग्रा रुख, सलपर्ने मुहान संरक्षण वडा नं. ८

**विपद् व्यवस्थापन तर्फ**

१. पाखापानी बाढी पहिरो नियन्त्रण वडा नं. १
२. टाडारा  बाढी पहिरो नियन्त्रण वडा नं. १
३. लामापाखा र रकुवा बाढी पहिरो नियन्त्रण वडा नं. १
४. भट्टेचौर विद्यालय संरक्षण वडा नं. १
५. उदावन बाढी पहिरो नियन्त्रण वडा नं. १
६. ठूलो सिस्ने बाढी पहिरो नियन्त्रण वडा नं. १
७. मोराबाङ-तिप्तरा तटबन्द निर्माण, वृक्षारोपण वडा नं. २
८. तिप्तारा-कोल्डाँडा तटबन्द निर्माण, वृक्षारोपण वडा नं. २
९. सल्लेरी-सुद्री तटबन्द, वृक्षारोपण वडा नं. २
१०.छिपखोला, इटि वृक्षारोपण वडा नं. २
११.तुबाङ-लामाबगर तटबन्द निर्माण, वृक्षारोपण वडा नं. २
१२.प्वाङ-खरिबोट वृक्षारोपण, जाली, वाल वडा नं. २

१३.गुडु वृक्षारोपण वडा नं. २
१४.खरेखोला तटबन्द निर्माण वडा नं.३
१५.धनीमारे वगरदेखि मुलपानी बोजेरीसम्म तटबन्द निर्माण गरी पहिरो नियन्त्रण वडा नं.३
१६. रातामाटा संरक्षण वडा नं. ४
१७. तातो पानी वारी संरक्षण वडा नं.४
१८.रानीकोट पहिरो नियन्त्रण
१९. धौलापहिरा पहिरो नियन्त्रण
२०.कालापैरा पहिरो नियन्त्रण
२१.उपल्लो धाउन बाढी नियन्त्रण
२२.तरबरा बाढी नियन्त्रण
२३.सम्भ्हेबगर बाढी नियन्त्रण
२४.तल्लो धाउने बाढी नियन्त्रण
२५.औलाबाङ्ग बाढी नियन्त्रण
२६. कौछे पहिरो नियन्त्रण वडा नं.७
२७. पहिराटा वृक्षारोपण वडा नं.७
२८. नाथीगाड खोला तटबन्दन निर्माण वडा नं.७
२९. बोजेरी पुल तटबन्दन निर्माण वडा नं.७
३०. मेलबोट तटबन्दन निर्माण वडा नं.७
३१. सानीभेरी कटान नियन्त्रणका लागि तटबन्द निर्माण वडा नं.८
३२. गौरा फाल्न तारजाली, वृक्षारोपण वडा नं.८
३३.गरुलडारा पोखरी तारजाली, वृक्षारोपण वडा नं.८
३४. चौरीपानी सलपर्ने तारजाली, वृक्षारोपण वडा नं.८
३५. वाउबाङ तारजाली, वृक्षारोपण वडा नं.८
३६. ढुंगेखानी पहिरो तारजाली, वृक्षारोपण वडा नं.८
३७. किंगरीखोला पहिरो तारजाली, वृक्षारोपण वडा नं.८
३९. धजाहाल्ना विद्यालय मुनि पहिरो नियन्त्रणका लागि तारजाली, वृक्षारोपण वडा नं.८

**कृषि तर्फः**

१. जडिबुटी, पशुपालन, फलफुल, उच्च मूल्यको खेती वडा नं.१ र २
२. अन्नबाली, पशुपालन, मौरीपालन वडा नं.३ र ४
३. शहरी विकास, शहरी विकास,वडा नं. ५ र ६
४. अन्नबाली, फलफुल र पशुपालन वडा नं. ७ र ८

**पकेट क्षेत्र निर्धारण :**

१. ओखेना, भट्टेचौर, लामापाखा, ठूलो सिस्ने, पाखापानी -स्याउ, वडा नं.१
२. लामापाखा, ओखेना, पाखापानी, भट्टेचौर, ठूलो सिस्ने, उदावन - ओखर, वडा नं.१
३. भट्टेचौर, ओखेना, ठूलो सिस्ने, पाखापानी -आलु र लसुन, वडा नं.१
४. सम्पूर्ण वडाभरी -सिमी र तोरी,वडा नं.१
५. ठूलो सिस्ने, लामापाखा, ओखेना, पाखापानी भट्टेचौर - पशुपालन भेडा बाखा, वडा नं.१
६.टिमुरेनी कपगार, तिप्तारा, छुरबाङ,गोलखारा, कुचिबाङ, सुद्री, दल्लुगैरा, दत्कुना, जौली, लैपा, तुबाङ - बाखापलन, वडा नं. २
७. आरिबाङ, रंगेनी, प्बाङ - पशुपालन, बाखापालन वडा नं. २
८.टिमुरेनी, स्याम्ज, धंगु,रंगेनी र गोठीवन- स्याउ वडा नं. २
९.छिपखोला, इटि, लामागार, तल्लो किंदा, सल्ली विसौना- सुन्तला र कागती वडा नं. २
१०.मर्पे, ओखरबोट, आरीबाङ, किंदा, दत्कुना, सुद्री- ओखर वडा नं. २
११.पैरा, दमार गोठीवन, पेटारी साकबारी -जडिबुटी खेती वडा नं. २
१२.पांगा - केरा, मौरी पालन वडा नं. ३
१३.पोखरा- मौरीपालन वडा नं. ३
१४.बाकेधारा बदाम -मौरीपालन वडा नं. ३
१५.भिम, मुर्दाइक, विसनचौरी, घरेलटाकुरा- वृक्षारोपण वडा नं. ३
१६.सेतो मुस्ली, लीची, मेवा केरा खरभुजा तरभुजा वडा नं ३ र ४ मा चिउरी खेती
१७.अमलाचौर, रातामाटा- तरकारी खेती (आलु, लसुन, प्याज, टमाटर) वडा नं. ४
१८.पुरानो ढाँका, भिंग - केरा खेती वडा नं. ४
१९.काँडा र दादिंग - बाखा पालन वडा नं. ४
२०.भिंग र पुरानो ढाँका- लोकल कुखुरापालन, वडा नं. ४
२१.तल्लो ह्याप्ला - सुन्तला, कागती, अमिलो वडा नं. ५
२२.माथिल्लो ह्याप्ला -ओखर, टिम्मुर वडा नं. ५
२३.चोताबारी केरा - माहुरी वडा नं. ५
२४.थाक्ना आलु - वडा नं. ५
२५.पाथीहाल्ना - स्याउ, आलु, नास्पाती, पलम वडा नं. ५
२६.कोटापाखा बाखापालन - माहुरीपालन वडा नं. ५
२७.पोखरा, लुस्पा, काल्चीउरी - तरकारी (काउली, प्याज, लसुन वडा नं. ६
२८. धाउने, थापाचौर, खोपीचार, पाखागाउँ - सुन्तला खेती वडा नं. ६
२९.खोपीचार, भिंग्री, भदले बोट, छोटेतरा, काखेबाङ,रानीकोट, भल्के, पायाँबारा मेला र सम्जे बगर - बाखापालन, पशुपालन वडा नं. ६
३०.नाथीगाड, तलीगाउँ, चिसापानी - तरकारी (प्याज, आलु, लसुन, बन्दा, टमाटर) वडा नं. ७
३१.घारिघर, माधारा, भिरघारी, कानेबाङ - फलफूल (सुन्तला, कागती) वडा नं. ७
३२.बनसिनी, साउनेपानी, गोठराक्ना, माथिल्लो कानेबाङ - पशुपालन वडा नं. ७

३३.बल्लेजुरी, खाजीमेला, कानेबाङ, माधारा, रानागाउँ, वनसेनी, गोठीचौर, सानचौर - आलु खेती वडा नं. ७

३४.धपे, गोत्ले, खरमखोला, भलखोला, किमुतारा -तरकारी (प्याज, काउली, आलु, लसुन, बन्दाटमाटर वडा नं. ८

३५.मोहडाँडा, मार्के, फट्टडाँडा, सलपर्ने, ठुटोचिउरी माथिल्लो वस्ती, सिस्नेरी, खैबाङ, लिचेपाल्य हापढुंगा - पशुपालन (भैंसी, बाख्रा, कुखुरा) वडा नं. ८

३६.सिमखोरिया, सुनखाना, भिmमखोला, चंखेरी, घरेली, गरलखाल्ना, प्यारीपानी, कुरीपानी - फलफूल (सुन्तला, कागती) वडा नं. ८

३७.जात्राबाङ, स्यालापाखा डाँडा, भुरुंगा माथिल्लो वस्ती, लम्पाकोट, भिmमखोला, स्यालापाख, भुरुंगा - फलफूल (हलुवावेद, ओखर, केरा, अलैंची, टिम्मुर) वडा नं. ८

३९ पकेट क्षेत्रभित्र रहेको कुशल किसानहरुलाई व्यवसायीकरण गर्ने ।

४०किसानको पहिचान र वर्गीकरण गर्ने ।

४१.स्थानीय विशेषता र संस्कृति अनुसार गाउँपालिकास्तरमा कृषि नीति निर्माण गर्ने ।

४२.कृषि उपजको बजार व्यवस्थापन गर्न सहकारीलाइ अनुदान दिने कार्यक्रम संचालन गर्ने ।

४३. एक वडामा एक कृषि प्राविधिक जनशक्ति परिचालन गर्ने ।

४४.गाउँपालिकाको प्रत्येक वडामा पहिलो बर्ष १२ वटा फलफुल, करेसाबारी बनाएका घर ५० हुनेछन् र ५ वर्षभित्रमा सबै घरधुरीमा १२ फलफुल र करेसाबारी निर्माण कार्यलाई पालिकामा अभियानको रुपमा संचालन गर्ने ।

४६.यस गाउँपालिकाभित्र बाँझो जमिन राख्ने कार्यलाई निरुत्साहित गर्ने कार्यक्रम संचालन गरिनेछ ।

४७.गाउँपालिकाले पहिलो वर्ष एक वडा एक नर्सरीको स्थापना कार्यक्रम संचालन गर्ने ।

**शिक्षा तर्फ :**

१. सिस्ने शिक्षा क्याम्पसलाई बहुमुखी क्याम्पस बनाउने ।
२. प्राविधिक धारका शिक्षाको पठन पाठनलाई गुणस्तर र प्रभावकारी बनाउनको लागि आवश्यक भौतिक पूर्वाधार निर्माणका कार्यहरु गर्ने
३. शिक्षक, विद्यालय व्यवस्थापन समिति, जनप्रतिनिधि र सरकारी कर्मचारीले सामुदायिक विद्यालयमा मात्रै आफ्ना छोराछोरी पढाउन अभियानका कार्यक्रम संचालन गर्ने ।
४. विद्यालय व्यवस्थापन समितिलाई सक्रिय बनाउन क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।
५. विद्यालय व्यवस्थापन समिति महासंघलाई निरन्तर रुपमा क्षमता अभिवद्धिको कार्यक्रम संचालन गर्ने ।
६. सट्टा शिक्षक (खेताला शिक्षक) को पूर्ण अन्त्य गर्ने ।
७. स्थानीय पाठ्यक्रम तयार गरी संचालनमा ल्याउने ।

८. एक वर्षभित्रमा आवश्यकताको आधारमा अध्ययन गरी विद्यालय समायोजन गर्ने ।

९. निजी विद्यालयलाई सामुदायिकीकरणको बाटो लिने ।

१०.गाउँपालिकाले प्रत्येक वडामा एक शिक्षा स्वयम्सेवी नियुक्ति गर्ने र यस्तो स्वयम्सेवीले अभिभावक जागरण, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि, शिक्षकको अनुगमन गरी मासिक रुपमा गाउँपालिकालाई प्रतिवेदन बुझाउने ।

११.स्वयम्सेवकमार्फत् शिक्षक, अभिभावक भेला, विद्यालयको सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।

१२. गाउँपालिकाको एक मात्र क्याम्पस सिस्ने शिक्षा क्याम्पसलाई शैक्षिक, भौतिक, आर्थिक र मानवीयस्रोत उपलब्ध गराई बहुमुखी बनाउन प्रक्रियाको थालनी गर्ने ।

१३. शिक्षकहरुको व्यक्तिगत आस्थालाई सम्मान गर्दै राजनीतिक दलका कार्यक्रममा क्रियाशील नबनाउने ।

१४. शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने ।

१५. विषयगत र तहगत शिक्षक दरबन्दी कायम गर्ने ।

१६. शिक्षक तालिमको व्यवस्था गर्ने ।

१७. अनुमति प्राप्त विद्यालयहरुलाई स्वीकृति प्रदान गर्ने ।

१८. आवश्यकता अनुसार विद्यालयहरुलाई विलयन ९:बचनभच० र विस्तार गर्ने

१९. बाल विकास शिक्षकहरु र विद्यालय कर्मचारीहरुको सेवा सुविधामा बृद्धि गर्ने ।

२०. विकट तथा दुर्गम क्षेत्रमा रहेका विद्यालयहरुमा भौतिक पूर्वाधार र शैक्षिक जनशक्तिको आवश्यक व्यवस्था गर्न विशेष कार्यक्रम लागु गर्ने ।

२२. शिक्षक, विद्यर्थी र अभिभावकहरुवीच अन्तरक्रिया गर्ने ।

२३. शिक्षकको कामकाज, सक्रियता र योगदानको आधारमा पुरस्कार र प्रोत्साहनको व्यवस्था गर्ने ।

२४. विद्यालयहरुमा अनुगमन, मुल्यांकन, प्रभावकारी नियमनमा जोड दिने ।

२५. गाउँपालिका र विद्यालय तथा प्र.अ. र विषयगत शिक्षकवीच उपलव्धी मापन सम्झौता गरी कार्य गर्ने ।

२६.गाउँपालिकासंग वि.व्य.स. तथा शि. अ. संघले कार्ययोजना बनाई सम्झौता गरी लागु गर्ने ।

२७.लक्षित समुह (गरिव, दलित, अपाङ्ग, सहिद परिवार घाइते अनाथ) र जेहान्दार विद्यर्थीहरुका लागि विशेष छात्रावृत्रि तथा अनुदान सहायता उपलव्ध गराउने ।

२८.हालका प्राविधिक शिक्षलयहरुलाई सुविधासम्पन्न बनाउने र आवश्यकता अनुसार नयाँ शिक्षालयहरु खोल्दै जाने ।

२९.लक्षित समुहका बालबालिकाहरुलाई प्राविधिक शिक्षामा पहुँच पुर्‍याउन छात्रावृत्रीका विभिन्न प्याकहरुको व्यवस्था गर्ने ।

३०.विद्यालय स्वास्थ्य परामर्श उपलव्ध गराउने ।

३१.प्राविधिक शिक्षालयहरुमा भौतिक पूर्वाधार, प्रयोगशाल तथा दक्ष जनशक्तिको प्रबन्ध गर्ने ।

३२.स्वारोजगारमूलक छोटो अवधिका तालिमहरु संचालन गर्ने ।

३३.बालबालिकाहरुलाई नैतिकवान, चरित्रवान र अनुशासित बनाउनका लागि स्थानीय पाठ्यक्रममा आधारीत शिक्षण क्रियाकलापमा जोड दिने ।

३४.विद्यालयहरुले नैतिकता सम्वन्धी आचारसंहित तयार गरी लागु गर्ने ।

३५.उच्च शिक्षाको विकास तथा प्रवर्द्धन गर्न क्याम्पस स्तरका शिक्षण संस्थाहरुलाई नियमित शैक्षिक विकास अनुदान सहायता उपलव्ध गराउने ।

**महिला तर्फः**

१. लैगिंक समानता र सामाजिक समावेशिकरण र लक्षित वर्गलाई उत्थान कार्यक्रम ।

**वन व्यवस्थापन**

१. जडिबुटि अनुसन्धान केन्द्र तथा प्रशोधन केन्द्रको स्थापना गर्ने

२. सिस्ने सिकार आरक्ष निर्माण

३. सामुदायिक वन र कबुलियती वनको समूह दर्ता, नवीकरण र कार्ययोजनाको स्वीकृति गरी गाउँपालिकाले कार्यान्वयन गर्ने ।

४. समुदायले सम्भव हुने वन समुदायले सामुदायिक वनको रुपमा माग गरेमा गाउँपालिकाले पक्रिया पुरा गरी सहज रुपमा हस्तान्तरण कार्यक्रम संचालन गर्ने ।

५. कृषि वन, फलफुल वन, जडिबुटी वन र चरिचरण छुट्याई कार्ययोजना बनाइ कार्यान्वयन गर्ने ।

६. वनमा आधारित साना उद्योगहरु वनको हैसियत नबिग्रनेगरी खोलि संचालन गर्ने ।

७. पर्यटकीय वनहरुलाई पर्यटकीय दृष्टिकोणबाट अर्थात् भौतिक पूर्वाधार निर्माण गर्दा हस्तक्षेप नगरी विकास निर्माणका कामहरु गर्ने ।

८. वृक्षारोपण कार्यक्रम संचालन गर्ने ।

९. सामुदायिक वन उपभोक्ता समिति र सरोकारवालालाई सचेतनामुलक अभिमुखीकरण ।

१०.सामुदायिक वन उपभोक्ता समिति र स्थानीय तहको संयुक्त कार्यशाला गोष्ठिवाट कार्यविधि तयार गर्ने ।

११.सडक निर्माण गरिने क्षेत्रका वन उपभोक्ता समिति, निर्माण व्यवसायी र सम्वन्धित वडाको प्रतिनीधि रहेको त्रिपक्ष निगरानी संयन्त्र गठन गरेर परिचालन गर्ने कार्यविधि निर्माण गर्ने ।

१२.विपद व्यवस्थापन सम्वन्धी संरचना निर्माण र कोषको व्यवस्थापन ।

१३.फोहरलाई मोहर वनाउने कार्यक्रम ।

**विद्युत तर्फः**

१. पालिकाको लगानी तथा लगानी कर्ता जुटाई वडा नं. १ को सिस्ने गाडमा हाइडोपावर निर्माण
२. १ मे. वा. विद्युत उत्पादनको लागि गाउँपालिकाले संभाव्यता अध्ययन गर्ने ।
३. विद्युत उत्पादन गर्दा जनताको व्यापक शेयरमा विद्युत उत्पादन गर्ने ।
४.रुकुमगाडको ५ मेगावाटको जलविद्युतमा २० प्रतिशत शेयर स्थानीय जनताको व्यस्थापन गरी सिस्नेको १० प्रतिशत शेयर कायम गर्ने ।

**ताल तलैया, दरवार तथा गुफाको व्यवस्थापन**

१. वडा नं. ५ को कमल ताल संरक्षण
२. वडा नं १ र २ को सिमानामा गुप्ता दह
३. वडा नं. ६ छिप्रीदह संरक्षण
४. देउराली  गुफा संरक्षण
५. कोट दरवार संरक्षण
६. वडा नं. ७ को नौधारी झरणाको संरक्षण
७. वडा नं.४ तातोपानी मुहान संरक्षण
८.वडा नं. १ को  दुध दह, सुन दह र नौदहको संरक्षण
१०. संरक्षण गर्दा हस्तक्षेपविना प्राकृतिक रुपमा नै राखिने गरी कार्यान्वयन गर्ने ।

**सामुदायिक स्वास्थ्य**

**एलोपेथिक तर्फ** :

1. गाउँपालिकाभित्र ५० सैयाको हस्पिटल स्थापना गर्नुपर्ने ।
2. चारवटा वडामा स्वास्थ्य चौकी थप गर्नुपर्ने ।
3. सामुदायिक स्वास्थ्य इकाइ केन्द्र स्थापना गर्नुपर्ने जो वडाअनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।
4. स्वस्थ्य संस्थामा दरबन्दीअनुसारको कर्मचारीको व्यवस्थापन हुनुपर्ने ।
5. स्वास्थ्य संस्थाहरु उपकरणहरु र भौतिक पूर्वाधारले सम्पन्न हुनुपर्ने ।
6. स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील हुनुपर्ने ।
7. गाउँपालिकाले ८ वटा वर्थिंग सेन्टर स्थापना गर्ने ।
8. गाउँपालिकाले घुम्ती स्वास्थ्यशिविर संचालन गर्ने ।
9. वडा नं. ४, ६ र ७ मा ल्याव र एक्सरे मेशिनसहितको स्वास्थ्य चौकी माग गर्ने ।
10. सामुदायिक इकाइ केन्द्रहरुको स्थापना ।
11. पालिका भरी नो होम डेलिभरीका लागि कार्यक्रम संचालन गर्ने ।
12. भौतिक पूर्वाधार निर्माण ।
13. विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम .(योग, आयुर्वेद) ।

14. स्वास्थ्य शिविर, एकिकृत ( स्वास्थ्य सेवा नपुगेको ठाउँमा ) ।
15. स्थानीय जडीबुटी पहिचाहन, संभाव्यता बजार, आर्थिक महत्व, चुर्ण औषधी निर्माणको संभाव्यता अध्ययन गर्ने ।
16. स्तनपायी आमालाई दुग्धवर्धक जडिबुटि र जेष्ट नागरिकलाई रसायन औषधि वितरण कार्यक्रम गर्ने ।
17. एक घर  पाँच जडिबुटि कार्यक्रम संचालन गर्ने ।
18. सूचनामुलक सामाग्री उत्पादन, प्रकाशन, प्रसारण गर्ने ।
19. राष्ट्रिय योग दिवस, अन्तराष्ट्रिय योग दिवस र आरोग्य दिवस मनाउने व्यवस्था मिलाउने ।
20. परम्परागत सीप र चिकित्सा पद्धतिको तथ्यांक संकलन, मिथ्या र भ्रामक परम्परालाई सुधार, त्यसको अनुसन्धान, अध्ययन सेवालाई निश्चित मापदण्डमा व्यवस्थीत गर्ने कार्यक्रम संचालन गर्ने ।
21. प्रत्येक वडामा योगशाला, जडिबुटि संकलन केन्द्र आरोग्य केन्द्रको स्थापना गर्ने ।
22. एकिकृत स्वास्थ्य सेवालाई सन्चालनमा ल्याउने ।
23. स्थानीय तहमा पाइने जडिबुटी र त्यसको चिकित्सकिय उपयोगको बारेमा तालिम संचालन गर्ने ।

**<u>परम्परागत उपचार पद्धतिका सम्बन्धमा :</u>**

1. स्थानीय रूपमा उपलब्ध हुने जडिबुटीको खोज-अनुसन्धान र प्रकाशन, प्रचार-प्रसार गर्ने ।
2. परम्परागत उपचार पद्धति गर्ने विशिष्ट व्यक्तिको पहिचान गरी युवाहरुमा ज्ञान हस्तान्तरण गर्ने
   ।
3. जडिबुटी प्रशोधन केन्द्र स्थापना गर्न पहल गर्ने ।
4. परम्परागत उपचार पद्धतिलाई संस्थागत विकास गर्ने अर्थात् गाउँपालिकामा परम्परागत स्वास्थ्य उपचार समिति गठन गर्ने ।

**<u>पर्यटन तर्फ :</u>**

1. सिस्ने हिमाल बेस क्याम्प निर्माण
2. स्थानीय अर्थतन्त्रलाई बढावा दिने गरी पर्यटनलाई प्रर्वद्धन गर्ने ।
3. गरिबी निवारण र खाद्य सुरक्षामा पर्यटन व्यवसायलाई जोड दिने ।
4. मध्यपहाडी लोकमार्ग सञ्चालन भइसकेको हुनाले पोखरामा आउने पर्यटकहरुलाई आकर्षित गर्न पोखरालाई रणनैतिक थलोका रुपमा विकास गर्ने ।
5. कृषि, फलफुलमा आधारित पर्यटनलाई प्रवर्द्धन गर्ने ।
6. वन र जडिबुटीमा आधारित पर्यटनलाई प्रवर्द्धन गर्ने ।
7. युद्ध पर्यटनलाई प्रवर्द्धन गर्ने ।
8. रुकुमकोटमा युद्धसंग्रहालय र युद्ध स्मारक पार्क निर्माण गर्ने ।

9. प्रत्येक वडामा सहिद पार्क र आवश्यकता अनुसार सहिद गेट निर्माण गर्ने
10. सिस्ने ट्रेल, गुरिल्ला ट्रेल र मगर सर्किटको कार्यान्वयन गर्ने ।
11. कम्तीमा ८ वटा ठाउँमा होमस्टेको व्यवस्थापन गर्ने ।
12. मैकोट, डोल्पा, स्वर्गद्वारी, पोखरा र लुम्बिनीसँग जोडी भविष्यमा लामो पद मार्गको निर्माण गर्न संघ र प्रदेश संग सहकार्य गर्ने ।
13. पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण ठाउँमा होर्डिंग बोर्ड र साइनबोर्ड राख्ने ।
14. दोभाषेको व्यवस्थापन गर्ने ।
15. स्याउखेती, सुन्तलखेती, ओखर, माहुरीपालन, लोकल कुखुरापालनको माध्यमबाट कृषिमा आधारित पर्यटनलाई अभिवृद्धि गर्ने ।
16. मौलिक घरहरु भएको जनजाति बस्ती, दलित नमुना वस्ती, स्मार्ट भिलेज बनाएर पर्यटन प्रवर्द्धन गर्ने ।
17. पर्यटन सूचना केन्द्रको व्यवस्था गर्ने ।
18. जडिबुटीमा आधारित पर्यटनलाई पनि जोड दिने ।
19. गाइडको उत्पादन गर्ने ।
20. छिपखोला, बलिदान जनकम्युन, बासस्मृति नमूना विद्यालय भएको ठाउँको संरक्षण गर्दै जनकम्युन र सामुदायिक नमूना गाउँ निर्माण गर्ने ।
21. कमल ताल, रुकुमकोट
22. देउराली ओडार, पोखरा कोइराला पाखा ।
23. देलेगौडा, रुकुमकोट ५
24. सानीभेरी र्‍याफ्टिंग
25. प्याराग्लाइडिंग (काँडा, झुम्कामारे)
26. ५२ पोखरी ५३ टाकुराको स्थल

**<u>सांस्कृतिक, धार्मिक महत्वका स्थल र संस्कृतिहरु</u>**

1. विन्दवासीनीको मन्दिर
2. ब्रम्ह मन्दिर
3. बराह मन्दिर
4. देवरकाजी नाथीगार
5. सिंगारु नाच
6. मगर नाच
7. पैसेरु नाच
8. पञ्चेबाजा
9. सोरठी नाच
10. मयुर नाच

11. साविकका सबै वडाका भगवती मन्दिरहरु
12. परम्परागत उपकरणहरु  ढिकी, जाँतो, कोल, ओखल, सिलौटो, पानीघट्ट, छान्नो ।
13. ऊनबाट बनेका पर्यटकीय सामग्रीहरु : काम्लो, घुम, ठूला कोट, टोपी, पञ्जा, गलैंचा, फेरे ।
14. धातुजन्य हस्तकला :खुकुरी, आरी, थैली, बासा, चौबन्दी चोलो, झोली, झुलो ठस्को ।
1.

**युवा परिचालन**

1. युवालाई संगठित गर्ने ।
2. सूचना संचार र प्रविधिसम्बन्धी कार्यमा दक्षता वृद्धि गर्ने ।
3. युवा परिचालन गर्ने ।
4. युवाका क्रियाकलापहरु प्रकाशन गर्ने ।
5. खेलकुद क्षेत्रलाई उच्च प्राथमिकतामा राखेर सञ्चालन गर्ने ।
6. युवा उद्यमीहरुको विकास गर्ने । यस्तो उद्यम स्थानीय स्रोत साधनमा आधारित ग्रामीण उद्योगको मान्यतामा हुनेछ ।
7. युवाहरुलाई अनुसन्धानमा अभिप्रेरित गर्ने र विषयगत दक्षता हासिल गरेका युवाहरु उत्पादन गर्ने । स्थानीयस्तरमा चाहिने विषयगत दक्षता पहिचान गरी त्यही अनुसार युवा परिचालन गर्ने
   ।
8. युवाहरु सहकारीमा संगठित हुने वातावरण तयार पार्ने ।
9. प्रत्येक वडामा युवा विकास केन्द्रले एक खेलमैदान, एक पुस्तकालयको स्थापना गर्नेछ ।
10. युवाहरुलाई दुर्व्यसनीबाट रोक्नका लागि विशेष पहल लिनेछ ।
11. गाउँपालिकामा रंगशाला, टोलटोलमा व्यायामशाला, जिम क्लब, योगशाला सामुदायिक रुपमा निर्माण गर्न सहजीकरण गर्ने ।

**औद्योगिकरण तर्फ** :

1. पालिका भित्र उपयुक्त स्थानको पहिचाहन गरी औधोगिक ग्राम स्थापना गर्ने ।
2. जडिबुटी प्रशोधन उद्योग ।
3. फर्निचर उद्योग
4. आरन तथा ग्रिल उद्योग स्तरोन्नति
5. जाम, जेली, अचार उद्योग
6. चिप्स, नम्कीन उद्योग
7. बेकरी उद्योग (खुर्मा उद्योग, सेल उद्योग)
8. मसला उद्योग
9. गार्मेन्ट उद्योग (अल्लो, भिमल, पाट, पुवा, माङ्ग्रा ।

10. नेपाली कागज उद्योग
11. बाँसजन्य उद्योग
12. चिउरी उद्योग
13. सर्वोत्तम (सातु) पिठो उद्योग (मकै, जौं, चना, केराउ, चामल)
14. कमल, कमलको फूल, पातबाट बन्ने औषधि उद्योग
15. डिम्मुर, टिम्मुरबाट बन्ने आयोडेक्स मलम उद्योग
16. बोजोबाट बन्ने औषधि उद्योग
17. अन्य जटिबुटीबाट बन्ने औषधि ।
18. मासुजन्य : लोकल बाखा खसी । लोकल कुखुरा । हाँस । राँगा ।
19. डेरी उद्योग
20. अल्लो उद्योग
21. पानी उद्योग
22. अचार उद्योग (अदुवा, अमला, कागती, बाँसको तामा, लसुन)
23. मसला उद्योग (वेसार, अदुवा, टिम्मुर, अलैंची, दालचीनी)
24. काष्ठ उद्योग
25. तरकारी उद्योग (सिस्नुको धुलो)

**सूचना संचार र प्रविधि विकास तर्फ**

१. रेडियो
२. टेलिभिजन
३. मोबाइल टेलिफोन फ्याक्स
४. इन्टरनेट
५. संचारकर्मी उत्पादन ।
६. सूचना केन्द्र निर्माण ।

**मानव श्रोत विकास तर्फ :**

संस्थागत क्षमता विकासका लागि संचालन गरिने कार्यक्रमहरु :

१. मानव संसाधन विकाश श्रम तथा रोजगारी सम्वन्धी कार्यक्रम
२. सामुदायिक विकास र सामाजिक सशक्तिकरण सम्वन्धी कार्यक्रम ।
२. संगठन विकाश क्षमता अभिवृद्धि र शासकीय सुधार सम्वन्धी कार्यक्रम
४. तथ्यांक संकलन तथा अभिलेख व्यवस्थापन कार्यक्रम ।

**सुमुदाय स्तरमा सीप विकासका लागि संचालन गरिने कार्यक्रमहरु :**

पालिका भित्र रहेका नागरिकहरुलाई सीपयुक्त जनशक्ति तयार गर्न डाइभर, मेकानिक, अपरेटर, पलम्बर, कृषिप्राविधिक, पशुप्राविधिक, कुक, मार्बल मिस्त्रि, रेञ्जर, व्यवस्थापन (होटल, सहकारी, प्रा.लि.) सिकर्मी, डकर्मी, टुरिष्ट गाइड, आरन सुधार गर्ने उच्चस्तरीय जनशक्ति, मादल बनाउन, सिलाईकटाई, घरेलु बुनाई, दक्ष मिल मिस्त्री, कम्प्युटर दक्ष जनशक्ति (सफ्टवयर र हार्डवयर), स्थानीय जडिबुटी विज्ञ, कपाल काट्ने, सुनको काम गर्ने, तामाको काम गर्ने, संचारकर्मी, प्याराग्लाइडिंग, र्‍याफ्टिंग, आधुनिक चुल्हो बनाउने, बुटिक डिजाइनर, व्यूटीपाल, बाँस तथा चोयाजन्य हस्तकला, छालाजुत्ताको काम गर्ने, पेन्टर, वेटर, होटल व्यवस्थापक, ग्रिलको काम गर्ने, फोटोखिच्ने, फोटोग्राफर, वायरिंग, पञ्चेबाजा, बजाउने, डेरी जनशक्ति